चुमनुव्री गाउँपालिकाको

दोस्रो आवधिक विकास योजना

आ. व. (२०८२/८३ – २०८६/८७)

चुमनुव्री गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिर्दिबास, गोरखा

"दिगो विकास, अनुपम संस्कृति - उन्नत पर्यटन, समृद्ध चुमनुब्री"

चुमनुब्री गाउँपालिकाको दोस्रो आवधिक योजना- २०८२

Second Periodic Plan of Chumnubri Rural Municipality

आर्थिक तथा प्राविधिक सहायता

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा

योजना तर्जुमा सहजीकरण

सोलुसन रिसर्च पोइन्ट प्रा. लि.
कीर्तिपुर, काठमाडौं

"दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री"

चुमनुव्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

सिर्दिबास, गोरखा

गण्डकी प्रदेश ,नेपाल

पत्र संख्या : ०८१/०८२

चलानी नं .:

शुभकामना

नेपाली जनताको ठूलो त्याग, तपस्या र बलिदानबाट प्राप्त संविधानसभाबाट जारी भएको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रको परिकल्पना गरेको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी एकल र साझा अधिकार सहितका तीन तहको सरकारको व्यवस्था गरेको हो । यी तीनै तहका सरकारहरू सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम सञ्चालन हुने व्यवस्था गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहको दोस्रो निर्वाचन भई तीनै तहको निर्वाचित सरकार दृढताका साथ **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को दीर्घकालीन सोच पूरा गर्न अगाडि बढिरहेको छ । राजनीतिक आन्दोलनपछि समृद्धिको युग पनि सुरु भइसकेको छ । सङ्घीय संरचना अनुरूप भएको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिबाट तीनै तहका सरकारहरू सञ्चालित छन् ।

निर्वाचनको क्रममा जनतासँग गरिएको प्रतिबद्धता अनुरूप विकासका सबै चरणमा जनताले परिवर्तन खोजिरहेका छन् । गाउँपालिकाको विकास र समृद्धिको चाहनालाई मूर्त रूप दिन यस आवधिक योजना तयार गरिएको हो । **"दिगो विकास, अनुपम संस्कृति - उन्नत पर्यटन, समृद्ध चुमनुव्री"** दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न र सामाजिक न्याय सहितको उच्च तथा दिगो आर्थिक वृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने लक्ष्य पूरा गर्न उद्देश्य, रणनीति, कार्य नीति, प्रमुख कार्यक्रम र अपेक्षित उपलब्धि समेत तर्जुमा गरिएको छ । चुमनुव्री गाउँपालिका प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदा सहितको ऐतिहासिक महत्त्व बोकेको समता तर्फ उन्मुख गाउँपालिका हो । यस गाउँपालिकाका अधिकांश सूचकहरू अरू पालिकाको तुलनामा राम्रा छन् । दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी उपलब्ध स्रोत र साधनलाई प्राथमिकताका साथ मितव्ययी तरिकाले परिचालन गर्दै नतिजा मूलक पारदर्शिता, जनसहभागिता, जबाफदेहीता, प्रभावकारी अनुगमन तथा भ्रष्टाचार नियन्त्रण जस्ता विषयमा विशेष जोड दिइएको यो आवधिक योजनालाई सफल कार्यान्वयन गर्न चुमनुव्री गाउँपालिका दृढताका साथ लाग्ने प्रण गर्दै यसको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न सबै सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछु ।

अन्तमा, यस आवधिक योजना तर्जुमा गर्ने कार्यमा अहोरात्र खट्ने तथा जुट्ने यहाँका स्थानीय राजनैतिक दलहरू, गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधिहरू, कर्मचारीहरू, उद्योग वाणिज्य सङ्घ, गैसस, समुदायमा आधारित अन्य सङ्घ संस्थाहरू लगायत परामर्शदाता संस्था सोलुसन रिसर्च पोइन्ट प्रा. लि. लाई धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद

निमा लामा
अध्यक्ष

पत्र संख्या : ०८१/०८२
चलानी नं .:

मन्तव्य

चुमनुव्री गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गर्दा संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति लगायतका अन्य व्यवस्था, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय परि दृश्य तथा सरकारका प्रतिबद्धतालाई ध्यान दिइएको छ । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय योजनाले तय गरेको **'सुशासन, सामाजिक न्याय र समृद्धि'** को परिकल्पना पूरा गर्न तथा गण्डकी प्रदेश सरकारको **"आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"** सहितको दीर्घकालीन सोचलाई समेत मार्ग दर्शन हुने गरी कार्यक्रम तर्जुमा गरिएको छ । चुमनुव्री गाउँपालिकाले सङ्घ र प्रदेश सरकारको सोचलाई समेत आत्मसाथ गर्दै स्थानीयवासीको अपेक्षा र सम्भाव्य, स्रोत साधन समेतको आकलन गरी **"दिगो विकास, अनुपम संस्कृति - उन्नत पर्यटन, समृद्ध चुमनुव्री"** सोच र सामाजिक रूपले उत्थानशील र आर्थिक रूपले उत्पादनशील समाज निर्माण गर्ने लक्ष्य निर्धारण गरेको छ । उक्त सोच हासिल गर्ने आधार योजनाका साथै प्रदेश र स्थानीय तहका दीर्घकालीन सोच र आवधिक योजनालाई समेत मार्गदर्शन गर्ने गरी यो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ ।

आवधिक योजनामा लिइएका उद्देश्य र आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न आवश्यक रणनीति तथा कार्य नीति तर्जुमा गरी तिनको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित उपलब्धिका परिमाणात्मक लक्ष्य समेत निर्धारण गरिएको छ । योजना अवधिमा गाउँपालिकाले व्यापक छलफल सहित तर्जुमा गरेका गौरवका आयोजना सम्पन्न गर्ने गरी स्रोत साधनको व्यवस्था एवम् समन्वय, अनुगमन तथा मूल्याङ्कनमा जोड दिइएको छ । योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य हासिल गर्नका लागि रूपान्तरणकारी आयोजनाको पहिचान तथा छनोट एवम् प्रमुख कार्यक्रम र सार्वजनिक-निजी साझेदारी मार्फत सञ्चालन हुने विकास कार्यक्रम तथा आयोजना निर्क्योल गरी यस योजनामा समावेश गरिएको छ । लक्ष्यलाई प्रमुख नतिजा क्षेत्रका रूपमा अवलम्बन गरी सो अनुरूप प्रभाव, असर तथा प्रतिफल तहका सूचक र वार्षिक परिमाणात्मक लक्ष्य तय गरिएको छ । यसैगरी परिमाणात्मक लक्ष्य सहित दीर्घकालीन सोच बमोजिमका लक्ष्य तथा गन्तव्य सूचक एवम् प्रादेशिक लक्ष्य तथा गन्तव्य सूचक तयार गरी समेट्ने प्रयास गरिएको छ ।

अन्तमा, यस योजनाको पुर्ण कार्यान्वयनको लागि सबै पक्षको सक्रिय सहयोग र सहभागिताको अपेक्षा राख्दछु धन्यवाद !

लक्ष्मी गुरुङ
उपाध्यक्ष

पत्र संख्या : ०८१/०८२
चलानी नं .:

मन्तव्य

नेपाल सरकारद्वारा १६ औ पञ्चवर्षीय आवधिक योजनाको लागि तयार गरिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** बृहत् सोच सहितको योजनाले राखेका परिमाणात्मक लक्ष्यहरू पूरा गर्ने सोच सहित यो आवधिक योजना तर्जुमा गरिएको हो । यस गाउँपालिकाले दोस्रो पञ्चवर्षीय योजना (२०८२/०८३- २०८६/०८७) तर्जुमा गरी विभिन्न प्रकृतिका योजना/ कार्यक्रमहरू समावेश गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (५) को सहभागिता सम्बन्धी प्रावधानहरू अनुसरण गदै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार तयार गरिएको यो चुमनुव्री गाउँपालिका दोस्रो आवधिक योजना (२०८२/०८३-२०८६/०८७) ले यस अवधि भित्र वार्षिक योजना छनौट गर्ने र ती योजनाहरू लागू गर्ने कार्यमा एक मार्गदर्शक दस्तावेजको रूपमा सहयोग गर्नेछ भन्ने हामीलाई विश्वास लागेको छ । कुनै पनि योजनाले आफै केही परिणाममूखी कार्य गर्दैन तसर्थ यो आवधिक योजना तयारी पश्चात् यसले राखेका लक्ष्य र निर्देश गरिएका रणनीतिहरूको अवलम्बन गर्दै पाँच वर्षको अवधिमा सम्पन्न गर्नु पर्ने आयोजनाहरू कार्यान्वयन गर्ने जिम्मा यस गाउँपालिकामा रहेको छ । दोस्रो आवधिक योजना तयारी गर्ने कार्यमा यस गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, कर्मचारी वर्ग, विषय विशेषज्ञ, स्थानीय राजनीतिक दलहरू र सम्पूर्ण गाउँपालिकाबासी नागरिकहरूको साथ र रचनात्मक सहयोग रहेको छ र कार्यान्वयनको पाटोमा पनि सरोकारवाला सबैको सक्रिय सहभागिता सहित रचनात्मक सहयोगको अपेक्षा गरेका छौं ।

अन्तमा, परामर्शदाता संस्था सोलुसन रिसर्च पोइन्ट प्रा. लि. प्रति आभार व्यक्त गर्दै यस गाउँपालिकाले तय गरेको **"दिगो विकास, अनुपम संस्कृति - उन्नत पर्यटन, समृद्ध चुमनुव्री"**भन्ने दूरदृष्टि पूरा गर्न यो आवधिक योजनाले कोशेढुङ्गाको रूपमा कार्य गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

विषयसूची

परिच्छेद-एकः परिचय १
१.१. पृष्ठभूमि १
१.२ आवधिक योजना तर्जुमाको उदेश्य २
१.३ योजना तर्जुमाका मार्गदर्शक आधारहरू २
१.४ आवधिक योजना तर्जुमा प्रक्रिया ३
१.४.१ दस्तावेजहरूको अध्ययन ३
१.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक ४
१.४.३ आवधिक योजना तर्जुमाको अभिमुखीकरण कार्यशाला ४
१.४.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण ४
१.४.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण ४
१.४.६ आवधिक योजना तर्जुमा कार्यशाला ५
१.४.७ मस्यौदा प्रमाणीकरण कार्यशाला ५
१.४.८ अन्तिम प्रतिवेदन स्वीकृत ५
१.५ अध्ययनको सीमा ५
१.६ विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र ५
परिच्छेद-दुईः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ६
२.१ चुमनुब्री गाउँपालिकाको संक्षिप्त परिचय ६
२.२ भौगोलिक अवस्थिति ८
२.२.१ भू—उपयोग ८
२.२.२ हावापानी १०
२.२.३ भिरालोपन १०
२.२.४ जमिनको मोहोडा ११
२.२.५ प्राकृतिक तथा आर्थिक विकासका स्रोतहरू १३
२.३ पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था १४
२.४ सामाजिक विकासको अवस्था १७
२.४.१ शिक्षा १७
२.४.२ स्वास्थ्य १९
२.४.३ खानेपानी तथा सरसफाइ २१
२.४.४ धार्मिक तथा सांस्कृतिक अवस्था २२
२.४.५ लैङ्गिक समानता र सामाजिक समावेशीकरण २४
२.४.६ युवा तथा खेलकुद २५
२.५ आर्थिक विकासको अवस्था २६
२.५.१ कृषि क्षेत्रको स्थिति २६

२.५.२ सिँचाइ सुविधाको अवस्था २९
२.५.३ पर्यटन तथा संस्कृति ३०
२.५.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ३१
२.५.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ३२
२.५.६ सहकारी तथा वित्तीय अवस्था ३२
२.६ पूर्वाधार विकासको अवस्था ३३
२.६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ३४
२.६.२ सडक तथा पुल निर्माण ३४
२.६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ३५
२.६.४ सञ्चार तथा सूचना प्रविधि ३७
२.७ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था ३८
२.७.१ वन तथा भूसंरक्षण ३९
२.७.२ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ४१
२.८ संस्थागत विकास तथा सुशासनको अवस्था ४२
२.८.१ स्थानीय नीति, ऐन तथा कार्यविधिहरू ४३
२.८.२ सङ्गठनात्मक विकास ४५
२.८.३ स्रोत परिचालन ४६
२.८.४ योजना व्यवस्थापन ४६
परिच्छेद-तीनः सोच तथा विकासको अवधारणा ४८
३.१ पृष्ठभूमि ४८
३.२ प्रमुख समस्या तथा चुनौती ४८
३.३ प्रमुख सम्भावना तथा अवसर ५०
३.४ निर्देशक सिद्धान्त ५०
३.५ सोच, लक्ष्य तथा उद्देश्य ५१
३.६ परिमाणात्मक लक्ष्य ५२
३.७ रणनीति तथा प्राथमिकता ५५
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ५८
३.९ चुमनुब्री गाउँपालिकाका गौरवका आयोजनाहरू ६०
३.९.१ चुमनुब्री गाउँपालिकाका गौरवका आयोजनाको साङ्केतिकरण ६०
परिच्छेद-चारः आर्थिक क्षेत्र ६२
४.१ कृषि तथा पशुपक्षी ६२
४.१.१ पृष्ठभूमि ६२
४.१.२ समस्या तथा चुनौती ६३

४.१.३ सम्भावना तथा अवसर ६४
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६४
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६७
४.१.६ प्रमुख आयोजना तथा कार्यक्रम ६८
४.१.७ कृषि तथा पशुपक्षी विकासको साङ्केतिकरण ६९
४.२ सिँचाइ ७१
४.२.१ पृष्ठभूमि ७१
४.२.२ समस्या तथा चुनौती ७२
४.२.३ सम्भावना तथा अवसर ७२
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७२
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७५
४.२.६ प्रमुख आयोजना तथा कार्यक्रम ७५
४.२.७ सिँचाइ विकासको साङ्केतिकरण ७६
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ७७
४.३.१ पृष्ठभूमि ७७
४.३.२ समस्या तथा चुनौती ७८
४.३.३ सम्भावना तथा अवसर ७८
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७८
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८१
४.३.६ प्रमुख आयोजना तथा कार्यक्रम ८२
४.३.७ पर्यटन, संस्कृति तथा सम्पदा विकासको साङ्केतिकरण ८३
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ८४
४.४.१ पृष्ठभूमि ८४
४.४.२ समस्या तथा चुनौती ८५
४.४.३ सम्भावना तथा अवसर ८५
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८६
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८८
४.४.६ प्रमुख आयोजना तथा कार्यक्रम ८९
४.४.७ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति विकासको साङ्केतिकरण ९०
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ९१
४.५.१ पृष्ठभूमि ९१
४.५.२ समस्या तथा चुनौती ९२
४.५.३ सम्भावना तथा असर ९२
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९३
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९५
४.५.६ प्रमुख आयोजना तथा कार्यक्रम ९५
४.५.७ श्रम, रोजगारी र सामाजिक सुरक्षा विकासको साङ्केतिकरण ९६

परिच्छेद-पाँचः सामाजिक क्षेत्र ९७
५.१ स्वास्थ्य तथा पोषण ९७
५.१.१ पृष्ठभूमि ९७
५.१.२ समस्या तथा चुनौती ९८
५.१.३ सम्भावना तथा अवसर ९९
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९९
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०२
५.१.६ प्रमुख आयोजना तथा कार्यक्रम १०३
५.१.७ स्वास्थ्य तथा पोषण विकासको साङ्केतिकरण १०४
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन १०६
५.२.१ पृष्ठभूमि १०६
५.२.२ समस्या तथा चुनौती १०७
५.२.३ सम्भावना तथा अवसर १०७
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०८
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११४
५.२.६ प्रमुख आयोजना तथा कार्यक्रम ११५
५.२.७ शिक्षा, विज्ञान तथा नवप्रवर्तन विकासको साङ्केतिकरण ११६
५.३ खानेपानी तथा सरसफाइ ११७
५.३.१ पृष्ठभूमि ११७
५.३.२ समस्या तथा चुनौती ११८
५.३.३ सम्भावना तथा अवसर ११८
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११९
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२१
५.३.६ प्रमुख आयोजना तथा कार्यक्रम १२१
५.३.७ खानेपानी तथा सरसफाइ विकासको साङ्केतिकरण १२२
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग १२३
५.४.१ पृष्ठभूमि १२३
५.४.३ सम्भावना तथा अवसर १२४
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२५
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२८
५.४.६ प्रमुख आयोजना तथा कार्यक्रम १२९
५.४.७ महिला, बालबालिका तथा लक्षित वर्ग विकासको साङ्केतिकरण १३०
५.५ युवा तथा खेलकुद १३१
५.५.१ पृष्ठभूमि १३१
५.५.३ सम्भावना तथा अवसर १३२
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३३

५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....१३५
५.५.६ प्रमुख आयोजना तथा कार्यक्रम....१३६
५.५.७ युवा तथा खेलकुद विकासको साङ्केतिकरण....१३६
परिच्छेद-छः पूर्वाधार क्षेत्र....१३८
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण....१३८
६.१.१ पृष्ठभूमि....१३८
६.१.२ समस्या तथा चुनौती....१३९
६.१.३ सम्भावना तथा अवसर....१३९
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....१३९
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....१४१
६.१.६ प्रमुख आयोजना तथा कार्यक्रम....१४२
६.१.७ आवास, वस्ति विकास तथा सार्वजनिक विकासको साङ्केतिकरण....१४२
६.२ सडक, पुल तथा यातायात....१४३
६.२.१ पृष्ठभूमि....१४३
६.२.२ समस्या तथा चुनौती....१४३
६.२.३ सम्भावना तथा अवसर....१४४
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....१४४
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....१४६
६.२.६ प्रमुख आयोजना तथा कार्यक्रम....१४७
६.२.७ सडक तथा यातायात विकासको साङ्केतिकरण....१४७
६.३ विद्युत् तथा वैकल्पिक ऊर्जा....१४८
६.३.१ पृष्ठभूमि....१४८
६.३.२ समस्या तथा चुनौती....१४८
६.३.३ सम्भावना तथा अवसर....१४९
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....१४९
६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....१५१
६.३.६ प्रमुख आयोजना तथा कार्यक्रम....१५१
६.३.७ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा विकासको साङ्केतिकरण....१५२
६.४ सूचना, सञ्चार तथा प्रविधि....१५३
६.४.१ पृष्ठभूमि....१५३
६.४.२ समस्या तथा चुनौती....१५३
६.४.३ सम्भावना तथा अवसर....१५४
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....१५४
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....१५७
६.४.६ प्रमुख आयोजना तथा कार्यक्रम....१५७
६.४.७ सूचना, सञ्चार र प्रविधि विकासको साङ्केतिकरण....१५८

परिच्छेद-सातः वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र..... १५९
७.१ वन तथा जैविक विविधता १५९
७.१.१ पृष्ठभूमि..... १५९
७.१.२ समस्या तथा चुनौती..... १५९
७.१.३ सम्भावना तथा अवसर..... १६०
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १६०
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १६३
७.१.६ प्रमुख आयोजना तथा कार्यक्रम १६३
७.१.७ वन र जैविक विविधता विकासको साङ्केतिकरण १६४
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन..... १६५
७.२.१ पृष्ठभूमि..... १६५
७.२.२ समस्या तथा चुनौती..... १६५
७.२.३ सम्भावना तथा अवसर..... १६६
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १६६
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १६८
७.२.६ प्रमुख आयोजना तथा कार्यक्रम १६८
७.२.७ भूसंरक्षण तथा जलाधार व्यवस्थापन विकासको साङ्केतिकरण १६९
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन १७०
७.३.१ पृष्ठभूमि..... १७०
७.३.२ समस्या तथा चुनौती..... १७१
७.३.३ सम्भावना तथा अवसर..... १७१
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १७१
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १७३
७.३.६ प्रमुख आयोजना तथा कार्यक्रम १७३
७.३.७ वातावरण तथा फोहरमैला व्यवस्थापन विकासको साङ्केतिकरण १७४
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता..... १७५
७.४.१ पृष्ठभूमि..... १७५
७.४.२ समस्या तथा चुनौती..... १७५
७.४.३ सम्भावना तथा अवसर..... १७६
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १७६
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका..... १७९
७.४.६ प्रमुख आयोजना तथा कार्यक्रम १७९
७.४.७ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता विकासको साङ्केतिकरण..... १८०
परिच्छेद-आठः संस्थागत विकास तथा सुशासन क्षेत्र..... १८१
८.१ संस्थागत विकास तथा सुशासन..... १८१
८.१.१ पृष्ठभूमि..... १८१

८.१.२ समस्या तथा चुनौती १८२
८.१.३ सम्भावना तथा अवसर १८२
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति १८३
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १८८
८.१.६ प्रमुख आयोजना तथा कार्यक्रम १९०
८.१.७ सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन विकासको साङ्केतिकरण १९२
परिच्छेद-नौः कार्यान्वयन व्यवस्था १९६
९.१ पृष्ठभूमि १९६
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना १९६
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट १९६
९.४ स्रोत अनुमान तथा प्रक्षेपण १९८
९.४.१ राजस्व परिचालनको अवस्था १९८
९.४.२ खर्च अवस्थाको विश्लेषण १९९
९.४.३ अपुग स्रोत व्यवस्थापन २००
९.५ स्रोत परिचालन रणनीति २००
९.६ आवधिक योजना कार्यान्वयन २०२
९.६.१ योजना कार्यान्वयन २०२
९.६.२ कार्यान्वयन प्रक्रिया २०३
९.७ अनुगमन तथा मूल्याङ्कन योजना २०४
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता २०५
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी २०५
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया २०६
अनुसूचीः वडागत योजना बैंक २०९

तालिकासूची

तालिका १ः चुमनुब्री गाउँपालिकाको वडा विभाजन ७
तालिका २ः प्रशासनिक तथा भौगोलिक परिचय ८
तालिका ३ः चुमनुब्री गाउँपालिकाको भूउपयोग स्थिति ९
तालिका ४ः चुमनुब्री गाउँपालिकाको ढलोट विवरण ११
तालिका ५ः चुमनुब्री गाउँपालिकाको धरातलीय मोहोडाको अवस्था ११
तालिका ६ः चुमनुब्री गाउँपालिकाको तुलनात्मक जनसङ्ख्या विवरण १५
तालिका ७ः चुमनुब्री गाउँपालिकाको जनसाङ्ख्यिक विवरण १५
तालिका ८ः शैक्षिक योग्यताको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण १८

तालिका ९: स्वास्थ्य अवस्थाको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण २०
तालिका १०: खानेपानीको स्रोतमा पहुँचका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण २१
तालिका ११: शौचालय प्रयोगका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण २२
तालिका १२: जातजातिको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण २२
तालिका १३: धार्मिक आस्थाको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण २३
तालिका १४: मातृभाषाको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण २३
तालिका १५: चुमनुब्री गाउँपालिकामा मनाइने मुख्य चाडपर्व तथा मेला जात्रा सम्बन्धी विवरण २४
तालिका १६: चुमनुब्री गाउँपालिकामा अपाङ्गताको अवस्था २४
तालिका १७: खेल मैदान पार्क पिकनिक स्थल तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण २५
तालिका १८: सिँचाइ उपलब्धताका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण २९
तालिका १९: चुमनुब्री गाउँपालिकाका पर्यटकीय महत्त्वका प्रमुख गुम्बाहरू ३१
तालिका २०: चुमनुब्री गाउँपालिकामा सीपमूलक तालिम लिएको अवस्था ३२
तालिका २१: स्थानीय सङ्घ संस्थामा आबद्धताका आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण ३२
तालिका २२: औसत पारिवारिक वार्षिक खर्च तथा आम्दानीका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण ३३
तालिका २३: : चुमनुब्री गाउँपालिकामा लघु जल विद्युत सञ्चालनको विवरण ३५
तालिका २४: खाना पकाउने मुख्य इन्धनको प्रयोगका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण ३६
तालिका २५: खाना पकाउने अतिरिक्त इन्धनको प्रयोगका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण ३६
तालिका २६: उज्यालोका लागि प्रयोग हुने इन्धनका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण .. ३७
तालिका २७: घरमा प्रयोग भएका यन्त्र उपकरणका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण... ३८
तालिका २८: प्राकृतिक प्रकोपको जोखिमका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण ४१
तालिका २९: गाउँपालिकाको करदाता लिष्टमा समावेश भएको आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण ४६
तालिका ३०: अपेक्षित परिमाणात्मक उपलब्धि ५२
तालिका ३१: गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ५५
तालिका ३२: आवधिक योजनामा लगानीका स्रोतहरू ५८
तालिका ३३: योजना अवधिमा हुने प्रक्षेपित लगानी ५८
तालिका ३४: गाउँपालिकाको आय अनुमान (रु. हजारमा) ५९
तालिका ३५: कृषि तथा पशुपक्षी क्षेत्रका रणनीति तथा कार्यनीतिहरू ६५
तालिका ३६: सिँचाइका रणनीति तथा कार्यनीतिहरू ७३
तालिका ३७: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ७९

तालिका ३८: उद्योग तथा वाणिज्यका रणनीति तथा कार्यनीतिहरू ८६
तालिका ३९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति ९३
तालिका ४०: स्वास्थ्यका रणनीति तथा कार्यनीतिहरू ९९
तालिका ४१: शिक्षाका रणनीति तथा कार्यनीतिहरू १०८
तालिका ४२: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू ११९
तालिका ४३: लैससासका रणनीति तथा कार्यनीतिहरू १२५
तालिका ४४: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू १३३
तालिका ४५: सार्वजनिक स्थान तथा संरचनाको निर्माण तथा विकासका रणनीति तथा कार्यनीतिहरू १४०
तालिका ४६: सडक तथा पुलका रणनीति तथा कार्यनीतिहरू १४४
तालिका ४७: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू १४९
तालिका ४८: सञ्चारका रणनीति तथा कार्यनीतिहरू १५५
तालिका ४९: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू १६१
तालिका ५०: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू १६६
तालिका ५१: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू १७२
तालिका ५२: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू १७७
तालिका ५३: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू १८३
तालिका ५४: विषय क्षेत्र अनुसार अनुमानित बजेट १९७
तालिका ५५: राजस्व परिचालनको अवस्था १९९
तालिका ५६: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा) १९९
तालिका ५७: अपुग स्रोत व्यवस्थापन (रु. हजारमा) २००
तालिका ५८: अनुगमन तथा मूल्याङ्कन खाका २०६

चित्रसूची

चित्र १: चुमनुब्री गाउँपालिकाको अवस्थिति नक्सा ६
चित्र २: चुमनुब्री गाउँपालिकाको भू उपयोग नक्सा ९
चित्र ३: चुमनुब्री गाउँपालिकाको जलवायु नक्सा १०
चित्र ४: चुमनुब्री गाउँपालिकाको ढलोट नक्सा ११
चित्र ५: चुमनुब्री गाउँपालिकाको मोहोडा नक्सा १२
चित्र ६: चुमनुब्री गाउँपालिकाको जानसाङ्ख्यिक विवरण १४
चित्र ७: चुमनुब्री गाउँपालिकाको सञ्चालित स्वास्थ्य संस्थाको अवस्थिति नक्सा २०
चित्र ८: चुमनुब्री गाउँपालिकाको माटोको प्रकारको जिआइएस नक्सा २७
चित्र ९: चुमनुब्री गाउँपालिकाको भू क्षमता सम्बन्धी जिआइएस नक्सा २८

चित्र १०: चुमनुव्री गाउँपालिकाका प्रमुख पर्यटकीय पदमार्गको जिआइएस नक्सा..... ३५
चित्र ११: चुमनुव्री गाउँपालिकाको वनस्पति नक्सा..... ४०
चित्र १२: चुमनुव्री गाउँपालिकाका नदी तथा खोलाको अवस्थिति नक्सा..... ४०
चित्र १३: चुमनुव्री गाउँपालिकाको भू—पद्धति नक्सा..... ४१

परिच्छेद-एक: परिचय

१.१. पृष्ठभूमि

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र भित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश नीति तथा योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरू जारी भएका छन् । सङ्घ, प्रदेशबाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधीनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्बन गर्दै चुमनुव्री गाउँपालिकाले दोस्रो आवधिक योजना (२०८२/८३-२०८६/८७) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राज्य शक्तिको बाँडफाँट तथा पुर्नसंचरना अनुसार गठन भएको चुमनुव्री गाउँपालिकाले योजनाबद्ध ढङ्गबाट गाउँपालिका क्षेत्रको विकास गर्ने उद्देश्यका साथ यो दोस्रो आवधिक योजना तर्जुमा गरेको हो ।

मुलुकमा सङ्घीयता कार्यान्वयन सँगै गाउँपालिकाले आफ्नो आर्थिक—सामाजिक विकास मार्फत स्थानीय समृद्धि हासिल गर्न र गुणस्तरीय सार्वजनिक सेवा उपर नागरिकको पहुँच बढाउन संविधान प्रदत्त अधिकार क्षेत्रभित्रका विषयका विकास योजना तथा कार्यक्रमहरू निर्देशित गर्न आवधिक विकास योजना तर्जुमा गर्नु पर्दछ । विकासको मध्यमकालीन तथा दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्देश्यहरू, रणनीतिक कार्यक्रमहरू र आयोजनाहरूको छनौट, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सु स्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गरिने आवधिक योजनाबाट गाउँपालिकामा उपलब्ध सीमित स्रोत साधनको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाउन सघाउ पुग्दछ। आर्थिक रणनीतिहरूको माध्यमले उच्चतम आर्थिक वृद्धिदर हासिल गर्दै अन्तर स्थानीय तहको प्रतिस्पर्धामा अगाडी बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरूप पारदर्शी, जबाफदेहीपूर्ण तथा विश्वसनीय बनाउनुपर्ने हुन्छ।

सङ्घ, प्रदेश र गाउँपालिकाको आवधिक योजना बीच अन्तरसम्बन्ध कायम गरी गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सहभागीतामूलक रूपमा तर्जुमा गर्नुपर्ने हुन्छ । यसो गर्दा सुशासन, वातावरण, बालमैत्री, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयवस्तुहरूलाई सर्वोपरि मानी उत्पादनमूलक एवं छिटो प्रतिफल दिने, जीवनस्तर सुधार, लक्षित वर्गहीत, रोजगारीका अवसरहरू सिर्जना, सांस्कृतिक तथा धार्मिक परम्पराको जर्गेना जस्ता विषयलाई प्राथमिकता दिइ योजनाहरू तर्जुमा गरिनुपर्छ ।

यस पृष्ठभूमिमा गाउँपालिकाको स्थानीय स्रोत र साधनको समुचित उपयोग गर्दै दिगो विकासका लक्ष्य हासिल गर्नका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजान अपरिहार्य भएको छ । योजनाबद्ध विकासको परिपाटी अवलम्बन गर्दै स्रोत साधनको परिचालन तथा जनताको आवश्यकताको प्राथमिकीकरण गरी विकासको चाहना सम्बोधन गर्न यो आवधिक योजना एक निर्देशक दस्तावेजका रूपमा रहनेछ ।

१.२ आवधिक योजना तर्जुमाको उदेश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिबद्धता र उत्तरदायित्व सिर्जना गर्नु,
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु,
- सहभागीतामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु,
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।

१.३ योजना तर्जुमाका मार्गदर्शक आधारहरू

संविधानको धारा ५७ ले स्थानीय तहको अधिकार संविधानको अनुसूची - ८ मा उल्लिखित विषयमा रहने र त्यस्तो अधिकारको प्रयोग स्थानीय तहले बनाएको कानुन बमोजिम हुने भनेको छ । त्यसैगरी अनुसूची ९ मा स्थानीय तह, प्रदेश र सङ्घको १५ वटा साझा अधिकार सम्बन्धी व्यवस्था छ । जस अनुसार सङ्घको अधिकार क्षेत्रमा सञ्चालन हुने क्रियाकलाप बाहेकका अधिकांश विषय क्षेत्रमा स्थानीय तहले ऐन, नियम तथा कार्यविधि बनाई लागू गर्ने, स्थानीय विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र अनुगमन तथा नियमन गर्ने अधिकार प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा देहाय अनुसार गर्नुपर्ने समेत व्यवस्था गरिएको छ ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने ।
- योजनाका मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनुपर्ने ।
- योजना तर्जुमा गर्दा आयोजनाहरूको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने ।

- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो वार्षिक कार्यक्रम तथा बजेट स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनुपर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनुपर्ने ।

त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ र १७ ले राजस्व बाँडफाँट, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान, वैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरू कार्यान्वयन गर्न वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालीन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ । अर्को तर्फ, पन्ध्रौं योजनाले प्रदेश तथा स्थानीय तहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । अन्तरराष्ट्रिय रूपमा प्रतिबद्धता जाहेर गरेका दिगो विकासका लक्ष्यहरू हासिल गर्न गाउँपालिकाहरूले आ-आफ्ना तहबाट सघाउनुपर्ने हुन्छ । आवधिक योजना तर्जुमा देहायका नीतिगत दस्तावेजहरूबाट समेत निर्देशित रहेको छ ।

- दिगो विकासका लक्ष्यहरू
- सोह्रौं योजना (२०८१/८२-२०८५/८६)
- गण्डकी प्रदेशको पहिलो आवधिक योजना २०७६
- गण्डकी प्रदेशको दोस्रो आवधिक योजना
- विषयगत ऐन तथा नीतिहरू
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (राष्ट्रिय योजना आयोग)
- चुमनुब्री गाउँपालिकाको आर्थिक र विनियोजन ऐनहरू

१.४ आवधिक योजना तर्जुमा प्रक्रिया

योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (५) को सहभागिता सम्बन्धी प्रावधानहरू अनुरूप स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी पेसाकर्मी, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा पाँचवटा विषयगत समितिमा छलफल गरिएको थियो । आवधिक योजना तर्जुमा गर्दा देहायका प्रक्रियाहरूलाई अवलम्बन गरिएको छ ।

१.४.१ दस्तावेजहरूको अध्ययन

यस अन्तर्गत योजना तर्जुमा निर्माण सम्बन्धी प्रमुख दस्तावेजहरू सोह्रौं योजना, पन्ध्रौं योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना, राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेशको वस्तुस्थिति विवरण २०७६, विभिन्न मन्त्रालय तथा विभागहरूले प्रकाशन गरेका प्रतिवेदनहरूमा उल्लिखित प्रावधानहरूको अध्ययन गरिएको थियो । साथै राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेका प्रतिवेदनहरू, प्रदेश सम्बन्धी सूचनाहरू तथा चुमनुब्री गाउँपालिकाद्वारा प्रकाशित दस्तावेजहरू लगायत, अन्य स्थानीय ऐन नियम तथा विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको थियो ।

१.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक

चुमनुब्री गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, र सूचना अधिकृतसँग छलफल गरी योजना प्रक्रिया अगाडि बढाउने बारे छलफल गरिएको थियो । साथै निर्देशक समिति र सहजीकरण समिति गठन तथा अन्य व्यवस्थापकीय तयारी सम्बन्धी विस्तृत रूपमा छलफल गरी आवधिक योजना निर्माणको विस्तृत कार्ययोजना पेस गरिएको थियो । यसै सिलसिलामा चुमनुब्री गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग अनौपचारिक छलफल गरी आवधिक योजना निर्माण सम्बन्धी अभिमुखीकरण कार्यशालाको मिति तय गरिएको थियो । गाउँपालिकाको आवधिक योजना तर्जुमाको तयारी स्वरूप निर्देशक समितिको गठन, सहजीकरण समितिको गठन र परामर्श दाता संस्थाले पेस गरेको आवधिक योजनाको प्रारम्भिक प्रतिवेदन छलफल गरी पास गर्ने कार्य सम्पन्न गरिएको थियो ।

१.४.३ आवधिक योजना तर्जुमाको अभिमुखीकरण कार्यशाला

गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यशाला गोष्ठी गाउँपालिकाको आयोजना तथा परामर्शदाता संस्थाको सहजीकरणमा आवश्यक छलफल सहित सम्पन्न भएको थियो ।उक्त कार्यशालामा आवधिक योजना निर्माणको मुख्य उद्देश्य र यसले समग्र गाउँपालिकाको विकासमा पार्ने प्रभावको बारेमा छलफल गरिएको थियो । उक्त कार्यशालामा आवधिक योजना तर्जुमाको लागि कार्ययोजना स्वीकृत गर्नका साथै निर्देशक समिति र सहजीकरण समिति गठन गर्ने कार्य भएको थियो । कार्यशाला गोष्ठीमा आगामी पञ्चवर्षीय योजनाको बजेट सीमा निर्धारण गर्नका साथै क्षेत्रगत रूपमा विनियोजनको ढाँचा समेत निर्धारण गरिएको थियो । वस्ति तथा वडामा योजना सङ्कलनको लागि स्रोत व्यक्ति र समय तालिकाका बारेमा समेत छलफल सहित पारित गर्ने कार्य भएको थियो । यसको अतिरिक्त योजना तर्जुमा गर्दा अपनाउनु पर्ने प्रक्रियाहरू तथा क्रियाकलापहरूको बारेमा विस्तृत रूपमा छलफल गरिनुका साथै सूचनाहरू व्यवस्थित ढङ्गले सङ्कलन गर्ने बारे समेत छलफल गरिएको थियो ।

१.४.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण

योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्याङ्क सङ्कलनका लागि वडा समितिको पहलमा वडास्तरीय परामर्श बैठकहरू सञ्चालन गरिएको थियो । वडास्तरीय बैठकमा स्थानीय जनताको प्रतिनिधिमूलक सहभागिता रहेको थियो । जनप्रतिनिधिहरू सहित प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू तथा स्थानीय सरोकारवालाहरूसँग परामर्श गरी गाउँपालिकाको विविध पक्षहरू जस्तै पूर्वाधार, कृषि, उद्योग, वित्तीय संस्था, जलस्रोत आदिको बारेमा सूचना सङ्कलन गरिएको थियो । यसैगरी वडा क्षेत्रमा रहेका समस्या, चुनौती तथा अवसरहरू पहिचान गरी सम्भावना बोकेका आवश्यक क्षेत्रहरूको बारेमा सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्यलाई पनि प्राथमिकता दिइएको थियो । गाउँपालिकाका सबै अर्थात् ७ वटै वडाहरूबाट सहभागीतामूलक ढङ्गबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

१.४.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण

योजना तर्जुमाको क्रममा समग्र वस्तुस्थिति बारेको विश्लेषणका लागि SWOT विश्लेषण गरी वडा तहबाट समस्या तथा सम्भावना पहिचान गरिएको थियो । सबै वडामा लक्षित समूहसँग छलफल सञ्चालन गरी वडाको वस्तुस्थिति समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख योजना तथा कार्यक्रमहरूका सम्बन्धमा राय तथा सुझाव सङ्कलन गरिएको थियो ।

१.४.६ आवधिक योजना तर्जुमा कार्यशाला

आवधिक योजना तर्जुमा कार्यशाला विषयगत क्षेत्रका सरोकारवालाहरूको सहभागितामा आयोजना गरिएको थियो । कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर, चुनौती तथा सम्भावनाहरूको वस्तुपरक विश्लेषणका आधारमा विषयगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरी ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गरिनु पर्ने रणनीति तथा कार्यनीतिहरू, प्रमुख कार्यक्रमहरू र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो ।

१.४.७ मस्यौदा प्रमाणीकरण कार्यशाला

आवधिक योजनाको पहिलो मस्यौदा तयार भई सकेपछि गाउँपालिकाका प्रतिनिधिहरू तथा कर्मचारीहरू र राजनीतिक दलका प्रतिनिधिहरू, विषयगत विज्ञहरू तथा सरोकारवालाहरूको सहभागितामा मस्यौदा प्रमाणीकरण कार्यशालामा पेस गरी मस्यौदा उपर विस्तृत रूपमा समीक्षा गरी सहभागीहरूबाट प्राप्त सुझाव र सल्लाहको आधारमा मस्यौदा प्रतिवेदनलाई थप परिमार्जित गरिनेछ ।

१.४.८ अन्तिम प्रतिवेदन स्वीकृत

सहभागीतामूलक कार्यशालाको निष्कर्ष, मस्यौदा प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाव तथा विषय विज्ञहरूसँगको परामर्श तथा छलफलका क्रममा आएका सुझावको आधारमा तयार गरिएको चुमनुब्री गाउँपालिकाको यस दोस्रो आवधिक आयोजना (२०८२/८३—२०८६/८७) को अन्तिम दस्तावेजलाई गाउँसभाबाट स्वीकृत गरिनेछ ।

१.५ अध्ययनको सीमा

आवधिक योजना तर्जुमाको क्रममा वडा तहमा रहेका संस्थाहरूबाट तथ्याङ्क सङ्कलन गर्दा कतिपय आवश्यक तथ्याङ्कहरूको अभाव रहेको देखियो । उपलब्ध तथ्याङ्कहरू स्रोत पिच्छै फरक पाइएको भएता पनि प्राप्त तथ्याङ्कलाई पुनः प्रमाणीकरण गरी योजना तर्जुमाका लागि प्रयोग गरियो । योजना तर्जुमा गर्न गाउँपालिकाको प्रोफाइल, गाउँपालिका सम्बन्धी विभिन्न दस्तावेजहरू र पूर्वाधार सम्बन्धी आयोजनाहरूबाट प्राप्त तथ्याङ्कको आधारलाई लिएर विषयगत क्षेत्रहरूको लक्ष्य निर्धारण गरिएको छ । थप तथ्याङ्कहरूका लागि सङ्घीय तथा प्रदेश स्तरको अध्ययन तथा अनुसन्धानका प्रतिवेदनहरूलाई समेत आधार मानिएको छ ।

१.६ विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र

गाउँपालिकाले प्रस्तुत आवधिक योजना तर्जुमा गर्दा निम्न पक्षलाई महत्त्व दिएको छ ।

- योजना तर्जुमाको अवधारणात्मक विषयवस्तुको ज्ञान र सीप
- तथ्याङ्क व्यवस्थापन विधि
- विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र।

Goal achieving cycle अनुरूप गाउँपालिकाको वस्तुस्थिति विश्लेषण र अवसर तथा चुनौतीहरूको समीक्षाका साथ गाउँपालिकाले लिएको सोचका आधारमा विषयगत लक्ष्यहरू निर्धारण गरी उद्देश्यहरू स्थापित गरिएका छन् । उद्देश्यहरूका लागि विषयगत नतिजाहरू निर्माण गरिएको र नतिजाहरू प्राप्त गर्नका लागि कार्यक्रमहरू निर्धारण गरिएका छन् ।

परिच्छेद-दुईः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

२.१ चुमनुब्री गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको संविधान घोषणा पश्चात् नेपाल सङ्घीय शासन प्रणालीमा स्थापित भयो । राज्यको नयाँ संरचना अनुसार ७ वटा प्रदेश र ७५३ स्थानीय तहहरू भए । सात वटा प्रदेशहरू मध्ये गण्डकी प्रदेशको केन्द्र पोखराबाट प्रदेश सरकारका सेवाहरू प्रवाह गर्दै आएको यस प्रदेश अन्तर्गत रहेको ११ जिल्लाहरू मध्ये गोरखा एक हो । स्थानीय तहको नयाँ संरचना अनुसार गोरखा जिल्लामा ९ गाउँपालिका र २ नगरपालिका रहेका छन् । यस जिल्लामा रहेको ९ वटा गाउँपालिकाहरू मध्ये चुमनुब्री गाउँपालिका ऐतिहासिक तथा पर्यटकीय हिसाबले निकै महत्त्वपूर्ण रहेको छ । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरू रहेका छन् ।

चित्र १ः चुमनुब्री गाउँपालिकाको अवस्थिति नक्सा

गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको उत्तरी भेगमा अवस्थित चुमनुब्री गाउँपालिका साविकका ७ वटा गाउँ विकास समितिहरू (समागाउँ, ल्हो, प्रोक, विही, छेकम्पार, चुम्चेत र सिर्दिबास) मिलाएर निर्माण भएको हो । गोरखा जिल्लाको मुख्य नदी बुढीगण्डकीको पश्चिमी भागमा तथा जिल्लाको उत्तर पूर्व अवस्थित सिर्दिबासको फिलिममा यस गाउँपालिकाको केन्द्र रहेको छ । चुमनुब्री गाउँपालिकाको पूर्वी सिमाना छिमेकी राष्ट्र चीन तथा गोरखा जिल्लाको धार्चे गाउँपालिकासँग जोडिएको छ भने उत्तरी सिमानाको सम्पूर्ण भू भाग छिमेकी राष्ट्र चीनसँग जोडिएको छ, त्यसैगरी पश्चिमतर्फ मनाङ र लमजुङ जिल्लाले चुमनुब्री गाउँपालिकालाई सिमा साथ दिएका छन् भने दक्षिणमा गोरखा जिल्लाकै अजिरकोट गाउँपालिका, बारपाक सुलीचौर गाउँपालिका र धार्चे गाउँपालिका साँध छुट्याएका छन् ।

तालिका १: चुमनुब्री गाउँपालिकाको वडा विभाजन

हालको वडा नं.	समावेश भएका साबिक गा.वि.स./न.पा.हरू	साबिक वडा नं.	क्षेत्रफल वर्ग कि मि
१	सामागाउँ	१-९	३४२
२	ल्हो	१-९	२००
३	सिर्दिवास	१-९	२५८
४	प्रोक	१-९	२०४
५	विही	१-९	१२१
६	चुम्चेत	१-९	२०७
७	छेकम्पार	१-९	३१७

नेपालको धार्मिक, सांस्कृतिक तथा जातीय विविधताको प्रतिनिधित्व गर्दै आफ्नै फरक धार्मिक तथा सांस्कृतिक पहिचानका यस क्षेत्रलाई मूल थलो बनाई करिब ३०० वर्ष देखि बसोबास गर्दै आइरहेका चुम्वा र नुब्री जातिको पहिचानलाई संरक्षण गर्दै यस पालिकाको नाम चुमनुब्री राखिएको हो । बूढीगण्डकी नदीका दुई मुख्य सहायक नदी मध्ये पूर्व तर्फ गणेश हिमाल तथा आसपासका हिमाली क्षेत्रको पानीले बनाएको स्यार खोला (नदी) तथा सो नदीको जलाधार क्षेत्रमा चुम्वा जातिको बसोबास रहेको र चुम्वा जातिको बसोबासकै कारण यो क्षेत्रमा अवस्थित सुन्दर उच्च पहाडी उपत्यका चुम भ्यालीका नामले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा प्रख्यात छ । त्यसैगरी सहायक नदी मध्ये पश्चिम तर्फ मनासलु हिमाल तथा आसपासका हिमाली क्षेत्रको पानीले बनाएको कथाङ खोला (नदी) तथा सो नदीको जलाधार क्षेत्रमा नुब्री जातिको बसोबास रहेको र नुब्री जातिको बसोबासकै कारण यो क्षेत्रमा अवस्थित सुन्दर उच्च पहाडी उपत्यका नुब्री भ्यालीका नामले प्रख्यात छ, जो मनासलु हिमाल तथा मनासलु पदयात्राका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा परिचित छ । लमजुङ तथा मनाङ जिल्लाको हिमाली प्रवेशद्वार लार्के पासले यस क्षेत्रको महत्त्वलाई चुल्याएको छ ।

नेपालका उच्च हिमशृंखलामध्येको आठौं उच्च शिखर मनास्लु हिमाल (उचाइ ८१६३ मिटर) यसै गाउँपालिकामा अवस्थित छ । हिमचुली (७८९३ मिटर) र सृङ्गी (७१८७ मिटर) जस्ता उच्च हिमाल लगायत अन्य हिमशृङ्खला यसै गाउँपालिकामा पर्दछन् । यस गाउँपालिकाको समग्र भाग मनास्लु संरक्षण क्षेत्रमा पर्दछ । यो गाउँपालिका लार्के (५२०५ मिटर) र ग्या (५३७५ मिटर) जस्ता उच्च पास (ला) हरूका साथै काल ताल र वीरेन्द्र तालहरू जस्ता विभिन्न ताल तलैयाहरूले यस क्षेत्रको सौन्दर्यता बढाएका छन् ।

विशिष्ट सांस्कृतिक, ऐतिहासिक गुम्बाहरू र असङ्ख्य जडीबुटी, जैविक विविधताले यो गाउँपालिका भरिपूर्ण रहेको छ । बूढीगण्डकी जलाधार, चुमनुब्री लार्के पास हुँदै मनाङ, मुस्ताङ जाने मुख्य पदमार्ग, मनोरम हिमशृङ्खला र अलौकिक संस्कृतिसहितको विशिष्ट भू परिवेशले गर्दा यस गाउँपालिकाले पर्यटक आकर्षणको ठूलो सम्भावना बोकेको छ ।

चुमनुब्री गाउँपालिकाको घरधुरी सर्वेक्षण २०८१ सालमा सङ्कलित तथ्याङ्क अनुसार यस पालिकामा जम्मा १८०२ घरपरिवार रहेका छन् । २०६८ को जनगणना अनुसार यो सङ्ख्या १९४९ थियो भने २०७८ को जनगणना अनुसार यो सङ्ख्या २०६८ रहेको थियो । चुमनुब्री गाउँपालिकाको कुल जनसङ्ख्या ६५०८ रहेको छ । वडागत रूपमा हेर्दा वडा नं ३ मा सबैभन्दा बढी २८०९ र वडा नं १ मा सबैभन्दा कम ४४५ जनाको बसोबास रहेको छ । कुल जनसङ्ख्यामध्ये

३४१८ जना (५२.५२%) पुरुष र ३०९० जना (४७.४८%) महिला रहेका छन् । हालको जनसङ्ख्या अनुसार लैङ्गिक अनुपात (पुरुष–महिला अनुपात) ९०.४० रहेको देखिन्छ । कुल जनसङ्ख्याको दुई—तिहाइ (६६.६७ प्रतिशत) जनता आर्थिक रूपले सक्रिय (१५ देखि ५९ वर्ष) उमेर समूहभित्र पर्दछन् । चार वर्षमुनिका बालबालिका १०.२ प्रतिशत, ५ देखि ९ वर्षभित्रका ७.७७ प्रतिशत, ९ देखि १४ वर्षसम्मका ५.३८ प्रतिशत रहेका छन् ।

तालिका २: प्रशासनिक तथा भौगोलिक परिचय

नाम	चुमनुब्री गाउँपालिका
स्थापना	वि. सं. २०७३ असार २५ गते
केन्द्र	साबिक सिर्दिवास गा.वि.स.को कार्यालय
जिल्ला	गोरखा
प्रदेश	गण्डकी
वडा सङ्ख्या	७
भौगोलिक अवस्थिति	२८°३३' देखि २८°७५' उत्तरी अक्षांस र ८४°४८' देखि ८५°१९' पूर्वी देशान्तर
भौगोलिक उचाइ	समुद्री सतहबाट १२३९ मिटरदेखि ८१६३ मिटरसम्म
क्षेत्रफल	१६४९ वर्ग कि.मि.
सिमाना	पूर्वः चीन तथा धार्चे गाउँपालिका उत्तरः चीन पश्चिमः मनाङ र लमजुङ जिल्ला दक्षिणः अजिरकोट गाउँपालिका, बारपाक सुलीचौर गाउँपालिका र धार्चे गाउँपालिका
घरधुरी	१८०२
जनसङ्ख्या	६५०८
हावापानी	समशितोष्ण, शीतोष्ण, अल्पाइन र टुण्ड्रा
प्रमुख जातजाति	चुम्वा, नुब्री, गुरुङ, तामाङ

२.२ भौगोलिक अवस्थिति

चुमनुब्री गाउँपालिका २८°३३' देखि २८°७५' उत्तरी अक्षांश र ८४°४८' देखि ८५°१९' पूर्वी देशान्तरमा अवस्थित छ । कुल क्षेत्रफल १६४९ वर्ग कि.मि. रहेको यो गाउँपालिका समुद्री सतहबाट १२३९ मिटरदेखि ८१६३ मिटरसम्म फैलिएको छ ।

२.२.१ भू—उपयोग

चुमनुब्री गाउँपालिकाको कूल १६४९ वर्ग कि. मि. क्षेत्रफल मध्ये सबैभन्दा बढी भीर पाखा क्षेत्र ४०.६ प्रतिशत (६७० वर्ग कि. मि.) रहेको छ भने २६.१ प्रतिशत (४३१ वर्ग कि. मि.) क्षेत्र खेतीयोग्य जमिन रहेको छ । करिब १८ प्रतिशत हरियाली क्षेत्र रहेको यस पालिकामा ९.७ प्रतिशत (१६० वर्ग कि. मि.) वन जङ्गल क्षेत्र, ८.२ प्रतिशत (१३६ वर्ग कि. मि.) झाडी क्षेत्र, ५.० प्रतिशत (८२ वर्ग कि. मि.) आवादी क्षेत्र, ४.३ प्रतिशत (७१ वर्ग कि. मि.) हिउँले ढाकेको क्षेत्र, ४.० प्रतिशत (१६० वर्ग कि. मि.) हिमनदीले ओगटेको क्षेत्र र २.० प्रतिशत (३३ वर्ग कि. मि.) नदी तथा पोखरीले ओगटेको छ ।

तालिका ३: चुमनुव्री गाउँपालिकाको भूउपयोग स्थिति

वडा नं.	भू—उपयोग प्रकार (क्षेत्रफल वर्ग कि मि)									
	कृषि	भीरपाखा	नदी/ ताल	झाडी	जङ्गल	हिमनदी	आवादी	हिउँ	जम्मा	प्रतिशत
१	३७	१९४	४	३५	२५	१३	१२	२२	३४२	२०.७
	१०.८%	५६.७%	१.२%	१०.२%	७.३%	३.८%	३.५%	६.४%	१००%	
२	३९	८३	६	२२	१८	१२	१०	१०	२००	१२.१
	१९.५%	४१.५%	३.०%	११.०%	९.०%	६.०%	५.०%	५.०%	१००%	
३	९४	५७	८	५	३८	११	३४	११	२५८	१५.६
	३६.४%	२२.१%	३.१%	१.९%	१४.७%	४.३%	१३.२%	४.३%	१००%	
४	४३	१०१	३	९	२३	७	६	१२	२०४	१२.४
	२१.१%	४९.५%	१.५%	४.४%	११.३%	३.४%	२.९%	५.९%	१००%	
५	४५	१९	४	१७	२४	१	५	६	१२१	७.३
	३७.२%	१५.७%	३.३%	१४.०%	१९.८%	०.८%	४.१%	५.०%	१००%	
६	८७	४४	५	३९	२१	०	९	२	२०७	१२.६
	४२.०%	२१.३%	२.४%	१८.८%	१०.१%	०.०%	४.३%	१.०%	१००%	
७	८६	१७२	३	९	११	२२	६	८	३१७	१९.२
	२७.१	५४.३%	०.९%	२.८%	३.५%	६.९%	१.९%	२.५%	१००%	
जम्मा	४३१	६७०	३३	१३६	१६०	६६	८२	७१	१६४९	१००.०
	२६.१%	४०.६%	२.०%	८.२%	९.७%	४.०%	५.०%	४.३%	१००%	

चित्र २: चुमनुव्री गाउँपालिकाको भू उपयोग नक्सा

२.२.२ हावापानी

यस गाउँपालिका समुद्री सतहबाट १२३९ मिटर देखि ८१६३ मिटर सम्म फैलिएका कारण यहाँ शम शीतोष्ण, शीतोष्ण, सब अल्पाइन (परीहिमाली), र अल्पाइन (हिमाली) गरी पाँच प्रकारको हावापानी पाइन्छ । यहाँको तापक्रम गर्मी मौसममा ३१ देखि ३४ डिग्री र जाडोयाममा ८ देखि १३ डिग्रीको हाराहारीमा रहन्छ । जाडो याममा हिमपात र असिना सामान्यता रहन्छ भने जुन देखि सेप्टेम्बर सम्म मनसुनको प्रभाव रहन्छ । यस समयमा औसत वर्षा १९०० मि.मि. जति पर्दछ ।

चित्र ३: चुमनुब्री गाउँपालिकाको जलवायु नक्सा

२.२.३ भिरालोपन

चुमनुब्री गाउँपालिकाको धरातलीय स्वरुपको विश्लेषण गर्दा सबैभन्दा बढी ३८.९ प्रतिशत (६४१.२५ वर्ग कि मि) क्षेत्रफल ३० देखि ४५ डिग्री भिरालोपनमा रहेको देखिन्छ र सामान्यतया यस्तो जमिन खेती र बसोबासका लागि अयोग्य मानिन्छ भने जमिन खेती र बसोबासका लागि योग्य जमिन ७.९९ प्रतिशत (१३१.७१ वर्ग कि मि) मात्र रहेको छ । यद्यपि चरन र सामान्य खेती तथा बसोबासका लागि प्रयोग हुन सक्ने ३६.२१ प्रतिशत (५९७.०१ वर्ग कि मि) क्षेत्रफल १० देखि ३० डिग्री भिरालोपनमा रहेको देखिन्छ ।

तालिका ४: चुमनुव्री गाउँपालिकाको ढलोट विवरण

ढलोटको प्रकार	क्षेत्रफल	प्रतिशत
०-१०	१३१.७१७६	७.९९
१०-३०	५९७.०१२३	३६.२१
३०-४५	६४१.२५०९	३८.९०
४५-६०	२३५.७१२	१४.३०
६०-८८.२४	४२.९५७१५	२.६१
जम्मा	**१६४८.६५**	**१००.००**

चित्र ४: चुमनुव्री गाउँपालिकाको ढलोट नक्सा

२.२.४ जमिनको मोहोडा

मोहोडाका आधारमा चुमनुव्री गाउँपालिकाको सबैभन्दा बढी क्षेत्रफल १५.३९ प्रतिशत (२५३.६८ वर्ग कि मि) दक्षिण दिशामा फर्केको देखिन्छ भने १३.७१ प्रतिशत दक्षिण—पूर्व, १३.०७ प्रतिशत उत्तर—पूर्व तर्फ, १०.९४ प्रतिशत पूर्व तर्फ, १०.७४ प्रतिशत दक्षिण—पश्चिम तर्फ र १०.६४ प्रतिशत उत्तर—पश्चिम तर्फ फर्केको छ ।

तालिका ५: चुमनुव्री गाउँपालिकाको धरातलीय मोहोडाको अवस्था

दिशा	क्षेत्रफल	प्रतिशत
समथर	३०.७७	१.८७

दिशा	क्षेत्रफल	प्रतिशत
उत्तर	१३४.८४	८.१८
उत्तर पूर्व	२१५.४९	१३.०७
पूर्व	१८०.४३	१०.९४
दक्षिण पूर्व	२२६.१०	१३.७१
दक्षिण	२५३.६८	१५.३९
दक्षिण पश्चिम	१७७.१०	१०.७४
पश्चिम	१३७.७६	८.३६
उत्तर पश्चिम	१७५.१२	१०.६२
पश्चिम	११७.३६	७.१२
जम्मा	१६४८.६५	१००.००

चित्र ५: चुमनुव्री गाउँपालिकाको मोहोडा नक्सा

२.२.५ प्राकृतिक तथा आर्थिक विकासका स्रोतहरू

प्रशस्त हरियाली वनजंगल, गणेश हिमाल तथा मनासलु हिमाल शिर भएर बग्ने बूढीगण्डकी नदी तथा सदाबहार बग्ने खोलाहरू, हिउँदमा हिउँले ढाकिएर सेताम्मे हुँदाको बेला स्वर्ग झैं अनुभूति हुने अग्ला—अग्ला पहाडहरूले घेरिएको चुम भ्याली तथा नुब्री भ्याली भएको चुमनुब्री गाउँपालिका भौगोलिक विविधता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको छ ।

चुमनुब्री गाउँपालिकाभित्रका प्राय सबै वस्तिहरू अझसम्म पनि सडक सञ्जालमा जोडिएका छैनन् यद्यपि वडा नं. ३ को पानसिं सम्म ट्र्याक खोल्ने काम सकिएको छ भने क्रमशः चीनको सिमानासम्म नै ट्र्याक खोल्ने प्रयास सुरु भएको छ । केही ठूला खानेपानी, सिँचाई, विद्यालयका आयोजनाहरू र व्यक्तिगत आवासहरू समेत निर्माणाधीन अवस्थामा छन् । दर्जन बढी ठूला जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन भएको तथा कतिपयको डी.पि.आर. समेत भइ निर्माण कार्य सुरु हुँदै गर्दा गाउँपालिकाले करिब १००० मेगावाटको ऊर्जा उत्पादनमा राष्ट्रिय प्रतिष्ठा कायम गर्दै गाउँपालिकाको समग्र विकासमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ ।

यो गाउँपालिकाकै सबैभन्दा होचो भूमि १२३९ मिटरदेखि ८१६३ मिटर अग्लो मनासलु हिमालका कारण विश्वकै आठौं उच्च स्थानको गरिमा प्राप्त गरेकोले यहाँको हावापानी तथा जमिनमा विविधता पाइन्छ । साथै गाउँपालिकामा उच्च हिमाली हावापानी भएकाले आलु, गहुँ, मकै, कोदो, उवा आदि मात्र उत्पादन हुने गरेको छ । गाउँपालिकाको माथिल्लो भेगमा याक, चौंरी तथा भेडा पालन व्यवसाय नै आम्दानीको स्रोत रहेको छ । चुमनुब्री गाउँपालिका पर्यटकीय हिसाबले विश्वकै प्रसिद्ध पदयात्रा गन्तव्यका रूपमा परिचित छ ।

चुमनुब्री गाउँपालिकामा अवस्थित चुम उपत्यकालाई 'हिंसामुक्त क्षेत्र' (अहिंसाको क्षेत्र) घोषणा गरिएको छ, जहाँ जनावरहरूको हत्यामाथि कडा प्रतिबन्ध छ । यस क्षेत्रमा १०० वर्षभन्दा बढी समयदेखि कुनै पनि जनावरको हत्या नगरिएको विश्वास गरिन्छ । म उपत्यकाको यो अहिंसाको परम्परा लामो समयदेखि चलिआएको छ र यसको जरा यस क्षेत्रको गहिरो बौद्ध परम्परामा गाडिएको छ । बौद्ध धर्मले सबै जीवित प्राणीहरूप्रति करुणा र अहिंसाको सिद्धान्तलाई जोड दिन्छ । चुम उपत्यकाका बहुसङ्ख्यक बासिन्दाहरू बौद्ध धर्म मान्छन्, यसले गर्दा उनीहरूको जीवनशैली र सांस्कृतिक मूल्यमान्यतामा बौद्ध शिक्षाको गहिरो प्रभाव परेको छ ।उत्तरी गोरखामा अवस्थित यस दुर्गम क्षेत्रको बाहिरी संसारसँग सन् १९९८ भन्दा पहिले लामो समयसम्म सम्पर्क थिएन । यसले गर्दा यहाँको मौलिक सांस्कृतिक परम्परा र मूल्यमान्यताहरू सुरक्षित रहन पाए । चुमबा, न्हुब्रीबा र कुटाङबा जस्ता स्थानीय भाषाहरू बोल्ने यस क्षेत्रका बासिन्दाहरूले आफ्नो परम्परालाई पुस्ता-पुस्तासम्म हस्तान्तरण गर्दै आएका छन् ।जनावरहरूको हत्यामाथिको प्रतिबन्ध केवल धार्मिक विश्वासमा आधारित मात्र नभई यसले स्थानीय पारिस्थितिक प्रणालीको संरक्षणमा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले वन्यजन्तु र मानिसबीचको सद्भावपूर्ण सम्बन्धलाई बढावा दिएको छ । चुम उपत्यकाका मठहरू, माने पर्खालहरू र चैत्यहरू जस्ता प्राचीन संरचनाहरूले यस क्षेत्रको समृद्ध सांस्कृतिक र आध्यात्मिक सम्पदालाई झल्काउँछ ।यस परम्पराले चुम उपत्यकालाई नेपालको एक अद्वितीय गन्तव्य बनाएको छ, जहाँ आगन्तुकहरूले शान्त वातावरण, गहिरो आध्यात्मिक अनुभव र प्रकृतिको सम्मान गर्ने समुदायको जीवनशैलीको अनुभव गर्न सक्छन् । यो "हिंसामुक्त क्षेत्र" केवल एक भौगोलिक स्थान मात्र नभई यो अहिंसाको एक जीवित उदाहरण हो, जसले शताब्दीयौंदेखि आफ्नो मौलिकता कायम राखेको छ।

२.३ पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था

जनसङ्ख्या राज्यको अनिवार्य सर्त हो । जनसङ्ख्या र विकासको बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । गाउँपालिकाको हरेक विकास जनताको लागि हो भने यसको विकासको स्रोत पनि जनता नै हुन । सार्वजनिक प्रशासनको मूल आधार पनि जनता नै हुन् । शासनको मूल केन्द्रमा नागरिक नै रहेका हुन्छन् । अतः जनसङ्ख्या विवरणले राज्यका क्रियाकलापलाई दिशा निर्देशको आधार उपलब्ध गराउँछ । चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या २०६८ सालको जनगणनामा ६,९२३ रहेकोमा २०७८ मा घटेर ५,९३२ मा झरेको देखिन्छ । तर २०८१ सालको घरधुरी सर्वेक्षण अनुसार जनसङ्ख्या पुनः वृद्धि भई ६,५०८ पुगेको छ । २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या २,९१,९२,४८० रहेकोमा, चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या ५,९३२ मात्र रहेको छ, जुन कुल जनसङ्ख्याको ०.०२% भन्दा पनि कम हिस्सा हो ।

चित्र ६: चुमनुब्री गाउँपालिकाको जानसाङ्ख्यिक विवरण

चुमनुब्री गाउँपालिकामा २०८१ सालको घरधुरी सर्वेक्षण अनुसार कुल १,८०२ घरपरिवार रहेको छ, जसमा औसत परिवार आकार ३.६१ देखिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा औसत परिवार आकार ४.३६ थियो, जसको तुलनामा चुमनुब्रीको औसत परिवार आकार कम छ, जसले गर्दा सानो परिवार संरचनाको सङ्केत गर्छ ।

लैङ्गिक अनुपात (पुरुष प्रति १०० महिला) ९०.४० रहेको छ, जुन राष्ट्रिय औसत (९४.२) भन्दा पनि कम छ । यसले यहाँ महिला जनसङ्ख्या थोरै बढी रहेको जनाउँछ ।

जनघनत्व (प्रति वर्ग किलोमिटरमा बसोबास गर्ने व्यक्तिको सङ्ख्या) ३.९५ देखिएको छ, जुन राष्ट्रिय औसत १९९ भन्दा निकै कम हो । यसले चुमनुब्रीको भौगोलिक क्षेत्र धेरै फैलिएको र जनसङ्ख्या विरलै छरिएको देखाउँछ ।

वडागत रूपमा हेर्दा, सबैभन्दा धेरै जनसङ्ख्या वडा नं. ३ मा देखिन्छ, जसको २०७८ मा जनसङ्ख्या २३२१ थियो (३९.१३%) र २०८१ मा २८०९ (४३.१६%) पुगेको छ । दोस्रो ठूलो जनसङ्ख्या वडा नं. ७ मा छ, जसको जनसङ्ख्या २०७८ मा ८१२ (१३.६९%) बाट १००३ (१५.४१%) मा वृद्धि भएको छ । सबैभन्दा कम जनसङ्ख्या वडा नं. १ मा रहेको छ, जसको सङ्ख्या क्रमशः घट्दो क्रममा रहेको देखिन्छ (२०७८ मा ५२५ बाट २०८१ मा ४४५) । यो तथ्यले देखाउँछ कि गाउँपालिकाभित्र जनसङ्ख्याको वितरण असमान रहेको छ र वडा नं. ३, ६ र ७ जनसङ्ख्याका हिसाबले अपेक्षाकृत घना छन् ।

तालिका ६: चुमनुब्री गाउँपालिकाको तुलनात्मक जनसङ्ख्या विवरण

वडा नं.	राष्ट्रिय जनगणना २०६८		राष्ट्रिय जनगणना २०७८				घरधुरी सर्वेक्षण २०८१			
	जम्मा	प्रतिशत	पुरुष	महिला	जम्मा	प्रतिशत	पुरुष	महिला	जम्मा	प्रतिशत
१	६०४	८.७२	२२७	२९८	५२५	८.८५	१८६	२५९	४४५	६.८४
२	७११	१०.२७	२४५	२६९	५१४	८.६६	२३७	२६७	५०४	७.७४
३	२५१०	३६.२६	११०५	१२१६	२३२१	३९.१३	१३९७	१४१२	२८०९	४३.१६
४	५७५	८.३१	२३७	२३६	४७३	७.९७	१७९	२६८	४४७	६.८७
५	६१२	८.८४	२२६	२५६	४८२	८.१३	१७८	२८६	४६४	७.१३
६	९२८	१३.४०	४१३	३९२	८०५	१३.५७	४७५	३६१	८३६	१२.८५
७	९८३	१४.२०	३९२	४२०	८१२	१३.६९	४३८	५६५	१००३	१५.४१
जम्मा	**६९२३**	**१००**	**२८४५**	**३०८७**	**५९३२**	**१००**	**३०९०**	**३४१८**	**६५०८**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

वडागत विश्लेषण अनुसार, सबैभन्दा बढी जनघनत्व वडा नं. ३ मा १०.८९ छ, जहाँ जनसङ्ख्या पनि धेरै छ भने सबैभन्दा कम जनघनत्व वडा नं. १ मा १.३० छ, जसले भूगोल वा बसोबासयोग्यताको अभाव देखाउँछ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

तालिका ७: चुमनुब्री गाउँपालिकाको जनसाङ्ख्यिक विवरण

वडा नं.	घरपरिवार		जनसङ्ख्या घरधुरी सर्वेक्षण २०८१				लैङ्गिक अनुपात	औसत परिवार आकार	जनघनत्व (प्रति व किमि)
	सङ्ख्या	प्रतिशत	पुरुष	महिला	जम्मा	प्रतिशत			
१	१७५	९.७१	१८६	२५९	४४५	६.८४	७१.८१	२.५४	१.३०
२	१८८	१०.४३	२३७	२६७	५०४	७.७४	८८.७६	२.६८	२.५२
३	६४५	३५.७९	१३९७	१४१२	२८०९	४३.१६	९८.९४	४.३६	१०.८९
४	१६९	९.३८	१७९	२६८	४४७	६.८७	६६.७९	२.६४	२.१९
५	१७०	९.४३	१७८	२८६	४६४	७.१३	६२.२४	२.७३	३.८३
६	२११	११.७१	४७५	३६१	८३६	१२.८५	१३१.५८	३.९६	४.०४
७	२४४	१३.५४	४३८	५६५	१००३	१५.४१	७७.५२	४.११	३.१६

वडा नं.	घरपरिवार		जनसङ्ख्या घरधुरी सर्वेक्षण २०८१				लैङ्गिक अनुपात	औसत परिवार आकार	जनघनत्व (प्रति व किमि)
	सङ्ख्या	प्रतिशत	पुरुष	महिला	जम्मा	प्रतिशत			
जम्मा	१८०२	१००	३०९०	३४१८	६५०८	१००	९०.४०	३.६१	३.९५

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुव्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

२०८१ सालको तथ्याङ्क अनुसार चुमनुव्री गाउँपालिकाको कुल जनसङ्ख्या ६,५०८ मध्ये पुरुष ३,०९० (४७.४८%) र महिला ३,४१८ (५२.५२%) रहेका छन् । यसमा महिलाको हिस्सा पुरुषको तुलनामा ५.०४ प्रतिशतले बढी देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा महिला ५१.०४% र पुरुष ४८.९६% छन् । यसरी हेर्दा चुमनुव्रीको लिङ्ग अनुपात राष्ट्रिय औसतभन्दा थोरै अधिक महिला—केन्द्रित छ । वडागत विश्लेषण अनुसार, सबैभन्दा धेरै पुरुष र महिला जनसङ्ख्या वडा नं. ३ मा छ, जसमा पुरुष १,३९७ र महिला १,४१२ रहेका छन् । सबैभन्दा कम पुरुष जनसङ्ख्या वडा नं. १ मा १८६ मात्र छ भने महिला पनि त्यस्तै कम २५९ मात्र छन् । यो तथ्यले महिलाको सङ्ख्या पुरुषभन्दा अधिक रहेको सङ्केत गर्दछ, जसले सामाजिक, आर्थिक र बसोबासजन्य नीतिमा लैङ्गिक समावेशी दृष्टिकोणको आवश्यकता देखाउँछ (चुमनुव्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

उमेर समूहको आधारमा जनसङ्ख्यालाई विश्लेषण गर्दा, सबैभन्दा बढी जनसङ्ख्या ०-४ वर्ष उमेर समूहमा (११.०१%) र ५-९ वर्ष उमेर समूहमा (८.३६%) रहेको छ, जसले पालिकाको जनसङ्ख्यामा बालबालिकाको हिस्सा उच्च रहेको देखाउँछ । चुमनुव्री गाउँपालिकाको कुल जनसङ्ख्या ६,५०८ जनालाई उमेर समूह अनुसार वर्गीकरण गर्दा, ०—४ वर्षका बालबालिका: ११.०१% (११६ जना), ५—१४ वर्षका बालबालिका: १३.२५% (८६२ जना), १५—२४ वर्षका किशोर/युवा: १२.७२% (८२९ जना), २५—५९ वर्षका कार्यशिल उमेर समूह: करिब ४८% जति जनसङ्ख्या छ भने ६० वर्षमाथिका वृद्धजन: झण्डै १७.०१% (११८४ जना) रहेको छ (चुमनुव्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको वृद्धजन जनसङ्ख्या (६० वर्षमाथि) करिब १०.२१% छ, जुनको तुलनामा चुमनुव्रीमा वृद्धजनको अनुपात उल्लेखनीय रूपमा बढी देखिन्छ । तथ्याङ्कका आधारमा चुमनुव्री गाउँपालिकामा बालबालिका र वृद्धजनको अनुपात उच्च छ, जसले निर्भर जनसङ्ख्याको अनुपात बढी भएको सङ्केत गर्दछ । कार्यशिल जनसङ्ख्या घट्दो अवस्थामा देखिन्छ, जुन भविष्यमा श्रमशक्ति, उत्पादनशीलता र सेवा प्रवाहमा असर पार्नसक्ने सम्भावना छ । वृद्धजनको सङ्ख्या उच्च भएकाले स्वास्थ्य, सामाजिक सुरक्षा र देखभाल प्रणालीमा ध्यान दिन आवश्यक छ ।

गाउँपालिकाका घरमूलीहरूको उमेर संरचनाले कार्यशिल जनसङ्ख्याको बहुलता र वृद्धजनको उच्च अनुपात देखाउँछ । प्रमुख उमेर समूह ४०-४९ वर्ष (क्रमशः ४०-४४ वर्षमा ११.४९% र ४५-४९ वर्षमा ११.८२%) रहेको छ जसले अर्थतन्त्रको मुख्य आधार बल कार्यरत छ भन्ने सङ्केत दिन्छ । यसको विपरीत, १९ वर्ष मुनिका युवा घरमूली निकै कम (०.६१% मात्र) छन्, जसले युवा पुस्ताको पलायन वा निर्णयमा हस्तक्षेपको कमी जस्ता सामाजिक चुनौतीहरू झल्काउँछ । सबभन्दा चिन्ताजनक विषय भनेको ६० वर्ष माथिका घरमूलीको उच्च प्रतिशत (२५.२९% वा ४५६ परिवार) हो जुन राष्ट्रिय औसत (१०.२१%) भन्दा धेरै बढी छ र वृद्ध जनसङ्ख्या वृद्धिका कारण सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र आर्थिक निर्भरतामा चुनौती उत्पन्न गर्न सक्छ (चुमनुव्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

बसोबासको अवस्था हेर्दा ५१.७२% जनसङ्ख्या सधैं घरमै बस्ने देखिन्छ भने २५.२२% प्रायः घर बाहिर बस्ने, ३.०२% सधैं बाहिर बस्ने तथा बाँकी २०.०४% प्रायः घरमै बस्ने देखिन्छन् । यसले देखाउँछ कि एक चौथाइभन्दा बढी जनसङ्ख्या बाह्य आवासमा आश्रित छन् वा प्रवासमा छन् (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

२.४ सामाजिक विकासको अवस्था

मानव पुँजीले आर्थिक सामाजिक रूपान्तरण र आर्थिक विकासमा बहुआयामिक योगदान प्रदान गर्दछ। सामूहिक ज्ञान, सीप र क्षमता तथा स्वास्थ्य जनशक्तिबाट मानव पुँजी निर्माण हुन्छ । स्वास्थ्य, शिक्षा र खेलकुद क्षेत्रमा गरिने लगानीले आर्थिक वृद्धि र सामाजिक कल्याणलाई बढवा दिन्छ । नेपालको संविधानले मौलिक हक तथा राज्यका नीतिहरू मार्फत स्वास्थ्य, शिक्षा तथा मानव जीवनका समग्र पक्षलाई समेटी मानव पुँजी निर्माणका लागि मार्गदर्शन गरेको छ ।

स्वास्थ्यले मानवको जीवनभरि उत्पादकत्व र श्रम शक्ति सहभागितालाई प्रभाव पार्छ । मानव पुँजी निर्माणको चक्रले वर्तमान पुस्ता मात्र नभई भावी पुस्ताका लागि पनि बलियो आधार तयार गर्दछ । स्वस्थ आमा बाबुले बच्चाहरूको लागि पोषण र स्वास्थ्य वातावरण प्रदान गर्दछन् । जनसङ्ख्याको स्वास्थ्य स्थितिले दीर्घकालीन आर्थिक समृद्धि र सामाजिक-आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान दिन्छ। यस सन्दर्भमा सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवासहितको प्रणाली सुनिश्चित गर्नु आवश्यक छ ।

सामाजिक विकास समग्र विकासको गतिशील आयाम हो भने आर्थिक विकासको महत्त्वपूर्ण आधार पनि हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य -३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य -४ (गुण स्तरीय शिक्षा), लक्ष्य - ५ (लैङ्गिक समानता) र लक्ष्य - ६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ । गाउँपालिकाबासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सुनिश्चितता गर्ने र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस गाउँपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकाससँग सम्बन्धित अभ्यासहरूलाई निरन्तरता दिँदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

नेपालको संविधानले सामाजिक न्याय, समावेशी प्रतिनिधित्व, आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच सहित भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ । सामाजिक विकास दिगो विकासका तीन आयाम मध्ये एक हो । यस क्षेत्र गत योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेश करण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता उपक्षेत्रलाई समेटेको छ ।

२.४.१ शिक्षा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामाग्री विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवं विद्यालयहरूको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरूका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

नेपालमा शिक्षा विकास देशको सामाजिक, आर्थिक, र मानव पूँजी विकासका लागि अत्यन्त महत्त्वपूर्ण छ । तथापि, यस क्षेत्रमा धेरै सवालहरू र चुनौतीहरू छन् । नेपालमा शिक्षा विकासको विद्यमान अवस्था विश्लेषण गर्दा राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कूल साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको देखिन्छ । करिब ९८ प्रतिशत विद्यालय जाने उमेरका बालबालिका प्राथमिक शिक्षाको पहुँचमा रहेकोमा करिब ७५ प्रतिशत को मात्र माध्यमिक शिक्षामा पहुँचमा रहेको तथा उच्च शिक्षामा करिब २५ प्रतिशत मात्र अध्ययनरत रहेको विभिन्न तथ्याङ्कले देखाउँछ ।

नेपालमा ३५,००० भन्दा बढी विद्यालयहरू (सरकारी र निजी) ले आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्न प्रतक्ष्य योगदान गरिरहेका छन् भने १,५०० बढी कलेजहरू (सरकारी र निजी) ले उच्च शिक्षा प्रदान गर्न प्रतक्ष्य योगदान गरिरहेका छन् र करिब एक दर्जन विश्वविद्यालयहरू शिक्षा विकासको हिस्सेदार रहेका छन् । शिक्षक विद्यार्थीको अनुपात हेर्दा प्राथमिक शिक्षामा करिब १:३० (एक शिक्षक बराबरी ३० विद्यार्थी) र माध्यमिक शिक्षामा करिब १:४० (एक शिक्षक बराबरी ४० विद्यार्थी) रहेको देखिन्छ ।

चुमनुब्री गाउँपालिकामा कूल २४ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । पालिकाका सात वटा वडा मध्ये वडा नं. १ मा २ वटा आधारभूत विद्यालय रहेका छन् जसमा ६ जना शिक्षकले ४८ जना विद्यार्थीलाई पढाइरहेका छन् भने वडा नं. २ मा १ वटा माध्यमिक विद्यालय रहेको छ जसमा ८ जना शिक्षकले २३८ जना विद्यार्थीलाई पढाइरहेका छन्, वडा नं. ३ मा ४ वटा आधारभूत विद्यालय, १ वटा माध्यमिक विद्यालय र ३ वटा बाल—विकास केन्द्र रहेका छन् जसमा ३८ जना शिक्षकले ५५१ जना विद्यार्थीलाई पढाइरहेका छन् । त्यसैगरी वडा नं. ४ मा २ वटा आधारभूत विद्यालय रहेका छन् जसमा ८ जना शिक्षकले १२२ जना विद्यार्थीलाई पढाइरहेका छन् भने वडा नं. ५ मा ३ वटा आधारभूत विद्यालय र १ वटा माध्यमिक विद्यालय रहेका छन् जसमा ७ जना शिक्षकले १४४ जना विद्यार्थीलाई पढाइरहेका छन्, वडा नं. ६ मा ३ वटा आधारभूत विद्यालय रहेका छन् जसमा ७ जना शिक्षकले ११४ जना विद्यार्थीलाई पढाइरहेका छन् र वडा नं. ७ मा ३ वटा आधारभूत विद्यालय जसमा ८ जना शिक्षकले ६३ जना विद्यार्थीलाई पढाइरहेका छन् । पालिकाका प्राय जसो विद्यालयमा विभिन्न दातृ निकाय तथा गुम्बाहरूले थप शिक्षक व्यवस्था गरेका छन् । यसरी गाउँपालिकाका कूल २४ वटा विद्यालयमा ८२ शिक्षक (सङ्घ तथा पालिकाको स्रोतमा सुविधा प्राप्त गर्ने) र विभिन्न दातृ निकाय तथा गुम्बाहरूले व्यवस्थापन गरेका थप ३० शिक्षक सहित ११२ शिक्षकले १२८० विद्यार्थीलाई दैनिक पठन पाठन क्रियाकलापमा संलग्नता जनाइरहेका देखिन्छन् (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

शैक्षिक तह अनुसार, उच्च माध्यमिक तह (कक्षा ११—१२) वा प्रवीणता प्रमाण तहसम्म पढेका व्यक्तिको प्रतिशत १०.४३% मात्र छ भने, स्नातक र स्नातकोत्तर तह अध्ययन गरेका क्रमशः १.५% र ०.०९% मात्र छन् । यसले उच्च शिक्षामा पहुँच निकै न्यून रहेको देखाउँछ । प्राथमिक तह (१—५) सम्म पढेका व्यक्तिहरूको हिस्सा २२.१७% रहेको छ ।

तालिका ८: शैक्षिक योग्यताको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण

शैक्षिक योग्यता	पुरुष		महिला		जम्मा	
	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत
निरक्षर	७७६	२८.५०	१३८७	४५.१९	२१६३	३७.३४
प्रौढ कक्षा पढेको	१६८	६.१७	२८३	९.२२	४५१	७.७९

शैक्षिक योग्यता	पुरुष		महिला		जम्मा	
	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत
प्राथमिक तह (१-५)	७११	२६.११	५७३	१८.६७	१२८४	२२.१७
माध्यमिक तह (८-१०)	३५९	१३.१८	३१६	१०.३०	६७५	११.६५
निम्न माध्यमिक तह (६-७)	२५६	९.४०	२६६	८.६७	५२२	९.०१
उच्च माध्यमिक तह (११-१२) वा प्रवीणता प्रमाण तह	३७३	१३.७०	२३१	७.५३	६०४	१०.४३
स्नातक तह	७५	२.७५	१२	०.३९	८७	१.५०
स्नातकोत्तर तह	४	०.१५	१	०.०३	५	०.०९
पिएचडी	१	०.०४	०	०.००	१	०.०२
जम्मा	**२७२३**	**१००**	**३०६९**	**१००**	**५७९२**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

चुमनुब्री गाउँपालिकाको शैक्षिक अवस्था विश्लेषण गर्दा कुल जनसङ्ख्या मध्ये ३७.३४% व्यक्ति निरक्षर छन्, जसमा महिलाको निरक्षरता दर ४५.१९% र पुरुषको २८.५०% छ । साक्षर व्यक्तिको सङ्ख्या ६२.६६% मात्र छ । यसले देखाउँछ कि शिक्षा पहुँचमा लिङ्गीय असमानता विद्यमान छ, जुन गाउँपालिकाको सामाजिक-आर्थिक विकासका लागि चुनौतीपूर्ण पक्ष हो (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

२.४.२ स्वास्थ्य

चुमनुब्री गाउँपालिका सात वटा वडामा एक—एक वटा सहित ७ वटा स्वास्थ्य चौकी सञ्चालनमा रहेका छन् भने वडा नं. १ मा साम्दो सामुदायिक स्वास्थ्य ईकाइ, वडा नं. २ मा स्यो सामुदायिक स्वास्थ्य ईकाइ र ली सामुदायिक स्वास्थ्य ईकाइ, वडा नं. ३ मा जगत सामुदायिक स्वास्थ्य ईकाइ र न्याक सामुदायिक स्वास्थ्य ईकाइ, वडा नं. ४ मा प्रोक सामुदायिक स्वास्थ्य ईकाइ, वडा नं. ६ मा लोक्पा सामुदायिक स्वास्थ्य ईकाइ, चुम्लिङ सामुदायिक स्वास्थ्य ईकाइ र सिप्चेत सामुदायिक स्वास्थ्य ईकाइ तथा वडा नं. ७ मा लार सामुदायिक स्वास्थ्य ईकाइ र निलेछुले सामुदायिक स्वास्थ्य ईकाइ गरी जम्मा ११ सामुदायिक स्वास्थ्य ईकाइ रहेका छन् । यसरी गाउँपालिकाका १८ वटा स्वास्थ्य संस्थामा ३५ स्वास्थ्यकर्मी सेवारत छन् जबकी सबै स्वास्थ्य संस्थाका लागि कूल ६४ कर्मचारी आवश्यक रहेको देखिन्छ । गाउँपालिकाका स्वास्थ्य सेवा प्रदायक संस्थामा विद्यमान सेवा तथा सुविधाको अवस्था देहायको तालिकमा प्रस्तुत गरिएको छ ।

कुल १८ वटा स्वास्थ्य संस्थाहरुमध्ये ४ वटामा प्रसूति सेवा, २ वटामा बर्थिङ सेन्टर र १ स्थानमा ल्याव सेवा रहेको छ। क्यान नेपाल, चाँया नेपाल लगायतका विभिन्न गैरसरकारी संस्थाहरु मार्फत स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईमा थप १४ जना स्वास्थ्यकर्मी र ७ जना सहयोगी कर्मचारीहरु रहेका छन् । त्यसैगरी १५ ओटा गाउँघर क्लिनिक, २३ ओटा खोप क्लिनिक र ६३ जना महिला स्वास्थ्य स्वयम् सेविका रहेका छन् (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चुमनुब्री गाउँपालिकामा एक जना पनि विशेषज्ञ चिकित्सक वा मान्य चिकित्सक तथा नर्स कार्यरत छैनन् भने हे. अ. ९ जना, अ. हे. व. १६ जना, अ. न. मि. ७ जना र ल्याब टेक्निसीयन २ जनाले स्थानीयवासीको स्वास्थ्य सेवाको कार्यभार सम्हालिरहेका छन् (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चित्र ७: चुमनुब्री गाउँपालिकाको सञ्चालित स्वास्थ्य संस्थाको अवस्थिति नक्सा

गाउँपालिकामा स्वास्थ्य बीमा लिएका व्यक्तिहरूको सङ्ख्या मात्र ३.७६% रहेको छ । अर्थात् ९६.२४% जनसङ्ख्या स्वास्थ्य बीमा प्रणालीबाहिर रहेका छन् । यस्तो अवस्थामा स्वास्थ्य जोखिमको व्यवस्थापन चुनौतीपूर्ण हुन सक्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) । स्वास्थ्य अवस्थाबारे विवरण अनुसार, कुल जनसङ्ख्याको ९८.०४% पूर्ण स्वस्थ रहेको छ, १.५८% सामान्य रोगी, ०.२७% दीर्घरोगी र ०.१०% संवेदनशील अवस्थामा रहेका छन् । यो तथ्य स्वास्थ्य अवस्था समग्रमा सन्तोषजनक रहेको देखाउँछ ।

तालिका ९: स्वास्थ्य अवस्थाको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण

स्वास्थ्यको अवस्था	पुरुष	महिला	जम्मा
दीर्घ रोगी	०.१४%	०.३९%	०.२७%
पूर्ण स्वस्थ	९८.१६%	९७.९४%	९८.०४%

स्वास्थ्यको अवस्था	पुरुष	महिला	जम्मा
संवेदनशील अवस्था	०.०४%	०.१६%	०.१०%
सामान्य रोगी	१.६६%	१.५१%	१.५८%
जम्मा	**१००.००%**	**१००.००%**	**१००.००%**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

स्वास्थ्य सेवामा पहुँचको हालतमा चुमनुब्री गाउँपालिका राष्ट्रिय औसतभन्दा अगाडि देखिन्छ । कुल ६८.९२% (१,२४२ परिवार) ले नजिकको स्वास्थ्य संस्था पुग्न ३० मिनेटभित्रै लाग्ने बताएका छन्, जुन राष्ट्रिय औसत (५६%) भन्दा उल्लेखनीय रूपमा राम्रो स्थिति हो । तथापि, २०.२०% (३६४ परिवार) लाई ४५ देखि ६० मिनेट लाग्छ भने २.८३% (५१ परिवार) ले १-२ घण्टा र १.६१% (२९ परिवार) ले २ घण्टाभन्दा बढी समय बताएका छन् । यसले गाउँपालिकाको केही भागमा (विशेषगरी दुर्गम वडाहरूमा) स्वास्थ्य सेवा पहुँचमा भौगोलिक असमानता र आपत्कालिन अवस्थामा जोखिम रहेको सङ्केत गर्छ । राष्ट्रिय तुलनामा पनि यो ४.४४% (राष्ट्रिय औसत १ घण्टाभन्दा बढी लाग्ने) भन्दा केही कम छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चुमनुब्री गाउँपालिकामा मृत्यु दर निकै न्यून रहेको छ । गत वर्षमा परिवारका सदस्यको मृत्यु भएको घरपरिवारको प्रतिशत २.७७% (५० परिवार) मात्र रहेको छ भने ९७.२३% (१,७५२ परिवार) मा कुनै मृत्यु भएको छैन । यो तथ्याङ्क राष्ट्रिय औसत (अकाल मृत्यु दर ०.५% भन्दा तल) सँग मेल खान्छ र सामान्यतया क्षेत्रको स्वास्थ्य सेवा, जीवनस्तर र जोखिम व्यवस्थापनको अपेक्षाकृत राम्रो अवस्थाको सूचक हो। तथापि, यसले व्यक्तिगत पीडा र सामाजिक प्रभावलाई नकार्दैन (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

२.४.३ खानेपानी तथा सरसफाइ

गाउँपालिकामा खानेपानीको उपलब्धतामा उल्लेख्य प्रगति देखिन्छ । जम्मा ८४.०७% (१,५१५) परिवारले घरभित्रै पाइपधारा पानी पाउँछन् भने ११.७६% (२१२) ले आँगनभित्र पाइपधारा प्रयोग गर्छन् । परम्परागत स्रोत (खोला १.००%, मूलको पानी २.५५%) मात्र सीमित छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार ग्रामीण क्षेत्रमा ४३.२% घरमा पाइपधाराको पानी पुगेको छ भने चुमनुब्रीमा यो दर ९५.८३% छ जुन राष्ट्रिय औसतभन्दा धेरै उच्च उपलब्धि हो ।

तालिका १०: खानेपानीको स्रोतमा पहुँचका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

खानेपानीको स्रोत	वडा नं							घरपरिवार सङ्ख्या	प्रतिशत
	१	२	३	४	५	६	७		
अन्य		६	४				१	११	०.६१
खोला/बगेर आएको पानी		३	१	१	४	३	६	१८	१.००
पाइपधारा कम्पाउण्ड बाहिर	१	५	१२६	३	३६	१०	३१	२१२	११.७६
पाइपधारा कम्पाउण्ड भित्र	१७४	१७०	५१३	१६५	१३०	१८०	१८३	१५१५	८४.०७
मूलको पानी		४	१			१८	२३	४६	२.५५
जम्मा	**१७५**	**१८८**	**६४५**	**१६९**	**१७०**	**२११**	**२४४**	**१८०२**	१००

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

पानी शुद्धीकरणको अभ्यासमा चिन्ताजनक अवस्था छ । ७२.०३% (१,२९८) परिवारले पानी प्रयोग गर्नु अघि कुनै शुद्धीकरण विधि (उमाल्ने, फिल्टर गर्ने आदि) अपनाउँदैनन् । उमाल्ने विधि १७.३७% (३१३) ले मात्र प्रयोग गर्छन् । नेपालमा ३८.४% घरधुरीले पानी शुद्ध गर्छन् भन्ने राष्ट्रिय तथ्याङ्कसँग तुलना गर्दा चुमनुब्रीको अवस्था निकै पछि परेको देखिन्छ जसले सार्वजनिक स्वास्थ्यमा जोखिम सिर्जना गर्न सक्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

शौचालयको प्रकारमा उल्लेखनीय भिन्नता देखिन्छ । जम्मा ६६.७५% (१,२०३) परिवारले सुरक्षित ट्याङ्क सहितको साधारण शौचालय प्रयोग गर्छन् भने २३.२०% (४१८) ले फ्लस सिस्टम सहितको आधुनिक शौचालय प्रयोग गर्छन् । चिन्ताजनक पक्ष भनेको २.३८% (४३) परिवारमा शौचालय नै नहुनु हो, जसमा वडा ३ (२६ परिवार) सबैभन्दा बढी प्रभावित छ । अस्थायी कच्ची शौचालय प्रयोग गर्नेहरू ३.५५% (६४) रहेका छन् । नेपालमा सुधारिएको स्वच्छताको राष्ट्रिय कवरेज ६२% छ भने चुमनुब्रीमा सुरक्षित शौचालय (साधारण र फ्लस मिलाएर) को दर ८५.३५% छ जुन राष्ट्रिय औसत भन्दा उच्च उपलब्धि हो । तथापि, वडा नं. २ र ३ जस्ता क्षेत्रहरूमा शौचालय अभावको गम्भीर समस्या रहेको छ ।

तालिका ११: शौचालय प्रयोगका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

शौचालयको प्रकार	वडा नं							घरपरिवार सङ्ख्या	प्रतिशत
	१	२	३	४	५	६	७		
अस्थायी प्रकारको -कच्ची	४	६	९	२	४	३५	४	६४	३.५५
फ्लस भएको - सेफ्टी ट्याङ्क सहित	१४	३६	२८५	६६	४		१३	४१८	२३.२०
शौचालय नभएको		१३	२६	२		१	१	४३	२.३८
साधारण - सेफ्टी ट्याङ्क नभएको		२५	३२	१	१		१३	७२	३.४०
साधारण - सेफ्टी ट्याङ्क सहित	१५७	१०८	२९२	९८	१६०	१७५	२१३	१२०३	६६.७५
सामुदायिक/ सार्वजनिक			१		१			२	०.११
जम्मा	**१७५**	**१८८**	**६४५**	**१६९**	**१७०**	**२११**	**२४४**	**१८०२**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

२.४.४ धार्मिक तथा सांस्कृतिक अवस्था

गाउँपालिकामा जनसङ्ख्याको ठूलो हिस्सा तिब्बती मूलका समुदाय (चुम्वा/नुब्री) र गुरुङ समुदायले ओगटेका छन्: जसमा चुम्वा/नुब्री: ५८.६२%, गुरुङ: ३७.९८% र अन्य जातिहरूः घले, तामाङ, विश्वकर्मा, क्षेत्री आदि गरी ३.४% मात्र छन् । राष्ट्रियस्तरमा हेर्दा यस्तो स्पष्ट जातीय एकरूपता कमै पाइन्छ। यसले चुमनुब्रीको सामाजिक-सांस्कृतिक संरचना तुलनात्मक रूपमा समरूप रहेको देखाउँछ ।

तालिका १२: जातजातिको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण

जातजाति	पुरुष		महिला		जम्मा	
	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत
चुम्वा/नुब्री	१८०५	५८.४१	२०१०	५८.८१	३८१५	५८.६२

जातजाति	पुरुष		महिला		जम्मा	
	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत
गुरुङ	११८०	३८.१९	१२९२	३७.८०	२४७२	३७.९८
घले	५३	१.७२	५१	१.४९	१०४	१.६०
तामाङ	१६	०.५२	२१	०.६१	३७	०.५७
विश्वकर्मा	१४	०.४५	१७	०.५०	३१	०.४८
क्षेत्री	१२	०.३९	१७	०.५०	२९	०.४५
अन्य	१०	०.३२	१०	०.२९	२०	०.३१
जम्मा	**३०९०**	**१००**	**३४१८**	**१००**	**६५०८**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

चुमनुब्री गाउँपालिकाको धार्मिक संरचना अत्यधिक बहुलतामा बौद्ध धर्ममा आधारित छः जसमा बौद्ध धर्मः ८५.१४%, क्रिस्चियनः १३.९५%, हिन्दूः ०.७८% र अन्य धर्मः ०.१२% रहेको छ । नेपाल राष्ट्रकै सन्दर्भमा हिन्दू धर्मावलम्बीको बहुलता छ (करिब ८१%), तर चुमनुब्रीमा परम्परागत तिब्बती—बौद्ध परिपाटी हाबी देखिन्छ ।

तालिका १३: धार्मिक आस्थाको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण

धर्म	पुरुष		महिला		जम्मा	
	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत
बौद्ध	२६३१	८५.१५	२९१०	८५.१४	५५४१	८५.१४
क्रिस्चियन	४३१	१३.९५	४७७	१३.९६	९०८	१३.९५
हिन्दू	२५	०.८१	२६	०.७६	५१	०.७८
अन्य	३	०.१०	५	०.१५	८	०.१२
जम्मा	**३०९०**	**१००**	**३४१८**	**१००**	**६५०८**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

गाउँपालिकामा बहुसंख्यकले तिब्बती मूलका भाषा बोल्ने गरेका छन् । गाउँपालिकामा बोलिने मातृभाषाका आधारमा सबैभन्दा बढी चुम/नुब्री भाषाः ५८.०२% र त्यसपछि गुरुङ भाषाः ३७.७४% रहेकोमा अन्य भाषा (घले, नेपाली, तामाङ आदि): ४.२४% मात्र रहेको छ । राष्ट्रियस्तरमा नेपाली भाषा प्रमुख मातृभाषा भए तापनि यहाँ मातृभाषामा तिब्बती भाषिक प्रभाव अधिक छ । यसले स्थानीय शिक्षा, सञ्चार र सेवा प्रवाहमा मातृभाषाको भूमिका गहिरो हुने सङ्केत गर्दछ ।

तालिका १४: मातृभाषाको आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण

मातृभाषा	पुरुष		महिला		जम्मा	
	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत
चुम/नुब्री	१७८९	५७.९०	१९८७	५८.१३	३७७६	५८.०२
गुरुङ	११७६	३८.०६	१२८०	३७.४५	२४५६	३७.७४
घले	४९	१.५९	५१	१.४९	१००	१.५४
नेपाली	७६	२.४६	७२	२.११	१४८	२.२७

मातृभाषा	पुरुष		महिला		जम्मा	
	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत
तामाङ	१२	०.३९	१६	०.४७	२८	०.४३
अन्य	१३	०.४२	१२	०.३५	२५	०.३९
जम्मा	**३०९०**	**१००**	**३४१८**	**१००**	**६५०८**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

तालिका १५: चुमनुब्री गाउँपालिकामा मनाइने मुख्य चाडपर्व तथा मेला जात्रा सम्बन्धी विवरण

वडा नम्बर	मनाइने चाड पर्व मेला र जात्रा	स्थान	मनाउने समय	मुख्य विशेषता (धार्मिक ऐतिहासिक मनोरञ्जन)	कैफियत
३	तमु ल्होसार	फिलिम	पुस १५	गुरूङ समुदायको मुख्य चाड	
१ २ ४ ५ ६ ७	ग्याल्बो ल्होसार	सबै	माघ १५	चुम्बा तथा नुब्री समुदायको मुख्य चाड	
३	अर्घुङ	वडा ३ सबै	मानिस मर्दा गरिने जात्रा		

स्रोतः चुमनुब्री गाउँपालिकाको शिक्षा शाखा

२.४.५ लैङ्गिक समानता र सामाजिक समावेशीकरण

चुमनुब्री गाउँपालिकामा कुल १,८०२ घरपरिवार रहेका छन्, जसमा स्पष्ट लिङ्गगत असमानता देखिन्छ । गाउँपालिकाको ७०.१४% (१,२६४ जना) घरपरिवारहरूमा पुरुष घरमूली छन् भने २९.८६% (५३८ जना) मा महिला घरमूली छन्, जुन राष्ट्रिय औसत (पुरुष ६०.१%, महिला ३९.९%) भन्दा पनि ठूलो अन्तर देखाउँछ । वडा नं. ३ सबैभन्दा बढी बसोबास भएको क्षेत्र हो जहाँ कुल घरपरिवारको ३५.७९% (६४५ परिवार) छन् । वडा ७ मा यो असमानता सबैभन्दा चरम रूपमा देखिन्छ जहाँ २२७ परिवारमा पुरुष घरमूली (१२.६०%) छन् तर महिला घरमूली मात्र १७ परिवारमा (०.९४%) नै छन् । यसले सामाजिक संरचना, निर्णय प्रक्रिया र स्रोत पहुँचमा लिङ्गगत असमानताको गम्भीर चुनौती सङ्केत गर्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) । अपाङ्गता अवस्थाबारे हेर्दा, आंशिक अपाङ्गता भएका १.३१% र पूर्ण अपाङ्गता भएका ०.३५% छन् भने पूर्ण असक्तहरू ०.०६% मात्र छन् । यसरी कुल जनसङ्ख्याको १.७२% अपाङ्ग भएका छन् । बाँकी ९८.२८% जना सपाङ्ग छन् । यो प्रतिशत राष्ट्रिय औसत (२%) सँग मिल्दोजुल्दो छ ।

तालिका १६: चुमनुब्री गाउँपालिकामा अपाङ्गताको अवस्था

अपाङ्गताको अवस्था	पुरुष		महिला		जम्मा	
	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत	जनसङ्ख्या	प्रतिशत
आंशिक अपाङ्ग	५१	१.६५	३४	०.९९	८५	१.३१
पूर्ण अपाङ्ग	१२	०.३९	११	०.३२	२३	०.३५
पूर्ण असक्त	२	०.०६	२	०.०६	४	०.०६
सपाङ्ग	३०२५	९७.९०	३३७१	९८.६२	६३९६	९८.२८
जम्मा	**३०९०**	**१००**	**३४१८**	**१००**	**६५०८**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

चुमनुब्री गाउँपालिकामा ८४३ परिवार (४६.७८%) मा महिलाहरू निर्णयकर्ता छन्, जुन पुरुष (२९.३६%) भन्दा धेरै हो । यसले महिला नेतृत्व र सहभागितामा उल्लेखनीय उपस्थिति देखाउँछ, जुन राष्ट्रिय महिलासशक्तिकरण अभियानहरूसँग मेल खान्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)। चुमनुब्री गाउँपालिकाका १२११ परिवार (६७.२%) मा महिलाहरू घरायसी काममा बढी संलग्न छन् । यो अवस्था राष्ट्रिय सन्दर्भमा पनि समान देखिन्छ, जहाँ महिलाहरू अझै पनि घरेलु कार्यमा प्रमुख रूपमा संलग्न छन् (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) । चुमनुब्री गाउँपालिकाका ८६३ परिवार (४७.८९%) मा पुरुषहरू सार्वजनिक कार्यमा बढी संलग्न छन् भने महिलाको संलग्नता ३८.३५% मात्र छ । सार्वजनिक क्षेत्रमा महिलाको सहभागिता वृद्धिको खाँचो देखिन्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)। गाउँपालिकामा पुरुषहरू (६०.८२%) घर बाहिरको काममा बढी संलग्न छन्, जबकी महिलाको संलग्नता २८.५२% छ । राष्ट्रिय स्तरमा पनि यही प्रवृत्ति छ, तर महिलाको आयआर्जनमा सहभागिता बढाउने नीति आवश्यक छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

२.४.६ युवा तथा खेलकुद

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न गाउँपालिकास्तरमा खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी स्वास्थ्यका लागि खेलकुद अभियानलाई व्यवहारमा उतार्न जरुरी छ । यस गाउँपालिकाको कूल जनसङ्ख्याको ४८ प्रतिशत जनसङ्ख्या (१५-५९ वर्ष उमेर समूह) युवा जनसङ्ख्या रहेको छ (राष्ट्रिय गणना, २०७८) । युवाहरूको जनसङ्ख्या तुलनात्मक रूपमा अन्य उमेर समूहको भन्दा बढी भएको कारण ती ऊर्जाशील युवाहरूलाई गाउँपालिकाको विकासमा लगाउन आवश्यक देखिन्छ । साथै युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न उनीहरूमा सीप विकास गराउँदै स्थानीय स्तरमै रोजगारी तथा स्व–रोजगारीको अवसर सिर्जना गर्न समेत आवश्यक देखिन्छ ।

तालिका १७: खेल मैदान पार्क पिकनिक स्थल तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण

वडा नम्बर	स्थलको नाम	उपयोग				क्षेत्रफल (वर्ग मी)	स्वामित्व (सरकारी निजी सामुदायिक पब्लिक लि वा अन्य)	आम्दानी (वार्षिक रु)	सेवाग्राही/आगन्तुक सङ्ख्या (वार्षिक)
		खेलकुद	प्रदर्शनी	मनोरञ्जन	पिकनिक				
१	सामागाउँ	फुटबल				१५००	सरकारी	छैन	
२	स्याला	फुटबल				१०००	सरकारी	छैन	
३	फिलिम	भलिबल				५००	सरकारी	छैन	
६	चुमलिङ	भलिबल				३००			
७	लार	फुटबल				७००	सरकारी	छैन	

स्रोतः चुमनुब्री गाउँपालिकाको शिक्षा शाखा (२०८२)

खेलकुदमा प्रायः युवाहरू नै संलग्न रहने गर्दछन् । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडीहरूको छैनन् । युवाहरूको नेतृत्वमा रहेको सामाजिक सङ्घ संस्थाहरू ५ वटा रहेका छन् । चुमनुब्री गाउँपालिकाले युवाहरूको हक हित र अवसरको लागि वार्षिक विकास योजनामा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । गाउँपालिकामा हाल १ वटा युवा क्लब मात्र दर्ता भएको भए पनि हरेक वडामा दर्ता नभएका क्लबहरू विभिन्न कार्यक्रम

तथा खेलकुदहरूमा कार्यरत छन् । खेलकुदको क्षेत्रमा युवाहरूलाई प्रोत्साहन गर्नका लागि गाउँपालिकाका सबै वडाहरूमा सामान्य स्तरका खेल मैदानहरू प्रयोगमा रहेका छन् । यहाँ नियमित योगाभ्यास गर्ने जनसङ्ख्या रहेको देखिँदैन । कुल विद्यालय मध्ये १६ वटा विद्यालयहरूमा खेल मैदान रहेको छ । हालसम्म गाउँपालिकाले ५ पटक अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रमको आयोजना गरेको देखिन्छ । साथै पालिकामा सञ्चालित खेलकुद प्रतियोगिताको सञ्चालन समय समयमा हुने गरेको छ । पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रमको सङ्ख्या १ रहेको छ । यस गाउँपालिकामा कवर्डहल र प्रदेशस्तरको खेल मैदान रहेको छैन (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) ।

२.५ आर्थिक विकासको अवस्था

चुमनुब्री गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार आर्थिक क्षेत्रलाई मानिएको छ । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिँचाइ, पर्यटन संस्कृति तथा सम्पादन, उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति र पर्यटन, सांस्कृतिक तथा सम्पदा संरक्षण र श्रम, रोजगार तथा सामाजिक सुरक्षा लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शून्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस गाउँपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ । चुमनुब्री गाउँपालिकाले आर्थिक क्षेत्रको प्रवर्द्धन र विकास गरी गाउँपालिकालाई समुन्नत गाउँपालिकाको रूपमा विकास गर्ने सोच बनाएको छ ।

नेपालको संविधानको धारा (३६) को उपधारा (१) मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हकको अतिरिक्त खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भनी व्यवस्था गरिएको छ । यसरी संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै स्थानीय सरकारको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यसलाई मूर्तरूप दिन संवैधानिक व्यवस्था, सङ्घ, प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, जल विद्युत्, वन पैदावार, पर्यटन, सहकारी एवं कृषि पर्यटन आदि रहेका छन् ।

२.५.१ कृषि क्षेत्रको स्थिति

माटो पृथ्वीको सतहमा बन्ने एक महत्त्वपूर्ण प्राकृतिक स्रोत हो जसले मानिस तथा बोटविरुवालाई जीवन प्रदान गरेको हुन्छ । माटो बन्न आवश्यक विभिन्न तत्त्वहरूको उपस्थितिले यस चुमनुब्री गाउँपालिकामा अमेरिकी माटो वर्गीकरण मापक (USDA Soil Taxonomy) का अनुसार एन्टीसोल्स् र एल्फिसोल्स् गरी जम्मा दुई प्रकारको माटो तथा हिमाली तथा चट्टानी पर्वतहरू पाइन्छन् । क्षेत्रफलका आधारमा हेर्दा सबैभन्दा बढी हिमाली पर्वत ५७.१ % रहेको छ भने त्यसपछि क्रमशः एन्टीसोल्स् र एल्फीसोल्स् ३९.४% र ३.५ % रहेका छन् (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चित्र ८: चुमनुब्री गाउँपालिकाको माटोको प्रकारको जिआइएस नक्सा

गाउँपालिकामा जग्गाको स्वामित्वमा साना कृषकहरूको बाहुल्य छ । कुल ४६.७३% (८४२ परिवार) सँग ५ रोपनीभन्दा कम आकारको जग्गा छ, जुन राष्ट्रिय तथ्याङ्क (३९.५%) भन्दा पनि बढी हो र सीमान्त किसानको प्राधान्य देखाउँछ । मध्यम आकारको जग्गा (६-२० रोपनी) भएका परिवार ४३.७२% (७८८ परिवार) छन् भने ठूला कृषक (२१ रोपनीभन्दा बढी) ९.५५% (१७२ परिवार) मात्रै छन् । विशेषगरी ५० रोपनीभन्दा बढी जग्गा भएका परिवार २.३९% (४३ परिवार) नै छन् । यसले जमिनको वितरणमा सीमान्त किसानहरूको प्रभुत्व र धनी किसानको अल्पसंख्यकताको स्पष्ट चित्रण गर्छ, जसले आय र आर्थिक सुरक्षामा असमानता निम्त्याउन सक्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

अधिकांश परिवारहरूले सानो क्षेत्रमा नै खेती गर्छन् । कुल ६०.७१% (१,०९४ परिवार) ले ५ रोपनीभन्दा कम क्षेत्रमा खेती गरेका छन्, जुन तालिका ४७ मा उल्लिखित स्वामित्वको आकारसँग मेल खान्छ । ६-२० रोपनी सम्ममा खेती गर्ने परिवार ३०.४१% (५४८ परिवार) छन् भने २१ रोपनीभन्दा बढी क्षेत्रमा खेती गर्ने मात्र १.९४% (३५ परिवार) छन् । उल्लेखनीय विषय भनेको ६.९४% (१२५ परिवार) ले खेती गर्दै नगर्नु हो, जसले आफ्नो जग्गा परती पारेका, बेचेका वा आयको वैकल्पिक स्रोतमा निर्भर रहेका छन् भन्ने सङ्केत गर्छ । यो राष्ट्रिय औसत (८.२%) भन्दा केही कम तापनि कृषि उत्पादकतामा नकारात्मक असर पार्न सक्ने तथ्य हो (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) ।

भूमि सम्पदा नक्साङ्कन परियोजना (१९९६) अनुसार चुमनुब्री गाउँपालिकामा जम्मा ५ वटा भू-क्षमता वर्गहरू रहेका छन् । भू क्षमता वर्गीकरण कृषि उत्पादकत्त्व तथा ढलोटको आधारमा गरिएको छ जसमा सबैभन्दा बढी हिस्सा ६८.२ %

कृषि उत्पादकत्त्वको हिसाबले कम महत्त्वपूर्ण Rock and ice ले लिएको छ भने कृषि उत्पादनका हिसाबले महत्त्वपूर्ण Cultivated 5 to 30 degree slope 50 to 100cm deep soil well drain ले सबैभन्दा कम जम्मा १.४% मात्र भूभाग ओगटेको छ।

चित्र ९: चुमनुब्री गाउँपालिकाको भू क्षमता सम्बन्धी जिआइएस नक्सा

गाउँपालिकामा जग्गाको सामुदायिक उपयोग वा सहकारी खेतीको प्रवृत्ति न्यून छ । कुल ८३.०७% (१,४९७ परिवार) ले आफ्नो जग्गा अरुलाई खेती गर्न दिँदैनन्, जसले जमिनको व्यक्तिगत स्वामित्व र सीमित साझेदारीको प्रचलन देखाउँछ । १५.०९% (२७२ परिवार) ले सानो आकार (५ रोपनीभन्दा कम) जग्गा मात्र अरुलाई दिन्छन् भने १.८३% (३३ परिवार) ले ६ रोपनीभन्दा बढी जग्गा दिन्छन् । यो तथ्याङ्कले जमिन बन्धकी, बट्टादारी वा सामुदायिक खेती जस्ता प्रवृत्तिहरू क्षेत्रमा सीमित रूपमा नै प्रचलित रहेको देखाउँछ, जुन कृषि उत्पादन र सामाजिक सहयोगमा गतिशीलताको कमी झल्काउँछ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चुमनुब्री गाउँपालिकामा अरू स्वामित्वमा रहेको जग्गाको कृषि प्रयोग नगर्ने परिवारहरूको प्रतिशत (८५.०२% वा १,५३२ परिवार) उल्लेखनीय रूपमा उच्च छ । जम्मा १८०२ परिवार मध्ये मात्र ११.१५% (२०१) ले ५ रोपनीसम्म, ३.५०% (६३) ले ६—२० रोपनी र नगण्य ०.३३% (६) ले मात्र २० रोपनीभन्दा बढी अरूको जग्गा खेतीका लागि प्रयोग गरेका छन् (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) ।

पशुपालन र चरनका लागि पारिवारिक जग्गाको उपयोगमा झन् निराशाजनक तस्विर देखिन्छ । जम्मा १८०२ परिवार मध्ये ९५.१७% (१,७१५) ले पशुपालनका लागि जग्गा प्रयोग नगरेको तथ्याङ्कले यस क्षेत्रमा पशुधन विकासको गम्भीर अवस्था देखाउँछ । केवल ४.३८% (७९) परिवारले ५ रोपनीसम्म र ०.४४% (८) ले ६ रोपनीभन्दा बढी जग्गा पशुपालनका लागि उपयोग गरेका छन्। यसले राष्ट्रिय तथ्याङ्कसँग ठूलो अन्तर देखाउँछ किनभने नेपालमा २७.८% घरपरिवार पशुपालनसँग जोडिएका छन्, जबकी चुमनुब्रीमा यो दर ५% भन्दा कम छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) ।

२.५.२ सिँचाइ सुविधाको अवस्था

सिँचाइ स्रोतको विश्लेषणले परम्परागत र आधुनिक विधिबीच ठूलो असमानता देखाउँछ । ४८ परिवारमा सिँचाइ सुविधा उपलब्ध छ भन्ने तथ्याङ्कमा, थोपा सिँचाइ (ड्रिप इरिगेसन) ६८.७५% (३३ परिवार) को साथ प्रमुख स्रोत हो । यसपछि कुलो (२५.००% वा १२ परिवार) र आकाशे पानी (४.१७% वा २ परिवार) छन् । आधुनिक प्रविधि प्लास्टिक पोखरी मात्र एक परिवारले (२.०८%) मात्र प्रयोग गरेको छ । नेपालमा सिँचित जमिनको राष्ट्रिय दर ३१.६% छ भने चुमनुब्रीमा सिँचाइ सुविधा भएको जमिन न्यून (तालिका ५५ अनुसार २.६६%) रहेकोले प्राविधिक अद्यावधिकरणको आवश्यकता देखिन्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

बाह्रै महिना सिँचाइ उपलब्धतामा गम्भीर असमानता रहेको छ । जम्मा ४८ परिवार मध्ये आधा (५०.००% वा २४) ले मात्र १ रोपनी जमिनमा वर्षभरि सिँचाइ पाउँछन् भने ५८.३३% (१४) ले २ रोपनीमा यो सुविधा पाउँछन् । चिन्ताजनक पक्ष भनेको १२.२०% (५ परिवार) लाई वर्षभरि कुनै पनि सिँचाइ सुविधा उपलब्ध नहुनु हो । नेपालमा सिँचित क्षेत्रको ४२% मात्रै वार्षिक सिँचाइ पाउँछन् भन्ने राष्ट्रिय तथ्याङ्कसँग यस क्षेत्रको अवस्था मेल खान्छ जसले जलवायु अनुकूल खेतीका उपायहरूको आवश्यकता देखाउँछ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) ।

गाउँपालिकाको जम्मा १,८०२ परिवार मध्ये ९६.२८% (१,७३५) मा सिँचाइ सुविधा नै छैन भने मात्र २.६६% (४८) परिवारले यो सुविधा भएको उल्लेख गरेका छन् । यसले नेपालको वर्षा-निर्भर कृषि प्रणालीको प्रतिबिम्ब देखाउँछ जहाँ राष्ट्रिय स्तरमा ६८.२% कृषि योग्य जमिन मनसुनमा निर्भर छ । उल्लेख नभएको १.०५% (१९ परिवार) को तथ्याङ्कले सूचना सङ्कलनमा अवरोध पनि देखाउँछ ।

तालिका १८: सिँचाइ उपलब्धताका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

सिँचाइको उपलब्धता	घरपरिवार सङ्ख्या	प्रतिशत
छ	४८	२.६६
छैन	१७३५	९६.२८
उल्लेख नभएको	१९	१.०५
जम्मा	**१८०२**	**१००.००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

सिँचाइ उपलब्ध जग्गाको विश्लेषणले यसको अत्यधिक सीमित प्रसार रहेको पुष्टि गर्दछ । जम्मा १,८०२ परिवार मध्ये ९७.३४% (१,७५४) ले सिँचित जमिन नभएको खुलासा गरेका छन् । सिँचित जमिन भएका परिवारहरूमा पनि यसको आकार न्यून छः २६ परिवार (१.४४%) सँग १ रोपनी, १६ परिवार (१.७८%) सँग २ रोपनी र ३ परिवार (०.५०%)

सँग मात्र ३ रोपनी सिँचित जमिन छ । यस अत्यल्प सिँचित क्षेत्रले गाउँपालिकाको कृषि उत्पादकता र आर्थिक स्थिरतामा ठूलो चुनौती रहेको सङ्केत गर्दछ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

२.५.३ पर्यटन तथा संस्कृति

चुमनुब्री गाउँपालिकाको मनसुन क्षेत्रले नेपालका अन्य धेरै भागहरूमा दुर्लभ हुँदै गइरहेको मौलिक, प्राकृतिक र सांस्कृतिक परम्पराहरूको झलक प्रदान गर्दछ । सन् १९९८ भन्दा पहिले बाहिरी संसारसँग यस क्षेत्रको लामो समयसम्मको अलगावका कारण, यहाँको प्रमुख जातीय समूह, भोटियाहरूमा अझै पनि सम्पदाको बलियो भावना रहेको छ । यस क्षेत्रमा प्राचीन गुम्बाहरू, माने पर्खालहरू, काने र चैत्यहरू सांस्कृतिक परम्पराहरू अन्वेषण गर्न चाहनेहरूका लागि लोकप्रिय आकर्षण हुन् । मनास्लु हिमाल (८,१६३ मिटर), आठौं अग्लो चुचुरो अर्को ठूलो आकर्षण हो । अद्वितीय परिदृश्यहरू, झरनाहरू, जंगल र दुधकुण्ड, काल ताल र वीरेन्द्र ताल जस्ता तालहरूका साथै हिउँ चितुवा जस्ता विदेशी वन्यजन्तुहरूले यस क्षेत्रलाई प्रकृति र वन्यजन्तुको उत्कृष्ट अनुभव लिन चाहनेहरूका लागि अद्भुत गन्तव्य बनाएको छ । यी विशेषताहरूले यस क्षेत्रलाई लुकेका हिमाल, वन्यजन्तु र संस्कृतिहरूको अनुभव गर्न चाहने पदयात्रीहरूका लागि एक अभुतपूर्व आकर्षण बनाउँछ । यस क्षेत्रमा ट्रेकिङ पर्यटन बिस्तारै फस्टाउँदैछ र मानिसहरू चिया पसल र होटल व्यवसायमा संलग्न हुन थालेका छन् ।

पर्यटन यहाँको अर्थतन्त्रको मुख्य आधार रहेको छ । प्राकृतिक र सांस्कृतिक विविधता यहाँको पर्यटनको मुख्य आधार हो । मनासलु संरक्षणक्षेत्रमा रहेको यो गाउँपालिकामा मनासलु, श्रृङ्गी लगायतका १४ वटा हिमशृङ्खलाहरू, लार्के, ग्या र ला पास जस्ता प्रसिद्ध पदमार्ग पर्दछन् । यसका अतिरिक्त अन्य दर्शनीय स्थलहरूमा छेकम्पार, सामा जस्ता उपत्यका र काल ताल र वीरेन्द्र ताल, तीनवटा महत्वपूर्ण भरना, रहेका छन् । जैविक विविधताले सम्पन्न यस गाउँपालिकामा अति दुर्लभ खैरे भालु र हिम चितुवा, निलभेडा, थार जस्ता महत्वपूर्ण जनावर रहेका छन् ।

सांस्कृतिक विविधता र धरोहर समेत यस गाउँपालिकाको विशिष्ट पहिचानको रूपमा रहेको छ । गुरुङ, चुम्वा, नुव्री, तामाङ, क्षेत्री, दलित र घले जातीको बसोबास रहेको यस गाउँपालिकामा जनजातिहरूको बाहुल्य रहेको छ । अन्तरराष्ट्रिय स्तरमा नै प्रख्यात सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, गुम्बा लुङराङ, ल्हो गुम्बा, हिनाङ गुम्बा, स्याला गुम्बा लगायत विभिन्न गुम्बाहरू यहाँ रहेका छन् । यस गाउँपालिकामा ६४ वटा प्राचीन गुम्बा छन् । अति प्राचीन महत्वपूर्ण राजन गुम्बा, सेराङ गुम्बा समेत यस पालिका भित्र रहेका छन् । यहाँका मौलिक संस्कृति, कला र रीतिरिवाज पर्यटकीय आकर्षण र अनुसन्धानका लागि महत्वपूर्ण छनायो क्षेत्र प्राकृतिक र सांस्कृतिक सम्पदाको लागि "लुकेको खजाना" को रूपमा चिनिन्छ । २०७२ सालको भूकम्पले ४८ वटा गुम्बा, ऐतिहासिक १०८ जोड्छे धारा, नागपोखरी लगायत विभिन्न पर्यटन पूर्वाधार क्षतिग्रस्त भएकोमा पुनर्निर्माणको कार्य थालनी भएको छ ।

तालिका १९: चुमनुव्री गाउँपालिकाका पर्यटकीय महत्त्वका प्रमुख गुम्बाहरू

क.सं.	वडा नं.	गुम्बाको नाम	स्थान (साबिक गा.वि.स.)	उचाइ
१	७	राजेन गुम्बा	छेकम्पार-५, राजेन टोल	३०७५ मि.
२	५	श्रृगी गुम्बा	विही-४, सेराङ गाँउमा	२५५० मि.
३	१	कर्जुछिलिङ गुम्बा	सामागाँउ	३६५० मि.
४	७	मु गुम्बा	छेकम्पार-९	३५१० मि.
५	६	लुङटाङ गुम्बा	चुम्चेत-२, धोम्ज	३१०० मि.
६	४	नाक्सा छ्योलिङ गुम्बा	प्रोक गा.वि.स.	२६३० मि.
७	१	पुङगेन गुम्बा	सामागाँउ-९, गाँवाला	३८२० मि.
८	७	गोङे गुम्बा	छेकम्पार-९, गोङे टोल	३१८० मि.
९	७	देरोन गुम्बा	छेकम्पार-९, देरोन गाँउ	३५०० मि.

स्रोतः चुमनुव्री गाउँपालिकाको सामाजिक विकास शाखा (२०८२)

२.५.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

देशकै एक प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गरेको चुमनुव्री गाउँपालिकामा अधिकांश व्यापार व्यवसाय पर्यटन विकाससँग जोडिएका छन् । यहाँ १०४ वटा होटल सञ्चालनमा रहेका छन् जसमध्ये आधाभन्दा बढी अर्थात ६२ वटा होटल पर्यटकीय स्तरका रहेका छन् । गाउँपालिकामा १६ वटा चिया/खाजा पसल तथा ९ वटा रेस्टुरेन्ट पनि मुख्यतया यहाँको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्न सहयोगी भूमिकामा छन् । चुमनुव्री गाउँपालिकामा २७ वटा किराना पसल सञ्चालनमा रहेकोमा कपडा पसल ३, फेन्सी पसल २, औषधी पसल १, इलेक्ट्रिक पसल २, हार्डवेयर पसल २, फर्निचर पसल १ तथा अन्य पसल ५ समेत कूल १७२ व्यापार व्यवसाय सञ्चालनमा रहेको देखिन्छ (चुमनुव्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

सीपमूलक तालिम लिनेको प्रतिशत निकै कम देखिन्छ । कुल जनसङ्ख्याको मात्र २.१४% ले सीप तालिम लिएका छन्, जसले युवा तथा कार्यशिल जनसङ्ख्यामा दक्षता अभाव रहेको सङ्केत गर्दछ । चिन्ताको एक प्रमुख क्षेत्र व्यावसायिक सीपको अभाव हो, जहाँ ९७.८६% जनसङ्ख्याले कुनै सीपमा आधारित तालिम लिएका छैनन् । यो परम्परागत क्षेत्रबाहिर जीविकोपार्जन र आर्थिक अवसरहरू सुधार गर्न एक महत्त्वपूर्ण बाधा हो ।

तालिका २०: चुमनुब्री गाउँपालिकामा सीपमूलक तालिम लिएको अवस्था

सीपमूलक तालिम लिएको	पुरुष	महिला	जम्मा
छ	२.२५%	२.०४%	२.१४%
छैन	९७.७५%	९७.९६%	९७.८६%
जम्मा	**१००.००%**	**१००.००%**	**१००.००%**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

चुमनुब्री गाउँपालिकाका १८०२ परिवारमध्ये केवल ३४ (१.८९%) मात्र मौरीपालनमा संलग्न छन् भने १७४७ (९६.९५%) संलग्न छैनन्। यस्ता कम संलग्नता दरहरूबाट देखिन्छ कि कृषि तथा पशुपालन बाहेकका वैकल्पिक जीविकोपार्जन माध्यम अझै विकास हुन बाँकी छ, जुन राष्ट्रिय औसतभन्दा निकै कम हो । मौरीपालन गर्ने ३४ घरपरिवारमा जम्मा ७८ मौरीघार छन् । अधिकांशले १—२ वटा मौरीघार मात्र पालेका छन्, जसले साना स्तरमा मौरीपालन भइरहे पनि त्यसलाई व्यावसायिक बनाउने सम्भावना देखिन्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

२.५.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

स्थानीय संघ-संस्थामा आबद्धता हेर्दा पनि निकै न्यून दर देखिन्छ'जसमा कुल १.३८% मात्र सहभागी छन्। विशेष गरी महिलाको सहभागिता २.२९% देखिए तापनि पुरुषको मात्र ०.३६% हो। यसले देखाउँछ कि स्थानीय सामाजिक संरचनामा समावेशी सहभागिता अझै प्रोत्साहन गर्न आवश्यक छ।

तालिका २१: स्थानीय सङ्घ संस्थामा आबद्धताका आधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण

स्थानीय सङ्घ संस्थामा आबद्धता	पुरुष	महिला	जम्मा
छ	०.३६%	२.२९%	१.३८%
छैन	९९.६४%	९७.७१%	९८.६२%
जम्मा	**१००.००%**	**१००.००%**	**१००.००%**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

करेसाबारीमा चुमनुब्रीले राष्ट्रिय औसतभन्दा अलिकति मात्रामा राम्रो प्रदर्शन गरेको देखिन्छ । जम्मा १,८०२ परिवार मध्ये ७६.१५% (१,३४५) ले करेसाबारी गर्छन् भने २३.००% (४४२) ले यसलाई अपनाएका छैनन् । वडागत विश्लेषणले महत्त्वपूर्ण भिन्नता देखाउँछः वडा ३ (२१.२६% वा ४९५ परिवार) र वडा ७ (२२.८५% वा २२८ परिवार) मा करेसाबारी उच्च प्रचलनमा छ भने वडा २ (४.०७% गर्दैनन्) र वडा ६ (१०.६५% गर्दैनन्) मा यो अभ्यास न्यून छ । नेपालको ७२% घरपरिवार गृहवाटिका खेती गर्छन् भन्ने राष्ट्रिय तथ्याङ्कसँग यस क्षेत्रको ७६.१५% दर निकटको समानता देखाउँछ जसले स्थानीय खाद्य सुरक्षामा यसको सकारात्मक भूमिका देखाउँछ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) ।

२.५.६ सहकारी तथा वित्तीय अवस्था

वित्तीय पहुँचको हिसाबले हेर्दा ३८.९६% जनसङ्ख्याको बैंक खाता छ भने ६१.०४% जनसङ्ख्या बैंकिङ पहुँचबाहिर छन्। सहकारी संस्थामा आबद्धता ४.८९% मात्र छ र अन्य वित्तीय संस्थामा खाता भएका व्यक्तिको प्रतिशत झन् कम, ०.८५% मात्र छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चुमनुब्री गाउँपालिकाका १००१ परिवार (५५.५५%) ले पुरुषमार्फत बैंक खाता प्रयोग गर्छन् भने महिलामार्फत प्रयोग गर्ने ६०४ (३३.५२%) छन् । बैंकिङ पहुँचमा महिलाको सहभागिता अझै बढाउने आवश्यकता देखिन्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चुमनुब्री गाउँपालिकाको औसत वार्षिक पारिवारिक बचत रु. ७८,११८ छ । वडा नं. १ मा सबैभन्दा उच्च बचत (रु. ३,१५,७१८) रहेको छ भने वडा नं. ६ मा न्यूनतम (रु. १,५८१) बचत छ । पारिवारिक ऋण को हिसाबले वडा नं. २ र ३ मा क्रमशः रु. ६६,३८४ र रु. ६७,९१९ ऋण छन्, जबकी वडा नं. ५ र ६ मा ऋण शून्य छन् । सम्पूर्ण गाउँपालिकामा औसत ऋण रु. ३३,३९० रहेको छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२) ।

तालिका २२: औसत पारिवारिक वार्षिक खर्च तथा आम्दानीका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

वडा नं	जम्मा घरपरिवार	औसत वार्षिक पारिवारिक बचत रु.	पारिवारिक ऋण रकम रु.
१	१७५	३१५७१८	५७८
२	१८८	७१७६७	६६३८४
३	६४५	५८५६०	६७९१९
४	१६९	६७८३२	७३६३
५	१७०	४४२२९	०
६	२११	१५८१	०
७	२४४	५८२५०	१८९३५
जम्मा	**१८०२**	**७८११८**	**३३३९०**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

२.६ पूर्वाधार विकासको अवस्था

पूर्वाधार विकास आधुनिक मानव विकासको प्रमुख सर्त हो । सडक, विमानस्थल, भवन, विद्युत्, टेलिफोन, सिँचाई आदि भौतिक पूर्वाधारका विषयहरू हुन् । नेपालमा आर्थिक विकासको चर्चा गर्दा पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने गरिएको छ । आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्त्वपूर्ण आधार हो । व्यवस्थित वस्ति तथा सहरी विकासको महत्त्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्त्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगो पना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्बन्धित रहेका छन् ।

गाउँपालिकाले अहिले पूर्वाधार विकासलाई वातावरण मैत्री, दिगो र प्रतिफल युक्त बनाउन जोड दिएको छ । सबै स्थानीयवासीका लागि सहज, भरपर्दो र पहुँच योग्य निर्माणको कार्यलाई प्राथमिकतामा राखी पूर्वाधारलाई आर्थिक समृद्धि र सामाजिक न्यायसँग आबद्धता गराउन खोजेको छ । यो अवधारणालाई सङ्घीय सरकारले पनि १६ औं पञ्चवर्षीय योजनाको अवधारणामा उल्लेख गरिसकेको छ ।

२.६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

चुमनुब्री गाउँपालिकामा घरको स्वामित्वको अवस्था उल्लेखनीय रूपमा राम्रो देखिन्छ । जम्मा १,८०२ मध्ये ९७.२३% (१,७५२) परिवार आफ्नै घरमा बसोबास गर्छन् भने भाडामा बस्नेहरूको दर मात्र १.४४% (२६) छ । आफन्तको घरमा बस्नेहरू १.००% (१८) र सुकुम्बासी अवस्था ०.११% (२) मात्रै रहेकोले यस क्षेत्रमा आवासीय सुरक्षा उच्च रहेको छ । नेपालको राष्ट्रिय जनगणना २०२१ अनुसार ग्रामीण नेपालमा ९२.५% घर स्वामित्वमा रहेको छ भने चुमनुब्रीको ९७.२३% दर राष्ट्रिय औसतभन्दा पनि उच्च छ जसले यस क्षेत्रको सामाजिक स्थिरतालाई जनाउँछ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

घरहरूको उमेर विश्लेषणले दीर्घकालीन बसोबासको चित्र देखाउँछ । जम्मा १,८०२ मध्ये २८.५८% (५१५) घर २१-५० वर्ष पुराना छन् भने २१.६४% (३९०) ११-२० वर्ष र १९.४८% (३५१) घर ५० वर्षभन्दा पुराना छन् । नयाँ निर्माण दर न्यून रहेको छ - २.९४% (५३) घर मात्रै २ वर्षभन्दा कम उमेरका छन् । यसले समुदायमा पुरानो बस्तीको प्रवृत्ति र नयाँ आवास निर्माणमा ढिलाइ देखाउँछ । राष्ट्रिय स्तरमा नेपालको ३५% भवन २० वर्षभन्दा पुराना छन् भन्ने तथ्याङ्कसँग यो अवस्था मेल खान्छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चुमनुब्री गाउँपालिकामा घर भाडामा लगाउने प्रचलन न्यून रहेको छ । जम्मा ९४.५१% (१,७०३) परिवारले घर भाडामा लगाएका छैनन् भने मात्र २.६६% (४८) ले भाडामा लगाएका छन् । नेपालको ग्रामीण क्षेत्रमा भाडाको प्रचलन सामान्यतया कम हुने राष्ट्रिय प्रवृत्तिसँग यो तथ्याङ्क मेल खान्छ जहाँ केवल ५.१% घरधुरीले भाडामा बस्ने तथ्याङ्क छ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

२.६.२ सडक तथा पुल निर्माण

चुमनुब्री गाउँपालिका नेपालका सीमित अति बिकट क्षेत्र मध्येमा पर्दछ । हालसम्म चुमनुब्री गाउँपालिकाको एउटा वडामा सडकको ट्याक खोलिएको छ । लार्के पास हुँदै तिब्बत सम्म सडक बिस्तार गर्ने क्रममा अहिले वडा नं. ३ को पाङसिङ सम्म कच्ची सडकमा मौसमी यातायात पहुँच स्थापित भएको छ । नेपाली सेनाले जिम्मा लिएको लापुबेसी–लार्केपास सडक निर्माणको काम निरन्तर भइरहेको भएपनि अपेक्षाकृत हुन सकेको छैन ।

विश्वकै प्रसिद्ध पदमार्गका रूपमा परिचित यो क्षेत्र वार्षिक ५० हजार भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्दै आएको छ । गाउँपालिकामा रहेका पदमार्गहरूको स्तरोन्नती प्रमुख चुनौतीका रूपमा रहेको छ । करिब २०० कि. मि. मुख्य पदमार्गमा वार्षिक ९८ हजार बढी मानिससँग प्रतक्ष्य सम्बन्ध रहेको गाउँपालिकाको अनुमान छ ।

यस क्षेत्रको प्रवेशद्वार गोरखा जिल्लाको आरुघाट हो, जुन बूढीगण्डकी नदीको किनारमा अवस्थित छ । आरुघाट धादिङ (काठमाडौं-बेनीघाट-आरुघाट) र गोरखा (काठमाडौं-गोरखा-आरुघाट) दुवैबाट मौसमी मोटरबाटोले जोडिएको छ । मुख्य ट्रेकिङ मार्गले बूढीगण्डकी नदीको खोंच र किनारलाई पछ्याउँछ, जसले लोकप्रिय र रोमाञ्चक लार्के पास (५,१०६ मिटर) हुँदै "ग्रेट हिमालयन ट्रेल" को ठूलो भाग र प्रसिद्ध बौद्ध तीर्थस्थल 'किमालुङ सर्किट' मार्फत अन्नपूर्ण संरक्षण क्षेत्रलाई जोड्दछ । चुम उपत्यकाको पदयात्रा मुख्य पदयात्रा मार्गबाट गुमपुलबाट छुट्टिन्छ । रुबिनाला हुँदै दराउदी नदी लार्के पास र चुम उपत्यकामा प्रवेश गर्ने अर्को वैकल्पिक मार्ग हो । मुख्य ट्रेकिङ सिजन मार्च-मे र सेप्टेम्बर-नोभेम्बरको बीचमा पर्दछ ।

चित्र १०: चुमनुव्री गाउँपालिकाका प्रमुख पर्यटकीय पदमार्गको जिआइएस नक्सा

२.६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

तालिका २३: : चुमनुव्री गाउँपालिकामा लघु जल विद्युत सञ्चालनको विवरण

लघु जलविद्युतको नाम	वडा नम्बर	लघु जलविद्युत भएको टोल को नाम	उत्पादन क्षमता	अवस्था (राम्रो, ठीकै, जीर्ण)	लाभान्वित घरधुरी
सामागाउँ लघु जलविद्युत परियोजना	१	सामागाउँ र सम्दो		ठीकै	१५०
ल्हो लघु जलविद्युत योजना	२	ल्हो		राम्रो	४५०
जगत खोला लघु जलविद्युत-१	३	जगत		ठीकै	६००
जगत खोला लघु जलविद्युत-२	३	जगत		ठीकै	४००
प्रोक जलविद्युत	४			ठीकै	०
गोया खोला जलविद्युत	५	बिही		ठीकै	४००
डयाङ राना जलविद्युत	५	राना		ठीकै	३००

लघु जलविद्युतको नाम	वडा नम्बर	लघु जलविद्युत भएको टोल को नाम	उत्पादन क्षमता	अवस्था (राम्रो, ठीकै, जीर्ण)	लाभान्वित घरधुरी
चुम्लिङ चुम्चेत लघु जलविद्युत	६	चुम्लिङ	७५ कि.वा	ठीकै	१००
छेकम्पार लघु जलविद्युत योजना	७	न्याकु/लेरु	१००	राम्रो,	१२४
लार लघु जलविद्युत योजना	७	लार	१५	राम्रो,	४०
निले लघु जलविद्युत योजना	७	निले	३०	राम्रो,	१९
जम्मा					**२५८३**

स्रोतः चुमनुब्री गाउँपालिकाको पूर्वाधार विकास शाखा (२०८२)

चुमनुब्री गाउँपालिकामा खाना पकाउन दाउराको प्रयोग बढी रहेको छ । ८८.८५% (१,६०१) परिवारले मुख्य इन्धनको रूपमा दाउरा प्रयोग गर्छन् भने एलपी ग्याँसको प्रयोग १०.६५% (१९२) मात्रै छ ।

तालिका २४: खाना पकाउने मुख्य इन्धनको प्रयोगका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

खाना पकाउने मुख्य इन्धनको प्रकार	वडा नं							घरपरिवार सङ्ख्या	प्रतिशत
	१	२	३	४	५	६	७		
अन्य			५					५	०.२८
एलपी ग्यास	२	७	१६८	१	५		९	१९२	१०.६५
दाउरा	१७१	१८१	४७२	१६७	१६५	२१०	२३५	१६०१	८८.८५
विद्युत	२			१		१		४	०.२२
जम्मा	**१७५**	**१८८**	**६४५**	**१६९**	**१७०**	**२११**	**२४४**	**१८०२**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

अतिरिक्त इन्धनमा पनि ६९.४२% (१,२५१) ले दाउरा नै प्रयोग गर्छन् । नेपालको ग्रामीण क्षेत्रमा दाउराको प्रयोग राष्ट्रिय औसत ७४.३% छ भने चुमनुब्रीमा यो दर अझ उच्च छ जसले वन विनाश र स्वास्थ्यजन्य समस्या बढाउने खतरा देखाउँछ ।

तालिका २५: खाना पकाउने अतिरिक्त इन्धनको प्रयोगका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

खाना पकाउने अतिरिक्त इन्धनको प्रकार	वडा नं							घरपरिवार सङ्ख्या	प्रतिशत
	१	२	३	४	५	६	७		
एलपी ग्याँस	१	१	१५६				२१	१७९	९.९३
एलपी ग्याँस र दाउरा.		१	४३	३	०	०	३२	७९	४.३८
एलपी ग्याँस. दाउरा र विद्युत.	१	०	०	१९	०	०	४५	६५	३.६१
दाउरा	२४	१७९	४३८	११७	१६५	१९०	१३८	१२५१	६९.४२
दाउरा र मट्टितेल.	१							१	०.०६
दाउरा र विद्युत.	१४४	०	२	२८	०	२१	५	२००	११.१०

विद्युत	३			१				४	०.२२
उल्लेख नभएको	१	७	६	१	५		३	२३	१.२८
जम्मा	**१७५**	**१८८**	**६४५**	**१६९**	**१७०**	**२११**	**२४४**	**१८०२**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

गाउँपालिकामा चुल्होको प्रयोगमा मिश्रित अवस्था छ । सुधारिएको चुल्हो ४८.३४% (८७१) को प्रयोग सबैभन्दा बढी छ भने परम्परागत माटोको चुल्हो ८.८८% (१६०) र ग्याँस चुल्हो ५.९९% (१०८) छन् । उल्लेख्य सङ्ख्यामा परिवारहरूले एकभन्दा बढी चुल्होको संयोजन प्रयोग गर्छन् । नेपालमा सुधारिएको चुल्होको प्रयोग ग्रामीण क्षेत्रमा ३२.१% छ भने चुमनुब्रीमा यो दर उच्च (४८.३४%) रहेकोले ऊर्जा सक्षम प्रविधिको अपनत्व बढ्दै गएको सङ्केत गर्दछ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)।

चुमनुब्रीमा उज्यालोका लागि विद्युतको प्रयोग प्रमुख रूपमा रहेको छ । जम्मा ७९.४७% (१,४३२) घरपरिवारले विद्युत मात्र प्रयोग गर्छन् भने १६.२०% (२९२) ले विद्युत र सोलारको संयुक्त प्रयोग गर्छन् । सोलार मात्र प्रयोग गर्नेहरू ३.७७% (६८) र मट्टीतेल जस्ता परम्परागत स्रोत प्रयोग गर्नेहरू नगण्य (०.०६%) मात्र रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार ग्रामीण क्षेत्रमा विद्युतको प्रयोग ७२% छ भने चुमनुब्रीको ७९.४७% दर राष्ट्रिय औसतभन्दा उच्च छ । यसले गाउँपालिकामा विद्युत पहुँचमा भएको प्रगति देखाउँछ, तथापि सोलार जस्ता वैकल्पिक ऊर्जाको प्रयोग अझै सीमित नै रहेको छ ।

तालिका २६: उज्यालोका लागि प्रयोग हुने इन्धनका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

उज्यालोको लागि प्रयोग हुने इन्धनको प्रकार	घरपरिवार सङ्ख्या	प्रतिशत
अन्य	८	०.४४
मट्टीतेल	१	०.०६
विद्युत	१४३२	७९.४७
विद्युत र सोलार	२९२	१६.२०
विद्युत र मट्टीतेल	१	०.०६
सोलार	६८	३.७७
जम्मा	**१८०२**	**१००.००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

२.६.४ सञ्चार तथा सूचना प्रविधि

सूचना प्रविधिको प्रसारमा चुमनुब्रीले उल्लेखनीय प्रगति गरेको देखिन्छ । स्मार्टफोनको प्रयोग ८२.३०% (१,४८३) घरपरिवारमा पुगेको छ भने साधारण मोबाइल ४५.२८% (८१६) मा छ । यसका साथै टेलिभिजन १५.६५% (२८२), फ्रिज ४.९९% (९०) र ल्यापटप १.००% (१८) मा उपलब्ध छन् । यातायात साधन अत्यन्त सीमित छन्: मोटरसाइकल ०.८९% (१६), कार ०.१७% (३) मात्र रहेको छ । कृषि सम्बन्धी उपकरण (काठ काट्ने आरा ८.७१%) घरायसी उपकरण (वासिङ मेसिन ०.३३%) भन्दा बढी प्रचलनमा छन् । नेपाल जनगणना २०२१ अनुसार ग्रामीण क्षेत्रमा स्मार्टफोन पहुँच ६५% छ भने चुमनुब्रीको ८२.३०% दर राष्ट्रिय औसतभन्दा धेरै उच्च छ । तथापि, कम्प्युटर (०.२२%) र यातायात साधनहरूको अत्यन्त न्यून प्रतिशतले ग्रामीण आर्थिक अवस्था देखाउँछ ।

तालिका २७: घरमा प्रयोग भएका यन्त्र उपकरणका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

घरमा प्रयोग भएका यन्त्र उपकरण	घरपरिवार सङ्ख्या	प्रतिशत
स्मार्ट मोबाइल	१४८३	८२.३०
साधारण मोबाइल	८१६	४५.२८
टेलिभिजन	२८२	१५.६५
रेडियो	४७	२.६१
मोटरसाइकल	१६	०.८९
स्कुटर	४	०.२२
जीप	२	०.११
ट्याक्टर	२	०.११
कार	३	०.१७
कम्प्यूटर	४	०.२२
ल्यापटप	१८	१.००
फ्रिज	९०	४.९९
फ्यान	४	०.२२
वासिङ मेसिन	६	०.३३
ओभन	८	०.४४
हिटर	४२	२.३३
प्रिन्टर	३	०.१७
मिक्स्चर	३६	२.००
फिल्टर	४३	२.३९
काठ काट्ने आरा	१५७	८.७१

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

२.७ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था

नेपालको संविधानको धारा ३० लगायत अनुसूचीहरूमा स्वच्छ वातावरण कायम गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद -१३ को दफा (९७,९८,९९) मा स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था गरिएको छ । सोही ऐनको परिच्छद-४ को दफा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका बारेमा व्यवस्था गरिएको छ । ऐनको परिच्छेद-२४ मा विपद् जोखिम न्यूनीकरण र स्थानीय सरकारको भूमिकाको बारेमा व्यवस्था गरिएको छ । दिगो विकासको लक्ष्य नं. ६, १३, १४ र १५ मा वातावरण संरक्षण विकास र उपयोगका बारेमा उल्लेख गरिएको छ । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय आवधिक योजनामा लक्ष्य हासिल गर्नका लागि तयार गरिएका १३ वटा विशेष क्षेत्रहरू मध्ये जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्रलाई विशेष जोड दिएको छ भने गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनामा पनि वन वातावरण तथा विपद् व्यवस्थापनको विकासमा जोड दिएको छ । अन्नपूर्ण गाउँपालिकाको १५ वर्षे दीर्घकालीन योजनामा पनि यो क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

मानवका लागि मात्र नभएर समस्त जीवजन्तुका निम्ति समेत प्राण-वायु, पानी र जमिन-माटो अस्तित्व, वृद्धि र विकासका प्रमुख आधार हुन् । ती तीन जीवन धारको धरातललाई सबल, सुदृढ, स्वच्छ एवं सुसज्जित पार्नमा वनस्पतिको अत्यन्त ठूलो योगदान रहन्छ, यद्यपि वन-वनस्पतिलाई पनि माटो र पानीमा भर पर्नुपर्छ, आफ्नो अवस्थिति, पोषण, वृद्धि, उत्पादकत्व र निरन्तर अस्तित्वका लागि मानिस आफ्नो सृष्टि कालदेखि नै जीविका र जनजीवनका विविध महत्त्वपूर्ण उद्देश्य परिपूर्ति गर्न विभिन्न प्रकारले बोट बिरुवा, वन-जङ्गल माथि अत्याधिक मात्रामा आश्रित रहेको छ ।

हाम्रो देशको अधिकांश भूभाग भिरालो, अस्थिर, कमजोर, संवेदनशील भएको र अत्याधिक जनता ग्रामीण बस्ती र कृषिमा आधारित रहेको हुँदा पनि यहाँको वन-जङ्गलको महत्त्व र आवश्यकता तुलनात्मक रूपले अझै बढी प्रस्ट र प्रगाढ छ; त्यसैगरी यसको संरक्षण र सम्वर्द्धनको अनिवार्यता पनि । केही समय यता कृषि विकास, वातावरणीय सन्तुलन, उद्यमशीलता, विकासका मानवीय पक्ष, आर्थिक योजना र नीति, व्यवस्थापकीय अर्थशास्त्र, प्राकृतिक संसाधन व्यवस्थापन र दिगो विकास संरक्षण तथा ग्रामीण विकास जस्ता सवालहरू जटिल बन्दै आएका छन् । मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन सम्भव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्छन् । हरियाली प्रवर्द्धन सहित दिगो, स्वच्छ वातावरण मैत्री विपद् व्यवस्थापन सहितको गाउँपालिका निर्माण गर्ने भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

२.७.१ वन तथा भूसंरक्षण

वनस्पति भन्नाले कुनै विशेष क्षेत्रभित्र पाइने सामूहिक बोट बिरुवा जीवनलाई जनाउँछ, जसमा रुख, झाडी, घाँस र जडीबुटीहरू समावेश हुन्छन्। यसले पारिस्थितिक सन्तुलन कायम राख्न, जैविक विविधतालाई समर्थन गर्न र मौसमलाई प्रभाव पार्न महत्वपूर्ण भूमिका खेल्छ। वनस्पति जलवायु, माटो र भू-आकृतिको आधारमा फरक-फरक हुन्छ, जसले विश्वभर जंगल, घाँसेमैदान, मरुभूमि र दलदल जस्ता क्षेत्रहरू बनाउँछ ।

यस चुमनुब्री गाउँपालिकामा पनि हावापानीको विविधता अनुरूप वनस्पतिमा विविधता पाइन्छ । समशीतोष्ण पतझड वनस्पति चुमनुब्री गाउँपालिकाको तल्लो भागमा समुद्री सातादेखि २१०० मिटर सम्मको उचाइमा पाइन्छ, त्यसैगरी कोणधारी वनस्पति ३३००मिटर, अल्पाइन बुट्यान तथा झाडी ५००० मित्र सम्मको उचाइमा पाइन्छ भने ५००० मिटर भन्दा माथिको उचाइमा बाह्रै महिना हिमाच्छदित हुने भएकाले यस क्षेत्रमा वनस्पति शून्य हुन्छ भने हिमाली काइ तथा लेउ यहाँका वनस्पति हुन्।

यस क्षेत्रले ३९ प्रजातिका स्तनधारी जीवहरूलाई बासस्थान प्रदान गर्दछ, जसमा हिउँ चितुवा (Panthera unica), लिंक्स (Felis lynx), खैरो ब्वाँसो (Canis lupus chanco), कस्तुरी मृग (Mashus chrysogaster) र आसामी बाँदर (Macaca assamensis) जस्ता धेरै संरक्षित र लोपोन्मुख प्रजातिहरू रहेका छन् । साथै, निलो भेडा (Pseudis nayaur) र हिमालयन थार (Hemitragus jemlahicus) जस्ता अन्य हिमालयन सूचक प्रजातिहरू पनि यहाँ पाइन्छन् । उन्नाइस प्रकारका वनस्पतिहरूले धेरै संरक्षित, लोपोन्मुख र स्थानीय बिरुवा प्रजातिहरूका लागि विभिन्न बासस्थान प्रदान गर्दछन् । हालसम्म, यस क्षेत्रमा २०१ प्रजातिका चराहरू र ७५६ प्रजातिका बिरुवाहरू रेकर्ड गरिएका छन् ।

चित्र ११: चुमनुव्री गाउँपालिकाको वनस्पति नक्सा

चित्र १२: चुमनुव्री गाउँपालिकाका नदी तथा खोलाको अवस्थिति नक्सा

भूमि सम्पदा नक्साङ्कन परियोजना (१९९६) अनुसार चुमनुब्री गाउँपालिकामा जम्मा १२ वटा भू पद्धतिहरू रहेका छन् जसमध्ये सबैभन्दा बढी ७०.८ % हिस्सा Steeply to very steeply sloping moutainous terrain, जसको कृषिजन्य उत्पादकत्त्व सबैभन्दा कम रहेको हुन्छ ले ओगटेको छ भने सबैभन्दा कम Alluvial plain fans ०.२ % ले ओगटेको छ ।

चित्र १३: चुमनुब्री गाउँपालिकाको भू—पद्धति नक्सा

२.७.२ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

चुमनुब्री गाउँपालिकामा सबैभन्दा धेरै परिवार (५२४ परिवार, २९.०८%) पहिरोको जोखिममा छन् । त्यसपछि हावाहुरी (३८३ परिवार, २१.२५%) र भूकम्प (२२२ परिवार, १२.३२%) जोखिमयुक्त छन् । विपद् जोखिमबिहीन भनिएका परिवार ९८९ (५४.८८%) छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालका हिमाली तथा पहाडी भूभागमा पहिरो र हावाहुरी प्रमुख जोखिमका रूपमा चिनिन्छन्, जुन चुमनुब्री गाउँपालिकामा पनि देखिएको छ ।

तालिका २८: प्राकृतिक प्रकोपको जोखिमका आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

जोखिम सम्भावना	वडा नं							घरपरिवार सङ्ख्या	प्रतिशत
	१	२	३	४	५	६	७		
असिना			१	१			१५	१७	०.९४
आगलागी			१			१४३	१	१४५	८.०५
खडेरी		१	१			९६	११	१०९	६.०५
चट्याङ	५		४	१		२	२३	३५	१.९४

जोखिम सम्भावना	वडा नं							घरपरिवार सङ्ख्या	प्रतिशत
	१	२	३	४	५	६	७		
पहिरो	३	१६	२५२	४८	१२५	५२	२८	५२४	२९.०८
बाढी		५	१४	२	२	३९	३	६५	३.६१
भूकम्प	१	१	२		१०२	१०५	११	२२२	१२.३२
हावाहुरी	४	२	३	३८	१३९	१७९	१८	३८३	२१.२५
हिमपहिरो	५		१	१०	३	१	३६	५६	३.११
अन्य		१	३	५				९	०.५०
कुनै जोखिम छैन	१७०	१७४	३७८	८०	२		१८५	९८९	५४.८८

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

२.८ संस्थागत विकास तथा सुशासनको अवस्था

चुमनुब्री गाउँपालिकाले पहिलो र दोस्रो जननिर्वाचित पदाधिकारीको करिब सात वर्षको कार्यकालमा स्थानीय नीति, ऐन तथा सुशासनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ। हालसम्म गाउँपालिकाद्वारा तर्जुमा गरी कार्यान्वयन भएका कानुनहरू जस्तै ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, निर्देशिका, विनियमावली, आधार संहिता आदि निर्माण गरिएका छन् जसमा ऐन, नीति, नियम, आचारसंहिता, निर्देशिका र कार्यविधि तथा मापदण्ड तयार भइ कार्यान्वयनको अभ्यासमा रहेका छन् । पालिकाद्वारा स्वीकृत नीति तथा कानुनको सङ्ख्या ५७ रहेका छन् । गाउँपालिकाले सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न गाउँ कार्यपालिकामा विभिन्न शाखाहरू स्थापना गरी सञ्चालनमा ल्याएको छ । ती शाखाहरूमा उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प, सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन,सूचना प्रविधि, र लेखा शाखा रहेका छन् । प्राप्त तथ्याङ्क अनुसार, यस गाउँपालिकामा कर्मचारीको कुल दरबन्दी ८५ जना रहेकोमा दरबन्दी अनुसारका कर्मचारीहरूको पदपूर्ति ६० प्रतिशत रहेको छ । मानव संसाधनको विकासका लागि गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणको व्यवस्था गर्ने गरिएको छ भने अन्य आम समुदायका युवा, महिला, कृषकहरूका क्षमता अभिवृद्धिका लागि लक्षित वर्गका कार्यक्रमहरूमा समेट्दै आएको छ ।

सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धनको लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई–हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् । गाउँपालिकामा शासकीय अभ्यासलाई पारदर्शी र सहभागीतामूलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना कार्यान्वयन कार्यविधि २०७५, गाउँ कार्यपालिकाको बैठक संचालन कार्यविधि २०७५ तथा सङ्घीय सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन जस्ता कानुनी औजार मार्फत गाउँपालिकाको विकास र सेवा प्रवाहको विधिलाई पारदर्शी र जबाफदेही र सहभागिता मूलक बनाउने प्रयास गरेको छ । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागीतामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचारयुक्त शासन प्रणालीलाई संस्थागत गर्न गाउँपालिका प्रयासरत छ ।

समुदायलाई गाउँपालिकाले गरेका कार्यक्रमहरूको विषयमा जानकारी गराउने, गाउँपालिकाबाट प्राप्त गर्न सकिने सेवा सुविधाका विषयमा जानकारी गराउन नागरिक बडापत्र तयार गरिएको छ । सुशासन तथा पारदर्शिताका लागि यी कार्यक्रमहरूमात्र पर्याप्त नभएका कारण यस सम्बन्धी धेरै योजना तथा कार्यक्रमहरू प्रस्तावित गरिएका छन् । गाउँपालिकाका वार्ड कार्यालयहरूमा जन्मदर्ता, विवाह दर्ता, मृत्यूदर्ता, बसाइ सराई, अन्य विभिन्न सिफारिसहरू उपलब्ध गराउने व्यवस्थापन मिलाइएको छ । गाउँपालिकामा कार्यपालिकाको बैठक नियमित रूपमा बस्ने गरेको छ । हाल सम्म १४ पटक गाउँ सभा सम्पन्न भइसकेको छ । गाउँपालिकाको औसत वार्षिक बेरुजु १.१५ प्रतिशत र औसत वार्षिक पुँजीगत खर्च ४२ प्रतिशत रहेको देखिन्छ । गाउँपालिकाको आन्तरिक आय १८७०८ हजार रहेको देखिन्छ । गाउँपालिकाले १ सामाजिक परीक्षण र १ आवधिक योजना तर्जुमा गरी सकेको छ । उपलब्ध तथ्याङ्क तथा जानकारी अनुसार, गाउँपालिकाको सबै वडामा अनलाइन प्रतिवेदन प्रणाली स्थापना गरिएको छ ।

यस गाउँपालिकाले १ पटक सम्म मध्यमकालीन खर्च संरचना तयार पारिसकेको छ । हालसम्म पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ ३ पटक भएको छ । गाउँपालिकाले सञ्चालित कार्यक्रमहरूको अनुगमन र कार्य प्रगति समीक्षा क्रमशः १२ र १४ पटक गरेको देखिन्छ । गाउँपालिकाको सेवाग्राही सन्तुष्टिको स्तर ९४ प्रतिशत देखिन्छ । जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासको लागि २ पटक क्षमता विकास तालिम प्रदान गरिएको छ । अनलाइन सेवामा आबद्ध सुविधाको सङ्ख्या ६ रहेको छ भने सफ्टवेयरमा आधारित सेवाको सङ्ख्या ६ छ । एकै दिनमा सम्पन्न गरिने सार्वजनिक सेवाको सङ्ख्या ३५ रहेका छन् । पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरूका सङ्ख्या ७ रहेका छन् । आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या ० रहेको छ । आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरूको सङ्ख्या ७ रहेको छ । गाउँपालिकामा निर्धारित समयावधि मै बजेट आउने गरेको छ । गाउँपालिकाको आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था छ । समयमा फछ्र्यौट भएका वार्षिक योजनाहरू १०० प्रतिशत रहेका छन् ।

सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी गाउँपालिका र गाउँपालिकाबासी बीचको परस्पर विश्वास कायम हुने गरी गाउँपालिकाबासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता गाउँपालिकाले महसुस गरेको छ । सुशासनका लागि सङ्घीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ ।

२.८.१ स्थानीय नीति, ऐन तथा कार्यविधिहरू

१. चुमनुब्री गाउँपालिका खर्च मापदण्ड २०८२,
२. चुमनुब्री गाउँपालिक कोसेली घर सञ्चालन सम्बन्धी कार्यविधि २०८२,
३. विपद व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि २०८२,
४. होमस्टे दर्ता तथा व्यवस्थापन कार्यविधि २०८१
५. आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी निर्देशिका, २०८१
६. कर्मचारी प्रोत्साहन,फिल्ड भत्ता, पर्यटन काज तथा आवास सुविधा सम्बन्धी कार्यविधि २०८१
७. चुमनुब्री गाउँपालिको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यबिधि २०८०
८. चुमनुब्री गाउँपालिकाको सार्वजनिक सेवा मापदण्ड २०८०

९. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठक तथा गाउँसभा सञ्चालन खर्च व्यवस्थापन कार्यविधि, २०८१
१०. चुमनुब्री गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१
११. चुमनुब्री गाउँपालिका डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालन कार्यविधि,२०८०
१२. चुमनुब्री गाउँपालिका,आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१
१३. श्याग्या परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन, २०७९
१४. आम्ची(सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०७९
१५. योजना तर्जुमा दिग्दर्शन २०७५/७६
१६. पदाधिकारीहरू आचारसहिता २०७५/७६
१७. चुमनुब्री गाउँपालिका भित्र असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाइ उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड २०७७/७८
१८. भवन मापदण्ड २०७६/७७
१९. योजना अनुगमन निर्देशिका २०७६/७७
२०. बजार अनुगमन निर्देशिका २०७६/७७
२१. जेष्ठ नागरिक परिचयपत्र निर्देशिका २०७६/७७
२२. उर्जा विकास निर्देशिका २०७५/७६
२३. स्थानिय राजपत्र प्रकाशन कार्यविधि २०७६/७७
२४. शिक्षा क्षेत्र विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७/७८
२५. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि २०७६/७७
२६. विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७७/७८
२७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यविधि २०७६/७७
२८. मेलमिलाप कार्य संचालन कार्यविधि २०७७/७८
२९. मर्मत सम्भार कोष संचालन कार्यविधि २०७७/७८
३०. टोल विकास संस्था संचाल कार्यविधि २०७६/७७
३१. संस्था दर्ता ऐन २०७७/७८
३२. विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरण ऐन २०७६/७७
३३. चुमनुब्री गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६/७७
३४. गाउँसभा संचालन कार्यविधि २०७५/७६
३५. गाउँ कार्यपालिकाको बैठक संचालन कार्यविधि २०७५/७६
३६. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता, नविकरण तथा व्यवस्थापन कार्यविधि २०७७/७८
३७. कोभिड १९ कोष सञ्चालन कार्यविधि २०७७/७८
३८. करारमा शिक्षक भर्ना कार्यविधि २०७५/७६
३९. उपभोक्ता समिति गठन कार्यविधि २०७५/७६
४०. आयोजना सञ्चालन सम्बन्धी कार्यविधि २०७५/७६
४१. आधारभुत शिक्षा परिक्षा कार्यविधि २०७५/७६
४२. अपाङ्ग परिचयपत्र वितरण कार्यविधि २०७५/७६
४३. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५/७६
४४. चुमनुब्री गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७७/७८
४५. तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन २०७७/७८

४६. जलस्रोतको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७/७८
४७. शिक्षा नियमावली २०७४/७५
४८. बैठक भता सम्बिन्धि नियमावली २०७४/७५
४९. निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४/७५
५०. कार्य सम्पादन नियमावली २०७४/७५
५१. कार्य विभाजन नियमावली २०७४/७५
५२. स्थानीय तहको विनियोजन ऐन २०७४/७५
५३. स्थानीय तहको आर्थिक ऐन २०७४/७५
५४. सहकारी ऐन २०७५/७६
५५. प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४/७५
५६. न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५/७६
५७. आर्थिक कार्यविधि कानुन २०७४/७५

२.८.२ सङ्गठनात्मक विकास

गाउँसभा गाउँपालिकाको सर्वोच्च निकायको रूपमा रहेको छ जस प्रति गाउँ कार्यपालिका उत्तरदायी हुने गर्दछ । गाउँसभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी गाउँ कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् । नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा सङ्घीय शासन प्रणाली, कानुन निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

गाउँ कार्यपालिकाको प्रमुखको रूपमा गाउँपालिका अध्यक्ष र उपप्रमुखको रूपमा गाउँपालिका उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा सामान्य उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प., सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन,सूचना प्रविधि, र लेखा शाखा र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

गाउँ सभाबाट सिफारिस सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी लागू गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन् गाउँ कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाइ र सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । गाउँपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँ कार्यपालिकाका लागि नयाँ दरबन्दी सिफारिस गरेको भएपनि पूर्ण कार्यान्वयनमा भने आउन सकेको देखिँदैन । कर्मचारीले गाउँपालिकाको कामलाई चुस्त दुरुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ ।

२.८.३ स्रोत परिचालन

चुमनुब्री गाउँपालिकाका १०९६ परिवार (६०.८२%) मात्र गाउँपालिकाको करदाता सूचीमा छन् । बाँकी ३८.०१% परिवार अझै कर प्रणालीमा समावेश छैनन्, जुन स्थानीय राजस्व प्रणाली सुदृढ गर्न चुनौती हो ।

तालिका २९: गाउँपालिकाको करदाता लिष्टमा समावेश भएको आधारमा चुमनुब्री गाउँपालिकाको घरपरिवार विवरण

गाउँपालिकाको करदाता लिष्टमा समावेश भएको	घरपरिवार सङ्ख्या	प्रतिशत
छ	१०९६	६०.८२
छैन	६८५	३८.०१
उल्लेख नभएको	२१	१.१७
जम्मा	**१८०२**	**१००.००**

स्रोतः घरधुरी सर्वेक्षण २०८२ (चुमनुब्री गाउँपालिकाको वस्तुगत विवरण २०८२)

श्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नवीकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भइरहेका छन् । गत आ.व. को यथार्थ आय हेर्दा गाउँपालिकाले सङ्घ सरकारबाट वार्षिक रु. १३ करोड ५३ लाख तथा प्रदेश सरकारबाट वार्षिक रु. १ करोड ३४ लाख ८३ हजार अनुदान रकम प्राप्त गरी लगानी गर्न सफल भएको छ । गाउँपालिकाले कुल बजेट मध्ये ४२ प्रतिशत पुँजीगत र ५८ प्रतिशत चालूमा खर्च गरेको देखिन्छ ।

गाउँपालिकामा नेपाल सरकार प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारबाट बाँडफाँट भई आउने राजस्व र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम प्राप्त गर्न समन्वय र पैरवी गरी सार्वजनिक स्रोत परिचालन गर्न ध्यान दिएको छ । गाउँपालिकाले आ.व. ०८०/८१ मा आन्तरिक आयबाट रु. १९ लाख भन्दा बढी, सङ्घ सरकार र प्रदेश सरकार गरी राजस्व बाँडफाँटबाट रु. ३ करोड ८९ लाख भन्दा बढी स्रोत परिचालन गरेको छ । यस गाउँपालिकाको कुल राजस्व बजेटमा आन्तरिक स्रोतको योगदान १.६ प्रतिशतको हाराहारीमा रहेको छ ।

२.८.४ योजना व्यवस्थापन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीतिसहितको योजना आवश्यक पर्दछ त्यसैले यस गाउँपालिकाले पनि नेपालको सोह्रौं योजना तथा गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (तर्जुमा चरणमा रहेको) का आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो दोस्रो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र गाउँपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ । राज्य पुनर्संरचना मार्फत चुमनुब्री गाउँपालिका स्थापना भएसँगै यस गाउँपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको हो ।

उपाध्यक्षको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा गाउँ सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ । योजना व्यवस्थापनको क्षेत्रमा यस गाउँपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । सहभागीतामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँ सभाबाट स्वीकृत बजेट तथा नीति, कार्यक्रमलाई वेबसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । सङ्घीय सरकार, प्रदेश

सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम पालना र अनुगमनको अभ्यास समेत भइरहेको देखिन्छ ।

परिच्छेद-तीनः सोच तथा विकासको अवधारणा

दिगो विकास लक्ष्य, सोह्रौं राष्ट्रिय योजनाका उद्देश्यहरू, नेपालको दीर्घकालीन सोच र गण्डकी प्रदेश सरकारले लिएका आ-आफ्ना दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादम्यता गर्दै चुमनुब्री गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना तयार गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा चुमनुब्री गाउँपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

३.१ पृष्ठभूमि

सङ्घीय शासन प्रणाली अनुरूप गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी योजना तर्जुमा गर्ने प्रयास गरेको छ । कतिपय आर्थिक नीति कार्यान्वयन गर्न तीनै तहका सरकारबीच एकीकृत रूपमा जानुपर्ने अपरिहार्य रहेको छ । राष्ट्रिय तथा प्रादेशिक सङ्कल्प, समृद्धि र समुन्नतिका लागि सार्वजनिक क्षेत्रका अतिरिक्त सहकारी क्षेत्र र निजी क्षेत्रसँग समेत सहकार्य साझेदारीका कार्यहरूलाई सँगसँगै लिएर जानुपर्ने अवस्था रहेको छ । सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तीनै तहले तर्जुमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुनु आवश्यक हुन्छ । यो आवधिक विकास योजना चुमनुब्री गाउँपालिकाको समग्र विकासका लागि तयार गरिएको आयोजना दस्तावेज हो, जसले निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि निश्चित अवधि भित्र गर्नुपर्ने कार्य तथा रणनीतिहरूको बारेमा विश्लेषण गरेको छ । यसले स्थानीय समुदायका जन गुनासो, आवश्यकता र ती आवश्यकता पूर्ति गर्न आवश्यक स्रोतको विश्लेषण गर्नका साथै चुनौती समाधानका क्षेत्रमा के कस्ता जोखिमहरू आउन सक्छन् भन्ने बारेमा विश्लेषण गर्दछ । गाउँपालिका भित्र आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा सुशासनको क्षेत्रमा समावेशी विकास गर्नका लागि आवधिक योजनाले अल्पकालीन तथा दीर्घकालीन महत्त्वका आयोजना बनाउने गर्दछ जसको परिणाम स्वरूप उपेक्षित वर्गले समेत विकासमा अपनत्व लिने वातावरण तयार हुन्छ । यसका लागि पनि यो योजनाको निर्माणका क्रममा सबै वर्गको साझा संलग्नतालाई मध्यनजर राख्दै वडास्तरबाट योजना सङ्कलन गरी यस आवधिक योजनामा समावेश गरिएका छन् । यस अर्थमा यो स्थानीय योजना आफैमा सहभागीतामूलक तरिकाले निर्मित भएकोले यसलाई तलबाट माथि पद्धतिका आधारमा तर्जुमा भएको योजना भन्न सकिन्छ ।

३.२ प्रमुख समस्या तथा चुनौती

समस्याहरू

१. चुमनुब्री गाउँपालिका तीनतिर चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएको हिमाली जिल्ला हो । यो गाउँपालिकामा पनि अन्य पालिका तथा प्रदेश र सङ्घीय सरकारमा जस्तै योजना तर्जुमाको अभ्यास तलबाट माथि जान नसकेको अवस्था ।
२. दीर्घकालीन सोचका आधारमा योजनाबद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भएता पनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
३. योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।

४. जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनु पर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोगले सुशासनमा समस्या देखिनु ।
५. गाउँपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो-छिटो तथा अप्रत्याशित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।
६. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा न हुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।
७. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या हुनु।
८. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु ।
९. चुमनुब्रीको कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारको लागि वृहत्तर क्षेत्रगत योजना तयार नहुनु ।

<u>चुनौतीहरू</u>

चुमनुब्री गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको बसाइ सराइलाई रोकी यहाँको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासको लागि आर्थिक स्रोतको व्यवस्था गरी योजनाबद्ध र दीर्घकालीन विकास निर्माण र विस्तार गर्नु रहेको छ ।

१. यस गाउँपालिकाको धेरैजसो भू-भाग उच्च अर्थात् सामुन्द्रिक सतहदेखि ३५०० मिटरदेखि ५८०० मिटर सम्म रहेको नाङ्गा खाली पाखाहरूको क्षेत्रफल बढी रहेको, चरनपाखा, खोला, बगर, भीर पाखा र चौर प्रशस्त भएकोले कृषिको आधुनिकीकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु ।
२. यहाँको स्थानीय संस्कृति, सञ्चालनमा रहेका गुम्बा, गुफा, तारा नाच लगायत पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ तथा सम्पदाहरूको प्रचार प्रसार गरी पर्यटन व्यवसायलाई प्रमुख व्यवसाय बनाउनु ।
३. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संसाधन विकासका कारण अपेक्षित रूपमा आन्तरिक राजस्व सङ्कलन नहुनु ।
४. गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पत्तिहरू जस्तैः प्रशस्त चरिचरन योग्य चौर, जडीबुटी, उत्पादनयोग्य तथा खेतीयोग्य जमिनलाई भेडा च्याङ्ग्रा पालन तथा स्याउ उत्पादन र रैथाने बाली लगायत आलु तथा जम्बु उत्पादनमा जोड दिइ कृषकहरूलाई व्यावसायिक तथा दीर्घकालीन रूपमा आकर्षित गराउनु ।
५. स्थानीय स्रोत, साधन, जडीबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
६. ऐतिहासिक तथा धार्मिक सम्पदा स्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
७. सामुदायिक विद्यालय तथा गुम्बा प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
८. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
९. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी अन्नबाली, तरकारी बाली र फलफूलको व्यवसायीकरणमा जोड दिनु ।

१०. घट्दो जन्म दर तथा बढ्दो बसाइँ सराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत् राख्नु ।
११. गाउँपालिका आन्तरिक आम्दानीमा वृद्धि गरी फजुल खर्च नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्नु ।

३.३ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छः

१. संवैधानिक रूपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको ।
२. गाउँपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस गाउँपालिकालाई जिम्बु खेती, आलु खेती, स्याउ खेती र रैथाने बालीहरू (उवा, फापर, तोरी, लसुन, जौ) आदिबाट पहिचान दिने गरी विकास गर्न सक्ने अवस्था रहेको ।
३. यहाँ महत्त्वपूर्ण सम्पदाको रूपमा रहेका गुम्बा, गुफा, ठूला चरनयोग्य मैदानहरू, लगायत हिम चितुवा, मृग आदिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा व्यापक प्रचार प्रसार गरी पर्यटक बढाउन सक्ने बलियो सम्भावना रहेको ।
४. परम्परागत ढङ्गले पाल्दै आएको भेडा, च्याङ्ग्रो, लुलु गाइ, याक,घोडा आदिलाई व्यवसायीकरण गर्न सकिने ।
५. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयवासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको ।
६. गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुऱ्याउन सकिने अवस्था रहेको ।
७. पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको ।
८. गाउँपालिकामा रहेको समथर ठूला—ठूला मैदाने फाँटहरूलाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः पशु चरण, जडीबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने।
९. आवधिक योजनाको निर्माण प्रक्रियासँगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धि प्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको ।

३.४ निर्देशक सिद्धान्त

नेपालको बदलिँदो राजनैतिक, सामाजिक र कानुनी आधार र सोह्रौं राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न निर्देशक सिद्धान्तहरूलाई पालन गरी गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ साथै आवधिक योजना कार्यान्वयन गर्दा सबै सरोकारवाला संस्था/निकाय तथा समूहहरूले निम्नलिखित विकासका सिद्धान्तहरूलाई अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने हुन्छ ।

१. नेपालको संविधानको भाग १ धारा १४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ" भन्ने उल्लेख भए अनुसार पिछडिएका, उपेक्षित तथा सीमान्तकृत समुदायको सामाजिक विकास तथा आर्थिक उत्थानका लागि गाउँ विकास योजनाको ध्येय समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्नु हुनेछ ।
२. उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ ।
३. नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा गाउँपालिकाको स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ ।
४. संविधानको भाग ४ धारा ५१ (घ) (२) मा उल्लेख भए अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै गाउँको समृद्धि हासिल गरिनेछ ।
५. संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई गाउँको उच्च सम्भावना रहेका आर्थिक विकासका क्षेत्रमा परिचालन गरिनेछ ।
६. रणनीतिक पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्य अगाडि बढाइनेछ ।
७. स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, विद्युत्, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, प्रदेश, विकास साझेदार, निजीक्षेत्र र समुदायसँग सहकार्य गरिनेछ ।
८. आर्थिक-सामाजिक रूपले पछाडि परेका दलित, जनजाति, गरिब, एकल महिला, अपाङ्ग र पीछडा वर्गको सेवामा पहुँच वृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरू पत्ता लगाई सोको सम्बोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।
९. स्थानीय श्रोत, सीप तथा साधनको अधिकतम परिचालन गरी प्राकृतिक श्रोतको दिगो उपयोग हुने गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य तथा समावेशी विकासका उद्देश्य प्राप्त गर्ने तर्फ गाउँ विकास योजनाका नीति तथा कार्यक्रमहरू परिलक्षित गरिनेछ ।
१०. सांस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको चुमनुब्री गाउँपालिकामा आधुनिक कृषि र पर्यटन विकास सुशासन, सामाजिक न्याय र समृद्धि राष्ट्रिय सोचलाई यथार्थमा बदल्न योगदान दिन सक्ने नवप्रवर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३.५ सोच, लक्ष्य तथा उद्देश्य

दीर्घकालीन सोच

"दिगो विकास, अनुपम संस्कृति - उन्नत पर्यटन, समृद्ध चुमनुब्री"

लक्ष्य

दिगो आन्तरिक आयका लागि पर्यटन ऊर्जा र कृषिको विकासलाई आधार बनाई मौलिक संस्कृतिको संरक्षण गर्दै सुशासन र सामाजिक न्याय सहितको समृद्ध चुमनुब्री निर्माण गर्ने ।

उद्देश्य

१. आर्थिक विकासको क्षेत्रमा उपलब्ध श्रोत साधन र सम्पदाको अधिकतम प्रयोग गरी गुणस्तरीय उत्पादन र पर्यटन मार्फत रोजगारी र आम्दानीमा वृद्धि गर्नु,

२. स्वास्थ्य, शिक्षा, खानेपानी र समावेशीकरणको क्षेत्रमा व्यापक सुधार गरी स्वस्थ, शिक्षित र समतामूलक समाजको निर्माण गर्नु,
३. स्थानीय आवश्यकता र प्राथमिकताको निर्धारण सहित भरपर्दो र दिगो पूर्वाधार विकास निर्माण गर्नु,
४. खाली जमिन, चरनयोग्य मैदाने फाँटहरूमा वृक्षरोपण गर्दै वातावरणको संरक्षण/ सम्वर्द्धन गरी विपद् जोखिम न्यूनीकरण गर्नु,
५. गाउँपालिकाको सुशासन तथा संस्थागत विकासको लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गरी सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउँदै सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।

३.६ परिमाणात्मक लक्ष्य

तालिका ३०: अपेक्षित परिमाणात्मक उपलब्धि

सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	
कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा	प्रतिशत	२९	२९	२८	२७	२७	२६	२६
प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (जौ)	मे. टन प्रति हेक्टर	०.३५	०.३९	०.४२	०.४७	०.५१	०.५६	०.५६
प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (मकै)	मे. टन प्रति हेक्टर	०.५	०.५५	०.६१	०.६७	०.७३	०.८१	०.८१
प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (गहुँ)	मे. टन प्रति हेक्टर	०.३५	०.३९	०.४२	०.४७	०.५१	०.५६	०.५६
दलहनको उत्पादकत्त्व	मे. टन प्रति हेक्टर	०.२	०.२२	०.२४	०.२७	०.२९	०.३२	०.३२
तेलहन को उत्पादकत्त्व	मे. टन प्रति हेक्टर	०.४	०.४४	०.४८	०.५३	०.५९	०.६४	०.६४
आलु बालीको उत्पादकत्त्व	मे. टन प्रति हेक्टर	९.५	१०.४५	११.५०	१२.६४	१३.९१	१५.३०	१५.३०
३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार	प्रतिशत	८	१०	२०	२५	३०	४०	४०
पारिवारिक स्वामित्वको जग्गामा आफैं खेती गर्ने	प्रतिशत	९३	९३	९३	९३	९३	९३	९३
कूल कृषि भूमिमध्ये खेती गरिएको क्षेत्रको अनुपात	प्रतिशत	४२	४४	४६	४८	५०	५२	५२
स्थानीय उत्पादनले पूरा गर्ने ताजा तरकारी र कृषि उपजहरूको माग	प्रतिशत	१०	१५	२५	४०	६०	८०	८०
प्रमुख खाद्यान्न बालीहरूको औसत उत्पादकत्व (प्रति हेक्टर)	मे. टन प्रति हेक्टर	१.५	१.६	१.७	१.८	१.९	२	२

सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	
कूल खेतीयोग्य भूमिमध्ये वर्षभरि सिँचाई सुविधा उपलब्ध भूमि	प्रतिशत	५	६	६	७	७	८	८
कच्ची कुलो निर्माण	सङ्ख्या	७	८	९	१०	११	१२	१२
पाइप कुलोबाट सिँचाई	सङ्ख्या	०	१	२	३	४	५	५
साना सिँचाई कार्यक्रम	सङ्ख्या	७	८	९	१०	११	१२	१२
पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने	सङ्ख्या	३५०	३८५	४२४	४६६	५१२	५६४	५६४
पर्यटक सङ्ख्या (आन्तरिक)	प्रतिशत	४६५०	५११५	५६२७	६१८९	६८०८	७४८९	७४८९
पर्यटक सङ्ख्या (बाह्य)	प्रतिशत	१२२९५	१३५२५	१४८७७	१६३६५	१८००१	१९८०१	१९८०१
पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति	सङ्ख्या	१५००	१६५०	१८१५	१९९७	२१९६	२४१६	२४१६
पर्यटन सूचना केन्द्र स्थापना	सङ्ख्या	२	३	४	५	५	५	५
पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या	सङ्ख्या	१८०००	१९८००	२१७८०	२३९५८	२६३५४	२८९८९	२८९८९
आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल	सङ्ख्या	३०	३२	३३	३५	३६	३८	३८
पर्यटकीय स्तरका होटल तथा बेड	सङ्ख्या	८५	८९	९४	९८	१०३	१०८	१०८
	सङ्ख्या	१५००	१५७५	१६५४	१७३६	१८२३	१९१४	१९१४
साधारण होटल तथा बेड	सङ्ख्या	४०	४२	४४	४६	४९	५१	५१
	सङ्ख्या	३५०	३६८	३८६	४०५	४२५	४४७	४४७
पदमार्ग निर्माण तथा स्तरोन्नति	कि.मि.	१९५	२०५	२१५	२२६	२३७	२४९	२४९
गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायहरू	सङ्ख्या	२८०	३०८	३३९	३७३	४१०	४५१	४५१
व्यवसाय करबाट सङ्कलित राजस्व	रु. हजारमा	८००	८८०	९६८	१०६५	११७१	१२८८	१२८८
१० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या	प्रतिशत	८३.१	८४	८५	८५	८५	८५	८५
१० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या मध्ये बेरोजगार जनसङ्ख्या	प्रतिशत	२.२	२	१.८	१.६	१.४	१	१
कम्तीमा एक परिवार विदेशमा रहेको परिवार	प्रतिशत	२८	२८	२८	२८	२८	२८	२८
कृषिमा आबद्ध रोजगारी	सङ्ख्या	८६.४२	८५	८४	८३	८२	८१	८१
गैर कृषिमा आबद्ध रोजगारी	सङ्ख्या	१३.५८	१५	१६	१७	१८	१९	१९
अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	६९	६९	७०	७०	७१	७१	७१
३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार	प्रतिशत	७	१०	१५	२०	२५	३०	३०
आधारभूत स्वास्थ्य केन्द्र	सङ्ख्या	२	२	२	२	२	२	२
अस्पताल	सङ्ख्या	०	१	१	१	१	१	१

सूचक	एकाइ	आधार वर्षको अवस्था	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	
बेड	सङ्ख्या	०	५	५	५	५	५	५
हेल्थ पोष्ट	सङ्ख्या	५	५	५	५	५	५	५
साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	६२.६६	६३	६४	६५	६६	६७	६७
साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	५८.५	५९	६०	६१	६२	६३	६३
युवा साक्षरता दर (१५-२४ वर्ष)	प्रतिशत	९२.४	९३	९४	९५	९६	९६	९६
बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर	प्रतिशत	४२	४५	५०	६०	७०	८०	८०
आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या	प्रतिशत	९६	९७	९८	९९	१००	१००	१००
स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या	प्रतिशत	८४	९०	९५	९९	१००	१००	१००
शौचालय भएका घरपरिवार	प्रतिशत	९७.५	९८	१००	१००	१००	१००	१००
३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार	प्रतिशत	७	१०	१५	२०	२५	३०	३०
सर्वयाम सडक	कि.मि.	०	७	८	९	१०	१२	१२
यातायात सुचारु सडक लम्बाइ	कि.मि.	८	१०	१५	२०	२५	३०	३०
विद्युतमा पहुँच प्राप्त परिवार	प्रतिशत	९६	१००	१००	१००	१००	१००	१००
जलविद्युत उत्पादन (जडित क्षमता)	मेगावाट	०	०	०	३०	१००	२००	२००
प्रतिव्यक्ति विद्युत् उपभोग (वाट प्रति घण्टा)	घण्टा	८०	१५०	२५०	३००	३५०	४००	४००
लघु जल विद्युत उत्पादन क्षमता	किलोवाट	८०	८०	८०	८०	८०	८०	८०
मोबाइल नेटवर्क कभरेज क्षेत्र	प्रतिशत	४०	५०	६०	८०	१००	१००	१००
इन्टरनेटमा पहुँच प्राप्त परिवार	प्रतिशत	६०	७०	८०	९०	१००	१००	१००
उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति	प्रतिशत	५	१०	१५	३०	६०	८०	८०
टेलिफोनलाइन/मोबाइल भएको परिवार	प्रतिशत	९०	९०	१००	१००	१००	१००	१००
रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र	प्रतिशत	१७.९	१८	१९	२०	२२	२५	२५
कर्मचारीको पदपूर्ति	प्रतिशत	६०	७०	८०	१००	१००	१००	१००
पालिकाद्वारा स्वीकृत नीति तथा कानुन	सङ्ख्या	५७	६०	६२	६५	६८	७०	७०
पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण	सङ्ख्या	८	८	८	८	८	८	८
औसत वार्षिक बेरुजू	प्रतिशत	२.३	२	१	०	०	०	०
औसत वार्षिक पुँजीगत खर्च	प्रतिशत	४२	४५	४५	४८	४८	४८	४८
आन्तरिक आय	रु.हजारमा	३०००	२०००	२२००	२५००	३०००	४०००	४०००

स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल

३.७ रणनीति तथा प्राथमिकता

तालिका ३१: गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू

रणनीतिहरू	प्राथमिकताहरू
उद्देश्य नं. १: आर्थिक विकासको क्षेत्रमा उपलब्ध श्रोत साधन र सम्पदाको अधिकतम प्रयोग गरी गुणस्तरीय उत्पादन र पर्यटन मार्फत रोजगारी र आम्दानीमा वृद्धि गर्नु,	
१.१: वित्तीय साक्षरता, वित्तीय सेवामा पहुँच र आय आर्जनका अवसर बढाउने,	१. आयआर्जनका लागि स्वरोजगारमूलक र आयमूलक कार्यक्रमको सञ्चालन गरिनेछ । बैक तथा वित्तीय संस्था र सहकारीबाट उत्पादनशील क्षेत्रमा थप लगानीका लागि सहजीकरण गरिनेछ । २. आधुनिक प्रविधि सहित रैथाने बालीहरूको विकास र विस्तार गरी कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि गरिनेछ । ३. प्राकृतिक स्रोत, धार्मिक तथा सांस्कृतिक सम्पदा तथा स्थलहरूको उचित संरक्षण र सम्वर्द्धन गर्दै पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ । ४. स्थानीय रैथाने बालीको रूपमा रहेको तोरीको तेलको ब्राण्ड तयार गरी व्यापक प्रचार प्रसार सहित आम्दानीको महत्त्वपूर्ण स्रोत बनाउने ।
१.२: विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गरी लगानीयोग्य वातावरण बनाउने ।	१. विकासका पूर्वाधारहरू विस्तार गरी निजी तथा सार्वजनिक खेतीयोग्य जमिनको उचित सदुपयोग गरी कृषि तथा पशुपालनलाई विस्तार गरी रोजगारी र आम्दानीमा वृद्धि गरिनेछ। २. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ । ३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागू गरिनेछ । ४. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । ५. गाउँपालिकाको वडा नं १ अन्तर्गत चीनसँग जोडिएको कोरला नाकामा व्यापार व्यवसाय सञ्चालनको लागि भौतिक पूर्वाधार सहित व्यापारी केन्द्रहरूको स्थापना र सञ्चालनमा जोड दिइनेछ ।
१.३ लगानीका लागि प्राथमिकताका क्षेत्रहरूको पहिचान गर्ने,	१. चुमनुब्रीको विकासको सम्भावनाको आधारमा लगानीका लागि प्राथमिकताका क्षेत्र पहिचान गरी ती क्षेत्रमा लगानीलाई प्रोत्साहन गरिनेछ ।

रणनीतिहरू	प्राथमिकताहरू
	२. समावेशी, सहभागीतामूलक र न्यायपूर्ण विकास सुनिश्चित गर्न दिगो विकास लक्ष्यसँग स्रोत परिचालनको तादात्म्यता मिलाइनेछ ।
उद्देश्य नं. २: स्वास्थ्य, शिक्षा, खानेपानी र समावेशीकरणको क्षेत्रमा व्यापक सुधार गरी स्वस्थ, शिक्षित र समतामूलक समाजको निर्माण गर्नु ।	
२.१: शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने ।	१. ज्येष्ठ नागरिक, बालबालिका तथा महिलासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ गाउँपालिका स्तरीय अस्पताल, स्वास्थ्य चौकी प्रसूतीगृह आदि निकायहरूमा डाक्टर सहित दक्ष जनशक्तिको व्यवस्थापन गरी एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको स्थापना आदिमा विशेष जोड दिइनेछ । २. पूर्ण सरसफाइको कार्यक्रमलाई अभियानको रूपमा विस्तार गरी गाउँ कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार वस्ति तथा सार्वजनिक निकायहरूमा सचेतना अभिवृद्धिका तालिमहरू सञ्चालन गर्नका साथै सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनका लागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति अङ्गीकार गरिनेछ । ३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अङ्गीकार गरी त्यसको विकासका लागि आवश्यक कार्य योजना लागू गरिनेछ । ४. सार्वजनिक विद्यालय तथा गुम्बाहरूको भौतिक संरचनामा सुधार गरी शैक्षिक गुणस्तरमा अभिवृद्धि गरिनेछ । ५. घर वस्ति तथा सार्वजनिक स्थानहरूको सरसफाइको लागि एक घर २ डष्विन व्यवस्थापनमा विशेष जोड दिइनेछ । ६. प्रदेश सरकारको दोस्रो आवधिक योजनामा समावेश ऐतिहासिक चुमनुब्री सम्पदा क्षेत्र विकास आयोजनामा साझेदारीता कायम गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ ।
उद्देश्य ३: स्थानीय आवश्यकता र प्राथमिकताको निर्धारण गरी भरपर्दो र दिगो पूर्वाधार विकास निर्माण गर्नु ।	
३.१: गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने ।	१. विकासका पूर्वाधार (कोरीडोर, गाउँपालिका घेर्ने चक्रपथ, सिँचाई कुलाहरू, विद्यालय, गुम्बा, गुफासँग सम्बन्धित पूर्वाधारहरू) को गुणस्तर सुनिश्चित गरिनेछ । २. कृषि र पर्यटनका लागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न

रणनीतिहरू	प्राथमिकताहरू
	आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ । ३. सडकको स्तरोन्नति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँट गरिनेछ । ४. ग्रामीण सडकका प्रमुख स्टेसनहरूमा सार्वजनिक बस बिसौनीका अतिरिक्त सार्वजनिक शौचालयहरू निर्माण गरी व्यवस्थापन गरिनेछ ।
उद्देश्य नं. ४: खाली जमिन, चरनयोग्य मैदाने फाँटहरूमा वृक्षरोपण (बैंस, भोटेपीपल) गर्दै वातावरणको संरक्षण/सम्वर्द्धन गरी विपद् जोखिम न्यूनीकरण गर्नु ।	
४.१: वातावरणीय सन्तुलन एवम् हिमचुलीहरूको संरक्षणको लागि कृषिजन्य बालीहरूको विस्तारको अतिरिक्त वृक्षरोपणको कार्यक्रमलाई विशेष अभियानका रूपमा लागू गरिनेछ ।	१. वृक्षरोपण कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । २. एक घर एक धारा र पूर्ण सरसफाइ सहितको गाउँपालिका बनाउने नीति अवलम्बन गरिनेछ । ३. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ । ४. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ । ५. तिब्बतबाट बगेर आउने ठाडा खोलाहरूका कारण वर्षेनी हुँदै गएको भू-क्षय तथा नदी/खोला कटानलाई नियन्त्रण गर्नका लागि त्यहाँ पाइने ठूला ढुङ्गाको उपयोगमा विशेष जोड दिइनेछ ।
उद्देश्य नं. ५: गाउँपालिकाको सुशासन तथा संस्थागत विकासको लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गरी सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउँदै सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।	
५.१: संस्थागत विकासका लागि आवश्यक कानुनी तथा संरचनागत प्रणालीमा सुधार गरी प्रविधिमैत्री, पारदर्शी र सुशासनयुक्त बनाउने ।	१. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा समतामूलक समाज निर्माण गरिनेछ । २. गाउँपालिका तथा वडा कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सोही अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ । ३. गाउँपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरूलाई कानुन, योजना तर्जुमा, पारदर्शीता तथा पदीय जिम्मेवारीका बारेमा तालिम, गोष्ठी, भ्रमण आदिको आयोजना गरिनेछ । ४. गाउँपालिकाभित्र रहेका समुदायमा आधारित संस्थाहरू जस्तै आमा समूह, युवाक्लव, सामुदायिक संस्थाहरू, विद्यालय व्यवस्थापन समितिहरू, स्वास्थ्यचौकी व्यवस्थापन समितिहरू, सामुदायिक वन उपभोक्ता समितिहरू टोल सुधार समितिहरू, सरसफाइ समितिहरू,

रणनीतिहरू	प्राथमिकताहरू
	निर्माण कार्यसँग सम्बन्धित उपभोक्ता समितिहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । ५. गाउँपालिकामा कार्यविधिमा उल्लिखित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, मासिक प्रगति विवरण सार्वजनिक गर्नका साथै चौमासिक प्रतिवेदन सार्वजनिक कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाइनेछ । ६. गुनासो पेटिका, सूचना पाटी, पत्रपत्रिका, स्थानीय एफ. एम बाट नियमित रूपमा गाउँपालिकाबाट सम्पादित कार्यक्रमहरू लगायत सूचनाहरू सार्वजनिकीकरण गरिनेछ ।

३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

तालिका ३२: आवधिक योजनामा लगानीका स्रोतहरू

क्र.सं.	स्रोत	योजना अवधिमा हुने लगानी (रु हजारमा)	प्रतिशत
१	सरकारी (पालिका, प्रदेश तथा सङ्घीय सरकार) क्षेत्र	२३३०९६१	८४.३०
२	सहकारी क्षेत्र	४६२५०	१.६७
३	निजी क्षेत्र	१४२९३०	५.१७
४	गै.स.स.	९५१२५	३.४४
५	उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान	८७३६०	३.१६
६	अन्तर स्थानीय तह साझेदारी	६२४५१	२.२६
	कुल	**२७६५०७७**	**१००.००**

तालिका ३३: योजना अवधिमा हुने प्रक्षेपित लगानी

क्र.सं.	आ.व.	अपेक्षित आर्थिक वृद्धि दर	अपेक्षित गार्हस्थ्य उत्पादन (रु हजारमा)	प्रक्षेपित लगानी (रु हजारमा)
१	०८२/८३	५	४६१०१८	४३९०६५
२	०८३/८४	५.५	५२२३५७	४९५१२५
३	०८४/८५	६	५७९७००	५४६८८७
४	०८५/८६	६.५	६४४४०२	६०५०७२
५	०८६/८७	७	७२६४५२	६७८९२७
योजना अवधिमा हुने कुल प्रक्षेपित लगानी				**२७६५०७७**

तालिका ३४: गाउँपालिकाको आय अनुमान (रु. हजारमा)

क्र. सं.	बजेट कोड	विवरण	२०८०/८१ को यथार्थ	प्रतिशत	२०८१/८२ को अनुमान	२०८२/८३ को प्रक्षेपित	२०८३/८४ को प्रक्षेपित	२०८४/८५ को प्रक्षेपित	२०८५/८६ को प्रक्षेपित	२०८६/८७ को प्रक्षेपित	कूल लगानी
१	३२१२२	नगद मौज्दात	११४३००	३२.२५	१०४६००	५००००	३००००	२००००	१००००	५०००	११५०००
२	१००२०	आन्तरिक राजस्व	२४००	०.६८	३०००	३४५०	३९६८	४५६३	५२४७	६०३४	२३२६१
सङ्घीय सरकारबाट प्राप्त			**१६९४५१**	**४७.८२**	**१९८८००**	**२२१६८०**	**२४३८४८**	**२६८२३३**	**२९५०५६**	**३२४५६२**	**१३५३३७९**
३	१३३११	वित्तीय समानीकरण अनुदान	६४८००	१८.२९	७०२००	७७२२०	८४९४२	९३४३६	१०२७८०	११३०५८	४७१४३६
४	१३३१२	ससर्त अनुदान चालू	९५०००	२६.८१	१२२६००	१३४८६०	१४८३४६	१६३१८१	१७९४९९	१९७४४९	८२३३३४
५	१३३१३	ससर्त अनुदान पुँजीगत	२४९२	०.७०	१०००	११००	१२१०	१३३१	१४६४	१६११	६७१६
६	१३३१७	समपूरक अनुदान	३१०८	०.८८	५०००	५५००	६०५०	६६५५	७३२१	८०५३	३३५७८
७	१३३१५	विशेष अनुदान	४०५१	१.१४	०	३०००	३३००	३६३०	३९९३	४३९२	१८३१५
प्रदेश सरकारबाट प्राप्त			**१५८६२**	**४.४८**	**१७८१७**	**२३९९९**	**२६३९९**	**२९०३८**	**३१९४२**	**३५१३६**	**१४६५१४**
८	१३३११	वित्तीय समानीकरण अनुदान	५८९५	१.६६	७८१७	८५९९	९४५९	१०४०४	११४४५	१२५८९	५२४९६
९	१३३१२	ससर्त अनुदान चालू	४९६७	१.४०	०	३०००	३३००	३६३०	३९९३	४३९२	१८३१५
१०	१३३१३	ससर्त अनुदान पुँजीगत	०	०.००	०	३०००	३३००	३६३०	३९९३	४३९२	१८३१५
११	१३३१७	समपूरक अनुदान	५०००	१.४१	६०००	५०००	५५००	६०५०	६६५५	७३२१	३०५२६
१२	१३३१५	विशेष अनुदान	०	०.००	४०००	४४००	४८४०	५३२४	५८५६	६४४२	२६८६२
राजस्व बाँडफाँटबाट प्राप्त			**५२०६९**	**१४.६९**	**९६८००**	**१०६४८०**	**११७१२८**	**१२८८४१**	**१४१७२५**	**१५५८९७**	**६५००७१**
१३	११४११	राजस्व बाँडफाँट (सङ्घीय सरकार)	४५५००	१२.८४	८३१००	९१४१०	१००५५१	११०६०६	१२१६६७	१३३८३३	५५८०६७
१४	११४५६	राजस्व बाँडफाँट (प्रदेश सरकार)	६५६९	१.८५	१३७००	१५०७०	१६५७७	१८२३५	२००५८	२२०६४	९२००४

क्र. सं.	बजेट कोड	विवरण	२०८०/८१ को यथार्थ	प्रतिशत	२०८१/८२ को अनुमान	२०८२/८३ को प्रक्षेपित	२०८३/८४ को प्रक्षेपित	२०८४/८५ को प्रक्षेपित	२०८५/८६ को प्रक्षेपित	२०८६/८७ को प्रक्षेपित	कूल लगानी
१५		अन्य सहायता (आय)	२८५	०.०८		२०००	२२००	२४२०	२६६२	२९२८	१२२१०
१६		जनसहभागिता	०	०.००	०	५०००	५५००	६०५०	६६५५	७३२१	३०५२६
		जम्मा	**३५४३६७**	**१००.००**	**४२१०१७**	**४१२६०९**	**४२९०४२**	**४५९१४५**	**४९३२८७**	**५३६८७८**	**२३३०९६१**

स्रोतः गाउँपालिकाको लेखा शाखा

३.९ चुमनुब्री गाउँपालिकाका गौरवका आयोजनाहरू

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
पर्यटकीय पदमार्ग स्तरोन्नती कार्यक्रम	कि मि		२५०	१००००	१२५००	१५०००	१७५००	२००००	**७५०००**	६.७३
पालिकास्तरीय बहुउद्देश्यीय कृषि उपज सङ्कलन, भण्डारण तथा चिस्यान केन्द्र निर्माण एवं सञ्चालन	सङ्ख्या		१	३०००	१००००	१५०००	१५०००	१७०००	**६००००**	५.३९
बूढीगण्डकी नदीमा गाउँपालिका केन्द्र जोड्ने मोटरेबल पक्की पुल निर्माण	सङ्ख्या		१	२५००	२००००	२००००	३००००		**७२५००**	६.५१
आवासीय बहुप्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन (Tourism, Hospitality, Hotel Management, Livestock, Medicinal Plants)	सङ्ख्या		१				२०००	४००००	**४२०००**	३.७७
गाउँ गौरवको योजनाको जम्मा				**१५५००**	**४२५००**	**५००००**	**६४५००**	**७७०००**	**२४९५००**	२२.४०

३.९.१ चुमनुब्री गाउँपालिकाका गौरवका आयोजनाको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
पर्यटकीय पदमार्ग स्तरोन्नती कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	८	७	३	१

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
पालिकास्तरीय बहुउद्देश्यीय कृषि उपज सङ्कलन, भण्डारण तथा चिस्यान केन्द्र निर्माण एवं सञ्चालन	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	२	५	२	३
बूढीगण्डकी नदीमा गाउँपालिका केन्द्र जोड्ने मोटरेबल पक्की पुल निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
आवासीय बहुप्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन (Tourism, Hospitality, Hotel Management, Livestock, Medicinal Plants)	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	४	३	३

परिच्छेद-चार: आर्थिक क्षेत्र

४.१ कृषि तथा पशुपक्षी

४.१.१ पृष्ठभूमि

नेपालमा ६६ प्रतिशत जनसङ्ख्या कृषिमा निर्भर छ, तर धेरै जसो कृषि परम्परागत तरिकामा गरिन्छ जसका कारण उत्पादकत्व कम हुने गरेको छ । विश्व बैकका अनुसार, नेपालको कृषि उत्पादकत्व दक्षिण एसियामा सबैभन्दा कम रहेको छ । नेपालमा मात्र ४० प्रतिशत कृषि योग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध छ । यहाँको खेती मौसममा निर्भर रहने भएकाले उत्पादन अस्थिर हुने गरेको छ । कृषि क्षेत्रमा आधुनिक प्रविधि र उपकरणको प्रयोग न्यून छ । कृषि तथ्याङ्क २०७८ अनुसार, मात्र १० प्रतिशत किसानहरूले आधुनिक प्रविधि प्रयोग गर्छन् । कृषि उत्पादनको बजार पहुँच र मूल्य निर्धारणमा समस्या छ । कृषि उत्पादनको हिस्सा २० प्रतिशत मात्र बजारमा पुग्छ । जलवायु परिवर्तनले कृषि उत्पादनमा नकारात्मक असर पारेको छ । तथ्याङ्क अनुसार, जलवायु परिवर्तनले गर्दा नेपालको कृषि उत्पादन १०-२० प्रतिशत ले घटेको छ ।

पशुहरूमा रोगको प्रकोप र यसको नियन्त्रणमा समस्या छ । तथ्याङ्क अनुसार, पशुहरूमा रोगको प्रकोपले गर्दा वार्षिक १०-१५ प्रतिशत पशुहरू मर्छन् । पशुहरूको लागि पर्याप्त आहारा उत्पादन र भण्डारणको अभाव छ । तथ्याङ्क अनुसार, ३० प्रतिशत पशुहरूले मात्र पर्याप्त आहारा पाउँछन् । उन्नत प्रजनन प्रविधिको अभावले पशु उत्पादन कम छ । तथ्याङ्क अनुसार, मात्र २० प्रतिशत पशुहरू उन्नत प्रजनन प्रविधिबाट उत्पादन गरिन्छ । पशु उत्पादनको बजार व्यवस्था र मूल्य निर्धारणमा समस्या छ । तथ्याङ्क अनुसार, पशु उत्पादनको हिस्सा २५ प्रतिशत मात्र बजारमा पुग्छ ।

सरकारले कृषि क्षेत्रमा आधुनिक प्रविधि र उपकरणको प्रयोगलाई बढवा दिने नीति लिएकोमा १५ प्रतिशत किसानहरूले आधुनिक प्रविधि प्रयोग गरेका छन् । सिँचाइको उचित व्यवस्था गर्न सिँचाई परियोजनाहरू सुरु गरिएकोमा २०७८ मा ४५ प्रतिशत कृषि योग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको छ । किसानहरूलाई प्रशिक्षण, ऋण र अनुदान प्रदान गरी उनीहरूको क्षमता विकास गर्ने नीति छ । राष्ट्रिय कृषि गणना २०७८ को तथ्याङ्क अनुसार, २०७८ मा ३० प्रतिशत किसानहरूले प्रशिक्षण प्राप्त गरेका छन् भने पशुहरूमा रोग नियन्त्रणका लागि खोप र स्वास्थ्य सेवा प्रदान गर्ने नीति अनुरूप ५० प्रतिशत पशुहरूले खोप प्राप्त गरेका छन् तथा पशुहरूको लागि आहारा उत्पादन र भण्डारणलाई बढावा दिने नीति अनुसार ४० प्रतिशत पशुहरूले पर्याप्त आहारा पाएको देखिन्छ । कृषि र पशु उत्पादनको बजार व्यवस्था सुधार्ने र मूल्य निर्धारणमा पारदर्शिता ल्याउने नीति अनुसार, २०७८ मा ३० प्रतिशत कृषि उत्पादन बजारमा पुगेको छ ।

नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारहरू तर्जुमा गरिएका नीतिहरू कार्यान्वयन गरी कृषि र पशुपक्षी क्षेत्रको विकास गर्न प्रयासरत छन् । तथ्याङ्कहरूले देखाए अनुसार, नीतिहरूको कार्यान्वयनले केही सुधार ल्याएता तापनि अझै धेरै चुनौतीहरू विद्यमान छन् ।

चुमनुब्री गाउँपालिकाको मुख्य आर्थिक आधार संस्कृति तथा पर्यटन भएता पनि परम्परागत रूपमा यहाँ उवा, फापर, आलु, लसुन, तोरी, जौ उवा, फापर, तोरी, गहुँ, लसुन, जिरी साग, चाइनिज साग केराउ, काउली, बन्दा,

ब्रोकाउली, टमाटर, मार्फा रायो, मूला, धनियाँ लगायतका अन्नबाली उत्पादन हुँदै आएको छ । केराउ तथा सागपात लगायतका तरकारी बालीहरूका अतिरिक्त पछिल्लो समयमा फलफूल बालीमा स्याउ खेतीको विस्तार हुन थालेको छ । पशुपालन पनि यहाँको आर्थिक गतिविधिको एक महत्त्वपूर्ण भाग हो । घोडा, भेडा, च्याङ्ग्रा, याक चौंरीगाई आदि पालन गरिन्छ । युवाहरूमा बेरोजगारी एक ठूलो चुनौती हो । धेरै युवा रोजगारीको खोजीमा विदेश पलायन हुने गरेका छन् । कृषिमा आधारित साना उद्योगहरू जस्तै गलैंचा, गलबन्दी आदि बुन्ने उद्योगहरूका अतिरिक्त मासुको सुकुटी बनाउने उद्यमहरूको पनि क्रमशः विकास भइरहेको छ ।

चुमनुब्री गाउँपालिका नेपालको हिमाली क्षेत्रमा अवस्थित छ । यो गाउँपालिका प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । यहाँ हिमचितुवा, मृग, नाउर, ब्वाँसो, फ्याउरो, खरायो जातका जङ्गली जनावरहरू पाइन्छन् । झण्डै ६००० मिटरसम्मको उचाइमा रहेका गाउँपालिकाका मैदाने पाखाहरूले यहाँ जाने पर्यटकहरूलाई आकर्षण गरिरहेका छन् । यहाँको जलवायु समशीतोष्ण प्रकारको छ । यहाँ सबै महिना अधिक चिसो हुने गर्दछ । गाउँपालिकामा धेरै प्राकृतिक स्रोतहरू छन्, जसमा खोला, नदी, ठूला मैदानहरू, र उर्वरा माटो सहितका खेतीयोग्य जमिनका खण्डहरू रहेका छन् । यी स्रोतहरूले कृषि र पशुपालनलाई बढवा दिइरहेका छन् । प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताका कारण यस क्षेत्रमा पर्यटन विकासको सम्भावना बलियो रहेको छ ।

यहाँको राजनैतिक, प्रशासनिक, सामाजिक, आर्थिक, र भौगोलिक दृष्टिकोणले विविधता र सम्भावनाहरू प्रदान गर्दछ । यसले स्थानीय विकास, सामाजिक सद्भाव, र आर्थिक प्रगतिमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ । यस क्षेत्रमा कृषि, पशुपालन, र साना उद्योगहरूको विकास गर्ने ठूलो सम्भावना छ । साथै, प्राकृतिक स्रोत र पर्यटनको सम्भावनाले यस क्षेत्रलाई अझ बढी महत्त्वपूर्ण बनाउँछ ।

४.१.२ समस्या तथा चुनौती

- माथिल्लो भेगमा सबै मौसममा हिउँ पर्ने हुँदा अत्यन्त चिसोका कारण मानिसहरू नियमित रूपमा बसोबास गर्न र खेती गर्न कठिनाइ हुनु,
- यहाँको माटो बलौटे, पत्थरिलो र रूखो भएका कारण खेतीयोग्य उत्पादन राम्रो नहुनू,
- जलवायु परिवर्तनका कारण चाँदी जस्तै टल्कने हिमालहरू कालो पत्थरमा परिणत हुँदै जानु,
- यहाँबाट बसाइ सराइ गर्ने दर तीव्र हुँदै जानू,
- वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको नकारात्मक असरलाई सम्बोधन गर्न नसक्नू,
- जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउन नसक्नू,
- कृषि क्षेत्रमा भएको लगानी, कृषि ऋणको सहज उपलब्धता, कृषि प्रसार सेवामा कृषकहरूको पहुँचमा अभाव हुनु,
- कृषिजन्य वस्तुहरूको उत्पादन, वितरण, आयात एवम् निर्यातलाई लागत-प्रभावी बनाउन नसक्नू,
- गुणस्तर एवम् स्वच्छता जाँच नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न नसक्नू

- गुणस्तरीय बीउ, मलखाद, कीटनाशक तथा साना र मझौला स्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउन नसक्नू,
- कृषि पेसालाई प्रतिस्पर्धी, नाफा मूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्न नसक्नू,

४.१.३ सम्भावना तथा अवसर

- रैथाने बालीहरू (उवा, गहुँ, तोरी, फापर, लसुन, केराउ, साग, मूला उवा, लसुन, जिरी साग, चाइनिज साग काउली, बन्दा, टमाटर, रायो, मूला, धनियाँ,) मा व्यवसायीकरण र यान्त्रीकरण गरी उत्पादनमा वृद्धि गर्न सकिने,
- स्याउ खेतीको विकास र विस्तारमा जोड दिने,
- खेतीयोग्य जमिनको पहिचान गरी अन्य ठाउँहरूमा वृक्षरोपण गर्न सकिने,
- प्रशस्त पानीका स्रोतहरू भएका कारण सिँचाइको सम्भावना बलियो रहेको,
- उपलब्ध खेती तथा पशुपालन योग्य जमिनको सदुपयोगबाट यथेष्ट कृषि उपज उत्पादन गर्न सकिने,
- गाउँपालिकामा रहेका खोला तथा पानीका स्रोतहरूको उचित व्यवस्थापन गरी सिँचाइको सुनिश्चितता गर्न सकिने,
- प्राङ्गारिक मलको अधिकतम प्रयोगले अर्गानिक खाद्य वस्तुको उत्पादन हुने,
- घर घरमा पशुपालनको प्रवर्द्धन गरी उत्पादकत्व बढ्नका साथै सन्तुलित पौष्टिक आहारको सुनिश्चितता हुने,
- व्यावसायिक पशुपालन (च्याङ्ग्रा, भेडा, याक, चौंरी) को विकास तथा विस्तार गरी रोजगारी तथा आयआर्जनमा वृद्धि गर्न सकिने,
- कृषि तथा पशुपालन विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि तथा पशुपालन विकास नीति तर्जुमा गर्न सकिने,
- विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जाने,
- जैविक कृषि र कृषि वन प्रति किसानहरूको आकर्षण बढ्ने,
- गाउँपालिकाका सबै वस्तिहरूमा यातायातका सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बीमा, नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधामा विस्तार हुँदै गएको,

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण एवम् व्यावसायिकरणद्वारा उत्पादित उपजलाई प्रतिस्पर्धी र निर्यात मुखी बनाउने ।

<u>उद्देश्य</u>

१. गाउँपालिकालाई यहाँका रैथाने बालीहरू (उवा, फापर, तोरी, गहुँ, लसुन, साग केराउ, काउली, बन्दा, ब्रोकाउली, टमाटर, मार्फा रायो, मूला, धनियाँ,) को विकास तथा विस्तार गरी व्यवसायीकरण गर्नु,

२. निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु,
३. पशुपालन (भेडा, च्याङ्ग्रा, याक, चौंरी) को विकास तथा विस्तार गरी लघु उद्यमहरू सञ्चालन गर्नु,
४. कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु,

रणनीति तथा कार्यनीति

तालिका ३५: कृषि तथा पशुपक्षी क्षेत्रका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य नं १ गाउँपालिकालाई यहाँका रैथाने बालीहरू (उवा, फापर, तोरी, गहुँ, लसुन, केराउ) को विकास तथा विस्तार गरी व्यवसायीकरण गर्नु,	
१.१ कृषि उपजको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने,	१ सङ्घ र प्रदेश सरकारको समेत सहयोग तथा सहकार्यमा कृषि भूमिको व्यावहारिक वर्गीकरण गरी कृषि योग्य जमिनको संरक्षण गरिनेछ । २ कृषियोग्य भूमि र वनयोग्य भूमिको पहिचान सहित खेतीयोग्य जमिनलाई उत्पादनका क्षेत्रमा उपयोग गरिनेछ भने अन्य क्षेत्रमा वृक्षरोपणको कार्यक्रमलाई विस्तार गरिनेछ। ३ खेतीयोग्य बाँझो जग्गा सदुपयोगमा ल्याउन आवश्यक कानुनी व्यवस्था गरिनेछ। ४ क्लष्टरमा रहेका बाँझो जमिनलाई एकीकरण गरी उच्च मूल्य तथा प्रतिफल दिने फलफूल (स्याउ), जडिबुटी (जिम्बु, यार्सागुम्बा, च्याउ, पाँचऔंले, निरामसी, जेठीमधु,) तथा पुष्प खेतीको प्रवर्द्धनमा जोड दिइनेछ । ५ अन्न, तरकारी तथा फलफूल खेतीको विशिष्टकृत गरी पूर्वाधार विकास, यान्त्रीकरण, विविधीकरण र व्यावसायीकरणमा विशेष जोड दिइनेछ । ६ कृषि उपजको व्यवस्थित तथा आधुनिक दुवानी, भण्डारण र प्रसोधन सेवाको सुनिश्चितता गरी कृषि उपजको मूल्य अभिवृद्धि तथा बजारीकरण गरिनेछ । ७ सङ्गठित बजार सञ्जालको विकास तथा विस्तारमा जोड दिइनेछ । ८ बुढीगण्डकी कोरीडोर र गाउँपालिकाको चक्रपथ आसपासको क्षेत्रमा सम्भाव्यताको आधारमा लघु उद्यम लगायतका व्यवसायमा जोड दिइनेछ । ९ कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र आधुनिकीकरण गरिनेछ ।
उद्देश्य नं.२ निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु,	
२.१ बाली वस्तुको व्यवसायीकरण र निर्यात प्रवर्द्धन गर्नेः	१. गुणस्तरीय कृषि उत्पादन सामग्रीको उपलब्धता र पहुँच अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ । २. कृषि उपजको नियमित उपलब्धता सुनिश्चित गर्दै प्रतिस्पर्धी क्षमता समेत बढोत्तरी गरिनेछ । कृषिको व्यवसायीकरण मार्फत आयात प्रतिस्थापनमा टेवा पुर्याउन प्रदेशका विशिष्टिकृत बालीको निर्यात प्रवर्द्धन गरिनेछ । ३. बीउ, बेर्ना, विषादी, मलखाद तथा उन्नत उत्पादन सामग्रीको गुणस्तर नियमन गरिनेछ।
उद्देश्य ३ :पशुपालन (भेडा, च्याङ्ग्रा, याक, चौंरी) को विकास तथा विस्तार गरी लघु उद्यमहरू सञ्चालन गर्नु,	

३.१ पशुपन्छी पालन तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नेः	१. भेडा, च्याङ्ग्रा, याक, चौंरीगाइ आदिको नस्ल सुधार मार्फत र उन्नत नस्लका पशुपालन मार्फत पशुपन्छी जन्य उत्पादनमा वृद्धि गरिनेछ । २. रैथाने पशु पन्छीको आनुवंशिक स्रोत संरक्षण गरी सोबाट उत्पादित उपजको उचित मूल्य प्राप्त गर्ने अवसर सृजना गरिनेछ । ३. बाँझो हुँदै गएको जमिनको सदुपयोग गर्न पोसिलो घाँस उत्पादनलाई प्रोत्साहन गरिनेछ ४. दूध, मासु, भेडाको उनको व्यावसायिक उत्पादनलाई बजार प्रणालीसँग आबद्ध गरिनेछ। ५. पशुपालक कृषकका टड्कारो समस्या समाधानका लागि कार्यात्मक अनुसन्धान प्रवर्द्धन गरिनेछ ।
उद्देश्य नं.४ कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु,	
४ नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलताको विकास गर्नेः	१ नवीनतम प्रविधिको पहिचान गर्दै कृषि मूल्य शृङ्खलाका विभिन्न तहमा तिनको उपयोगमार्फत कृषिमा उद्यमशीलता विकास गर्न २ कृषकलाई उद्यमी बनाउन तथा युवा उद्यमशीलता प्रवर्द्धन गर्न गरिने नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलताको विकास गरिने छ । ३ कृषिमा उद्यमशीलता विकास गर्न न्यूनतम समर्थन मूल्य तथा करार/लिज खेतीको अवधारणा कार्यान्वयन गरिनेछ ।

४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)						पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	जम्मा		
कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा	प्रतिशत	२९	२९	२८	२७	२७	२६	२६		
प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (जौ)	मे. टन प्रति हेक्टर	०.३५	०.३९	०.४२	०.४७	०.५१	०.५६	०.५६		
प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (मकै)	मे. टन प्रति हेक्टर	०.५	०.५५	०.६१	०.६७	०.७३	०.८१	०.८१		
प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (गहुँ)	मे. टन प्रति हेक्टर	०.३५	०.३९	०.४२	०.४७	०.५१	०.५६	०.५६		
दलहनको उत्पादकत्त्व	मे. टन प्रति हेक्टर	०.२	०.२२	०.२४	०.२७	०.२९	०.३२	०.३२		
तेलहन को उत्पादकत्त्व	मे. टन प्रति हेक्टर	०.४	०.४४	०.४८	०.५३	०.५९	०.६४	०.६४		
आलु बालीको उत्पादकत्त्व	मे. टन प्रति हेक्टर	९.५	१०.४५	११.५०	१२.६४	१३.९१	१५.३०	१५.३०		
३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार उपलव्ध भएका कृषक परिवार	प्रतिशत	८	१०	२०	२५	३०	४०	४०		
पारिवारिक स्वामित्वको जग्गामा आफैं खेती गर्ने	प्रतिशत	९३	९३	९३	९३	९३	९३	९३		
कृषक वर्गीकरण र परिचयपत्र वितरण गरिएका वडा	सङ्ख्या	०	१	३	५	७	७	७		
कूल कृषि भूमिमध्ये खेती गरिएको क्षेत्रको अनुपात	प्रतिशत	४२	४४	४६	४८	५०	५२	५२		
स्थानीय उत्पादनले पूरा गर्ने ताजा तरकारी र कृषि उपजहरूको माग	प्रतिशत	१०	१५	२५	४०	६०	८०	८०		
प्रमुख खाद्यान्न बालीहरूको औसत उत्पादकत्व (प्रति हेक्टर)	मे. टन प्रति हेक्टर	१.५	१.६	१.७	१.८	१.९	२	२		
कृषि उत्पादनको पकेट क्षेत्र	सङ्ख्या	०	३	४	५	६	७	७		
चक्लाबन्दी र यान्त्रिकीकरण भएको कृषि भूमि (क्षेत्रफल)	प्रतिशत	०	१०	१५	२०	२५	३०	३०		
गाउँपालिकामा दर्ता भएका कृषि उद्योग/फर्महरू	सङ्ख्या	२५	३०	३५	४०	४५	५०	५०		
कृषि उपज सङ्कलन केन्द्र	सङ्ख्या	०	०	१	२	४	५	५		
व्यावसायिक पशुपालन पकेट क्षेत्र	सङ्ख्या	२	३	४	५	६	७	७		
व्यावसायिक पशु फर्म	सङ्ख्या	२५	२७	३०	३३	३५	३८	३८		

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
वार्षिक दूधको उत्पादन	लीटर (हजारमा)	१५००	१६५०	१८१५	१९९७	२१९६	२४१६	२४१६		
वार्षिक मासु उत्पादन	मेट्रिक टन	६७०	७३७	८११	८९२	९८१	१०७९	१०७९		
वार्षिक अण्डा उत्पादन (हजारमा)	सङ्ख्या	६००	६६०	७२६	७९९	८७८	९६६	९६६		
नस्ल सुधार, आहार, स्वास्थ्य तथा बिमा सहितको प्राविधिक सेवा प्राप्त गर्ने पशुपछि तथा मत्स्य पालक	प्रतिशत	५	८	१०	१५	२०	२५	२५		
व्यावसायिक पशुपालनमा महिला युवा र लक्षित समूहको उपस्थिति	प्रतिशत	३५	४०	४५	५०	५५	६०	६०		
वडा तहमा पशु सेवा एकाइ स्थापना	सङ्ख्या	०	१	२	३	५	७	७		
वार्षिक प्रतिव्यक्ति औसत दूध उपभोग	लीटर	५	१५	२५	५०	७५	१००	१००		
वार्षिक औसत प्रतिव्यक्ति मासु उपभोग	केजी	७०	७७	८५	९३	१०२	११३	११३		

४.१.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
परम्परागत रैथाने बालीहरू (उवा, केराउ, तोरी, जिम्बु, स्थानीय लसुन, फापर, जौ) को उत्पादन प्रवर्द्धन तथा विस्तार कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
बाँझो जग्गा निरुत्साहन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
चीज उत्पादन तथा प्रशोधन केन्द्र स्थापना	सङ्ख्या		३		५००	२०००	२०००	२०००	**६५००**	०.५८
माटो परीक्षणका आधारमा ओखर, टिमुर तथा स्याउ खेती पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			१५००	१५००	१५००	१५००	१५००	**७५००**	०.६७

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
आलु, सिमी, भटमास तथा तोरी खेती प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
भेडा, याक, चौंरी गाई संरक्षण तथा प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
व्यावसायिक पशुपालन चौंरी भेडा बाख्रा प्रोत्साहन तथा अनुदान सहायता कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
जैविक प्राङ्गारिक मलको व्यावसायिक उत्पादन तथा प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			५००	६००	७००	८००	९००	**३५००**	०.३१
पशु बिमा कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
वन्यजन्तुको अतिक्रमण नियन्त्रण कार्यक्रम (जङ्गली जनावरको आक्रमण प्रतिकार गर्न तारजाली, बत्ति लगायत हेरालुको व्यवस्था सहित आधुनिक उपकरण जडान)	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
लेयर्स कुखुरा तथा अण्डा उत्पादन प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
दुग्ध उत्पादन तथा डेरी प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
कृषि तथा पशुपक्षी विकासका सालबसाली कार्यक्रम	एकमुस्ट			२०००	२०००	२०००	२०००	२०००	**१००००**	०.९०
कृषि तथा पशुपन्छी विकासको जम्मा				**९५००**	**१०१००**	**११७००**	**११८००**	**११९००**	**५५०००**	४.९४

४.१.७ कृषि तथा पशुपक्षी विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
परम्परागत रैथाने बालीहरू (उवा, केराउ, तोरी, जिम्बु, स्थानीय लसुन, फापर, जौ) को उत्पादन प्रवर्द्धन तथा विस्तार कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	१	३	२	२

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
बाँझो जग्गा निरुत्साहन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	२	३	२	२
चीज उत्पादन तथा प्रशोधन केन्द्र स्थापना	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	२	३	३	२
माटो परीक्षणका आधारमा ओखर, टिमुर तथा स्याउ खेती पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	१	४	२	२
आलु, सिमी, भटमास तथा तोरी खेती प्रवर्द्धन कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१	४	२	२
भेडा, याक, चौंरी गाई संरक्षण तथा प्रवर्द्धन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१	४	२	२
व्यावसायिक पशुपालन चौंरी भेडा बाख्रा प्रोत्साहन तथा अनुदान सहायता कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	१	४	२	२
जैविक प्राङ्गारिक मलको व्यावसायिक उत्पादन तथा प्रवर्द्धन कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	१	४	२	२
पशु बिमा कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१	४	२	२
वन्यजन्तुको अतिक्रमण नियन्त्रण कार्यक्रम (जङ्गली जनावरको आक्रमण प्रतिकार गर्न तारजाली, बत्ति लगायत हेरालुको व्यवस्था सहित आधुनिक उपकरण जडान)	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	२	३	२	२
लेयर्स कुखुरा तथा अण्डा उत्पादन प्रवर्द्धन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१	४	२	२
दुग्ध उत्पादन तथा डेरी प्रवर्द्धन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	२	३	३	३
कृषि तथा पशुपक्षी विकासका सालबसाली कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	२	३	३	३

४.२ सिँचाइ

४.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय स्रोत साधनको परिचालन तथा व्यवस्थापन लगायत उपयोग गर्ने लगायत सिँचाइ प्रणालीको सञ्चालन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति एवं अनुगमन तथा नियमन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ । कृषियोग्य भूमिमा नियमित बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई कृषिको उत्पादन र उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिँचाइ प्रणालीको मर्मत सम्भार एवं नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिँचित क्षेत्र विस्तार गर्दै सिँचाइ पूर्वाधार निर्माण तथा सिँचाइ प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने भएको छ ।

नेपालमा कुल कृषि योग्य भूमि २८ प्रतिशत (लगभग ४१ लाख हेक्टर) रहेको छ भने कुल कृषि योग्य भूमिको लगभग ३२ प्रतिशत (१३ लाख हेक्टर) सिँचित भूमि रहेको छ । तुलनात्मक रूपमा तराई क्षेत्रमा कुल सिँचित भूमिको लगभग ६९ प्रतिशत (९ लाख हेक्टर) सिँचित भूमि रहेकोमा पहाडी क्षेत्रमा कुल सिँचित भूमिको लगभग ३१ प्रतिशत (४ लाख हेक्टर) सिँचित भूमि रहेको देखिन्छ (केन्द्रीय तथ्याङ्क विभाग २०७९) ।

नेपालको सिँचाइ प्रणालीलाई विश्लेषण गर्दा परम्परागत सिँचाइ प्रणाली (कुलो, ढल, हातले चलाइने पम्प) ७० प्रतिशत तथा आधुनिक सिँचाइ प्रणाली (स्प्रिंकलर, ड्रिप इरिगेसन) ३० प्रतिशत रहेको देखिन्छ । नेपालमा सिँचाइका लागि उपलब्ध जलस्रोतहरू मध्ये ६,००० नदीहरू, ५,३५८ झरनाहरू, र ३,२५२ खोलाहरूका साथै भूगर्भीय पानीको प्रयोग करिब २० प्रतिशत प्रयोग हुने गरेको देखिन्छ ।

राष्ट्रिय जलस्रोत नीति, २०७७ ले सिँचाइ विकासलाई प्राथमिकता दिने, जलस्रोत संरक्षण गर्ने, र आधुनिक प्रविधिको प्रयोग बढाउने उद्देश्य राखेको छ भने जलस्रोत ऐन, २०४९ ले सिँचाइ प्रणालीहरूको प्रवर्द्धन र विकासका लागि कानुनी आधार प्रदान गरेको छ । नेपाल सरकारले २०३० सम्ममा सिँचित भूमिको क्षेत्रफल बढाएर २० लाख हेक्टर पुऱ्याउने लक्ष्य राखेको छ भने दिगो विकास लक्ष्य (SDG) को लक्ष्य नं. ६ (स्वच्छ पानी र स्वच्छता) र लक्ष्य नं. २ (खाद्य सुरक्षा) प्राप्त गर्न सिँचाइ विकासलाई प्राथमिकता दिएको छ । नेपालमा सिँचाइ विकासका सरकारी नीतिहरू, अन्तर्राष्ट्रिय सहयोग, र सामुदायिक सहभागिताले नेपालमा सिँचाइ विकासलाई अझ प्रभावकारी बनाउन सक्छ ।

चुमनुब्री गाउँपालिकाको गाउँ वस्तुगत विवरण अनुसार गाउँपालिकामा कृषियोग्य जमिन जम्मा २६.१% अर्थात् ४३१ वर्ग कि.मी. मात्र रहेको छ । सबैभन्दा बढी भीर पाखा क्षेत्र ४०.६ प्रतिशत (६७० वर्ग कि. मि.) रहेको छ । करिब १८ प्रतिशत हरियाली क्षेत्र रहेको यस पालिकामा ९.७ प्रतिशत (१६० वर्ग कि. मि.) वन जङ्गल क्षेत्र, ८.२ प्रतिशत (१३६ वर्ग कि. मि.) झाडी क्षेत्र, ५.० प्रतिशत (८२ वर्ग कि. मि.) आवादी क्षेत्र, ४.३ प्रतिशत (७१ वर्ग कि. मि.) हिउँले ढाकेको क्षेत्र, ४.० प्रतिशत (१६० वर्ग कि. मि.) हिमनदीले ओगटेको क्षेत्र र २.० प्रतिशत (३३ वर्ग कि. मि.) नदी तथा पोखरीले ओगटेको छ । यहाँका सिँचाई योग्य खोलाहरूमा बुढीगण्डकी नदी र यसका सहायक करिब १५० खोला प्रमुख रहेका छन् । यस क्षेत्रमा सिँचाइका लागि पर्याप्त स्रोतहरू लगायत सिँचाई योग्य जमिन प्रशस्त भए पनि जनशक्ति अभावका कारण उत्पादन धेरै कम हुने

गरेको छ । अर्थात् सीमित छन् र सुख्खा मौसममा पानीको अभाव हुने गर्दछ । यस क्षेत्रमा परम्परागत सिँचाइ प्रणालीको रूपमा कुलो, मात्र प्रयोगमा आएको छ । आधुनिक सिँचाइ प्रणालीहरू यहाँ सीमित छन् । यस क्षेत्रमा सरकारी योजनाहरू सीमित छन् । सिँचाइ विकासका लागि सामुदायिक सहभागितामा आधारित योजनाहरू मात्र कार्यान्वयनमा रहेका छन् । यहाँका किसानहरूले सरकारी सहयोग पाउन धेरै चुनौतीहरू सामना गर्नुपर्छ । यस क्षेत्रमा सिँचाइका लागि व्यवस्थित भौतिक संरचनाहरूको अभाव, हिमाली भेग हुनाले आधुनिक प्रविधिको अभाव, र सरकारी योजनाहरूको सीमित पहुँच जस्ता चुनौतीहरू रहेका छन् । यस क्षेत्रमा सिँचाइ विकासका लागि साना जलाशय निर्माण गर्ने, हिमजल संचयन प्रणाली विकास गर्ने, र सरकारी योजनाहरूको पहुँच बढाउन आवश्यक छ ।

४.२.२ समस्या तथा चुनौती

- सिँचाइको लागि खेतीयोग्य जमिनको पहिचान हुन नसक्नु
- सिँचाई गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु,
- जनशक्ति र सिँचाइको अभावमा कृषि उत्पादकत्व कम हुँदा सीमित कृषकहरूलाई कृषि पेसामा आकर्षित गर्न नसक्नु,
- नदी खोलाहरूमा माथिबाट बगाएको खोलाजन्य पदार्थ जम्मा हुँदै जाँदा खोला नजिकका वस्तिहरू लगायत खेतीयोग्य जमिन जोखिममा पर्दै जानू,
- सडक पूर्वाधारको निर्माणको क्रममा कतिपय परम्परागत कुलोहरूको संरचनाहरू बिग्रनु,
- भौतिक पूर्वाधारको तुलनामा सिँचाइ पूर्वाधार प्रति स्थानीय तह र समुदायको समेत चासो कम हुनु,
- सिँचाइ शुल्क निर्धारण गरी लघु सिँचाइ आयोजनाहरू सञ्चालन गर्न सामूहिक कोषको व्यवस्था गर्न समुदायको चासो नहुनु,

४.२.३ सम्भावना तथा अवसर

- सिँचाइका गुरुयोजना बनाई सिँचाइको पहुँच बढाउने अवसर रहेको,
- बेमौसमी तरकारी खेती तर्फ किसानहरूको रुची बढ्दै गएको परिप्रेक्ष्यमा निजी क्षेत्रको सहकार्यमा समेत लघु सिँचाइ आयोजनाहरू सञ्चालन गर्ने सम्भावना रहेको,
- सिँचाइको व्यवस्था पश्चात् कृषि उत्पादकत्व बढाई समुदायलाई खाद्य वस्तुको अभाव घटाउने सम्भावना रहेको,

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

सिँचाइ प्रणालीको विकास र व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने,

<u>उद्देश्य</u>

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्नु,
२. नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु,
३. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्नु,

४. दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु,

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ३६: सिँचाइका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: परम्परागत सिँचाइ संरचनामा सुधार गर्नु ।	
२.१.१: परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने,	१. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ, २. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ, ३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ, ४. आधारभूत सिँचाइको पहुँच वृद्धिको लागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ, ५. परिष्कृत संरचना निर्माणको लागत अनुमान तयार गरिनेछ, ६. संरचना निर्माणको लागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ, ७. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ,
उद्देश्य २: नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।	
२.१.२: आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गरिनेछ ।	१. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ, २. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भाव्यता अध्ययन गरिनेछ, ३. वैकल्पिक सिँचाइ संरचनाको आवश्यक योजना तर्जुमा गरिनेछ, ४. संरचना निर्माणको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ, ५. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ, ६. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ, ७. संरचना निर्माणको प्रयोजनको लागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ, ८. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ, ९. संरचना निर्माणको लागि निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ, १०. यस्ता सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ, ११. सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ,
उद्देश्य ३: कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्नु ।	
२.३.१: खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गरिनेछ ।	१. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ, २. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ कुलोहरूको प्रयोगमा आउने गरी पुनर्निर्माण गरिनेछ, ३. संरचना निर्माणको निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ, ४. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यसता योजनालाई प्राथमिकता दिइनेछ,

	५. सिँचाइको लागि प्राथमिकताको आधारमा साना जलाशय,पोखरी आदि संरचना तयार गरिनेछ, ६. सिँचाइका संरचनाको मर्मत सम्भारको लागि सामूहिक कोषको व्यवस्था गरिनेछ,
उद्देश्य ४: दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।	
२.४.१: दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने ।	१. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ, २. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ, ३. दिगो सिँचाइको व्यवस्थापनको लागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ, ४. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्य वस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ, ५. सिँचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ ।

४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
कूल खेतीयोग्य भूमिमध्ये वर्षभरि सिँचाई सुविधा उपलब्ध भूमि	प्रतिशत	५	६	६	७	७	८	८		
कच्ची कुलो निर्माण	सङ्ख्या	७	८	९	१०	११	१२	१२		
पाइप कुलोबाट सिँचाई	सङ्ख्या	०	१	२	३	४	५	५		
साना सिँचाई कार्यक्रम	सङ्ख्या	७	८	९	१०	११	१२	१२		
कुलो मर्मत तथा स्तरोन्नती	सङ्ख्या	७	९	११	१३	१५	१८	१८		
लिफ्टिङ्ग सिँचाई	सङ्ख्या	०	०	१	१	२	२	२		
रिचार्ज पोखरी	सङ्ख्या	०	१	२	३	४	५	५		

४.२.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
अहिलेसम्म प्रयोगमा आएका सबै कुलाहरूको मर्मत सम्भार कार्यक्रम	एकमुस्ट			१०००	१५००	२०००	२५००	२०००	**९०००**	०.८१
गाउँपालिकाको सिँचाइको स्रोत पहिचान तथा विस्तृत सम्भाव्यता अध्ययन	सङ्ख्या		**१**		३०००				**३०००**	०.२७
खेतीयोग्य जमिनमा थप सिँचाइ व्यवस्थापन कार्यक्रम	एकमुस्ट			३०००	४०००	५०००	६०००	७०००	**२५०००**	२.२४
प्लास्टिक पोखरी तथा थोपा सिँचाइ प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			१०००	१५००	२०००	२५००	३०००	**१००००**	०.९०
सिँचाइ विकासका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
सिँचाइको जम्मा				**५५००**	**१०५००**	**९५००**	**११५००**	**१२५००**	**४९५००**	४.४४

४.२.७ सिँचाइ विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
अहिलेसम्म प्रयोगमा आएका सबै कुलाहरूको मर्मत सम्भार कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१२	३	३	१
गाउँपालिकाको सिँचाइको स्रोत पहिचान तथा विस्तृत सम्भाव्यता अध्ययन	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१२	३	३	१
खेतीयोग्य जमिनमा थप सिँचाइ व्यवस्थापन कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१२	३	३	१
प्लास्टिक पोखरी तथा थोपा सिँचाइ प्रवर्द्धन कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१२	३	३	१
सिँचाइ विकासका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.१	१२	३	३	१

४.३ पर्यटन, संस्कृति तथा सम्पदा

४.३.१ पृष्ठभूमि

पर्यटन, संस्कृति तथा सम्पदा चुमनुब्री गाउँपालिकाको विकासको अर्को महत्त्वपूर्ण संभाव्य क्षेत्र हो । नेपालको संविधानले देशभित्रका सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति अङ्गीकार गरेको छ । नेपालको संविधानको धारा ३२ (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन सम्वन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ । त्यसैगरी सन २०१९ मा लगभग ७०० मिलियन अमेरिकी डलर आय भएकोमा २०२१ मा लगभग २०० मिलियन अमेरिकी डलर मात्र आय भएको थियो । नेपालमा लगभग १० लाख व्यक्तिहरू (प्रत्यक्ष र अप्रत्यक्ष रूपमा) पर्यटन क्षेत्रमा रोजगारी पाएका छन् भने पर्यटन विकासले जीडीपीको लगभग ७ प्रतिशत योगदान पुऱ्याएको छ । आधारभूत संरचनाको अभाव, हवाई अड्डा, सडक, र यातायात सुविधाहरूको अभाव, गुणस्तरीय होटेल र लजहरूको अभाव (विशेष गरी ग्रामीण क्षेत्रहरूमा), भूकम्प, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरूको जोखिम, पर्यटकहरूका लागि आपत्कालिन स्वास्थ्य सुविधाको अभाव, नेपालको पर्यटनलाई अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने संयन्त्रको अभाव, डिजिटल मार्केटिङ र सोसियल मिडियाको प्रयोगमा कमजोरी, पर्यटकहरूको बढ्दो सङ्ख्याले पर्यावरणमा पारेको नकारात्मक प्रभावको उचित सम्बोधन तथा पर्यटकीय स्थलहरूमा फोहर मैला व्यवस्थापनको अभाव जस्ता कारणले नेपालमा अपेक्षाकृत पर्यटन विकास हुन सकेको छैन ।

पर्यटन यहाँको अर्थतन्त्रको मुख्य आधार रहेको छ । प्राकृतिक र सांस्कृतिक विविधता यहाँको पर्यटनको मुख्य आधार हो । मनासलु संरक्षणक्षेत्रमा रहेको यो गाउँपालिकामा मनासलु, श्रृङ्गी लगायतका १४ वटा हिमशृङ्खलाहरू, लार्के, ग्या र ला पास जस्ता प्रसिद्ध पदमार्ग पर्दछन् । यसका अतिरिक्त अन्य दर्शनीय स्थलहरूमा छेकम्पार, सामा जस्ता उपत्यका र काल ताल र वीरेन्द्र ताल, तीनवटा महत्वपूर्ण भरना, रहेका छन् । जैविक विविधताले सम्पन्न यस गाउँपालिकामा अति दुर्लभ खैरे भालु र हिम चितुवा, निलभेडा, थार जस्ता महत्वपूर्ण जनावर रहेका छन् ।

सांस्कृतिक विविधता र धरोहर समेत यस गाउँपालिकाको विशिष्ट पहिचानको रूपमा रहेको छ । गुरुङ, चुम्वा, नुब्री, तामाङ, क्षेत्री, दलित र घले जातीको बसोबास रहेको यस गाउँपालिकामा जनजातिहरूको बाहुल्य रहेको छ । अन्तरराष्ट्रिय स्तरमा नै प्रख्यात सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, गुम्बा लुङराङ, ल्हो गुम्बा, हिनाङ गुम्बा, स्याला गुम्बा लगायत विभिन्न गुम्बाहरू यहाँ रहेका छन् । यस गाउँपालिकामा ६४ वटा प्राचीन गुम्बा छन् । अति प्राचीन महत्वपूर्ण राजन गुम्बा, सेराङ गुम्बा समेत यस पालिका भित्र रहेका छन् । यहाँका मौलिक संस्कृति, कला र रीतिरिवाज पर्यटकीय आकर्षण र अनुसन्धानका लागि महत्वपूर्ण छनायो क्षेत्र प्राकृतिक र सांस्कृतिक सम्पदाको लागि "लुकेको खजाना" को रूपमा चिनिन्छ । २०७२ सालको भूकम्पले ४८ वटा गुम्बा, ऐतिहासिक १०८ जोड्छे धारा, नागपोखरी लगायत विभिन्न पर्यटन पूर्वाधार क्षतिग्रस्त भएकोमा पुनर्निर्माणको कार्य थालनी भएको छ ।

चुमनुब्री गाउँपालिका धार्मिक–सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी र मनोरम सौन्दर्य स्थलको महिमा बोकेको क्षेत्र हो । यस क्षेत्रमा पाइने जैविक विविधता, विविध सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरम सुन्दरताले यस गाउँपालिकाको महत्त्वलाई झनै बढाएको छ । विभिन्न नामका अग्ला होचा हिम शृङ्खलाहरू, विभिन्न प्रजातिको जडीबुटीहरू, ठूला—ठूला घाँसे मैदानहरू, डाँडाकाँडाबाट देखिने सूर्योदय र सूर्यास्तको आकर्षक दृश्य, ऐतिहासिक तथा पुरातात्विक धरोहर, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, रीतिरिवाज, भेष भूषा, कलाकौशल र शान्त एवम् स्वच्छ वातावरणको पूर्ण सदुपयोग गरिएमा पर्यटन क्षेत्रको विकासको राम्रो सम्भावना रहेको छ ।

४.३.२ समस्या तथा चुनौती

- चुमनुब्रीमा रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण स्थान तथा सम्पदाहरू (ऐतिहासिक दरबार, गुम्बा तथा गुफाहरू) का बारेमा व्यापक प्रचार प्रसार हुन नसकेको,
- उत्पादन वृद्धिद्वारा आत्मनिर्भरता र आयत प्रतिस्थापित गर्नु
- भौगोलिक बिकटताका कारण पर्यटकिय पूर्वाधार विकास खर्चिलो हुने,
- तीव्र बसाइ सराइ रोकेर जनसङ्ख्या व्यवस्थापन गर्ने कार्य,
- जन अपेक्षा अनुसार बजार व्यवस्थापन गर्नु,
- वस्तु तथा सेवा एवम् गुणस्तरमा वृद्धि गर्नु,
- ठूला योजनामा लगानी गर्न स्थानीय निजी क्षेत्र सक्षम नहुँदा पर्यटकीय पूर्वाधार विकास अपूरो हुने,
- पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय जनतालाई जानकारी राम्रो हुने,
- पर्यटन उद्योगमा दक्ष जनशक्ति गाउँपालिका क्षेत्रमा उपलब्ध हुने,
- कतिपय वडामा खानेपानीको सुविधा नहुनु,
- पर्यटन क्षेत्रको विकासका लागि कुनै पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाको सहयोग परिचालन नभएको,

४.३.३ सम्भावना तथा अवसर

- वडाहरूमा गुम्बा, गुफा, दरबार तथा घाँसे मैदानहरू प्रशस्त रहेकाले जीवजन्तु, चराचुरुङ्गीको दृश्यावलोकन हुने,
- वडाहरूमा बिजुली बत्ती र सोलार बत्तीको व्यवस्था रहेको,
- मोबाइलको नेटवर्कले सञ्चारको राम्रो सुविधा दिइएको,
- गुफा, ताल, चौर, मन्दिर, गुम्बाहरू रहेको,
- माथिल्लो भेगका बस्तीहरूमा हिउँपात हुने हुँदा आकर्षणको केन्द्र बनेको,
- धुरी, टाकुराहरूमा दृश्यावलोकन केन्द्रहरू बनाउन सकिने,
- चौरहरूमा वनभोज स्थल बनाउन सकिने,

४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

चुमनुब्री गाउँपालिकालाई सुरक्षित गुणस्तरीय र पर्यटनमैत्री गाउँपालिकाको रूपमा विकास गर्ने ।

उद्देश्य

१. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु,
२. भौतिक पूर्वाधारहरूको विकास गर्नु,
३. मानव संसाधन विकास गर्नु,
४. स्रोत साधनको व्यवस्थापन गर्नु,

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ३७: पर्यटनका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।	
३.१.१ पर्यटन विकास तथा प्रवर्द्धन सम्बन्धी नीतिगत, कानुनी र संस्थागत व्यवस्था गर्ने:	१. पर्यटन विकासका लागि नीतिगत तथा कानुनी आधारको विकास गरिने छ , २. पर्यटन राजधानी प्रदेशको रूपमा सहयोग पुर्याउनको लागि पर्यटन विकास र प्रवर्द्धनमा जोड दिइनेछ । ३. नीतिगत तथा कानुनी व्यवस्थासँगै आवश्यक संरचना स्थापना गरी सेवा व्यवस्थित तथा सुदृढ बनाइनेछ,
३.१.२ पर्यटकीय सेवा सुविधाको एकीकृत विकास, विस्तार तथा विविधीकरण गर्ने:	१. विद्यमान पर्यटकीय सम्पदाको संरक्षण गर्दै बढी मूल्य तिर्ने तथा दोहोर्याएर भ्रमण गर्ने पर्यटकको आगमनमा जोड दिइनेछ, २. पर्यटकीय उपजमा विविधता ल्याई नयाँ बजार एवम् पर्यटकलाई आकर्षित गर्ने तथा सोही अनुरूप पर्यटन बजार विस्तार गरिनेछ, ३. गण्डकी प्रदेशको विशिष्टता अनुकूल पर्यटन क्षेत्रमा निजी लगानीका लागि उपयुक्त वातावरण तयार गरिनेछ, ४. आन्तरिक पर्यटनको बजारको माग र अवस्था विश्लेषण गरी ब्राण्डिडको व्यवस्था गरिनेछ । ५. सबै प्रकारका साहसिक पर्यटनको विश्वसनीय, प्रतिस्पर्धी र अद्वितीय गन्तव्य स्थल विकास गरी पर्यटकको स्तर अनुसार ब्राण्डिड गरिनेछ । ६. विभिन्न किसिमका पर्यटन बजार, प्रकार र हरेक खालका मूल्य चाहने पर्यटकका लागि गन्तव्यको रूपमा विकास गरिनेछ ।
उद्देश्य २: भौतिक पूर्वाधारहरूको विकास गर्नु ।	
३.२.१: पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने ।	१. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन सडक, पदमार्ग, झोलुङ्गे पुल आदि निर्माण गरिनेछ, २. भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ ।
३.२.२: पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने ।	१. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ, २. पूर्वाधार निर्माणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापनमा जोड दिइनेछ,
उद्देश्य ३: मानव संसाधन विकास गर्नु ।	

३.३.१: गाउँपालिका भित्रका युवा युवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने ।	१. पर्यटन व्यवसायप्रति युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा ब्याचलर्स डिग्रीमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ । २. प्रदेश सरकारको साझेदारीतामा आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवा युवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ,
उद्देश्य ४: स्रोत साधनको व्यवस्थापन गर्नु ।	
३.४.१: बाह्य स्रोत साधनको खोजी गर्ने ।	१. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ, २. गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ,
३.४.२: आन्तरिक स्रोत साधनको परिचालन गर्ने ।	१. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमका लागि विनियोजन गरिनेछ, २. पर्यटन क्षेत्रको विकासका लागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ ।

४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
पहिचान भएका पदमार्ग	सङ्ख्या	२५	२६	२७	२८	२९	३०	३०		
होटल रेष्टुरेण्टहरूमा हुने खाद्यान्न, फलफूल र तरकारीमा स्थानीय उत्पादनको हिस्सा	प्रतिशत	१०	१२	१५	१८	२०	२३	२३		
पर्यटन तथा आतिथ्य सेवा सम्बन्धी तालिम प्राप्त जनशक्ति	सङ्ख्या	५८	६५	७०	७५	८०	८५	८५		
भगिनी सम्बन्ध स्थापना भएका स्वदेशी तथा विदेशी सहर	सङ्ख्या	०	०	०	१	२	२	२		
सांस्कृतिक तथा पर्यटकीय मेला महोत्सव आयोजना (वार्षिक)	सङ्ख्या	०	१	२	३	४	५	५		
पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने	सङ्ख्या	३५०	३८५	४२४	४६६	५१२	५६४	५६४		
पर्यटक सङ्ख्या (आन्तरिक)	प्रतिशत	४६५०	५११५	५६२७	६१८९	६८०८	७४८९	७४८९		
पर्यटक सङ्ख्या (बाह्य)	प्रतिशत	१२२९५	१३५२५	१४८७७	१६३६५	१८००१	१९८०१	१९८०१		
पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति	सङ्ख्या	१५००	१६५०	१८१५	१९९७	२१९६	२४१६	२४१६		
पर्यटन सुचना केन्द्र स्थापना	सङ्ख्या	२	३	४	५	५	५	५		
पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या	सङ्ख्या	१८०००	१९८००	२१७८०	२३९५८	२६३५४	२८९८९	२८९८९		
आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल	सङ्ख्या	३०	३२	३३	३५	३६	३८	३८		
पर्यटकीय स्तरका होटल तथा बेड	सङ्ख्या	८५	८९	९४	९८	१०३	१०८	१०८		
	सङ्ख्या	१५००	१५७५	१६५४	१७३६	१८२३	१९१४	१९१४		
साधारण होटल तथा बेड	सङ्ख्या	४०	४२	४४	४६	४९	५१	५१		
	सङ्ख्या	३५०	३६८	३८६	४०५	४२५	४४७	४४७		
होम स्टे तथा बेड	सङ्ख्या	२	१०	१५	२५	३५	५०	५०		
	सङ्ख्या	१०	५०	७५	१२५	१४५	२५०	२५०		
पदमार्ग निर्माण तथा स्तरोन्नति	कि.मि.	१९५	२०५	२१५	२२६	२३७	२४९	२४९		
ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति	सङ्ख्या	४०	४४	४८	५३	५९	६४	६४		

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
कुक तालिम प्राप्त जनशक्ति	सङ्ख्या	६०	६६	७३	८०	८८	९७	९७		
होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति	सङ्ख्या	२५	२८	३०	३३	३७	४०	४०		

४.३.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
गाउँपालिकाभित्र सञ्चालित गुम्बाहरूको मर्मत सम्भार कार्यक्रम	एकमुस्ट			२०००	२५००	३०००	३५००	४०००	**१५०००**	१.३५
होमस्टे स्थापना, सञ्चालन र विस्तार (कम्तीमा ५० घर)	सङ्ख्या		**५०**	१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
माने तथा छोर्तेन संरक्षण र प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
चुम्वा तथा नुव्री जातिको इतिहास तथा संस्कृति संरक्षण गर्न सांस्कृतिक सङ्ग्रहालय निर्माण	सङ्ख्या		१			१०००	२००००	३००००	**५१०००**	४.५८
पर्यटन प्रवर्द्धन (ट्रेकिङ गाइड, कुक, आतिथ्य सत्कार तथा होटल व्यवस्थापन) तालिम सञ्चालन कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
चुमनुव्री क्षेत्र भ्रमण गर्ने पर्यटकलाई आकस्मिक अतिरिक्त बसाइमा लाग्ने अतिरिक्त शुल्क व्यवस्थापन तथा एकद्वार प्रणाली स्थापना	एकमुस्ट			५००	५००	५००			**१५००**	०.१३
पर्यटन प्रवर्द्धनका लागि साहसिक खेलकुद कार्यक्रम सञ्चालन (सम्भाव्यता अध्ययन देखि पूर्वाधार निर्माण सम्म)	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
पर्यटन विकास, संस्कृति तथा सम्पदा प्रवर्द्धन (प्रचार प्रसार कार्यक्रम)	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
स्थानीय भाषा, कला, संस्कृति, पोसाक, वाद्यवादन, गीत—सङ्गीत तथा नृत्य संरक्षण कार्यक्रम,	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
एक वडा एक पर्यटकीय पहिचान कार्यक्रम	सङ्ख्या		७	५००	६००	७००	८००	९००	**३५००**	०.३१
पालिकास्तरीय पर्यटन सूचना तथा प्रवर्द्धन केन्द्र स्थापना तथा व्यवस्थापन	सङ्ख्या		१	५००	५००	५००	५००	५००	**२५००**	०.२२

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
पर्यटन विकासका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.२२
पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा				८०००	८६००	१०२००	२९३००	३९९००	९६०००	८.६२

४.३.७ पर्यटन, संस्कृति तथा सम्पदा विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
गाउँपालिकाभित्र सञ्चालित गुम्बाहरूको मर्मत सम्भार कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
होमस्टे स्थापना, सञ्चालन र विस्तार (कम्तीमा ५० घर)	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
माने तथा छोर्तेन संरक्षण र प्रवर्द्धन कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	२	२
चुम्वा तथा नुब्री जातिको इतिहास तथा संस्कृति संरक्षण गर्न सांस्कृतिक सङ्ग्रहालय निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
पर्यटन प्रवर्द्धन (ट्रेकिङ गाइड, कुक, आतिथ्य सत्कार तथा होटल व्यवस्थापन) तालिम सञ्चालन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
चुमनुब्री क्षेत्र भ्रमण गर्ने पर्यटकलाई आकस्मिक अतिरिक्त बसाइमा लाग्ने अतिरिक्त शुल्क व्यवस्थापन तथा एकद्वार प्रणाली स्थापना	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
पर्यटन प्रवर्द्धनका लागि साहसिक खेलकुद कार्यक्रम सञ्चालन (सम्भाव्यता अध्ययन देखि पूर्वाधार निर्माण सम्म)	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
पर्यटन विकास, संस्कृति तथा सम्पदा प्रवर्द्धन (प्रचार प्रसार कार्यक्रम)	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
स्थानीय भाषा, कला, संस्कृति, पोसाक, वाद्यवादन, गीत—सङ्गीत तथा नृत्य संरक्षण कार्यक्रम,	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
एक वडा एक पर्यटकीय पहिचान कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
पालिकास्तरीय पर्यटन सूचना तथा प्रवर्द्धन केन्द्र स्थापना तथा व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३
पर्यटन विकासका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	९	१	३	३

४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

४.४.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहजीकरण, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरूको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नेपालमा उद्योग, वाणिज्य, र आपूर्ति विकास देशको आर्थिक विकास, रोजगारी सिर्जना, र जीवनस्तर उकास्नका लागि अत्यन्त महत्त्वपूर्ण छ। तथापि, यी क्षेत्रहरूमा धेरै सवालहरू र चुनौतीहरू रहेका छन् । नेपालमा औद्योगिक विकासको जीडीपीमा योगदान लगभग ५ प्रतिशत (२०२१ अनुमान) रहेको छ भने उद्योग क्षेत्रमा कुल श्रम शक्तिको लगभग १० प्रतिशत रोजगारीको अवसर प्रदान गरेको देखिन्छ । नेपालका जुट, चिया, कपास, सिमेन्ट, ऊनी वस्त्र, हस्तशिल्प, र खाद्य प्रशोधन आदि प्रमुख उद्योगहरूका रूपमा रहेका छन् भने लगभग २ लाख साना तथा मझौला उद्योग (SMEs) सञ्चालनमा रहेका छन्, जसले धेरै रोजगारी प्रदान गर्दछन् ।

नेपालले सन २०२१ मा हस्त शिल्प, चिया, कपास, जुट, र कार्पेट प्रमुख निर्यात सामग्री मार्फत अनुमानित १ अर्ब अमेरिकी डलर निर्यात आय सङ्कलन गरेको देखिन्छ । नेपालको कुल व्यापार लगभग १२ अर्ब अमेरिकी डलर (२०२१ अनुमान) भएकोमा लगभग १० अर्ब अमेरिकी डलर (२०२१ अनुमान) आयात भएको देखिन्छ । नेपालको प्रमुख व्यापार साझेदारका रूपमा भारत, चीन, युरोपियन युनियन, र संयुक्त राज्य अमेरिका रहेको भएता पनि कुल व्यापारको लगभग ६० प्रतिशत भारतसँग मात्र व्यापार हुने गरेको छ ।

गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान १७.२७ प्रतिशत रहेकोमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान ३.२९ प्रतिशत रहेको छ । प्रदेश सरकारले उद्योग तथा पर्यटनलाई समुन्नतिको महत्त्वपूर्ण संवाहकको रूपमा लिएको छ । प्रदेशभित्र लघु, घरेलु, साना तथा मझौला गरेर कुल ७८,०८४ उद्योग सञ्चालनमा रहेका छन् भने उक्त उद्योगमा कुल १९,५०५ जना उद्यमी क्रियाशिल रहेका छन् । हाल प्रदेशमा एउटा पोखरा औद्योगिक क्षेत्र सञ्चालनमा रहेको तथा २९ वटा स्थानीय तहमा उद्योगग्रामको घोषणा भई पूर्वाधार निर्माणको चरणमा रहेका छन् । गण्डकी प्रदेशले २ वटा प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाको तयारी गरेको छ भने एउटा औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन कार्य अगाडि बढाएको छ । प्रदेशको प्रमुख औद्योगिक क्षेत्र पोखरा औद्योगिक क्षेत्रमा २ दर्जनभन्दा बढी प्रकारको वस्तु उत्पादन गर्ने ७६ वटा उद्योग सञ्चालनमा रहेका छन् । यसबाहेक नवलपुरमा नेपालकै ठूलो निजी उद्योग सिजी इण्डष्ट्रियल पार्क र होङ्सी सिमेन्ट उद्योग सञ्चालनमा रहेको छ भने नेपाल सरकारको स्वामित्वमा रहेका गैंडाकोटको भूकुटी कागज कारखाना र गोरखाको गोरखकाली रबर उद्योग लामो समयदेखि बन्द अवस्थामा रहेका छन् ।

औद्योगिक नीति २०६७ ले उद्योग विकासलाई प्राथमिकता दिने, निजी क्षेत्रलाई प्रोत्साहित गर्ने, र आधुनिक प्रविधिको प्रयोग बढाउने उद्देश्य राखेको छ भने वाणिज्य नीति २०७२ ले निर्यात बढाउने, व्यापार सुविधा प्रदान गर्ने, र अन्तर्राष्ट्रिय व्यापारमा प्रतिस्पर्धा बढाउने उद्देश्य राखेको छ । आपूर्ति नीति २०६९ ले आपूर्ति शृङ्खलाको

विकास, यातायात सुविधा बढाउने, र भण्डारण प्रणाली सुधार्ने उद्देश्य राखेको छ । नेपाल सरकारले २०३० सम्ममा उद्योग, वाणिज्य, र आपूर्ति विकासलाई प्राथमिकता दिने लक्ष्य राखेको छ । नेपालले दिगो विकास लक्ष्य नं. ९ (उद्योग, नवीनता, र आधारभूत संरचना) र लक्ष्य नं. १२ (जिम्मेवार उपभोग र उत्पादन) प्राप्त गर्न उद्योग, वाणिज्य, र आपूर्ति विकासलाई प्राथमिकता दिएको छ ।

४.४.२ समस्या तथा चुनौती

- औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु,
- व्यावसायिक तालिमको व्यवस्था गर्नु,
- उद्योग स्थापना गर्दा विभिन्न कारणबाट लागत खर्च बढ्न जानु,
- श्रम नीति उद्योगमैत्री बनाउनु,
- औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु,
- सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु,
- औद्योगिक नीतिका प्रावधानहरूलाई आर्थिक ऐनले सम्बोधन गर्नु,
- विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सिर्जना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु,
- दक्ष जनशक्तिको अभाव, बजार व्यवस्थापन, आवश्यक पूँजीको जगेर्ना, उपलब्ध अवसरहरूको उपयोग गर्नु,
- सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकाससँग आत्मसाथ गर्न सक्ने क्षमता अभिवृद्धि गर्नु,
- गाउँपालिका तहमा तुलनात्मक रूपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु,
- निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु,
- माग अनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु ।

४.४.३ सम्भावना तथा अवसर

- चुमनुब्री गाउँपालिकाभित्र स्याउ उत्पादन विस्तार हुँदै जानु,
- गण्डकी प्रदेश सरकारको प्राथमिकतामा चुमनुब्रीको ऐतिहासिक विकासको प्रवर्द्धन गर्ने कार्यक्रम समावेश हुनु,
- यहाँ उत्पादन हुने वस्तु जस्तै, आलु स्याउ, फापर, जम्बु तोरीको तेल आदिले पोखरा, काठमाण्डौ जस्ता ठूला सहरहरूमा स्थान पाउनु,
- धार्मिक तथा शैक्षिक गुम्बाहरू र ऐतिहासिक गुफाहरू प्रशस्त हुनु,
- जनसमुदायमा उद्योगको आवश्यकता बारे चेतना अभिवृद्धि हुनु,

- उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु,
- उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाइँसराइ कम भई स्व-स्थानको विकासमा समुदायहरू समर्पित हुनु,
- स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु,
- पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु,
- स्थानीय तहमा रोजगार सिर्जना हुनु,
- स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु,

४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"कृषि, गैर-कृषि तथा पर्यटनको क्षेत्रसँग सम्बन्धित उद्योगहरूको विकास र विस्तार गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने"

उद्देश्य

१. गाउँपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।
५. उद्योग तथा वाणिज्यका क्षेत्रमा चुमनुब्री गाउँपालिकामा हुने ठूला लगानी तथा विकास भएका मौलिक,नवीन पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।

रणनीति तथा कार्यनीति

तालिका ३८: उद्योग तथा वाणिज्यका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: गाउँपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।	
४.४.१ अत्यावश्यक सामाग्रीहरूको सहज आपूर्तिको सु निश्चितता गर्ने ।	१. सुपथ मूल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ, २. सुपथ मूल्य पसल सञ्चालनका लागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ, ३. गाउँपालिकाको सम्पूर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ,
उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।	
४.४.२. स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजीकरण एवम् प्रोत्साहन गर्ने ।	१. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यावसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ, जस्तै तोरीको तेल उद्योग, जिम्बु उद्योग, सुकुटी उद्योग आदि २. स्थानीय रूपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ,

रणनीतिहरू	कार्यनीतिहरू
	३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ, ४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादिखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ, ५. पुरानो पुख्यौंली सीप कलालाई आधुनिकीकरण गरिनेछ,
उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।	
३.१: स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने।	१. जडीबुटी (जिम्बु, यार्सागुम्बा, निरमसी, जङ्गली लसुन) उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ, २. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ, ३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ, ४. तोरीको तेल प्रशोधन गरी लेबलिङ्ग सहित बाह्य बजारमा निर्यात गरिनेछ,
उद्देश्य ४: वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।	
४.१: तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यात योग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।	१. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ । २. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ ।
उद्देश्य ५: उद्योग तथा वाणिज्यका क्षेत्रमा चुमनुब्रीमा हुने ठूला लगानी तथा विकास भएका मौलिक,नवीन पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।	
५.१: ठूला लगानी तथा विकास भएका मौलिक,नवीन पद्धति र प्रयासका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने ।	१. चुमनुब्री गापामा उद्योग तथा वाणिज्य लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको अवस्थाको यथार्थ स्थिति पत्र तयार गरी सोको वार्षिक रूपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ, २. ठूला लगानीकर्ता, युवा, महिला र विपन्न समुदायहरूले एकल तथा सामूहिक रूपमा सञ्चालन गरेका ठूला उद्योग, स्थानीय मौलिक लघु उद्यम लगायतका यस उपक्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमूनायोग्य अभ्यासलाई मापदण्ड निर्माण गरी प्रदत्त उद्यमको प्रकृति, स्थानीय उत्पादनमा यसको योगदान ,रोजगारी सृजना आदिका आधारमा नीतिगत तथा आर्थिक\वित्तीय प्रोत्साहन गरिनेछ, ३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी उद्योग तथा वाणिज्य उप क्षेत्रका कार्यक्रम, योजनाहरूलाई अगाडि बढाइनेछ,

४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायहरू	सङ्ख्या	२८०	३०८	३३९	३७३	४१०	४५१	४५१		
व्यवसाय करबाट सङ्कलित राजस्व	रु. हजारमा	८००	८८०	९६८	१०६५	११७१	१२८८	१२८८		
सञ्चालित औद्योगिक तथा व्यापार मेला (वार्षिक)	पटक	०	१	२	३	४	५	५		
हस्तकला तथा औद्योगिक ग्राम	सङ्ख्या	०	१	१	१	१	१	१		
व्यवसाय विकास तथा व्यवस्थापनमा तालिम प्राप्त गर्ने घरेलु तथा साना उद्यमीहरू	सङ्ख्या	२०	२५	३०	३५	४०	४५	४५		
उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी)	प्रतिशत	३५	३९	४२	४७	५१	५६	५६		
उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या	सङ्ख्या	४००	४४०	४८४	५३२	५८६	६४४	६४४		
सीपमूलक तालिम प्राप्त जनशक्ति	सङ्ख्या	२००	२२०	२४२	२६६	२९३	३२२	३२२		
घरेलु तथा साना उद्योग दर्ता	सङ्ख्या	२८०	३०८	३३९	३७३	४१०	४५१	४५१		
मझौला उद्योग दर्ता	सङ्ख्या	०	१	२	३	३	४	४		
स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग	सङ्ख्या	१०	११	१२	१३	१५	१६	१६		
स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग	सङ्ख्या	०	१	२	३	४	५	५		
विभिन्न ठाउँमा थोक बजार सञ्चालन	सङ्ख्या	१०	११	१२	१३	१४	१५	१५		
विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन	सङ्ख्या	०	१	२	३	४	५	५		
उत्पादन र बजारीकरण सहकारी संस्था	सङ्ख्या	२	२	३	४	४	५	५		
थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना	सङ्ख्या	३०	३३	३६	४०	४४	४८	४८		
सुपथ मूल्य पसल	सङ्ख्या	०	१	२	३	४	५	५		
सहकारी पसल	सङ्ख्या	०	०	१	१	१	१	१		
होलसेल पसलको सङ्ख्या	सङ्ख्या	०	१	२	३	४	५	५		

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
स्थानीय बजार र आपूर्ति अनुगमन	सङ्ख्या	८	९	१०	११	१२	१३	१३		

४.४.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
गलैंचा, पस्मिना, गलबन्दी बुन्ने उद्यमहरू स्थापना, सञ्चालन तथा व्यवस्थापन	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
तोरीको तेलको ब्राण्डीङ सहित व्यवसाय सञ्चालन	सङ्ख्या		३		५००	१०००	१०००	१०००	**३५००**	०.३१
सबै वडामा कुटानी, पिसानी र दलानको लागि सामुदायिक मिल स्थापना र सञ्चालन	सङ्ख्या		७	५००	५००	५००	५००	५००	**२५००**	०.२२
फर्निचर उद्योग सञ्चालन सहायता कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
स्थानीय जडीबुटीमा आधारित साबुन उद्योग सञ्चालन सहायता कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
जडीबुटी प्रशोधन उद्योग सञ्चालन	सङ्ख्या		१			१०००	२०००	३०००	**६०००**	०.५४
उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका सालबसाली कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा				**३०००**	**३५००**	**५०००**	**६०००**	**७०००**	**२४५००**	२.२०

४.४.७ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
किट्टी, गलैंचा, पस्मिना, गलबन्दी बुन्ने उद्यमहरू स्थापना, सञ्चालन तथा व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	३	३
तोरीको तेलको ब्राण्डीङ सहित व्यवसाय सञ्चालन	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	३	३
सबै वडामा कुटानी, पिसानी र दलानको लागि सामुदायिक मिल स्थापना र सञ्चालन	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	३	३
फर्निचर उद्योग सञ्चालन सहायता कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	३	३
स्थानीय जडीबुटीमा आधारित साबुन उद्योग सञ्चालन सहायता कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	३	३
जडीबुटी प्रशोधन उद्योग सञ्चालन	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	२	३
उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका सालबसाली कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	२	३

४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

४.५.१ पृष्ठभूमि

नेपालको संविधानले रोजगारी, गरिबी निवारण र सामाजिक सुरक्षालाई तीनवटै तहको साझा अधिकार क्षेत्रभित्र समावेश गरेको छ । संविधानले नागरिकको रोजगारी तथा रोजगारी छनौट, श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक प्रत्याभूत गरेको छ । नेपालमा योजनाबद्ध विकासको थालनीसँगै सुरु भएको गरिबी निवारणको प्रयास दसौं योजना अवधिदेखि उच्च प्राथमिकताका साथ अगाडि बढेको हो ।

नेपालले सबैखाले गरिबीको अन्त्य गर्ने लक्ष्य लिएको छ । नेपालको संविधानले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रूपमा ग्रहण गरेको छ भने १६औं राष्ट्रिय योजनाले गुणस्तरीय मानव पूँजी निर्माणलाई रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा लिएको छ । नेपाल सरकारले स्वदेशमा रोजगारी सिर्जना र वैदेशिक रोजगारी दुवै पक्षलाई प्राथमिकतामा राखेको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो बनाउन सीप विकास, गन्तव्य मुलुकका बारेमा आधारभूत जानकारी, वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान, पूँजी उपयोगका लागि विविध कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले रोजगार सूचना केन्द्र स्थापना गर्दै रोजगार तथा बेरोजगार श्रमशक्तिका बारेमा तथ्याङ्क, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा राखेको छ ।

राष्ट्रिय योजना आयोगको प्रक्षेपण अनुसार नेपालको श्रम बजारमा वर्षेनी करिब ५ लाख थप जनशक्ति प्रवेश गर्दछन् । नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ अनुसार नेपालको आर्थिक रूपमा सक्रिय कुल जनसङ्ख्या २ करोड ७ लाख ४४ हजार छ भने गण्डकी प्रदेशमा १८ लाख ६८ हजार रहेको छ । उक्त सर्वेक्षण अनुसार नेपालमा कुल रोजगार जनसङ्ख्या ७० लाख ८६ हजार छ भने गण्डकी प्रदेशमा ६ लाख ६ हजार रहेको छ । त्यसैगरी बेरोजगार जनसङ्ख्या नेपालमा ९ लाख ८ हजार रहेकोमा गण्डकी प्रदेशमा ६० हजार रहेको मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण । आर्थिक वर्ष २०७६/७७ मा मात्र गण्डकी प्रदेशबाट वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको सङ्ख्या कुल ६२,६७८ जना रहेको छ । आर्थिक गणना, २०७५ अनुसार गण्डकी प्रदेशमा सञ्चालनमा रहेका उद्योग व्यवसायको कुल सङ्ख्या १,००,६८४ र रोजगारी प्राप्त व्यक्तिको सङ्ख्या ३,३२,४७२ रहेको छ ।

नेपालमा श्रम, रोजगारी, र सामाजिक सुरक्षा विकास देशको आर्थिक विकास, गरिबी निवारण, र सामाजिक न्यायका लागि अत्यन्त महत्त्वपूर्ण छ । तथापि, यी क्षेत्रहरूमा धेरै सवालहरू र चुनौतीहरू छन् । नेपालमा लगभग १ करोड ६० लाख कुल श्रम शक्ति (सन २०२१) रहेको अनुमान छ भने रोजगारी दर करिब ८९ प्रतिशत र बेरोजगारी दर करिब ११ प्रतिशत रहेको छ । रोजगारीको प्रकारका आधारमा हेर्ने हो भने कुल रोजगारीको करिब ६० प्रतिशत कृषि क्षेत्र, करिब १० प्रतिशत उद्योग क्षेत्र र करिब ३० प्रतिशत सेवा क्षेत्रले योगदान गरेको देखिन्छ ।

राष्ट्रिय श्रम नीति, २०५६ ले श्रमिकहरूको अधिकार संरक्षण, रोजगारी सिर्जना, र श्रमिकहरूको कल्याणलाई प्राथमिकता दिने उद्देश्य राखेको छ । राष्ट्रिय रोजगारी नीति, २०७१ ले रोजगारी सिर्जना, कौशल विकास, र उद्यमशीतालाई प्रोत्साहित गर्ने उद्देश्य राखेको छ । सामाजिक सुरक्षा ऐन, २०७५ ले सामाजिक सुरक्षा कोषको विस्तार, स्वास्थ्य बीमा योजना सुधार, र वृद्धा भत्ता बढाउने उद्देश्य राखेको छ । नेपाल सरकारले २०३० सम्ममा रोजगारी दर बढाएर ९५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । नेपालले दिगो विकास लक्ष्य नं. ८ (उचित रोजगारी र आर्थिक विकास) र लक्ष्य नं. १० (असमानता कम गर्ने) प्राप्त गर्न श्रम, रोजगारी, र सामाजिक सुरक्षा विकासलाई प्राथमिकता दिएको छ ।

४.५.२ समस्या तथा चुनौती

यहाँको प्रमुख समस्या भनेको रोजगारी तथा सुविधाको लागि सहरतिर बसाइसराइ गर्नु रहेको छ । स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाई सराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या लगायत दिनानुदिन परनिर्भरता बढिरहेको छ । पालिकामा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

४.५.३ सम्भावना तथा असर

सानो आकारमा जनसङ्ख्या रहेको भएता पनि यातायात, शिक्षा र स्वास्थ्य क्षेत्रमा विस्तार हुँदै गएको सुधारले केही स्थानीयहरू स्थानीय रोजगारीमा सम्लग्न रहेको पाइन्छ । चुमनुब्री गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तीव्र रूपमा अगाडी बढाइरहेको छ । पछिल्लो समयमा लगाइएको स्याउको स्वादका कारण राम्रो बजार पाउनु, भेडा च्याङ्ग्रा पालनको लागि प्रशस्त मात्रामा घाँसे मैदानहरू हुनु, रैथाने बालीहरूको विकास र विस्तारका लागि पहल हुनु आदि कार्यलाई आर्थिक विकासमा जोड्न सके उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो । सामाजिक सुरक्षा सम्बन्धी भत्ता वितरण कार्यक्रमलाई थप पारदर्शी प्रभावकारी बनाउनको लागि स्थानीय सरकारले सफ्टवयर मार्फत काम गर्न थाल्नु पनि यस क्षेत्रको लागि अवसर हो भन्न सकिन्छ ।

४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"सीपयुक्त, व्यावसायिक जनशक्तिको विकासबाट रोजगारीको सिर्जना भएको हुनेछ,

उद्देश्य

१. श्रमशक्तिको क्षमता, दक्षता तथा व्यावसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु,
२. वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित बनाउनु,

रणनीति र कार्यनीति

तालिका ३९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: श्रमशक्तिको क्षमता, दक्षता तथा व्यावसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु ।	
१.१ युवाहरूमा व्यावसायिक सीप तथा क्षमता अभिवृद्धि गर्ने ।	१. बेरोजगार युवालाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरिनेछ, २. कृषि, पशुपक्षी पालन, माछा पालन एवं बहुमूल्य जडीबुटीका क्षेत्रमा बेरोजगार युवाहरूलाई प्राविधिक ज्ञान तथा व्यावसायिक खेती सम्बन्धी क्षमता विकास तालिम तथा प्रशिक्षणहरू सञ्चालन गरिनेछ, ३. प्राविधिक शिक्षालयसँग सहकार्य गर्दै बेरोजगार युवाहरू व्यवहारिक, प्राविधिक ज्ञान तथा सीप हासिल गर्न प्रोत्साहित गरिनेछ, ४. बजारको मागका आधारमा छोटो अवधिका व्यावसायिक सीप विकास तालिमहरू सञ्चालन गरिनेछ,
१.२ निजी क्षेत्रसँग सहकार्य गरी रोजगारी सिर्जना गर्ने ।	१. गाउँपालिकामा रोजगारी सूचना केन्द्र स्थापना गरी बेरोजगार तथा अर्ध बेरोजगार श्रमशक्ति एवं रोजगारदाताको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरिनेछ, २. निजी क्षेत्रको मागका आधारमा श्रमशक्ति आपूर्ति हुने व्यवस्था मिलाइनेछ । यसका लागि व्यावसायिक क्षमता तथा सीप विकास, पुर्नताजगी तालिमहरू सञ्चालन गरी प्रतिस्पर्धी बनाइनेछ, ३. निजी क्षेत्रसँग सहकार्य गर्दै ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्न प्रोत्साहित गर्दै आवश्यक सुविधाहरू प्रदान गरिनेछ, ४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ, ५. बैक, वित्तीय संस्थासँग सहकार्य गर्दै स्व-रोजगारीका लागि स्टार्टअप ऋण तथा बैक कर्जाका लागि सहजीकरण गरिनेछ,
उद्देश्य २: वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित बनाउनु ।	
२.१ वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने ।	१. वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित गर्न सहायता कक्ष सञ्चालनमा ल्याइनेछ,

रणनीतिहरू	कार्यनीतिहरू
	२. गन्तव्य मुलुकका बारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय जस्ता विषयहरूमा अभिमुखीकरण एवं प्रशिक्षण गरिनेछ, ३. मान्यता प्राप्त संस्थाहरू वाट होटेल सञ्चालन, भौतिक संरचना निर्माण लगायतका मुख्य-मुख्य विषयहरूमा आधारभूत सीप प्रदान गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित र सहज बनाउन सहयोग गरिनेछ, ४. गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरूमा पीडित पक्षलाई कानुनी सहायता उपलब्ध गराई अनावश्यक तनावबाट मुक्त गराइनेछ,
२.२ विप्रेषणलाई पूँजी उत्पादन क्षेत्रमा लगानी गर्ने ।	१. सम्बन्धित परिवारहरूलाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ, २. सम्बन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्रहरू (तरकारी उत्पादन लगायत नगदे बालीहरू) मा लगानी गर्न वा सो क्षेत्रमा व्यावसायिकता विकास गर्न उद्यमशीलता कार्यक्रमहरू सञ्चालन गरिनेछ, ३. वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव एवं पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
१० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या	प्रतिशत	८३.१	८४	८५	८५	८५	८५	८५		
१० वर्ष माथिको आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या मध्ये बेरोजगार जनसङ्ख्या	प्रतिशत	२.२	२	१.८	१.६	१.४	१	१		
कम्तीमा एक परिवार विदेशमा रहेको परिवार	प्रतिशत	२८	२८	२८	२८	२८	२८	२८		
कृषिमा आबद्ध रोजगारी	सङ्ख्या	८६.४२	८५	८४	८३	८२	८१	८१		
गैर कृषिमा आबद्ध रोजगारी	सङ्ख्या	१३.५८	१५	१६	१७	१८	१९	१९		
विप्रेषण (करोडमा)	रुपैयाँ	४६	५१	५६	६१	६७	७४	७४		
आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये)	प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००		
कृषि तथा पशु बिमामा आबद्ध परिवार	प्रतिशत	०	१	५	१०	१५	२५	२५		
सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण	सङ्ख्या	१	१	१	१	१	१	१		
सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना प्रणाली व्यवस्थापन	सङ्ख्या	०	१	१	१	१	१	१		

४.५.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
युवाका लागि श्रम तथा रोजगार सम्बन्धी तालिम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
जेष्ठनागरिक र बालबालिका संरक्षण कार्यक्रम	जना		**२००**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
पर्यटन व्यवसायमा स्थानीयलाई रोजगारी प्राथमिकताका लागि क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
वैदेशिक रोजगार व्यवस्थापन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
पालिकास्तरीय रोजगार सूचना तथा प्रवर्द्धन केन्द्र स्थापना तथा व्यवस्थापन	सङ्ख्या		१	५००	५००	५००	५००	५००	**२५००**	०.२२
श्रम, रोजगारी र सामाजिक सुरक्षाका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
श्रम, रोजगारी र सामाजिक सुरक्षाको जम्मा				**३०००**	**३०००**	**३०००**	**३०००**	**३०००**	**१५०००**	१.३५

४.५.७ श्रम, रोजगारी र सामाजिक सुरक्षा विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
युवाका लागि श्रम तथा रोजगार सम्बन्धी तालिम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	२	३
जेष्ठनागरिक र बालबालिका संरक्षण कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	२	३
पर्यटन व्यवसायमा स्थानीयलाई रोजगारी प्राथमिकताका लागि क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	२	३
वैदेशिक रोजगार व्यवस्थापन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	२	३
पालिकास्तरीय रोजगार सूचना तथा प्रवर्द्धन केन्द्र स्थापना तथा व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	२	३
श्रम, रोजगारी र सामाजिक सुरक्षाका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	१.२	८	२	२	३

परिच्छेद-पाँचः सामाजिक क्षेत्र

सामाजिक विकास समग्र विकासको गतिशील आयाम हो भने आर्थिक विकासको महत्त्वपूर्ण आधार पनि हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । नेपालको संविधान समावेशीताको दृष्टिले विश्वकै उत्कृष्ट संविधान मानिन्छ । संविधानका धेरै धाराहरू सामाजिक विकासको क्षेत्रमा उल्लिखित छन् । संविधानका धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ३१ शिक्षा सम्बन्धी हक, धारा ३२ भाषा तथा संस्कृतिको हक, धारा ३५ स्वास्थ्य सम्बन्धी हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हकका अतिरिक्त धारा २५२ देखि धारा २६३ सम्म विभिन्न लक्षित वर्गमूखी आयोगका बारेमा व्यवस्था गरिएको छ । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष -५ (लैङ्गिक समानता) र लक्ष्य -६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ ।

सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ एवम् सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको सन्दर्भमा यस गाउँपालिकाले निर्धारण गरेको दीर्घकालीन सोच र गाउँपालिका बासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सु निश्चितता गर्ने र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस गाउँपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकाससँग सम्बन्धित अभ्यासहरूलाई निरन्तरता दिइनेछ । साथै आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

नेपालको संविधानले सामाजिक न्याय, समावेशी प्रतिनिधित्व, आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच सहित भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ । सामाजिक विकास दिगो विकासका तीन आयाम मध्ये एक हो । यस क्षेत्रगत योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता उपक्षेत्रलाई समेटेको छ ।

५.१ स्वास्थ्य तथा पोषण

५.१.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा बालबालिकाको कुपोषण, परिवार नियोजन तथा मातृ शिशु कल्याण एवं रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा सहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरू स्थानीय तहमा निहित गरिएको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचलाई नागरिकको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन

चुमनुब्री गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाई पुरा गर्ने नीति लिइएको छ ।

सङ्घीय संरचनामा गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच कायम गर्न प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका रहेको छ । गण्डकी प्रदेशभित्र २० सरकारी अस्पताल, ३८ आधारभूत अस्पताल, ७० निजी अस्पताल, २० प्राथमिक स्वास्थ्य केन्द्र, ४८० स्वास्थ्य चौकी, २०८ सामुदायिक स्वास्थ्य एकाइ, १०४ सहरी स्वास्थ्य केन्द्र, २०८ आधारभूत स्वास्थ्य सेवा केन्द्र र आयुर्वेद सेवातर्फ गण्डकी तथा धौलागिरी गरी २ वटा आयुर्वेद औषधालय, ९ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र ५५ आयुर्वेद औषधालय सञ्चालनमा रहेका छन् ।

गण्डकी प्रदेशमा नागरिकको स्वास्थ्य अवस्था सुधार गर्ने दिशामा उल्लेखनीय उपलब्धि हासिल भएका छन् । कोभिड-१९ को महामारीको नकारात्मक प्रभावका बावजुद अपेक्षित औसत आयु वृद्धि र शिशुको जीवन रक्षा तथा संक्रामक रोग नियन्त्रणको क्षेत्रमा अन्य प्रदेशको तुलनामा उच्च प्रगति हासिल भएको छ । नेपालमा पछिल्लो दुई दशकमा शिशु मृत्युदरमा सुधार हुँदै २१ प्रति हजार जीवित जन्ममा स्थिर रहेकोमा गण्डकी प्रदेशमा प्रति हजार जीवित जन्ममा ८ रहेको छ । त्यसैगरी, पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २३, पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर १९.७ प्रतिशत र दक्ष प्रसूतिकर्मीको सहयोगमा भएको जन्मदर ८९ प्रतिशत रहेको छ । मातृ मृत्युको सन्दर्भमा भने नेपालमा मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा १५१ रहेकोमा गण्डकी प्रदेशमा हाल १६१ रहेको छ । अहिले गण्डकी प्रदेशलाई पूर्ण खोप सुनिश्चित प्रदेशका रूपमा घोषणा गरिएको छ । गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरणको मार्गचित्र (२०७९-२०८७) ले स्वास्थ्य तथा पोषण क्षेत्रको बृहत्तर सुधार गरी अपेक्षित औसत आयु ८० वर्ष, मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा ७० र ५ वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा १५ पुर्याउने लक्ष्य लिएको छ ।

५.१.२ समस्या तथा चुनौती

- कठिन भूगोल र परिवर्तन भइरहने मौसमले स्वास्थ्य संस्थामा सेवा लिन कठिन,
- स्वास्थ्यकर्मीहरू नियमित स्वास्थ्य चौकीमा नहुनू,
- स्वास्थ्य चौकीका भवनहरू साँगुरो र अपर्याप्त अवस्थामा रहेको ।
- सबैलाई पायक पर्ने ठाउँमा भवनहरू नभएको ।
- स्वास्थ्यचौकीहरूमा आवश्यक आधुनिक उपकरण र औषधीहरू उपलब्ध नभएको ।
- आवश्यकता अनुसार शाखाहरू विस्तार गर्न नसकिएको ।
- सबै वडामा जनशक्तिको अभावमा बर्थिन् सेन्टर सञ्चालन गर्न नसकिएको ।
- पर्याप्त सङ्ख्यामा जनशक्ति उपलब्ध हुन नसकेको ।
- कर्मचारीहरू सरुवा भइ रहने हुँदा सेवा प्रवाहमा समस्या हुने गरेको ।
- सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा उपचार सुविधा उपलब्ध हुन नसकेको ।

- कतिपय वडामा नयाँ संरचना निर्माण गर्नु परेको अवस्थामा पर्याप्त जग्गा नभएको ।

५.१.३ सम्भावना तथा अवसर

- हिमाली आयुर्वेद औषधालयमा सोवारिक्वा/आम्ची सेवा विस्तार हुन लागेको ।
  (नेपाल, तिब्बत तथा हिमाली क्षेत्रहरूसँग सम्बन्धित विभिन्न मुलुकहरूमा बौद्ध धर्मावलम्बी लामाहरू रहेका हिमाली क्षेत्रमा हिमाली भाषामा आधारित प्राचीन बौद्धिक ग्रन्थका आधारमा यहाँ पाइने जडीबुटीबाट औषधी निर्माण गरी स्थानीयलाई उपचार गर्ने पद्धतिलाई यहाँको भाषामा सेवारिक्वा/आम्ची भनिन्छ । यो वैज्ञानिक प्रक्रियामा आधारित उपचार पद्धति हो)
- विद्यमान भौतिक संरचनाबाट सेवा प्रवाह गर्न कठिनाइ हुनू।
- रोगको निदान गर्नको लागि न्यूनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नू ।
- समयमै औषधी प्राप्त गर्न नसक्नू ।
- जनशक्ति आवश्यकता अनुसार उपलब्ध नहुनु ।
- स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति सरुवा भई रहनु ।
- पाखो तथा भिरालो जमिनमा भौतिक संरचना बनाउन कठिन हुनु ।
- बजेट र जनशक्तिको अभावमा पायक पर्ने स्थानमा स्वास्थ्य चौकीका शाखाहरू, बर्थिन् सेन्टर लगायत घुम्ती स्वास्थ्य सेवा दिन नसक्नू ।
- आवश्यकता अनुसार औषधीहरूको आपूर्ति बढाउन नसक्नू ।
- भौगोलिक बिकटताले अपाङ्ग, वृद्ध, बृद्धालाई सहज पहुँच पुर्याउन नसक्नू ।

५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"स्वास्थ्य क्षेत्रमा आवश्यक जनशक्ति सहित स्रोत र साधनको व्यवस्था गरी सेवा प्रवाहको क्षमता अभिवृद्धि गर्ने"

उद्देश्य

१. हिमाली आयुर्वेद औषधालयमा सोवारिक्वा/आम्ची सेवाको विस्तारलाई थप प्रभावकारी बनाउनु ।
२. गाउँपालिकास्तरीय अस्पतालमा डाक्टर सहित दक्ष जनशक्ति र भौतिक तथा प्राविधिक सामाग्रीहरूको व्यवस्थापन गरी सेवा प्रवाह थप प्रभावकारी बनाउनु ।
३. चुमनुब्रीका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।
४. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।
५. स्वास्थ्य सेवा सुधारका लागि थप लगानी वातावरण सिर्जना गरी आयुर्वेदिक स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु ।

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ४०: स्वास्थ्यका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू

उद्देश्य नं.१ हिमाली आयुर्वेद औषधालयमा सोवारिक्वा/आम्ची सेवा विस्तार हुन लागेको ।	
५.१.१ हिमाली क्षेत्रमा पाइने सेवारिक्वा आयुर्वेद औषधीको प्रचार/प्रसार सहित सेवाको विस्तार गर्ने	१ हिमाली क्षेत्रमा परम्परादेखि गरिदैं आएको आयुर्वेद औषधी सेवन सम्बन्धी सेवालाई थप वैज्ञानिक बनाउन जोड दिइनेछ । २ यो सेवाको व्यापक उपयोग र विस्तारका लागि थप कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
उद्देश्य नं. २ गाउँपालिकास्तरीय अस्पतालमा डाक्टर सहित दक्ष जनशक्ति र भौतिक तथा प्राविधिक सामाग्रीहरूको व्यवस्थापन गरी सेवा प्रवाह थप प्रभावकारी बनाउनु ।	
५.२.१ दक्ष जनशक्तिको व्यवस्थापन गरी गुणस्तरीय तथा प्रभावकारी सेवा प्रवाह गर्ने	१. गाउँपालिका स्तरीय अस्पतालमा डाक्टर सहित दक्ष जनशक्तिको व्यवस्थापनमा जोड दिइनेछ, २ अस्पतालमा आवश्यक भौतिक सामाग्रीहरू सहित प्रविधि, औजार लगायत औषधीको व्यवस्थापनमा जोड दिइनेछ,
उद्देश्य ३: चुमनुब्रीका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु	
५.३.१: गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने ।	१. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ, २. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ, ३. आवश्यक दक्ष स्वास्थ्य जनशक्ति उत्पादनका लागि योजना निर्माण गरिनेछ, ४. नेपाल सरकारको नीति अनुरूप यस गाउँपालिकामा आधारभूत अस्पताल निर्माण प्रक्रिया अघि बढाइनेछ, ५. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ, ६. स्वास्थ्य सम्बन्धी अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ, ७. स्वास्थ्य तथा पोषणबारे व्यापक जनचेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ, ८. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ, ९. स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ, १०. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ, ११. ल्याब सेवा सञ्चालनका आवश्यक पहल अघि बढाइनेछ,
५.३.२: पालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने ।	१. पालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरिनेछ, २. स्वीकृत दरबन्दी अनुसार जनशक्ति पुग, अपुग भएका स्वास्थ्य संस्थाहरूको विवरण तयार पारिनेछ, ३. दरबन्दी अपुग भएका स्वास्थ्य संस्थाहरूमा जनशक्ति माग र व्यवस्थापनको लागि पालिकाको स्वास्थ्य हेर्न तोकिएको शाखाबाट पहल गरिनेछ, ४. पालिकाले निजी स्रोतबाट जनशक्ति थप गर्ने अवस्था भएमा तोकिएको विधि र प्रक्रियाबाट आवश्यक सङ्ख्यामा विज्ञापन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ,

	५. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ,
उद्देश्य ४: स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।	
५.४.१: पोषणयुक्त खानेकुरोको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने ।	१. गुणस्तरीय एवम् स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ, २. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ, ३. "सुनौला हजार दिन" सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिइनेछ, ४. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ,
५.४.२: मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।	१. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ, २. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवाका बारेमा जनचेतना अभिवृद्धि गरिनेछ,
उद्देश्य ५: स्वास्थ्य सेवा सुधारका लागि थप लगानी वातावरण सिर्जना गरी आयुर्वेदिक स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु ।	
५.५.१: स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने ।	१. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्ग-संस्थाहरू बीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ, २. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ, ३. भौगोलिक अवस्थिति र जनसङ्ख्याको आधारमा प्रचलित भवन संहिता अनुसार स्वास्थ्य संस्थाहरू निर्माण गरिनुका साथै ती संरचनाहरूलाई अपाङ्गमैत्री, बालमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ,
५.५.२: चुमनुब्री गाउँपालिकामा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरूको संरक्षण एवम् व्यवस्थित विकास गर्ने ।	१. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा आयुर्वेदिक औषधी उत्पादन वृद्धि गरिनुका साथै आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरूलाई नियमन गरिनेछ, २. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ,

५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)						पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	जम्मा		
अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	६९	६९	७०	७०	७१	७१	७१		
३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार	प्रतिशत	७	१०	१५	२०	२५	३०	३०		
आधारभूत स्वास्थ्य केन्द्र	सङ्ख्या	२	२	२	२	२	२	२		
अस्पताल	सङ्ख्या	०	१	१	१	१	१	१		
बेड	सङ्ख्या	०	५	५	५	५	५	५		
हेल्थ पोष्ट	सङ्ख्या	५	५	५	५	५	५	५		
स्वास्थ्य एकाइ	सङ्ख्या	११	११	११	११	११	११	११		
विशेषज्ञ चिकित्सक	सङ्ख्या	०	१	१	१	१	१	१		
मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता	सङ्ख्या	३५	५०	६०	७०	७०	७०	७०		
संस्थागत सुत्केरी सेवाको दायरा	प्रतिशत	४६	५०	७२	७५	७८	८०	८०		
दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला	प्रतिशत	४०	५०	६०	६५	७०	७५	७५		
बर्थिङ सेन्टर	सङ्ख्या	४	४	५	६	७	७	७		
गर्भावस्थाको परीक्षण दर	प्रतिशत	७६	८०	८२	८५	९०	१००	१००		
५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	दर	०	०	०	०	०	०	०		
शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	दर	०	०	०	०	०	०	०		
नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	दर	०	०	०	०	०	०	०		
पूर्ण खोप	प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००		
भिटामिन ए खाने बालबालिका	प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००		
झाडा पखालाको संक्रमण दर	प्रतिशत	२	१	१	०	०	०	०		
महिला स्वास्थ्य स्वयंसेविका	सङ्ख्या	६३	६३	६३	६३	६३	६३	६३		

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन	सङ्ख्या	१८	१८	१८	१८	१८	१८	१८		
आधुनिक उपकरण सहितका स्वास्थ्य भवन	सङ्ख्या	१	१	२	३	४	५	५		
आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था	सङ्ख्या	७	७	७	७	७	७	७		

५.१.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
५ सैया अस्पताल निर्माण तथा सञ्चालन	एकमुस्ट					१५००	१००००	१५०००	**२६५००**	२.३८
बस्तीस्तरमा स्वस्थ खाना एवम् पोषण सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम	पटक		**५**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
सुत्केरी तथा गर्भवती महिला सुरक्षित स्वास्थ्य विशेष कार्यक्रम	सङ्ख्या		**५**	१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
सबै वडामा बाह्रै महिना खोप सञ्चालनका लागि विशेष व्यवस्था	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
स्वास्थ्यचौकीहरूमा भौतिक सामाग्री व्यवस्थापन, एक्स रे मेसिन तथा प्रविधि जडान कार्यक्रम	एकमुस्ट			५०००	५०००	५०००	५०००	५०००	**२५०००**	२.२४
सबै स्वास्थ्यचौकीमा न्यानो कोठा (Hot Room) को व्यवस्थापन	सङ्ख्या		**७**	१५००	१५००	१५००	१५००	१५००	**७५००**	०.६७
अति गरिब महिला, सुत्केरी तथा गर्भवती महिला र शिशु स्वास्थ्य सहायता कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
स्वास्थ्यचौकीमा पर्खाल निर्माण तथा महिला पुरुषका छुट्टा छुट्टै शौचालय निर्माण कार्यक्रम	सङ्ख्या		**७**	१५००	१५००	१५००	१५००	१५००	**७५००**	०.६७
स्वास्थ्य बिमा प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
विद्यालयमा जङ्क फूड निरुत्साहन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
स्थानीय स्तरमा उत्पादन हुने खाद्य सामाग्रीहरूको बारेमा जानकारीमूलक अभियान सञ्चालन	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.२२
बर्थिङ सेन्टर थप तथा गुणस्तर सुधार कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५
स्वास्थ्य तथा पोषणका सालबसाली कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५
स्वास्थ्य तथा पोषणको जम्मा				**१४०००**	**१४०००**	**१५५००**	**२४०००**	**२९०००**	**९६५००**	८.६६

५.१.७ स्वास्थ्य तथा पोषण विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
५ सैया अस्पताल निर्माण तथा सञ्चालन	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३
बस्तीस्तरमा स्वस्थ खाना एवम् पोषण सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३
सुत्केरी तथा गर्भवती महिला सुरक्षित स्वास्थ्य विशेष कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३
सबै वडामा बाह्रै महिना खोप सञ्चालनका लागि विशेष व्यवस्था	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३
स्वास्थ्यचौकीहरूमा भौतिक सामाग्री व्यवस्थापन, एक्स रे मेसिन तथा प्रविधि जडान कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३
सबै स्वास्थ्यचौकीमा न्यानो कोठा (Hot Room) को व्यवस्थापन	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३
अति गरिब महिला, सुत्केरी तथा गर्भवती महिला र शिशु स्वास्थ्य सहायता कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३
स्वास्थ्यचौकीमा पर्खाल निर्माण तथा महिला पुरुषका छुट्टा छुट्टै शौचालय निर्माण कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
स्वास्थ्य बिमा प्रवर्द्धन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३
विद्यालयमा जङ्क फूड निरुत्साहन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	३	३
स्थानीय स्तरमा उत्पादन हुने खाद्य सामाग्रीहरूको बारेमा जानकारीमूलक अभियान सञ्चालन	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	१	३
बर्थिङ सेन्टर थप तथा गुणस्तर सुधार कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	१	३
स्वास्थ्य तथा पोषणका सालबसाली कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	३	२	२	३

५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

५.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामाग्री विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवं विद्यालयहरूको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरूका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

नेपालमा शिक्षा विकास देशको सामाजिक, आर्थिक, र मानव पूँजी विकासका लागि अत्यन्त महत्त्वपूर्ण छ । तथापि, यस क्षेत्रमा धेरै सवाल र चुनौतीहरू रहेका छन् । नेपालमा शिक्षा विकासको विद्यमान अवस्था विश्लेषण गर्दा राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कूल साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको देखिन्छ । करिब ९८ प्रतिशत विद्यालय जाने उमेरका बालबालिका प्राथमिक शिक्षाको पहुँचमा रहेकोमा करिब ७५ प्रतिशतको मात्र माध्यमिक शिक्षाको पहुँचमा रहेको तथा उच्च शिक्षामा करिब २५ प्रतिशत मात्र अध्ययनरत रहेको विभिन्न तथ्याङ्कले देखाउँछ ।

नेपालमा ३५,००० भन्दा बढी विद्यालयहरू (सरकारी र निजी) ले आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्न प्रत्यक्ष योगदान गरिरहेका छन् भने १,५०० बढी कलेजहरू (सरकारी र निजी) ले उच्च शिक्षा प्रदान गर्न प्रत्यक्ष योगदान गरिरहेका छन् र करिब एक दर्जन विश्वविद्यालयहरू शिक्षा विकासको हिस्सेदार रहेका छन् । शिक्षक विद्यार्थीको अनुपात हेर्दा प्राथमिक शिक्षामा करिब १:३० (एक शिक्षक बराबरी ३० विद्यार्थी) र माध्यमिक शिक्षामा करिब १:४० (एक शिक्षक बराबरी ४० विद्यार्थी) रहेको देखिन्छ ।

गण्डकी प्रदेश सरकारले शैक्षिक क्षेत्रको उन्नयनका लागि गण्डकी प्रदेश शिक्षा नीति, २०७८ जारी गरेको छ । दिगो विकासका लक्ष्य, सोह्रौं योजना र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना समेतको व्यवस्था अनुरूप पाँच वर्षे प्रादेशिक शिक्षा क्षेत्र रणनीतिक योजना (२०७९/८०-२०८३/८४) तयार भई कार्यान्वयनमा रहेको छ । यस अवधिमा गण्डकी विश्वविद्यालय स्थापना भई हाल सञ्चालनमा रहेको छ । यसैगरी, गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरूपको मानव संसाधन विकास गर्न गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना भएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशको ५ वर्षमाथिको साक्षरता दर ८१.७ प्रतिशत रहेको छ । प्रदेशमा सामुदायिक र संस्थागत गरी कुल ६४४ वटा विद्यालय, २ वटा विश्वविद्यालय, १५२ वटा क्याम्पस र २६० वटा प्राविधिक विद्यालय/शिक्षालय/प्रतिष्ठान सञ्चालनमा रहेका छन्। कुल १०० वटा विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषयको पढाइ हुने गरेको छ । पूर्वप्राथमिक कक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको भर्ना दर ८२.१ प्रतिशत रहेको छ । आधारभूत तह (कक्षा १-५) को खुद भर्ना दर करिब ९७ प्रतिशत रहेको छ । दुर्गम तथा हिमाली क्षेत्रका ४ विद्यालय आवासीय माध्यमिक विद्यालयका रुपमा कार्यरत छन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ तथा राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति २०७६ ले शिक्षाको गुणस्तर सुधार, शिक्षा पहुँच बढाउने, र शिक्षक प्रशिक्षणलाई प्राथमिकता दिने उद्देश्य राखेको छ भने शिक्षा नियमावली, २०५९ ले बालबालिकाहरूलाई निःशुल्क शिक्षा प्रदान गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले २०३० सम्ममा सबै नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । नेपालले दिगो विकास लक्ष्य नं. ४ (उत्तम शिक्षा) प्राप्त गर्न शिक्षा विकासलाई प्राथमिकता दिएको छ ।

५.२.२ समस्या तथा चुनौती

- भौगोलिक बिकटता र मौसमको समस्या हुनु ।
- गुणस्तरीय, जीवन उपयोगी र व्यवहारिक शिक्षाका अवसर सुनिश्चित गराउनु,
- सबै तहको शिक्षामा समन्यायिक पहुँच विस्तार गर्नु,
- गुणस्तरीय शिक्षाको लागि पूर्वाधार विकास, विस्तार र स्तरोन्नती तथा संस्थागत सुधार गर्नु,
- गुणस्तरीय शिक्षाको लागि अन्तर सरकार विकास साझेदार र निजी क्षेत्रको साझेदारी तथा संविधानको मर्म भावना अनुसार प्रभावकारी बनाउनु,
- सबै तहको शिक्षालाई सीपमूलक, समावेशी र गुणस्तरीय बनाउनु ।
- खासगरी आर्थिक तथा सामाजिक रूपले पछाडि परेका सीमान्तकृत समुदाय तथा दुर्गम र पिछडिएका क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु (सुविधा विहीन समूहका बालबालिकाहरू विद्यालय बाहिरै रहिरहनु)।
- शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासनको प्रत्याभूति दिनु ।
- राजनीतिक प्रभावबाट शिक्षा क्षेत्रलाई मुक्त पार्नु ।
- दरबन्दी अनुसार विषय शिक्षकको अभाव हुँदा जनशक्ति परिचालनमा समस्या हुनु ।
- शिक्षण संस्थामा यातायात सेवाको सहज पहुँचको कमी हुनु ।
- सरकारी भन्दा निजी विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नु ।
- अङ्ग्रेजी माध्यम र विद्यालयमा विविध सुविधाको अभावमा सरकारी विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या घट्दै जानु ।

५.२.३ सम्भावना तथा अवसर

- साक्षरताको स्तर राम्रो हुनु,
- गुम्बाहरूमा शैक्षिक पठन पाठन सञ्चालन भइरहनु,
- समुदायमा प्राविधिक शिक्षाप्रतिको बढ्दो आकर्षण र जागरूकता,
- संविधानले नै शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्नु,
- दिगो विकासका लक्ष्यहरूप्रति सबै तहका सरकारको प्रतिबद्धता रहनु,
- स्थानीय तहमा शासकीय संरचना स्थापना र क्रियाशिल भइसक्नु,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको लागि पहिलो पटक छुट्टै ऐनको निर्माण हुनु,

- दिगो विकास लक्ष्य, २०३० प्राप्तिका लागि नेपाल सरकार तथा प्रदेश सरकारले गरेका प्रतिबद्धता अनुरूप सुस्पष्ट मार्गचित्र तय हुनु,
- प्राविधिक तथा व्यावसायिक सीप प्रतिको युवाको आकर्षण रहनु,
- शैक्षिक गुणस्तर माथि उकास्न विद्यमान विभिन्न स्रोत र साधनहरूको प्रयोग गरी सुधार गर्न सकिनु,
- अभिभावकहरूमा थप जागरुकता विकास गरी शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिनु,
- शैक्षिक विकासमा टेवा पुऱ्याइ आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउन सकिनु,
- पर्याप्त जग्गा जमिन उपलब्धता भएको कारणले आवश्यक शैक्षिक पूर्वाधार निर्माण गर्न सकिनु,
- प्राविधिक शिक्षालय स्थापना गर्न उपयुक्त परिवेश रहनु,
- सिटिइभिटीको विद्यालय यही जिल्लामा सञ्चालन हुनु,

५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"सबैका लागि गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षा सुलभ, सहज तथा पहुँचमा भएको हुनेछ,"

उद्देश्य

१. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गरिने तथा तालिमको व्यवस्था गर्नु ।
२. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु ।
४. गाउँपालिकामा सामाजिक तथा शैक्षिक विकासका लागि उच्च अध्ययन संस्थाको स्थापना गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउनु ।

रणनीति र कार्यनीति

तालिका ४१: शिक्षाका रणनीति तथा कार्यनीतिहरू

रणनीति	कार्यनीति
उद्देश्य १: दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गरिने तथा तालिमको व्यवस्था गर्नु ।	
५.२.१: विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने ।	१. शिक्षण कार्यक्रम सञ्चालन हुँदै आएका विद्यालय तथा गुम्बाका भवन लगायत अन्य संरचनाको निर्माण सहित व्यवस्थापनमा जोड दिइनेछ, २. सबै महिना शैक्षिक पठन पाठन सञ्चालन गर्नका लागि तातो कोठा (Hot Room) निर्माण तथा व्यवस्थापनमा जोड दिइनेछ, ३. गाउँपालिकामा शिक्षा नीतिको तर्जुमा, ऐन तथा नियमावलीको कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ, ४. विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गरिनेछ, ५. गाउँपालिकाका सबै विद्यालयहरूमा शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी गाउँपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ,

	६. शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि गरिनेछ, ७. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यक परेमा गाउँ शिक्षा समिति र वडा शिक्षा समितिको सिफारिसमा मर्जिङ् गरिनेछ, ८. विद्यालयमा दिइने ननसेलरी रकम शैक्षिक सामग्री निर्माण र प्रयोगमा खर्च भए नभएको गाउँपालिकाको शिक्षा शाखा/वडा मार्फत नियमित अनुगमन गरिनेछ, ९. अनुमति भए तापनि आवश्यक दरबन्दी विना सञ्चालन भएका विद्यालयहरूलाई शिक्षक व्यवस्थापनका लागि पटके अनुदान दिन वडामा कार्ययोजना बनाई वडा/गाउँपालिकाबाट रकम उपलब्ध गराइनेछ, १०. उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गाउँपालिका मार्फत गरिनेछ, ११. सबै विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण गराई सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ, १२. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ, १३. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको स्थापना गरिनेछ, १४. शिक्षा प्रणालीमा कार्यरत सबै प्रकारका जनशक्तिको पेसागत जबाफदेहीता, सदाचारिता तथा नैतिकता जस्ता सेवा प्रवाहका आधारभूत मापदण्ड पालनाका लागि आवश्यक कार्यविधि निर्माण गरी लागू गरिनेछ, १५. शैक्षिक गुणस्तरका आधारमा राम्रा र नराम्रा विद्यालयको वर्गीकरण गरी, एक अर्कामा अनुगमन गर्न लगाइनेछ, १६. सामुदायिक, संस्थागत लगायत सबै प्रकारका विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ, १७. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ, १८. शिक्षकले हरेक हप्ता, विद्यालयले हरेक महिना एवम् गाउँपालिकाले त्रैमासिक रूपमा विद्यार्थी मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिनेछ । उत्तरपुस्तिका परीक्षण अन्तर विद्यालयमा गरिनेछ, १९. बालविकास केन्द्रका शिक्षक र सबै तहका महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ, २०. माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दीको निकै अभाव भएको सन्दर्भमा तत्काल शिक्षक परिपूर्ति गर्ने प्रयोजनका लागि क्याम्पस तहमा उत्कृष्टता हासिल गरेका योग्य स्वयंसेवक शिक्षकको व्यवस्था र परिचालनका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ, २१. गुणस्तरीय सिकाइ सुनिश्चित गर्नका लागि घरमा पढ्ने वातावरण तयार गर्न तथा विद्यालयमा आवश्यक सरसल्लाह र सहयोगका लागि अभिभावकहरूलाई सचेतीकरण गर्न अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

	२२. सङ्गीत र खेलकुद शिक्षालाई प्रवर्द्धन गर्न गाउँपालिकामा कम्तीमा एकवटा सङ्गीत तथा खेलकुद विशेष कार्यक्रम सञ्चालन गर्न छनोट गरिएको उपयुक्त विद्यालयलाई प्रदेश सरकारसँग समन्वय गरी प्राविधिक तथा भौतिक सहायता उपलब्ध गराइनेछ । २३. जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठयपुस्तकको विकास गरिनेछ ।
५.२.२: गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने ।	१. गुणस्तरीय शिक्षाको लागि शिक्षकहरूको पेसागत दक्षतामा अभिवृद्धि गर्न शिक्षा तथा मानव विकास केन्द्रसँग समन्वय गरी कार्यरत शिक्षकहरू तालिम दिन एक "मानव विकास तालिम केन्द्र" सञ्चालन गरिनेछ, २. स्थानीय आवश्यकताको आधारमा तालिमको पाठ्यक्रमको मोड्युल बनाई सञ्चालनमा ल्याइनेछ, ३. शिक्षकहरूको पेसागत तथा विषयगत सञ्जाल निर्माण गरी विज्ञ प्रशिक्षक तयार गरिने र स्थानीय मागमा आधारित तालिम सञ्चालन गरिनेछ, ४. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ, ५. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ, ६. आधारभूत तहको प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेसागत दक्षता बढाइनेछ,
५.२.३: सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षाबीचको गुणस्तरमा रहेको अन्तर घटाउन सार्वजनिक विद्यालयमा उचित व्यवस्थापनको लागि बजेटको व्यवस्था गरिनेछ ।	१. प्रत्येक विषयका विषयविज्ञद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ, २. अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ, ३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहाने विद्यालयका शिक्षकलाई आवश्यक भाषागत तालिमको व्यवस्था गरिनेछ, ४. प्रत्येक भर्ना समयमा घरदैलो कार्यक्रम राखी अभिभावकहरूलाई शिक्षाको अनिवार्यताबारे जानकारी गराउँदै सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराइनेछ, ५. शिक्षा सम्बन्धी गठित समितिलाई सक्रिय गराइनेछ, ६. विद्यार्थीको रुचि, आवश्यकता र चाहनालाई ध्यानमा राखी स्थानीय समुदायको संस्कृति झल्कने खालका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ, ७. पूर्व प्राथमिकतह र बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रमा नै तयार गर्ने व्यवस्था गरिनेछ, ८. प्रत्येक वडामा कम्तीमा एउटा नमुना वालविकास केन्द्रको व्यवस्था गरिनेछ, ९. निजी विद्यालयमा छोराछोरी पढाउन रुचाउने प्रवृत्तिलाई निरुत्साहित गर्न सार्वजनिक शिक्षण संस्थाहरूको स्तरोन्नति गरिनेछ,
५.२.४: विद्यालयको पूर्वाधार निर्माण गर्ने ।	१. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ, २. विद्यालयको पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ, ३. प्रत्येक विद्यालयमा सुरक्षित तथा स्वस्थका शौचालयको पर्याप्त व्यवस्था गरिनेछ । छात्र र छात्राका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गरिनेछ, ४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ,

	५. विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ,
उद्देश्य २: सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।	
५.२.१: सबै नागरिकलाई आधारभूत शिक्षाको हक सुनिश्चित गरिनुका साथै सबै बालबालिकाहरूका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउने ।	१. प्रत्येक बालबालिकालाई सामुदायिक विद्यालय मार्फत निशुल्क र अनिवार्य आधारभूत शिक्षा उपलब्ध गराइनेछ, २. दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रहरूका विद्यालयलाई नमुना आवासीय विद्यालयका रूपमा रूपान्तरण गरिनेछ । बाटो नभएको ठाउँमा बाटो र सम्भव भएको ठाउँमा आवश्यक परे स्कुलबसको व्यवस्था समेत गरिनेछ, ३. गाउँ शिक्षा समिति र वडा शिक्षा समिति गठन र क्रियाशिल गर्दै विद्यालय सेवा क्षेत्र भित्रका सरोकारवालाहरूको भेला गराइ आधारभूत शिक्षामा पहुँच नपुगेकाको पहिचान गरी तथ्याङ्क सङ्कलन गरिनेछ र शिक्षामा पहुँच न पुग्नको कारण पत्ता लगाइनेछ, ४. वडा कार्यालयको सहयोगमा निरन्तर रूपमा विद्यालयमा आफ्ना छोराछोरी पठाउने अभिभावक, स्वयम् विद्यार्थी र कक्षा शिक्षक लगायतलाई सम्मानका कार्यक्रम बनाइनेछ। ५. वडा कार्यालयहरू मार्फत, आधारभूत तहका लागि दिवा खाजाको व्यवस्था गरिनेछ, ६. गाउँपालिका स्तरमा एक शिक्षा कोषको स्थापना गरी गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशका तथा शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ, ७. वडा कार्यालयहरूबाट आवश्यकता अनुसार अनौपचारिक शिक्षा कक्षा र बालविकास केन्द्रको स्थापना गरिनेछ, ८. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ, ९. गाउँपालिकाको कुल बजेटको कम्तीमा २५ प्रतिशत प्राथमिकताका साथ शिक्षामा लगानी गरिनेछ, १०. विपन्न परिवारका अभिभावकहरूलाई आफ्ना छोराछोरी विद्यालयमा नियमित पढ्न तथा सिक्न पठाए वापत पुरस्कार तथा प्रोत्साहन स्वरूप सम्मान गरिनेछ, ११. हेलचेक्र्याइँ वा बेवास्ता गरी बालबालिकाहरूलाई नियमित विद्यालय नपठाउने अभिभावकहरूलाई नियमित विद्यालय नपठाउदाँसम्म गाउँपालिका र वडा कार्यालयबाट प्रदान गरिने सबै सुविधाबाट वञ्चित गरिनेछ, १२. आधारभूत तह सम्मको शिक्षा पढाउन नसक्ने अभिभावकका छोराछोरीलाई छात्रवृत्ति, पुस्तक, पोसाकको व्यवस्था गरिनेछ, १३. अभिभावक विहीन बालबालिकाको सुरक्षा सहित अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गाउँपालिकाले गर्नेछ, १४. एसइइ भन्दा माथिको अध्ययनका लागि डिस्टिङ्सन भन्दा माथि ल्याउने गरिब विपन्न परिवारका विद्यार्थीलाई गाउँपालिकाले विद्यार्थीले तिर्ने शिक्षण-शुल्कको ५० % सम्म व्यहोर्ने व्यवस्था गरिनेछ,
५.२.२: दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको	१. वडा अध्यक्षको संयोजकत्वमा शिक्षक, अभिभावक सम्मिलित समिति गठन गरी दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित बालबालिकाको पहिचान गरिनेछ, २. दलित, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न बालबालिकाहरूलाई पहिचान गरी उचित छात्रवृत्ति तथा आर्थिक सहयोग उपलब्ध गराई आधारभूत तह देखि उच्च शिक्षा सम्मको शिक्षा निःशुल्क गरिनेछ,

शिक्षाको हक सुनिश्चित गर्ने ।	३. दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई सांकेतिक भाषामा निःशुल्क शिक्षाको लागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ, ४. विपन्न तथा लक्षित वर्गका बालबालिकाहरूलाई प्रोत्साहन गर्न उनीहरूको शिक्षाप्रतिको इच्छा, मेहनत र नतिजाका आधारमा उचित छात्रवृत्ति तथा आर्थिक सुविधाहरू उपलब्ध गराइनेछ, ५. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ, ६. परिचयपत्र नपाएका अपाङ्गता भएका बालबालिकालाई परिचयपत्र प्रदान गरिनेछ, ७. दलित र अपाङ्गता भएका बालबालिकालाई उच्च शिक्षाका लागि गाउँपालिकाले वडाको सिफारिसमा सम्बन्धित क्याम्पस, प्रदेश तथा सङ्घहरूमा सिफारिस गरिनेछ, ८. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाका लागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ, ९. ब्रेनलिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा गाउँपालिकाबाट व्यवस्थापन गरिनेछ, १०. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ,
५.२.३: अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने ।	१. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने अथवा नचाहने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न तथा व्यक्तिका स्वार्जित ज्ञान, सीपलाई प्रमाणीकरण (Certification) गर्न समानान्तर र समकक्षी खुल्ला तथा वैकल्पिक शिक्षा प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ, २. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नवसाक्षर, विभिन्न व्यवसायकर्मी, बीचमा विद्यालय छाडेका युवा, अनुकूल समयमा सिक्न चाहने व्यक्ति, फरक सिकाइ आवश्यकता र रुचि भएका व्यक्ति लगायतका बहुलक्षित समूहका नागरिकलाई मागमा आधारित प्रविधि तथा वित्तीय साक्षरता जस्ता शिक्षा प्याकेज प्रदेश सरकारसँग समन्वय गरी सञ्चालन गरिनेछ ३. गाउँपालिका भित्र ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ, ४. एक विद्यालय एक पुस्तकालय तथा एक वडा-एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचना माथिको पहुँच र पढ्ने बानीको विकास गरी सबैका लागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ, ५. विशेष कारणले नियमित विद्यालय वा क्याम्पस जान नसक्ने विद्यार्थीहरूका लागि सूचना प्रविधिमा आधारित खुल्ला तथा दूर शिक्षा (अनलाइन तथा डिस्टयान्स लनिर्ङ)लाई प्रवर्द्धन गरिनेछ, ६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमुना कक्षाको प्रसारण स्थानीय, टेलिभिजन तथा एफ एम मार्फत गर्ने व्यवस्था गरिनेछ,
उद्देश्य ३: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउने ।	

५.३.१: सबै विद्यार्थीलाई आधारभूत प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्ने ।	१. आधारभूत तहको प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्न विद्यालय शिक्षाको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ, २. विद्यालयलाई वातावरणीय दृष्टिले जीवन्त प्रयोगशाला बनाउन भौतिक तथा प्राविधिक पक्षको विकास गरी सुदृढीकरण गरिनेछ, ३. विद्यालय शिक्षामा जीवनोपयोगी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ,
५.३.२: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने ।	१. गाउँपालिकामा दक्ष प्राविधिक जनशक्तिको माग र आपूर्ति अवस्थाबारे अध्ययन गरिनेछ । २. प्रत्येक वडामा कम्तीमा एक माध्यामिक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९-१२ को प्राविधिक धार सञ्चालन गरिनेछ, ३. साधारण विषय पढाउने विद्यालयलाई बजारमा उच्च माग भएका प्राविधिक तथा व्यावसायिक विषयको पढाइ थप गर्न प्रोत्साहन, पहल र स्रोतका लागि आवश्यक सहयोग गरिनेछ, ४. विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ, ५. माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ,
उद्देश्य ४: गाउँपालिकामा समग्र शैक्षिक विकासका लागि उच्च अध्ययन संस्थाको स्थापना गरिनेछ ।	
५.४.१: उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने ।	१. गाउँपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासका लागि उच्च शिक्षामा प्राविधिक विषयको क्याम्पस, बहुप्राविधिक शिक्षालय र बहुसङ्काय क्याम्पस स्थापनाको पहलका लागि सम्भाव्यता अध्ययन गरिनेछ, २. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिका भित्र कम्तीमा एउटा प्राविधिक क्याम्पस र एक पोलीटेक्नीकल शिक्षालय स्थापना गरिनेछ, ३. विभिन्न सङ्कायमा उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिका भित्र कम्तीमा एउटा बहुमुखी क्याम्पस स्थापना गरिनेछ,
उद्देश्य ५: संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाइनेछ ।	
५.५.१: संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामूलक बनाउने ।	१. प्रत्येक कक्षामा १५ प्रतिशत गरिब र विपन्न विद्यार्थीलाई वडाको सिफारिसमा निःशुल्क पढाउने व्यवस्था गरिनेछ, २. गाउँ शिक्षा शाखाबाट विद्यालय सञ्चालन तथा व्यवस्थापनको नियमित अनुगमन गरी गाउँपालिकामा प्रतिवेदन पेस गरिनेछ, ३. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ, ४. संस्थागत विद्यालयहरूको नियमनका लागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ,

५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	६२.६६	६३	६४	६५	६६	६७	६७		
साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत	५८.५	५९	६०	६१	६२	६३	६३		
युवा साक्षरता दर (१५-२४ वर्ष)	प्रतिशत	९२.४	९३	९४	९५	९६	९६	९६		
बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर	प्रतिशत	४२	४५	५०	६०	७०	८०	८०		
प्राविधिक धारका विद्यालय सञ्चालन	सङ्ख्या	०	१	१	१	१	१	१		
प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या	सङ्ख्या	०	२०	२५	३०	३५	४०	४०		
माध्यमिक विद्यालय	सङ्ख्या	३	४	५	६	७	७	७		
बाल क्लब गठन भएका विद्यालय	सङ्ख्या	३	१०	१५	१८	२१	२१	२१		
कम्प्युटर प्रयोगशाला भएका विद्यालय	सङ्ख्या	४	५	६	७	८	९	९		
विज्ञान प्रयोगशाला भएका विद्यालय	सङ्ख्या	४	५	६	७	८	९	९		
आधारभूत विद्यालय	सङ्ख्या	१८	१७	१६	१५	१४	१४	१४		
छात्रामैत्री विद्यालय	सङ्ख्या	५	६	७	८	९	१०	१०		
अपाङ्गतामैत्री विद्यालय	सङ्ख्या	०	१	२	३	४	५	५		
आवासीय विद्यालय	सङ्ख्या	०	०	१	१	२	३	३		
माध्यमिक शिक्षा कक्षा (९-१२) सञ्चालित सामुदायिक विद्यालय	सङ्ख्या	३	३	४	५	६	७	७		
सामुदायिक विद्यालय	सङ्ख्या	२४	२४	२४	२४	२४	२४	२४		
संस्थागत विद्यालय	सङ्ख्या	२	२	२	२	२	२	२		
प्राविधिक विषयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी	सङ्ख्या	०	५	१०	१५	१५	१५	१५		
प्राविधिक विषयमा अध्ययनरत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी	सङ्ख्या	०	५	१०	१५	१५	१५	१५		

५.२.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
सबै विद्यालयको भौतिक अवस्था सुधार कार्यक्रम	एकमुस्ट			५०००	५०००	५०००	५०००	५०००	**२५०००**	२.२४
छात्रावास नभएका माध्यमिक विद्यालयहरूमा छात्रावासको लागि भवन निर्माण योजना	सङ्ख्या		**३**			१००००	१००००	१००००	**३००००**	२.६९
गुणस्तरीय शिक्षा प्रवर्द्धन विशेष कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
एक वडा एक मा. वि. सञ्चालन	सङ्ख्या	३	**७**	१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
विद्यालयमा शिक्षक दरबन्दी व्यवस्थापन	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
स्थानीय पाठ्यक्रमको निरन्तरता तथा विस्तार कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
स्थानीय बालमैत्री विकासको लागि विद्यालय तथा समुदायस्तरीय बाल क्लब गठन तथा व्यवस्थापन	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
गुम्बामा अध्यापन गर्ने शिक्षकहरूको लागि सुविधा थप	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
सबै बस्तीहरूमा प्रौढ शिक्षा सञ्चालन कार्यक्रम	पटक		**५**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
एक वडा एक नमुना विद्यालय सञ्चालन कार्यक्रम	सङ्ख्या		**५**	२०००	२०००	२०००	२०००	२०००	**१००००**	०.९०
एक टोल एक पूर्व बाल कक्षा सञ्चालन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
शिक्षा, विज्ञान तथा नवप्रवर्तनका सालबसाली कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
शिक्षा, विज्ञान तथा नवप्रवर्तनको जम्मा				**१३०००**	**१३०००**	**२३०००**	**२३०००**	**२३०००**	**९५०००**	८.५३

५.२.७ शिक्षा, विज्ञान तथा नवप्रवर्तन विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
सबै विद्यालयको भौतिक अवस्था सुधार कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	२	३
छात्रावास नभएका माध्यमिक विद्यालयहरूमा छात्रावासको लागि भवन निर्माण योजना	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	२	३
गुणस्तरीय शिक्षा प्रवर्द्धन विशेष कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	१	३
एक वडा एक मा. वि. सञ्चालन	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	३	३
विद्यालयमा शिक्षक दरबन्दी व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	३	३
स्थानीय पाठ्यक्रमको निरन्तरता तथा विस्तार कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	३	३
स्थानीय बालमैत्री विकासको लागि विद्यालय तथा समुदायस्तरीय बाल क्लब गठन तथा व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	३	३
गुम्बामा अध्यापन गर्ने शिक्षकहरूको लागि सुविधा थप	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	३	३
सबै बस्तीहरूमा प्रौढ शिक्षा सञ्चालन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	३	३
एक वडा एक नमुना विद्यालय सञ्चालन कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	३	३
एक टोल एक पूर्व बाल कक्षा सञ्चालन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	३	३
शिक्षा, विज्ञान तथा नवप्रवर्तनका सालबसाली कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	४	२	२	३

५.३ खानेपानी तथा सरसफाइ

५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा र स्वच्छ खानेपानीमा पहुँचलाई नेपालको संविधान, २०७४ मा नागरिकहरूको मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ । त्यसैगरी दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्त्वपूर्ण लक्ष्य सूचकको रूपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

नेपालमा पानी, सरसफाइ र स्वच्छता (वास) क्षेत्रको विकासले गत केही वर्षमा उल्लेख्य प्रगति गरेको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) र युनिसेफको २०२३ को प्रतिवेदन अनुसार, नेपालको लगभग ९४ प्रतिशत जनताले आधारभूत पिउने पानीको पहुँच प्राप्त गरेका छन् । तथापि, विशेष गरी ग्रामीण क्षेत्रहरूमा गुणस्तरीय पानीको पहुँच अझै चुनौतीपूर्ण छ । सरसफाइको अवस्थामा सुधार भएको छ र हाल देशको ९२ प्रतिशत जनताले आधारभूत सरसफाइ सुविधा प्रयोग गरिरहेका छन् । तर, खुला दिसा पद्धति अझै पनि केही क्षेत्रहरूमा प्रचलनमा छ, जसले स्वास्थ्यमा नकारात्मक असर गर्न सक्छ । स्वच्छताको क्षेत्रमा, नेपालले उल्लेख्य प्रगति गरेको छ, र हाल ९५ प्रतिशत जनताले हात धुने अभ्यास गर्दै आएको तथ्याङ्क रहेको छ ।

सरकारले वास क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ । "नेपालको राष्ट्रिय स्वच्छता र सरसफाइ नीति, २०८०" ले २०३० सम्ममा सबै नागरिकलाई गुणस्तरीय पानी र सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ । यस नीतिले सामुदायिक सहभागिता, लैङ्गिक समानता र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने रणनीतिहरू समेटेको छ । साथै, "सतत विकास लक्ष्य (एसडीजी) ६" को अन्तर्गत सबैलाई पानी र सरसफाइको पहुँच सुनिश्चित गर्ने प्रयास गरिएको छ । यसका साथै, "नेपालका लागि वास क्षेत्रको एकीकृत योजना, २०७८" ले वास क्षेत्रमा समन्वय बढाउने र स्रोतहरूको प्रभावकारी उपयोग गर्ने लक्ष्य राखेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१-२०८४/८५) ले वास क्षेत्रको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले ग्रामीण क्षेत्रमा पानी र सरसफाइ सुविधाको पहुँच बढाउने, स्वच्छताको अभ्यासलाई प्रवर्द्धन गर्ने र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । साथै, "जलवायु अनुकूल वास कार्यक्रम" ले टिकाऊ वास सुविधाहरू विकास गर्ने योजना बनाएको छ । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर वास क्षेत्रमा ठूला पूर्वाधार परियोजनाहरू सुरु गरेको छ । यी प्रयासहरूले नेपालमा पानी, सरसफाइ र स्वच्छताको अवस्था अझ सुधार्ने र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ ।

गण्डकी प्रदेशवासीलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउन र ढल तथा फोहोर पानीको व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्न एवम् सोको प्रभावकारी निगरानी गर्न प्रदेश खानेपानी तथा सरसफाइ ऐन, तत् सम्बन्धी नियमावली, कार्यविधि तथा मापदण्ड जारी भई कार्यान्वयनमा रहेका छन् । प्रदेशमा आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध जनसङ्ख्या ९४.२५ प्रतिशत रहेको छ भने १८.२ प्रतिशत जनसङ्ख्यामा मध्यम

तथा उच्चस्तरको खानेपानी सुविधा उपलब्ध रहेको छ । कुल घरधुरी ६,६२,४८० मध्ये आ.व. २०८०/८१ को अन्त्य सम्ममा ६४ प्रतिशत घरधुरीमा एक घर एक धाराको सुविधा उपलब्ध हुने अनुमान गरिएको छ । यसैगरी सुधारिएको सरसफाइ सुविधा उपलब्ध घरधुरी सङ्ख्या आ.व.२०७९/८० सम्ममा ८० प्रतिशत र कुनै न कुनै प्रकारको शौचालय प्रयोग गर्ने घरधुरी सङ्ख्या ९९ प्रतिशत रहेको छ ।

५.३.२ समस्या तथा चुनौती

- वर्षमा झन्डै ४ महिना (धेरै चिसोमा) धारा वा खोलामा पानी जम्ने हुँदा उपयोग गर्न कठिनाइ हुने,
- सफा तथा स्वच्छ खानेपानीको महत्त्वका बारेमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न,
- भू बनौट र भौगोलिक जटिलताले पूर्ण सरसफाइ र व्यवस्थित ढल निकासको व्यवस्थापन गर्न कठिन हुनु,
- एक घर एक धारा खानेपानी आयोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न,
- योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उच्चस्तरको जनशक्ति नभएकोले आयोजनामा प्राविधिक अवरोध भएमा अरूको भर पर्नुपर्ने अवस्था रहनु,
- पालिका र प्रदेश स्तरीय योजनाहरू नियमानुसार ठेक्का, बोल-कबोल प्रक्रिया मार्फत जानुपर्ने भएकोले सम्पन्न हुन समय लाग्नु,
- पहाडी भूभाग, भिरालो जमिन र एकीकृत बस्ती नभएकोले खानेपानीको धारा हरेक घरधुरीमा पुऱ्याउन कठिन हुनु,
- कतिपय वडामा खानेपानीको स्रोतको लागि अन्य वडामा भरपर्नु पर्दा कानुनी अड्चन आउने सम्भावना रहनु,
- टोल र समुदाय स्तरमा फोहर मैला व्यवस्थापनको लागि दीर्घकालीन योजनाका साथ कार्यान्वयनमा समस्या आउनु,

५.३.३ सम्भावना तथा अवसर

- गाउँपालिका क्षेत्रमा रहेका खानेपानीका थप स्रोतहरूको पहिचान तथा उपयोग गरी खानेपानीको योजनाहरू सम्पन्न गर्न सकिने,
- गाउँपालिकाले राखेको लक्ष अनुसार **"एक घर एक धारा"** को नारा कार्यान्वयन तर्फ अघि बढ्न सकिने,
- गुरुयोजना बनाई खानेपानीको विकास तथा व्यवस्थापन गर्न सकिने,
- आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको लगानी साझेदारीमा काम गर्न सकिने,
- आयोजनाको छनोट, व्यवस्थापन र सञ्चालनमा उपभोक्ता तथा समुदायको स्वामित्व कायम गर्न सकिने,
- शौचालय र सरसफाइको उचित प्रबन्धबाट मानव समुदायमा लाग्न सक्ने विभिन्न संक्रामक रोगहरूबाट बचाउन सकिने,
- सहरी क्षेत्रबाट निस्किने फोहरमैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको समेत सहभागिता बढाउन सकिने,

५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा पूर्ण आनीबानी परिवर्तन सहितको समुदाय निर्माण गर्ने"

उद्देश्य

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहोरमैलाको व्यस्थापन गर्नु ।

रणनीति र कार्यनीति

तालिका ४२: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।	
१.१: पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने	१. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ, २. खानेपानीका स्रोतहरूको खोजी तथा संरक्षण गरिनेछ, ३. आधारभूत खानेपानीको पहुँच वृद्धिको लागि वडा स्तरमा विभिन्न ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ, ४. नयाँ संरचनाको लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ, ५. प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेको सबै घरपरिवारलाई आधारभूत स्तरको खानेपानी सेवा पुर्‍याउन सञ्चालित एक घर एक धाराको कार्यक्रमलाई आत्मसात गदै नयाँ निर्माण तथा जीर्ण खानेपानी आयोजनाको मर्मतसम्भार गरी प्रशोधन सहितको खानेपानी योजना सञ्चालन गर्न प्रदेश सरकारसँग समन्वय गरी कार्यान्वयन गरिनेछ, ६. परम्परागत रुपमा निर्मित कुवा, ढुङ्गे धारा, चौतारी, पोखरीहरूको संरक्षण एवं सम्वर्द्धनलाई निरन्तरता दिइनेछ,
उद्देश्य २: गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।	
२.१: आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने ।	१. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ, २. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ, ३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ, ४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ, ५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ, ६. सबै वस्तिहरूमा स्वच्छ खानेपानी र पूर्ण आनीबानी परिवर्तनका बारेमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ,
उद्देश्य ३: प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहोरमैलाको व्यस्थापन गर्नु ।	
३.१: प्रत्येक घर परिवारमा आधारभूत शौचालय तथा	१. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ, २. घरबाट उत्पादन हुने अन्य फोहोर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ,

रणनीतिहरू	कार्यनीतिहरू
सरसफाइको व्यवस्था गर्ने ।	३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहोरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ, ४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ, ५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ, ६. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ, ७. पूर्ण आनीबानी परिवर्तन सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ, ८. गाउँपालिका क्षेत्रभित्र रहेका बजारोन्मुख स्थानहरूमा आवश्यकतानुसार डस्टबिन र सार्वजनिक शौचालयहरूको व्यवस्था गरिनेछ । साथै हालसम्म पनि शौचालय निर्माण गर्न नसकेका विपन्न परिवारका लागि शौचालय निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ,

५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या	प्रतिशत	९६	९७	९८	९९	१००	१००	१००		
स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या	प्रतिशत	८४	९०	९५	९९	१००	१००	१००		
शौचालय भएका घरपरिवार	प्रतिशत	९७.५	९८	१००	१००	१००	१००	१००		
पाइपद्वारा वितरित पानी उपयोग गर्ने परिवार	प्रतिशत	९६	९७	९८	९९	१००	१००	१००		
खानेपानीको स्रोत संरक्षण	सङ्ख्या	६०	६२	६५	६८	७०	७५	७५		
सेफ्टिट्यांकी सहितको शौचालय भएको परिवार	प्रतिशत	६६.७	७०	७५	८०	८५	९०	९०		
साधारण शौचालय भएको परिवार	प्रतिशत	३.४	३	३	३	३	३	३		
सार्वजनिक शौचालय	सङ्ख्या	०	२	३	३	४	५	५		
जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने	प्रतिशत	८०	९०	१००	१००	१००	१००	१००		
उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी	प्रतिशत	२८	३०	३५	५०	७०	८०	८०		

५.३.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
स्वच्छ खानेपानीको लागि एक घर एक धारा कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
खानेपानीका मुहान, इनटेक तथा रिजर्भ ट्याङ्क मर्मत तथा नियमित सरसफाइ कार्यक्रम	पटक		**१०**	२०००	२०००	२०००	२०००	२०००	**१००००**	०.९०
एक घर २ डस्टविन व्यवस्थापन कार्यक्रम	सङ्ख्या		**२००**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
शौचालय नभएका विपन्न परिवारका लागि शौचालय निर्माण सहायता कार्यक्रम	सङ्ख्या		**४३**	५००	५००	५००	५००	५००	**२५००**	०.२२

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
पर्यटकीय केन्द्रहरूमा सार्वजनिक शौचालय निर्माण	सङ्ख्या		५			१०००	५०००	५०००	११०००	०.९९
खानेपानी तथा सरसफाइका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.२२
खानेपानी तथा सरसफाइको जम्मा				**४५००**	**४५००**	**५५००**	**९५००**	**९५००**	**३३५००**	३.०१

५.३.७ खानेपानी तथा सरसफाइ विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
स्वच्छ खानेपानीको लागि एक घर एक धारा कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	६	५	२	१
खानेपानीका मुहान, इनटेक तथा रिजर्भ ट्याङ्क मर्मत तथा नियमित सरसफाइ कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	६	५	२	१
एक घर २ डस्टविन व्यवस्थापन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	६	५	२	१
शौचालय नभएका विपन्न परिवारका लागि शौचालय निर्माण सहायता कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	६	५	२	१
पर्यटकीय केन्द्रहरूमा सार्वजनिक शौचालय निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	६	५	२	१
खानेपानी तथा सरसफाइका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	६	५	२	१

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

५.४.१ पृष्ठभूमि

सङ्घीय सरकारको १६औं पञ्चवर्षीय योजनामा निर्धारण गरिएको दीर्घकालीन सोच **"सुशासन सामाजिक न्याय र समृद्ध"** मा पुग्नको लागि तय गरिएका १३ वटा क्षेत्र मध्ये लैङ्गिक समानता सामाजिक समावेशीकरण र परिचालन एवम् गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माणलाई प्राथमिकतामा राखिएको छ । आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुष सरह बनाउने, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउने, महिलाहरू बीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्ने, ग्रामीण महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउने र बाल-विवाह, दाइजो प्रथा, छाउपडी र बोक्सी जस्ता कुरीति जन्य व्यवहार अन्त्य गर्ने दिशामा राज्य प्रतिबद्ध रहेको छ ।

नेपालको संविधानको प्रस्तावना सहित धेरै धाराहरू समावेशी व्यवस्थाको लागि खर्चिएका छन् । संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४३ सामाजिक सुरक्षाको हक लगायतका हकका बारेमा व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा २५२ राष्ट्रिय महिला आयोग, धारा २५५ राष्ट्रिय दलित आयोग, धारा २५८ राष्ट्रिय समावेशी आयोग, धारा २६१ आदिवासी जनजाति आयोग, धारा २६२ मधेशी आयोग, धारा २६६ थारू आयोग र धारा २६४ मुस्लिम आयोग गरी धेरै आयोगहरू समेतको व्यवस्था भएकोले यो संविधानलाई समावेशीको दृष्टिले विश्वमै उत्कृष्ट संविधान मानिन्छ । समावेशी कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्य नं. ५ मा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रहेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले यी समूहहरूको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले महिला सशक्तिकरण, बालबालिकाको संरक्षण, जेष्ठनागरिकहरूको सामाजिक सुरक्षा र अपाङ्गता भएका व्यक्तिहरूको समावेशी विकासमा ध्यान केन्द्रित गरेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार गण्डकी प्रदेशमा महिलाको जनसङ्ख्या कुल जनसङ्ख्याको ५२.५३ प्रतिशत र लैङ्गिक अनुपात ९०.३७ (प्रति १०० महिला) रहेको छ। नेपालमा महिला साक्षरता दर ६९.४ प्रतिशतको तुलनामा यस प्रदेशको महिला साक्षरता दर ७५.३ प्रतिशत रहेको छ । साथै प्रदेशमा महिला परिवारमूली भएका परिवार ४१.० प्रतिशत रहेका छन् भने महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवै रहेको कुल घरपरिवार २८.३ प्रतिशत छ । प्रदेशमा आर्थिक रूपमा क्रियाशिल कुल जनसङ्ख्या मध्ये महिलाको अनुपात ५१.२ प्रतिशत रहेको छ । प्रथम पञ्चवर्षीय योजनाले प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात ७० प्रतिशत पुर्‍याउने लक्ष्य लिएकोमा आ. व. २०७९/८० सम्ममा यो अनुपात ५९ प्रतिशत पुगेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशमा कुल जनसङ्ख्याको करिव ४५ प्रतिशत आदिवासी जनजाति र करिव ३९ प्रतिशत दलितको जनसङ्ख्या रहेको छ । त्यसैगरी, कुल जनसङ्ख्या को २३.९ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका बालबालिका रहेका छन् भने कुल जनसङ्ख्याको १३.३ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहको जनसङ्ख्या रहेको छ । नेपालमा कुल जनसङ्ख्याको २.२ प्रतिशतमा कुनै न कुनै रूपमा अपाङ्गता देखिएकोमा यस प्रदेशमा सो जनसङ्ख्याको अनुपात २.९ प्रतिशत रहेको छ । अपाङ्गता भएको जनसङ्ख्या मध्ये पुरुष र महिलाको जनसङ्ख्या क्रमशः ५३.४ र ४६.६ प्रतिशत रहेको छ । प्रदेशमा ज्येष्ठ नागरिक आश्रम सङ्ख्या १७ रहेको छ भने आश्रममा १५५ जना महिला र १२३ जना पुरुष गरी कुल २७८ जनाले आश्रय लिएका छन् ।

५.४.२ समस्या तथा चुनौती

- ज्येष्ठ नागरिक र बालबालिकाको हेरचाह तथा संरक्षणमा विशेष व्यवस्था गर्नु ।
- जातीय र वर्गीय विभेद अन्त्य गर्नु
- विपन्न, सीमान्तकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु ।
- राज्य संयन्त्रहरूमा लैङ्गिक परीक्षण, लैससास विश्लेषण, अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु ।
- लैङ्गिक बजेट प्रणालीको अवलम्बन गर्नु ।
- लैससासको दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन गर्नु ।
- विकृति र विसङ्गति विद्यमान रहनु ।
- लैङ्गिक समानता र समावेशीकरणको कार्यक्रम बस्तीस्तरसम्म पुऱ्याउन नसक्नु ।
- अन्धविश्वास, जातीगत संकुचितता निर्मूल नहुनु ।
- कानुनलाई अक्षरशः पालना गर्न नसक्नु ।

५.४.३ सम्भावना तथा अवसर

- गाउँपालिकामा लैङ्गिक हिंसा नहुनु । कार्यबोझमा मात्र ध्यान दिए पुग्ने ।
- लैससास सम्बन्धी स्पष्ट संवैधानिक व्यवस्था, नीति तथा रणनीति तयार हुनु ।
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६९—७४) कार्यस्थलमा हुने यौनजन्य व्यवहार (निवारण) ऐन, २०७१ कार्यान्वयनमा हुनु ।
- समाज निर्माणका लागि महिला, पुरुष, बालबालिका, दलित, अपाङ्ग सबैको चासो र समान सहभागिता भएको ।
- जातीय छुवाछूत र भेदभावको विभेद निरुत्साहित हुँदै गएको ।
- सामाजिक सहिष्णुताको विकास हुँदै आएको ।
- समाजमा सबै लैङ्गिक समानताको लागि स्थानीय सरोकारवालाहरू सचेत हुँदै गएको ।

- सबै वडामा सबै जात जातिहरूमा समावेशीकरण सहभागितामा वृद्धि हुँदै आएको ।

५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"महिला तथा वञ्चितीकरणमा परेका अति गरिब समूहको अर्थपूर्ण सहभागिता, आर्थिक समानता, समृद्धि, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम भई लैङ्गिक एवम् सामाजिक विभेदको अन्त्य भएको हुने"

उद्देश्य

१. लैङ्गिक समता, सशक्तीकरण तथा सामाजिक समावेशीकरण प्रणाली, संरचनाको स्थापना तथा विस्तार गर्नु
२. बालबालिका तथा किशोर किशोरीहरूले भोग्न परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्नु ।
३. विपन्न, ज्येष्ठ नागरिक, जोखिममा परेका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, दलित, लोपोन्मुख र सीमान्तकृत जातजातिसम्म प्रभावकारी रूपमा सामाजिक सुरक्षा पुऱ्याउनु ।
४. लैससासको परीक्षणलाई नियमित गर्नु ।

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ४३: लैससासका रणनीति तथा कार्यनीतिहरू

रणनीति	कार्यनीति
उद्देश्य १: लैङ्गिक समता, सशक्तीकरण तथा सामाजिक समावेशीकरण प्रणाली, संरचनाको स्थापना तथा विस्तार गर्नु।	
५.१.१: लैससास कार्यविधि र संयन्त्रको स्थापना गरी क्रियाशिल बनाउने ।	१. लैससास सम्बन्धी कार्यविधि तथा संयन्त्र स्थापना गरिनेछ, २. लैससास सम्बन्धी अभिलेख व्यवस्थापन गरिनेछ, ३. लैससासका सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ, ४. समावेशी तथा लैङ्गिक समानता मूलक सामाजिक विकासका लागि स्वयंसेवकहरू परिचालन गरिनेछ, ५. शासन प्रणालीको सबै तह र प्रक्रियामा वञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ, ६. लक्षित समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी, निजी एवम् गैरसरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन गरिनेछ, ७. खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत सेवा र उपलब्ध स्रोत साधनमा लक्षित समुदायको पहुँच बढाउनका लागि आवश्यक नीतिगत र संरचनागत सुधार गरिनेछ, ८. लक्षित समुदायहरूको सशक्तीकरण तथा सामाजिक सुरक्षाका लागि क्षमता अभिवृद्धि, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गरिनेछ, ९. लक्षित वर्ग सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, सेवा सुविधा, अनुगमनमा ती वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ,
उद्देश्य २: बालबालिका तथा किशोर किशोरीहरूले भोग्न परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्ने	

५.२.१: बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई बालमैत्री बनाउने ।	१. बाल श्रमिक र सडक बालबालिकाहरूको उद्धार र संरक्षणको लागि आवश्यक नीतिगत र कार्यक्रमगत व्यवस्था गरिनेछ, २. साना बालबालिका तथा किशोर किशोरीहरूमाथि हुने दुर्व्यवहार, हिंसा र भेदभाव अन्त्यको लागि समुदाय, विद्यालय, निजी क्षेत्र, सञ्चार जगत र बालअधिकारका क्षेत्रमा क्रियाशिल संस्थाहरूसँग सहकार्य गरिनेछ, ३. कानुनी विवादमा परेका बालबालिकाको संरक्षण र बाल सुधार गृहको व्यवस्था लगायत आवश्यक व्यवस्था मिलाइनेछ, ४. यस गाउँपालिकालाई नै बालमैत्री बनाउने आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ, ५. बालश्रममुक्त गाउँपालिका घोषणा गरी वैकल्पिक जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ,
उद्देश्य ३: ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, दलित, विपन्न, जोखिममा परेका लोपोन्मुख र सीमान्तकृत जात जातिसम्म प्रभावकारी रूपमा सामाजिक सुरक्षा पुर्याउनु ।	
५.३.१: ज्येष्ठ नागरिकहरूको सम्मान र संरक्षण गर्ने ।	१. ज्येष्ठनागरिकहरूको संरक्षण सम्बन्धी विद्यमान कानुनहरूको पालना गर्ने व्यवस्था गरिनेछ । २. हिंसा, दुर्व्यवहार र भेदभावमा परेका मानसिक तनावमा रहेका, परेका, अशक्त, परिवार विहीन र विपन्न ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि दिवा सेवा केन्द्र र बृद्धाश्रमहरू मार्फत सेवा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ । ३. ज्येष्ठ नागरिकहरूको अनुभव, सीप र ज्ञानलाई विकास निर्माणमा उपयोग गर्ने नीति लिइनेछ ।
५.३.२: अपाङ्गता भएका नागरिकहरूको संरक्षण र सशक्तीकरण गर्ने ।	१. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आय-आर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा अपाङ्गता भएका नागरिकहरूको पहुँच सुनिश्चित गरिनेछ । २. विकासमा अपाङ्गता भएका नागरिकहरूको सहभागिता बढाउँदै लगिनेछ । ३. अपाङ्ग नागरिकहरूको सशक्तीकरणका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
५.३.३: यौनिक अल्पसङ्ख्यकहरूको अधिकार सुनिश्चित गर्ने ।	१. यौनिक अल्पसङ्ख्यकहरू माथि हुने हिंसा, दुर्व्यवहार र सामाजिक भेदभाव अन्त्यका लागि नागरिक संस्था, सञ्चार जगत तथा सरोकारवाला अन्य संस्थाहरूसँग सहकार्य गरिनेछ । २. आधारभू शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा यौनिक अल्पसङ्ख्यकहरूको पहुँच सुनिश्चित गरिनेछ ।
५.३.४: दलित समुदायको सशक्तीकरण र विकास गर्ने ।	१. दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । २. परम्परागत सीप तथा ज्ञानहरूलाई आधुनिकीकरण र व्यावसायीकरण गर्न आवश्यक पर्ने बीउ पुँजी, तालिम तथा प्रविधिको व्यवस्था गरिनेछ । ३. जातीय भेदभाव अन्त्यका लागि नागरिक समाज, गैर सरकारी सङ्गसंस्था र गाउँपालिकामा सक्रिय रहेका सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ । ४. समुदायको विकासमा दलित समुदायको अर्थपूर्ण सहभागितालाई संस्थागत गरिनेछ ।

	५. छुवाछूत मुक्त गाउँपालिका घोषणा गरिनेछ । ६. एक टोल एक उत्पादन, एक घर एक रोजगार, टोल टोलमा सहकारी घर घरमा रोजगारी, एक गाउँ एक पुस्तकालय, एक खेलकुद मैदान, एक विद्यालय कार्यक्रम मार्फत दलित जाति उत्थान तथा गरिब घरधुरी सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ ।
५.३.५: विपन्न वर्गको सशक्तीकरण र विकास गर्ने ।	१. गाउँपालिकाभित्र हरेक प्रकारका विकास-निर्माण तथा योजनाहरू तर्जुमा गर्दा विपन्न वर्ग लक्षित कानुनहरूको पालना गर्ने व्यवस्था गरिनेछ । २. विपन्न वर्गको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गरिनेछ । ३. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य हरेक सेवा-सुविधाहरूमा विपन्न र सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गरिनेछ । ४. विपन्न वर्ग लक्षित कार्यक्रम र आयोजनाहरूको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा विपन्न वर्गका सहभागितालाई सुनिश्चित गरिनेछ । ५. विपन्न समुदायहरूको पहिचान तथा परिचयपत्र वितरण गर्ने नीति लिई छनौट गरिएका स्थानहरूमा आर्थिक विकासका लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५.४.६: लोपोन्मुख र सीमान्तकृत समुदायको सशक्तीकरण विकास गर्ने ।	१. लोपोन्मुख र सीमान्तकृत समुदायको संरक्षण सम्बन्धी कानुनहरूको पालना गर्ने सम्बन्धी व्यवस्था गरिनेछ । २. लोपोन्मुख र सीमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणको विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । ३. आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आय आर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा विपन्न र सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गरिनेछ । ४. परम्परागत पेसा (नाँचगान, हस्तकला, शिकार खेल्ने आदि) को सम्मान गर्दै ती पेसाहरूको विकास, संरक्षण र सम्वर्द्धनको लागि विशेष नीति बनाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । ५. भाषा, संस्कृति तथा सम्पदाहरूको अध्ययन अनुसन्धान, संरक्षण र सम्वर्द्धनका निम्ति संस्थागत व्यवस्था गरिनेछ ।
उद्देश्य ५: लैससासको परीक्षण गर्नु ।	
५.५.१: लैससास परीक्षण गर्नु ।	१. योजना, बजेट र प्राप्त उपलब्धिहरूको लैससास परीक्षण गर्ने व्यवस्था लाई नियमित गरिनेछ । २. गाउँपालिकाले तयार गर्ने नीति तथा कार्यविधि लैससासमैत्री बनाइनेछ । ३. गाउँपालिका भित्र निर्माण गरिएका पूर्वाधार र संरचना महिला, बालबालिका, अपाङ्ग र ज्येष्ठ नागरिकमैत्री भए नभएको परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । ४. महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, यौनिक अल्पसङ्ख्यक, बालबालिका, विपन्न वर्ग, लोपान्मुख र सीमान्तकृत समुदाय सम्बन्धी खण्डीकृत तथ्याङ्क र प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइनेछ ।

५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
महिला/घरेलु हिंसा	प्रतिशत	०	०	०	०	०	०	०		
बालश्रम	प्रतिशत	१	०	०	०	०	०	०		
अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था	सङ्ख्या	०	१	२	३	४	५	५		
बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठनागरिक	प्रतिशत	३०	४०	६०	९०	१००	१००	१००		
लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी घटना दर्ता	सङ्ख्या	०	०	०	०	०	०	०		
तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति	सङ्ख्या	२०	३०	४०	५०	६०	७०	७०		
कुल सहभागीहरूमा महिलाको प्रतिशत	प्रतिशत	३५	३५	४०	४५	५०	५०	५०		
व्यावसायिक सीपमूलक तालिम प्राप्त महिला	सङ्ख्या	१५०	१७०	१९०	२१०	२३०	२५०	२५०		
लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी सचेतना कार्यक्रम	सङ्ख्या	५	६	७	८	९	१०	१०		
पीडित महिलाहरूको लागि सुरक्षित आवास गृह	सङ्ख्या	०	०	०	०	०	०	०		
GESI परीक्षण	सङ्ख्या	२	३	४	५	६	७	७		
बाल हेल्पलाइन सञ्चालन	सङ्ख्या	०	०	०	०	०	१	१		
बाल उद्यान	सङ्ख्या	०	१	२	३	४	५	५		
सुरक्षित बाल गृह	सङ्ख्या	०	०	०	०	०	०	०		
जेष्ठनागरिक दिवा सेवा केन्द्र	सङ्ख्या	०	०	०	१	२	३	३		
जेष्ठनागरिक सम्मान	सङ्ख्या	२५०	३००	३५०	४००	४५०	५००	५००		
जेष्ठनागरिक सत्सङ्ग केन्द्र	सङ्ख्या	०	०	०	०	१	१	१		
अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र	सङ्ख्या	०	०	१	१	१	१	१		
यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सार्वजनिक शौचालय	सङ्ख्या	०	१	२	३	४	५	५		
अपाङ्गता सम्बन्धी हेल्प डेक्स सञ्चालन	सङ्ख्या	०	०	१	१	१	१	१		

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
कुल सहभागीहरूमा अपाङ्गता भएका	सङ्ख्या	५	५	५	५	५	५	५		

५.४.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
सबै महिला सामुदायिक भवन स्तरीकरण (फर्निचर, फर्निसिङ्ग, वाइफाइ, सोलार व्यवस्थापन)	सङ्ख्या		७	१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
महिलाको क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धी तालिम	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
टोल टोलमा जेष्ठनागरिक मिलन केन्द्र (भौतिक सुविधा सहितको न्यानो कोठा —Hot Room) स्थापना तथा सञ्चालन	सङ्ख्या		१०	५००	५००	५००	५००	५००	**२५००**	०.२२
पर्यटक व्यवस्थापनको लागि महिलालाई आतिथ्य सत्कार तालिम	सङ्ख्या		५०	५००	५००	५००	५००	५००	**२५००**	०.२२
महिला उद्यमशीलता तालिम	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
अध्यक्षसँग जेष्ठनागरिक भेटघाट र उपाध्यक्षसँग सुत्केरी तथा गर्भवती महिला भेटघाट कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
अपाङ्ग परिवारका बालबालिकाहरूको स्वास्थ्य र शिक्षाको लागि अनुदान विशेष कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
महिला आय आर्जन तथा लघु उद्यम सम्बन्धी तालिम	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
महिला, बालबालिका तथा लक्षित वर्गका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
महिला, बालबालिका तथा लक्षित वर्गको				**५५००**	**५५००**	**५५००**	**५५००**	**५५००**	**२७५००**	२.४७

५.४.७ महिला, बालबालिका तथा लक्षित वर्ग विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
सबै महिला सामुदायिक भवन स्तरीकरण (फर्निचर, फर्निसिङ्ग, वाइफाइ, सोलार व्यवस्थापन)	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
महिलाको क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धी तालिम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
टोल टोलमा जेष्ठनागरिक मिलन केन्द्र (भौतिक सुविधा सहितको न्यानो कोठा —Hot Room) स्थापना तथा सञ्चालन	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
पर्यटक व्यवस्थापनको लागि महिलालाई आतिथ्य सत्कार तालिम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
महिला उद्यमशीलता तालिम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
अध्यक्षसँग जेष्ठनागरिक भेटघाट र उपाध्यक्षसँग सुत्केरी तथा गर्भवती महिला भेटघाट कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
अपाङ्ग परिवारका बालबालिकाहरूको स्वास्थ्य र शिक्षाको लागि अनुदान विशेष कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
महिला आय आर्जन तथा लघु उद्यम सम्बन्धी तालिम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३
महिला, बालबालिका तथा लक्षित वर्गका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	२.१	५	६	१	३

५.५ युवा तथा खेलकुद

५.५.१ पृष्ठभूमि

गाउँपालिकाको समग्र विकासको लागि युवा तथा खेलकुदको निकै ठूलो भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ ।

नेपालको संविधान, २०७२ अनुसार युवाहरूको व्यक्तित्व विकास गर्ने र राज्यका सर्वाङ्गीण विकासमा युवाहरूलाई उपयुक्त अवसरहरू प्रदान गर्ने नीति अवलम्बन गरेको छ । राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने, राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरूमा विशेष अवसर प्रदान गर्ने नीति पनि राज्यले ग्रहण गरेको छ । त्यसैगरी खेलकुद मार्फत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्ने, खेलकुद र खेलाडीमा योजनाबद्ध लगानी गर्ने, खेलकुदलाई राष्ट्रिय एकताका रूपमा सुदृढ गर्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने नीति पनि राज्यबाट अवलम्बन भएको छ भने स्थानीय स्तरका खेलकुदका पूर्वाधार निर्माण गर्ने, सञ्चालन, विकास एवं प्रवर्द्धन गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले युवा तथा खेलकुद विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले युवाहरूको रोजगारी र उद्यमशीलतालाई बढावा दिने, युवा सशक्तिकरण कार्यक्रमहरू विस्तार गर्ने र खेलकुद विकासका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने लक्ष्य राखेको छ । "राष्ट्रिय युवा नीति, २०७२" ले युवाहरूको शिक्षा, स्वास्थ्य, रोजगारी र उद्यमशीलतालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । खेलकुदको क्षेत्रमा, "राष्ट्रिय खेलकुद नीति, २०७७" ले खेलकुदलाई राष्ट्रिय गौरवको रूपमा विकास गर्ने, खेलाडीहरूको क्षमता बढाउने र अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिता बढाउने लक्ष्य राखेको छ । नेपालमा कुल जनसङ्ख्या मध्ये ४३ प्रतिशत युवा रहेको सन्दर्भमा जनसाङ्ख्यिक लाभको उपयोग उच्चतम सम्भावनाको क्षेत्रका रूपमा रहेको छ । नेपाल सरकारले युवामैत्री स्थानीय तह दिग्दर्शन, २०८० तयार गरी कार्यान्वयनमा ल्याएको छ । राजनीतिक, आर्थिक र सामाजिक विकास तथा रूपान्तरणमा युवा जनशक्तिको परिचालन समुन्नतिको पूर्व सर्त हो ।

गण्डकी प्रदेश सरकारले युवामा सकारात्मक सोच, सीप, क्षमता र नेतृत्व विकास गरी सिर्जनशील तथा उद्यमी युवा जनशक्ति निर्माणलाई महत्त्व दिएको छ । राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् र जिल्ला खेलकुद विकास समिति खेल क्षेत्रको विकासमा क्रियाशील प्रमुख संस्थागत संरचना हुन्। गण्डकी प्रदेशमा खेल क्षेत्रको विकासका लागि प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ जारी भई प्रदेश खेलकुद परिषद् समेत गठन भएको छ ।

५.५.२ समस्या तथा चुनौती

- युवा लक्षित विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु,
- बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नू
- युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु,
- सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिट्यान्स भित्रिन नसक्नु,
- विदेश जाने युवाहरूको पनि जीविकोपार्जनको ग्यारेन्टी नहुनु
- खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु,
- पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधा युक्त नहुनु,
- युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नू,
- क्लबहरूको आफ्नै भवन र पूर्वाधार नहुनु,
- खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु,
- विभिन्न निकायहरूबाट आयोजित खेलकुद प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नू,
- खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नू,
- खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नू,
- साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

५.५.३ सम्भावना तथा अवसर

- गाउँपालिकाको सबै वडाहरूमा खेल मैदानहरू हुनु
- युवाहरूलाई प्रोत्साहन हुने प्रकृतिका योजना/कार्यक्रमहरूले गाउँपालिकाको वार्षिक योजना किताबमा प्राथमिकता पाउनु,
- सबै वडाहरूमा युवाक्लव गठन भइ सक्रिय रूपमा विकास र स्थानीय गतिविधिमा लागिरहनु,
- संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु,
- राष्ट्रिय युवा परिषदको गठन र परिचालन हुनु,
- देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु,
- संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिइनु,
- तल्लो तह वस्ति/टोल स्तरमा पनि युवा क्लब गठन भई समुदायमा सक्रिय रहनु,
- स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु

- विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदिलाई यो क्षेत्रका अवसरहरू हुन् भन्न सकिन्छ ।

५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"युवाहरूमा व्यावसायिकता विकास गर्दै खेलकुद लगायत सबै क्षेत्रमा युवाको सहभागिता प्रभावकारी भएको हुनेछ"

उद्देश्य

१. युवाहरूमा क्षमता विकास, उद्यमशीलता एवं व्यावसायिकता विकासबाट रोजगारीका अवसरहरू सिर्जना गर्नु
२. खेलकुदका भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माणबाट प्रतिस्पर्धी युवा खेलाडीहरूको विकास गर्नु ।

रणनीति र कार्यनीति

तालिका ४४: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: युवाहरूमा क्षमता विकास, उद्यमशीलता एवं व्यावसायिकता विकासबाट रोजगारीका अवसरहरू सिर्जना गर्नु	
५.१.१ युवाहरूको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास गर्ने	१. उद्योग, व्यवसाय लगायतका क्षेत्रमा प्रभावकारी उपस्थितिका लागि युवाहरूलाई प्रोत्साहित गरिनेछ, २. व्यावसायिक परियोजनाका आधारमा परियोजना कार्यान्वयनका लागि व्यावसायिक सीप हासिल गरेका युवाहरूलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ, ३. युवाहरूको क्षमता विकास, व्यावसायिक सीप विकास, उद्यमशीलता विकासका लागि गाउँपालिकाबाट विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ, ४. वित्तीय संस्थाहरूसँग सहकार्य गर्दै उद्योग व्यवसाय सञ्चालन गर्न युवाहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ, ५. गाउँपालिकामा प्राविधिक शिक्षालय सञ्चालन एवं विद्यालयमा प्राविधिक धारको अध्यापनलाई प्रभावकारी बनाउँदै युवाहरूमा उद्यमशीलता विकास गरिनेछ,
५.१.२ विकास निर्माण, राजनीति लगायत सबै क्षेत्रमा युवाहरूको सहभागिता अभिवृद्धि गर्ने ।	१. आर्थिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक क्षेत्रमा युवाहरूको आबद्धता एवं भूमिकामा वृद्धि ल्याइनेछ । यसका लागि विविध प्रकारका तालिम, प्रशिक्षणहरू सञ्चालन गरी युवाहरूको क्षमतामा अभिवृद्धि ल्याइनेछ । २. युवा क्लब, समूह तथा सञ्जालहरूको विकास, विस्तार गर्दै गाउँपालिकाको विभिन्न क्षेत्रमा प्रतिनिधित्व तथा सहभागिता गराइनेछ । ३. बेरोजगार युवाहरूलाई व्यावसायिक सीप तालिम प्रदान गर्दै स्टार्टअप लोन कार्यक्रममा आबद्ध हुन प्रोत्साहित गरिनेछ ।

रणनीतिहरू	कार्यनीतिहरू
	४. लागू पदार्थ तथा लागू औषध दुर्व्यसन प्रयोग गर्ने युवाहरूका लागि सुधार केन्द्र तथा पुनर्स्थापना केन्द्रको व्यवस्था गर्दै परामर्श सेवाहरू सञ्चालन गरी विविध सामाजिक क्षेत्रहरूमा सरिक हुन प्रोत्साहित गरिनेछ ।
उद्देश्य २: खेलकुदका भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माणबाट प्रतिस्पर्धी युवा खेलाडीहरूको विकास गर्नु	
५.२.१: खेलकुद विकासका लागि पूर्वाधार संरचनाहरूको निर्माण गर्ने	१. पालिका भित्र खेलकुदको विकास गर्दै खेल पर्यटन प्रवर्द्धन गरिनेछ, २. युवाहरूको शारीरिक, मानसिक एवं संवेगात्मक विकास तथा व्यवस्थापनका लागि खेलकुदको विकास गरिनेछ । यसका लागि खेलकुद सम्बन्धी विविध कार्यक्रम तथा प्रतियोगिताहरू सञ्चालन गरी विद्यालयबाटै खेलाडीहरू उत्पादन एवं विकासका लागि प्रोत्साहित गरिनेछ । ३. खेलकुद विकासका लागि भौतिक पूर्वाधारहरू खेल मैदान, कभर्ड हलहरूको निर्माण गर्दै खेलकुदको व्यावसायिक विकासका लागि आवश्यक खेलकुद सामाग्रीहरूको प्रबन्ध मिलाइनेछ । खेलकुदलाई व्यवस्थित रूपमा सञ्चालनका लागि गाउँपालिकामा खेलकुद समिति गठन गरिनेछ । ४. पालिकास्तरीय खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ र हरेक वडामा एक खेल मैदान तथा कभर्ड हलको व्यवस्था मिलाइनेछ ।
५.२.२ सक्षम, प्रतिस्पर्धी एवं व्यावसायिक खेलाडीहरूको विकास गर्ने	१. युवा खेलबाडीहरूमा भएको सीप, ज्ञान अभिवृद्धिका लागि विभिन्न तालिम एवं प्रशिक्षणहरूमा सहभागी गराई खेलाडीमा भएको सीपमा अभिवृद्धि ल्याइनेछ । २. राष्ट्रिय स्तरका खेलाडी एवं प्रशिक्षकहरूबाट दिइने लामो एवं छोटो समयावधिका व्यावसायिक प्रशिक्षण दिई व्यवस्था मिलाई सक्षम, प्रतिस्पर्धी खेलाडीहरूको उत्पादन गरिनेछ । ३. राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका विभिन्न खेल प्रतियोगितामा भाग लिने अवसरहरू सिर्जना गरिनेछ । ४. हरेक वर्ष अन्तर विद्यालय, अन्तर वडाहरू र अन्तरपालिका बीच खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ र बीजेता टिमहरूलाई पुरस्कृत गरिनेछ ।

५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
युवाहरूको नेतृत्वमा रहेको सामाजिक संघसंस्था	प्रतिशत	५	६	७	८	९	१०	१०		
राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी सङ्ख्या	सङ्ख्या	०	०	१	१	२	२	२		
प्रदेश तथा जिल्लास्तरीय खेलाडी	सङ्ख्या	५	७	१०	१२	१५	१८	१८		
सहकारीमा युवाको आबद्धता	प्रतिशत	३	४	५	६	७	८	८		
युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या	सङ्ख्या	५	६	७	८	९	१०	१०		
उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या	सङ्ख्या	१०	२०	३०	४०	५०	६०	६०		
उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा	प्रतिशत	३	४	५	६	७	१०	१०		
युवाक्लब, संजाल तथा संस्था	सङ्ख्या	९	१०	१०	१०	१०	१०	१०		
नियमित योगाभ्यास गर्ने जनसङ्ख्या	प्रतिशत	०	१	२	३	५	१०	१०		
पालिकास्तरीय खेलमैदान	सङ्ख्या	१	१	२	२	३	३	३		
खेल मैदान भएका विद्यालय	सङ्ख्या	१०	१३	१६	२१	२१	२१	२१		
अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम	सङ्ख्या	५	६	७	८	९	१०	१०		
पालिकामा संचालित खेलकुद प्रतियोगिता	सङ्ख्या	५	६	७	८	९	१०	१०		
खेलाडी प्रशिक्षण कार्यक्रम	सङ्ख्या	०	१	२	३	४	५	५		
पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम	पटक	५	६	७	८	९	१०	१०		
सफल एवम् क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान	पटक	०	१	२	३	४	५	५		
योगा प्रशिक्षण	पटक	०	१	२	३	४	५	५		
कवर्डहल	सङ्ख्या	०	०	०	०	१	१	१		
प्रदेशस्तरको खेल मैदान	सङ्ख्या	०	०	०	०	१	१	१		

५.५.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
युवा क्लबहरूलाई खेलकुदका सामाग्रीहरू सहायता कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
सबै वडाहरूमा खेलकुद मैदानहरूको निर्माण तथा मर्मत सम्भार कार्यक्रम	सङ्ख्या		७	४०००	५०००	६०००	७०००	८०००	**३००००**	२.६९
गाउँपालिकाका सबै विद्यालय तथा गुम्बाहरूमा खेलकुद मैदान निर्माण योजना	सङ्ख्या		१०	३०००	३०००	३०००	३०००	३०००	**१५०००**	१.३५
पालिकास्तरीय बहुउद्देश्यीय खेल मैदान निर्माण	सङ्ख्या		१				२०००	१००००	**१२०००**	१.०८
पर्यटन व्यवसाय सञ्चालनका लागि युवा प्रोत्साहन कार्यक्रम सञ्चालन	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
युवा रोजगारका लागि क्षमता विकास कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
नियमित रूपमा विद्यालयस्तरीय, वडास्तरीय तथा पालिकास्तरीय खेलकुद कार्यक्रम सञ्चालन	पटक		५	१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
खेलाडी प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	**२५००**	०.२२
युवा तथा खेलकुदका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
युवा तथा खेलकुदको जम्मा				**१०५००**	**११५००**	**१२५००**	**१५५००**	**२४५००**	**७४५००**	६.६९

५.५.७ युवा तथा खेलकुद विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
युवा क्लबहरूलाई खेलकुदका सामाग्रीहरू सहायता कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3
सबै वडाहरूमा खेलकुद मैदानहरूको निर्माण तथा मर्मत सम्भार कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
गाउँपालिकाका सबै विद्यालय तथा गुम्बाहरूमा खेलकुद मैदान निर्माण योजना	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3
पालिकास्तरीय बहुउद्देश्यीय खेल मैदान निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3
पर्यटन व्यवसाय सञ्चालनका लागि युवा प्रोत्साहन कार्यक्रम सञ्चालन	पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3
युवा रोजगारका लागि क्षमता विकास कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3
नियमित रूपमा विद्यालयस्तरीय, वडास्तरीय तथा पालिकास्तरीय खेलकुद कार्यक्रम सञ्चालन	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3
खेलाडी प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3
युवा तथा खेलकुदका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	2.1	5	6	2	3

परिच्छेद-छः पूर्वाधार क्षेत्र

६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

६.१.१ पृष्ठभूमि

नेपाल सरकारले बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ । "नेपालको संविधान" ले नागरिकहरूलाई उचित आवासको अधिकार प्रदान गरेको छ । "राष्ट्रिय आवास नीति, २०७२" ले सबै नागरिकलाई सुरक्षित र सस्तो आवास उपलब्ध गराउने लक्ष्य राखेको छ । यस नीतिले अनियोजित बस्ती नियन्त्रण गर्ने, भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्रोत्साहन गर्ने र सामाजिक आवास योजनाहरू विस्तार गर्ने रणनीतिहरू समेटेको छ । साथै, "सार्वजनिक निर्माण ऐन, २०७६" ले सार्वजनिक निर्माण परियोजनाहरूको गुणस्तर र दक्षता सुनिश्चित गर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्रको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले सहरीकरणलाई व्यवस्थित गर्ने, आवासको अभाव समाधान गर्ने र सार्वजनिक पूर्वाधार निर्माण गर्ने लक्ष्य राखेको छ । साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत सबैलाई सस्तो र सुरक्षित आवास उपलब्ध गराउने र टिकाऊ सहर तथा बस्ती विकास गर्ने प्रयास गरिएको छ ।

गण्डकी प्रदेशको कुल क्षेत्रफल मध्ये १९.४ प्रतिशत क्षेत्रफल ओगट्ने २७ वटा नगरपालिकामा ६५.८ प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन् । प्रदेश सरकारले सरकारी भवन, सभा हल, अस्पताल भवन र शैक्षिक संस्थाका भवन निर्माणमा तदारुकता देखाएको छ। यस प्रदेशमा सुविधा सम्पन्न ९ वटा सभा हल, २४ वटा स्थानीय तहका वडा कार्यालय भवन, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान भवन, प्राकृतिक चिकित्सालय, ६ वटा अस्पताल निर्माण सम्पन्न उन्मुख रहेका छन् । प्रदेशमा ३ वटा पहिचानयुक्त सरकारी भवन (प्रदेश सभा भवन, गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक प्रतिष्ठान भवन, गण्डकी विश्वविद्यालय भवन) निर्माण उन्मुख रहेका छन् भने १५ वटा सरकारी भवन निर्माण, संरचनागत सुधार र मर्मत सम्भार गरिएका छन् । प्रदेशका पोखरा महानगर वरिपरिका स्याङ्जाको पुतलीबजार, पर्वतको कुश्मा, तनहुँको शुक्ला गण्डकी, लमजुडको मध्यनेपाल गरी ४ वटा सहरलाई स्याटेलाइट सिटीको रूपमा निर्माण गर्ने लक्ष्य रहेकोमा ४ वटै सिटीमा आधारभूत पूर्वाधार निर्माण र स्तरोन्नतिका कार्य भइरहेका छन् ।

प्रथम योजना अवधिमा अति विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका घरपरिवारलाई आवास सुविधा उपलब्ध गराउन ११ वटै जिल्लामा जनता आवास कार्यक्रम अन्तर्गत करिब २,००० आवासीय घर निर्माण भई हस्तान्तरण भएका छन् । प्रदेश सरकारको खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत स्थानीय तहसँगको साझेदारीमा करिब २०० वटा घरमा जस्तापाताको छाना निर्माणमा सहयोग उपलब्ध गराइएको छ । सुरक्षित तथा भवन आचारसंहिताको मापदण्डअनुसार निर्मित आवासमा बसोबास गर्ने जनसङ्ख्या २७ प्रतिशत रहेको छ

भने आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने घरपरिवार ८१.७ प्रतिशत रहेको छ । यसैगरी ३० मिनेटको दूरीमा बजार केन्द्र वा पक्की सडकमा पहुँच हुने घरपरिवार करिब ४८ प्रतिशत रहेको छ ।

६.१.२ समस्या तथा चुनौती

- सार्वजनिक महत्त्वको संरचना तथा स्थानको लागि आवश्यक जनसङ्ख्याको अभाव खट्किनु ।
- सार्वजनिक निर्माणको लागि पर्याप्त बजेटको व्यवस्था हुनु ।
- उच्च हिमाली क्षेत्र र बढी चिसोको कारण भौगोलिक अवस्था, उच्च प्रविधिहरू, जन शक्तिहरूको परिपूर्ति गर्नु ।
- सुरक्षित प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको क्षेत्र बनाउनु, ।
- अति आवश्यक पदमार्ग, सार्वजनिक शौचालय जस्ता संरचनाहरू निर्माण गर्नु ।
- सरकारी स्तरमा नयाँ सहर र स्याटलाइट सिटीको निर्माण गर्नु आदि यस क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरू हुन् ।

६.१.३ सम्भावना तथा अवसर

- यहाँका सबै वस्तिहरू एकीकृत, व्यवस्थित र मिलेका हुनु ।
- गाउँपालिकामा सार्वजनिक महत्त्वका स्थानहरूको निर्माणमा चासो बढ्दै जानु ।
- गाउँपालिकाले वर्षेनी सार्वजनिक स्थान तथा निर्माणको लागि बजेट तथा कार्यक्रमहरू तर्जुमा गर्नु ।
- सार्वजनिक स्थानको संरक्षण तथा निर्माणका लागि प्रदेश सरकारको नीति, योजना तथा बजेट समावेश हुनु ।
- यस गाउँपालिकामा कुनै ठूलो अव्यवस्थित किसिमको सहरीकरण नभइसकेकोले शुरुको अवस्थाबाट नै वैज्ञानिक ढङ्गले यसलाई अगाडि बढाउन सकिने ।
- सुरुवात बाट नै योजनाबद्ध किसिमले जान सकेको खण्डमा यो ठूलो अवसर हुने,
- पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त सहर बसाल्ने सम्भावना रहनु,
- प्रदेशमा सडक सञ्जालको द्रुत गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी सहर बसाल्ने सम्भावना रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"सुरक्षित, सुलभ र वातावारणमैत्री सार्वजनिक स्थानहरूको संरक्षण तथा निर्माण मार्फत सेवा प्रवाहलाई चुस्त बनाउने"

उद्देश्य

१. सार्वजनिक महत्त्वका स्थान तथा संरचनाको निर्माण गरी प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।
२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गर्नु ।

रणनीति तथा कार्यनीति

तालिका ४५: सार्वजनिक स्थान तथा संरचनाको निर्माण तथा विकासका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य नं.१ सार्वजनिक महत्त्वका स्थान तथा संरचनाको निर्माण गरी प्रभावकारी सेवा प्रवाहको विकास गर्नु	
६.१.१: सार्वजनिक महत्त्व बोकेका स्थान तथा संरचनाहरूको निर्माण तथा संरक्षणमा विशेष ध्यान दिने ।	१. बुढीगण्डकी करीडोर र गाउँपालिकाका अन्य पदमार्गहरूमा आवश्यकताका आधारमा विश्रामस्थलहरू निर्माण गरिनेछ । २. सार्वजनिक ठाउँहरूमा सार्वजनिक शौचालय निर्माणलाई विशेष ध्यान दिइनेछ ।
६.१.२: घना बस्ती रहेका ग्रामीण क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने ।	१. सडक रहेका क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्वरूपले कार्यान्वयन गरिनेछ । २. कृषि योग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ । ३. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।
उद्देश्य नं. २:एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गर्नु ।	
६.२.१ स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायको पहुँच पुग्ने भवनहरूको निर्माण गर्ने ।	१. प्रत्येक स्थानीय तहमा निर्माण हुने निजी भवनहरूको डिजाइनमा एकरूपता ल्याउन स्थानीय तहलाई भवन निर्माण मापदण्ड बनाई लागू गर्न सहयोग गरिनेछ । २. सरकारी तथा निजी क्षेत्रसँग समन्वय उपयुक्त भवन डिजाइन गरिनेछ। ३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ ।
उद्देश्य नं. ३: स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित, बलिया र किफायती भवनहरू निर्माण गर्नु ।	
६.३.१ भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने ।	१. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । २. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
भूकम्प प्रतिरोधी भवन	प्रतिशत	३०	३३	३६	४०	४४	४८	४८		
व्यवस्थित सहरीकरण सहितको बस्ती	सङ्ख्या	०	०	१	१	१	१	१		
पालिकाको मापदण्ड बमोजिम भवन निर्माण	प्रतिशत	०	२	५	७	१०	१२	१२		
जोखिमयुक्त बस्ती	सङ्ख्या	२०	१८	१६	१४	१२	१०	१०		
निर्माण भएका वस्ती विकास योजना सङ्ख्या	सङ्ख्या	०	१	२	३	४	५	५		
कार्यपालिका भवन	सङ्ख्या	०	१	१	१	१	१	१		
वडा कार्यालय भवन	सङ्ख्या	७	७	७	७	७	७	७		
कर्मचारी आवास	प्रतिशत	०	१	१	१	१	१	१		
सामुदायिक भवन	सङ्ख्या	१५	१६	१७	१९	२१	२२	२२		
भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन	सङ्ख्या	०	१	२	३	४	५	५		
भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन	सङ्ख्या	०	१	२	३	४	५	५		
भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन	सङ्ख्या	१३	१५	१६	१८	२१	२४	२४		
भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था	सङ्ख्या	३	६	८	१०	१५	१८	१८		
भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन	सङ्ख्या	३	६	८	१०	१५	१८	१८		
विपन्नकालागि निर्मित आवास	सङ्ख्या	०	५	१०	१५	२०	२५	२५		

६.१.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
ऐतिहासिक तथा पुरातात्विक महत्त्वका सार्वजनिक संरचनाको मौलिक पूनर्निमाण तथा स्तरोन्नती कार्यक्रम	सङ्ख्या		२०	५०००	५०००	५०००	५०००	५०००	२५०००	२.२४
वडा कार्यालय भवन निर्माण तथा स्तरोन्नती कार्यक्रम	सङ्ख्या		७	१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५
एक वडा एक सांस्कृतिक सङ्ग्रहालय सहितको बहुउद्देश्यीय सामुदायिक भवन निर्माण	सङ्ख्या		७	२५००	३०००	३५००	४०००	४५००	१७५००	१.५७
एक वडा एक खुला व्यायामशाला सहितको पार्क निर्माण	सङ्ख्या		७	१०००	१०००	१०००	२०००	२०००	७०००	०.६३
पर्यटकीय पदमार्गमा विश्रामस्थलहरू निर्माण	सङ्ख्या		२०	१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५
बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.२२
आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा				**११०००**	**११५००**	**१२०००**	**१३५००**	**१४०००**	**६२०००**	५.५७

६.१.७ आवास, वस्ति विकास तथा सार्वजनिक विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
ऐतिहासिक तथा पुरातात्विक महत्त्वका सार्वजनिक संरचनाको मौलिक पूनर्निमाण तथा स्तरोन्नती कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
वडा कार्यालय भवन निर्माण तथा स्तरोन्नती कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
एक वडा एक सांस्कृतिक सङ्ग्रहालय सहितको बहुउद्देश्यीय सामुदायिक भवन निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
एक वडा एक खुला व्यायामशाला सहितको पार्क निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
पर्यटकीय पदमार्गमा विश्रामस्थलहरू निर्माण	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३

६.२ सडक, पुल तथा यातायात

६.२.१ पृष्ठभूमि

नेपालमा सडक, पुल तथा यातायात व्यवस्थाको विकासले गत केही वर्षमा उल्लेख्य प्रगति गरेको छ । हालसम्म, देशभरि कुल सडक जालको लम्बाइ लगभग ८०,००० किलोमिटर पुगेको छ, जसमा २९,००० किलोमिटर सडक सञ्जाल प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रमाणित गरेको छ । तथापि, सडकको गुणस्तर र पहुँचमा असमानता छ, विशेष गरी पहाडी र हिमाली क्षेत्रहरूमा पुल निर्माणमा पनि प्रगति भएको छ, तर धेरै ठाउँमा पुराना र असुरक्षित पुलहरूले यातायातलाई प्रभावित गरिरहेका छन् । यातायात व्यवस्थामा सुधार आएको छ, तर ट्राफिक जाम, दुर्घटना र सार्वजनिक यातायात सेवाको अभावले समस्या बनेको छ । सरकारले सडक, पुल तथा यातायात व्यवस्थाको विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र ऐनहरू लागू गरेको छ । नेपाल सरकारले सडक तथा यातायात सम्बन्धी क्षेत्रको विकास र विस्तारका लागि विभिन्न कानुनहरू जस्तै "राष्ट्रिय यातायात नीति, २०५८" "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९" र "सडक बोर्ड नियमावली, २०६०" तर्जुमा गरी कार्यान्वयनमा ल्याइ सकेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले सडक, पुल तथा यातायात व्यवस्थाको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले राष्ट्रिय राजमार्ग, सामुदायिक सडक र पुलहरूको निर्माण र सुधारमा ध्यान केन्द्रित गरेको छ ।

गण्डकी प्रदेशमा आर्थिक वर्ष २०८०/८१ सम्ममा प्रादेशिक तथा स्थानीयस्तरमा करिब १२,५०० कि.मि. सडक निर्माण सम्पन्न भएको छ । सो मध्ये पक्की, ग्राभेल र कच्ची सडकको अनुपात क्रमशः ५.९६, ११.२५ र ८२.७९ प्रतिशत रहेको छ । यस प्रदेशमा राष्ट्रिय लोकमार्ग तथा सहरी सडक समेत प्रदेश तथा स्थानीयस्तरमा ६९९ कि.मि. पक्की सडक, १,३१९ कि.मि. ग्राभेल सडक र ९,७१० धुले सडक गरी कुल ११,७२८ कि.मि. सडक सञ्चालनमा रहेको छ । यस प्रदेशमा प्रादेशिक सडकको लम्बाइ कुल ५,९०० कि.मि. रहेको छ । प्रदेशको पक्की सडक घनत्व ०.५४ कि.मि. प्रति वर्ग कि.मि. रहेको छ। प्रदेश सरकारबाट आ.व.२०७९/८० सम्ममा ८५ वटा सडक पुल निर्माण सम्पन्न भएका छन् भने ४६ वटा निर्माणाधीन रहेका छन् ।

६.२.२ समस्या तथा चुनौती

- निर्माण भएका सबै ग्रामीण पदमार्गहरूको स्तर उन्नतिको लागि बजेटको व्यवस्थापन ।
- धेरै उच्च स्थान र चिसो बढी भएका कारण पूर्वाधारको काम बढी खर्चिलो र असहज ।
- प्राविधिक एवम् भौतिक स्रोतको अभाव ।
- भौगोलिक विकटता ।
- कच्ची सडकमात्र भएकोले यहाँको सडकको भाडा दर महङ्गो रहेको ।
- क्षमता भन्दा बढी यात्रुहरू बोकी जोखिमयुक्त यात्रा गर्ने प्रवृत्ति बढ्दो रहेको ।
- सवारी नियमको बेवास्ता गर्ने प्रवृत्ति बढ्दो रहेको ।
- निर्माण भइसकेको सडकहरू मर्मत तथा संरक्षणको अभावमा भएको ।
- बाह्रै महिना भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु ।
- छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु ।

- प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु ।
- साथै पहिले निर्माण भएका साँघुरा बाटाहरू चौडा गर्ने क्रममा दिनु पर्ने जग्गा, संरचना आदिको क्षतिपूर्ति प्रदान गर्नु ।

६.२.३ सम्भावना तथा अवसर

- यहाँका धार्मिक गुम्बाहरू, ऐतिहासिक गुफाहरू तथा यहाँको गरिमा बोकेका पुराना दरबारहरूका कारण पर्यटकहरूको गन्तव्य स्थान हुनु ।
- गण्डकी प्रदेश सरकारको आवधिक योजनाको प्राथमिकतामा यो क्षेत्र पनि समावेश हुनु ।
- गाउँपालिकामा उत्पादन हुने स्याउ लगायत अन्य रैथाने बालीहरूको माग देशभर हुनु ।
- जनसमुदायमा पूर्वाधार विकासको आवश्यकता बारे चेतना अभिवृद्धि हुनु ।
- पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने ।

६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सङ्घ, गण्डकी प्रदेश तथा चुमनुब्री गाउँपालिकाको अन्तरसम्बन्धका आधारमा पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक विकासका अवसरमा नागरिकको सहज पहुँच पुऱ्याउने ।

उद्देश्य

१. चुमनुब्री गाउँपालिकामा निर्माण भएका सडक सञ्जाल एवम् पुलहरूको स्तरोन्नती गरी स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।
२. बाह्रै महिना आवतजावत गर्नको लागि मोटर-पुल एवम् आवश्यकता अनुरूप पक्की झोलुङ्गे पुलको निर्माण गर्नु ।

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ४६: सडक तथा पुलका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य नं. १ चुमनुब्री गाउँपालिकामा निर्माण भएका सडक सञ्जाल एवम् पुलहरूको स्तर उन्नति गरी स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।	
६.१.१: गाउँपालिकाभित्र निर्माण गरिएका ग्रामीण सडकहरूको स्तर उन्नति गरी आवागमनलाई सहज बनाउने ।	१. चुमनुब्री गाउँपालिकाका भौतिक पूर्वाधारहरूको स्पष्ट वर्गीकरण गरी स्थानीय स्तरमा निर्माण भएका योजनाहरूको प्राथमिकताका आधारमा दिगो तथा भरपर्दो बनाइनेछ । २. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ । ३. गाउँपालिकाका पूर्वाधार विकासका कार्यहरू आवधिक तथा क्षेत्रगत योजना तथा प्राथमिकताको आधारमा छनौट, निर्माण तथा सञ्चालन गरिनेछ ।

	४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । ५. सम्पूर्ण स्थानीय स्तरका पूर्वाधार योजनहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमित रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।
उद्देश्य २: बाह्रै महिना आवतजावत गर्नको लागि मोटर-पुल एवम् आवश्यकता अनुरूप पक्की झोलुङ्गे पुलको निर्माण गर्नु ।	
१.१.२: योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेको पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतको लागि कोषको व्यवस्था गर्नु ।	१. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी गुणस्तर कायम गरिनेछ । २. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न प्राविधिक एवम् जन प्रतिनिधिहरूबाट नियमित तथा आकस्मिक अनुगमन तथा मूल्याङ्कन गर्दै नतिजा अनुसार पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ । ३. योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइ सकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतको लागि कोषको व्यवस्था गरिनेछ ।

६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार	प्रतिशत	७	१०	१५	२०	२५	३०	३०		
सर्वयाम सडक	कि.मि.	०	७	८	९	१०	१२	१२		
यातायात सुचारु सडक लम्बाइ	कि.मि.	८	१०	१५	२०	२५	३०	३०		
नियमित मर्मत संभार भएको सडकको लम्बाइ	कि. मि.	०	७	८	९	१०	१२	१२		
अन्तर पालिका सडक सञ्जाल विस्तार	कि.मी.	०	१	२	३	४	५	५		
वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण	कि.मी.	०	१	२	३	४	५	५		
बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण	कि.मी.	१	२	२	३	३	४	४		
पालिकामा संचालित ४ पाङ्ग्रे यातायातका साधन	सङ्ख्या	५	१०	१२	१५	१८	२०	२०		
कच्ची सडक	कि.मी.	८	१८	२०	२५	३०	३०	३०		
ग्राभेल सडक	कि.मि.	०	७	८	९	१०	१२	१२		
कालोपत्रे	कि.मि.	०	०	०	०	०	०	०		
ट्र्याक खोलिएको सडक	कि.मि.	१०	२०	३०	४०	५०	६०	६०		
पक्की पुल	सङ्ख्या	०	०	१	२	३	४	४		
झोलुङ्गे पुल	सङ्ख्या	४१	४४	४७	५०	५३	५६	५६		
सडक नाली	कि.मि.	०	७	८	९	१०	१२	१२		
सडक पेटी	कि.मि.	०	१	२	३	४	५	५		

६.२.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
गाउँपालिका केन्द्रसम्म सडक निर्माण	कि.मि.		१०	१५०००	१५०००	१५०००			**४५०००**	४.०४
झोलुङ्गे पुल निर्माण	सङ्ख्या		२१	२००००	२५०००	३००००	३५०००	४००००	**१५००००**	१३.४६
मोटरेबल ट्रस्ट पुल निर्माण	कि.मि.		२		७०००	८०००			**१५०००**	१.३५
पर्यटकीय पदमार्गलाई असर नगर्ने गरी सडक निर्माणको पहल कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
सडक, पुल तथा यातायातका सालबसाली कार्यक्रम	एकमुस्ट			२०००	२०००	२०००	२०००	२०००	**१००००**	०.९०
सडक तथा यातायात जम्मा				**३७५००**	**४९५००**	**५५५००**	**३७५००**	**४२५००**	**२२२५००**	१९.९७

६.२.७ सडक तथा यातायात विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
गाउँपालिका केन्द्रसम्म सडक निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	११	१	३	३
झोलुङ्गे पुल निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	११	१	३	३
मोटरेबल ट्रस्ट पुल निर्माण	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	११	१	३	३
पर्यटकीय पदमार्गलाई असर नगर्ने गरी सडक निर्माणको पहल कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	११	१	३	३
सडक, पुल तथा यातायातका सालबसाली कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	११	१	३	३

६.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

६.३.१ पृष्ठभूमि

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले ऊर्जा विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले जलविद्युत उत्पादन बढाउने, वैकल्पिक ऊर्जा स्रोतहरूको विकास गर्ने र विद्युत् वितरण प्रणालीलाई सुदृढ बनाउने लक्ष्य राखेको छ ।

नेपालमा ऊर्जा विकासको क्षेत्रमा गत केही वर्षमा उल्लेख्य प्रगति भएको छ । नेपालको ऊर्जा उत्पादनमा जलविद्युतको प्रमुख भूमिका छ । तथापि, हालसम्म मात्र २,१०० मेघाबाट जलविद्युत उत्पादन गर्न सकिएको छ, जसमा १,५०० मेघाबाट व्यापारिक उद्देश्यका लागि उत्पादन भएको छ । नेपालले आफ्नो ऊर्जा आवश्यकताको लागि जल विद्युतमा निर्भर हुँदै आएको छ, तर थप उत्पादन र वितरण प्रणालीमा सुधार आवश्यक छ । सौर्य, वायु र बायोग्यास जस्ता वैकल्पिक ऊर्जा स्रोतहरूको विकासमा पनि ध्यान दिइएको छ, तर यसको प्रयोग अझै सीमित छ । ग्रामीण क्षेत्रहरूमा विद्युत् पहुँच बढेको छ, तर अझै पनि केही क्षेत्रहरूमा विद्युतको अभाव छ ।

सरकारले ऊर्जा विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र ऐनहरू लागू गरेको छ । "ग्रामीण ऊर्जा नीति, २०६३" ले ग्रामीण क्षेत्रमा ऊर्जा पहुँच बढाउने र वैकल्पिक ऊर्जा स्रोतहरूको विकास गर्ने लक्ष्य राखेको छ । यस नीतिले ग्रामीण क्षेत्रमा सौर्य, पवन र बायोग्यास जस्ता स्रोतहरूको प्रयोगलाई प्रोत्साहन गर्ने र ऊर्जा दक्षता बढाउने रणनीतिहरू समेटेको छ । "विद्युत् ऐन, २०४९" ले विद्युत् उत्पादन, वितरण र व्यापारलाई नियमन गर्ने व्यवस्था गरेको छ । यसका साथै, "नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८" ले नवीकरणीय ऊर्जा परियोजनाहरूलाई आर्थिक सहयोग प्रदान गर्ने व्यवस्था गरेको छ ।

गण्डकी प्रदेशमा ८ वटा ठूला जलविद्युत् आयोजना सञ्चालनमा रहेका छन् । प्रदेश भित्र रहेका जलविद्युत आयोजनाबाट कुल ७३३ मेघाबाट विद्युत् उत्पादन भैरहेको छ । प्रदेशमा राष्ट्रिय प्रसारण लाइन तथा लघु जलविद्युतबाट ९७.७६ प्रतिशत घरधरीमा विद्युत् पहुँच पुगेको घरधुरी सङ्ख्या भने ९९.५० प्रतिशत घरधुरीमा जलविद्युत् समेत नवीकरणीय तथा आधुनिक ऊर्जाको पहुँच पुगेको छ । हालसम्म बागलुड, गोरखा, मनाङ र मुस्ताङ जिल्लाका केही स्थानमा राष्ट्रिय प्रसारण लाइन पुग्न सकेको छैन । प्रदेश सरकारको लगानीमा संस्थागत सौर्य प्रणालीबाट हालसम्म २३० कि. वा. विद्युत् उत्पादन भइरहेको छ । प्रदेशमा ११५ स्थानमा स्मार्ट सडक बत्ती र सौर्य सडक बत्ती जडान भई सञ्चालनमा रहेका छन् ।

६.३.२ समस्या तथा चुनौती

- बाह्रै महिना चिसो र झण्डै ४ महिना हिउँ जम्ने हुँदा यहाँको पानीको स्रोत उपयोगमा कठिनाइ ।
- विद्युत् प्रसारण भएका अधिकांश क्षेत्रमा दुई फेज लाइनको मात्र प्रसारण भएको ।
- पर्याप्त मानव, आर्थिक र भौतिक स्रोत नभएको ।
- जलविद्युत उत्पादनको लागि पर्याप्त आर्थिक स्रोत तथा लगानीको अभाव रहनु ।

- बाढी तथा पहिरो प्रकोप जोखिम युक्त भू बनौट भएको र नाङ्गो तार, काठको पोलको कारण दुर्घटना हुने सम्भावना बढी भएको ।
- भौगोलिक विविधताका कारण विद्युत् उत्पादन खर्चिलो भएको ।
- गाउँपालिकाको समग्र ऊर्जाको क्षमताको पहिचान नभएको ।
- जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा वैदेशिक र निजी क्षेत्रको लगानी आकर्षित गर्नु ।
- भौगोलिक विकटता र बस्ती छरिएको भएकाले एकीकृत सेवा प्रदान गर्न गाह्रो हुनु ।
- खाना पकाउन स्वच्छ ऊर्जाको व्यवस्थापन गर्नु ।

६.३.३ सम्भावना तथा अवसर

- चुमनुब्री गाउँपालिका विद्युतको केन्द्रीय लाइनमा जोडिनु ।
- ऊर्जा विकासको कार्यक्रमलाई नेपाल सरकार र गण्डकी प्रदेश सरकारले प्राथमिकतामा राख्नु ।
- जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता भएको ।
- नागरिकहरूमा ऊर्जा विकासका लागि लगानी एवम् व्यवस्थापनमा व्यापक उत्साह रहेको ।
- केन्द्रीय स्तरमा सरकारले ऊर्जा विकासलाई महत्त्वपूर्ण विकासको सूचकाङ्कको रूपमा ग्रहण गरिएको।
- निजी क्षेत्र पनि ऊर्जा विकासमा सक्रियतापूर्वक सहभागी भएको ।

६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"वातावरणमैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र सस्तो ऊर्जामा सबै स्थानीयवासीको पहुँच वृद्धि गर्ने"

उद्देश्य

१. यस क्षेत्रको विद्युतीय क्षमतामा अभिवृद्धि गर्नु ।
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगलाई सहज बनाउँदै जानु ।

रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ४७: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य नं. १ यस क्षेत्रको विद्युतीय क्षमतामा अभिवृद्धि गर्नु ।	
६.२.१: सङ्घीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो, भरपर्दो, र सुलभ बनाई आर्थिक तथा सामाजिक रूपमा समृद्धशाली बनाउने ।	१. यो क्षेत्रको सबै स्थानमा स्टिल पोल प्रतिस्थापन गरिनेछ । २. विद्युत् लाइनको क्षमता विस्तारमा जोड दिइनेछ । ३. सङ्गठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । ४. नेपाल विद्युत प्राधिकरण र स्थानीय तहसँग समन्वय गरेर लघु जलविद्युत आयोजनालाई ई-मिटरिङ प्रविधि मार्फत ग्रिडमा जोड्ने र ई-पेमेन्ट गर्ने कार्यलाई अभियानको रूपमा अगाडि बढाइनेछ ।
६.२.२: यस क्षेत्रमा उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा	१. चुमनुब्री गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।

ऊर्जा माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने ।	२. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत,सम्भार र संस्थागत विकास गरिनेछ । ३. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रसारण लाइनको सञ्जाल निर्माण गरिनेछ ।
उद्देश्य नं. २ परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगलाई सहज बनाउँदै जानु	
६.२.१: चुमनुब्री गाउँपालिकामा ऊर्जा विकासको दीर्घकालीन योजना निर्माण तथा सञ्चालन मोडल तयार गर्ने ।	१. ऊर्जा क्षेत्रको विकासका लागि नीति निर्माण,पुनरावलोकन गरी समय सापेक्ष बनाइनेछ । २. लघु तथा ठूला ऊर्जा विकासको दीर्घकालीन योजना तथा निर्माणको मोडल तयार गरी विद्युत् उत्पादन र ऊर्जा सुरक्षाको प्रत्याभूति गरिनेछ । ३. चुमनुब्री गाउँपालिकामा पहिचान हुन बाँकी जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरिनेछ ।
४.२.२: ऊर्जा वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाई विद्युत पहुँचमा वृद्धि गरी खपत बढाउने ।	१. समुदायको सहभागिता सहितको सामुदायिक विद्युतीकरण विस्तार गरिनेछ । २. ऊर्जा विकास ,खपत र विद्युत् वितरण सहितको गुरुयोजना तयार गरी कार्यान्वयनमा लगिनेछ । ३. जलविद्युत ऊर्जाले खनिज ऊर्जालाई प्रतिस्थापन गर्न धुवाँरहित भान्छाको अवधारणा लागू गरिनेछ ।

६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
विद्युतमा पहुँच प्राप्त परिवार	प्रतिशत	९६	१००	१००	१००	१००	१००	१००		
जलविद्युत उत्पादन (जडित क्षमता)	मेगावाट	०	०	०	३०	१००	२००	२००		
प्रतिव्यक्ति विद्युत् उपभोग (वाट प्रति घण्टा)	घण्टा	८०	१५०	२५०	३००	३५०	४००	४००		
लघु जल विद्युत उत्पादन क्षमता	किलोवाट	८०	८०	८०	८०	८०	८०	८०		
थ्री फेज लाइनको बिस्तार	प्रतिशत	०	०	२०	४०	६०	८०	८०		
राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार	प्रतिशत	०	०	२०	४०	६०	८०	८०		
खाना पकाउने इन्धनका रूपमा विद्युत प्रयोग गर्ने परिवार	प्रतिशत	०.२२	०.५	१	५	१०	२०	२०		
सोलार ऊर्जा प्रयोग गर्ने घरपरिवार	प्रतिशत	२०	२०	२०	२०	२०	२०	२०		
सोलार ऊर्जा उत्पादन	कि.वा.	६	६	६	६	६	६	६		
बायोग्यास (गोवरग्यास) प्रयोग गर्ने घरपरिवार	सङ्ख्या	०	०	०	०	०	०	०		

६.३.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
राष्ट्रिय प्रसारण लाइन विस्तार कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
सार्वजनिक स्थलमा सडक बत्ति जडान	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
विद्युतीय पोल व्यवस्थापन कार्यक्रम	सङ्ख्या		३००	५००	५००	५००	५००	१०००	**३०००**	०.२७
स्थानीय लघु जलविद्युत आयोजनाको मर्मत सम्भार	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
विद्युत् तथा वैकल्पिक ऊर्जाका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
विद्युत् तथा वैकल्पिक ऊर्जा				३५००	३५००	३५००	३५००	४०००	१८०००	१.६२

६.३.७ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
राष्ट्रिय प्रसारण लाइन विस्तार कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	७	१	२	२
सार्वजनिक स्थलमा सडक बत्ति जडान	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	७	१	२	२
विद्युतीय पोल व्यवस्थापन कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	७	१	२	२
स्थानीय लघु जलविद्युत आयोजनाको मर्मत सम्भार	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	७	१	२	२
विद्युत् तथा वैकल्पिक ऊर्जाका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	७	१	२	२

६.४ सूचना, सञ्चार तथा प्रविधि

६.४.१ पृष्ठभूमि

नेपाल सरकारले सूचना सञ्चार तथा प्रविधिको विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गर्दै आएको छ । "सूचना तथा सञ्चार प्रविधि नीति, २०७२" ले डिजिटल नेपाल निर्माण गर्ने, इ-गभर्नेन्सलाई बढावा दिने र सूचना प्रविधिको प्रयोगबाट आर्थिक विकास गर्ने लक्ष्य राखेको छ । यस नीतिले इन्टरनेट पहुँच विस्तार, साइबर सुरक्षा सुदृढीकरण र डिजिटल साक्षरता बढाउने रणनीतिहरू समेटेको छ । साथै, "राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०" ले साइबर अपराध नियन्त्रण गर्ने, डिजिटल सुरक्षा सुनिश्चित गर्ने र साइबर सुरक्षा जागरूकता बढाउने लक्ष्य राखेको छ । यसका साथै, "राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९" ले स्वास्थ्य सेवामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ ।

हालसम्म, देशभरि मोबाइल फोन प्रयोगकर्ताको सङ्ख्या ४ करोड भन्दा बढी पुगेको छ, जसमा ७० प्रतिशत भन्दा बढी जनताले इन्टरनेट सेवा प्रयोग गर्छन् । नेपाल टेलिकमले ४ जी सेवा विस्तार गरेको छ, र ५जी सेवा सुरु गर्ने तयारीमा छ । इन्टरनेट पहुँचमा सुधार आएको छ, तर ग्रामीण क्षेत्रहरूमा अझै पनि चुनौतीहरू छन् । सूचना प्रविधि (आईटी) को क्षेत्रमा पनि प्रगति भएको छ, र नेपालले आईटी पार्कहरू र डिजिटल सिटी निर्माण गर्ने योजना बनाएको छ । तथापि, डिजिटल खाडल, प्रविधिको असमान पहुँच र साइबर सुरक्षाको अभावले यस क्षेत्रलाई चुनौतीपूर्ण बनाएको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले सूचना सञ्चार तथा प्रविधिको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले डिजिटल इन्फ्रास्ट्रक्चर विस्तार, इ-गभर्नेन्स प्रवर्द्धन र सूचना प्रविधिको प्रयोगबाट रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ ।

६.४.२ समस्या तथा चुनौती

- भौगोलिक विकटता हुनु ।
- धेरै चिसो भएका कारण हिउँ जम्न गई टावरले राम्रो काम गर्न नसक्ने ।
- सूचना तथा सञ्चार सम्बन्धी नीतिगत एवम् कानुनी रिक्तता पुरा गर्नु ।
- पर्याप्त स्रोत (बजेट) सङ्कलन तथा त्यसको परिचालनमा समस्या आउन सक्नु ।
- अप्टिकल फाइबर विस्तारमा ढिलाइ हुनु ।
- सेवा प्रवाहको लागि बस्ती छरिएर रहनु ।
- सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरुपयोग नियन्त्रण गर्नु ।
- सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोग गर्नु ।
- तात्कालिक अवस्थामा प्राविधिकहरूको अभाव हुनु ।
- विद्युत् प्रसारण भरपर्दो नहुनु साथै प्रायः स्थानहरूमा 2-Phase Line मात्र हुनु ।
- गाउँपालिका को ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्नु ।

- साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु ।
- विद्युतीय सञ्चार माध्यमको अनुगमन गर्नु, त्यसको गुणस्तर, त्यसमा गरेको लगानी, प्रयोग भएको प्रविधि र जनशक्तिको बारेमा अनुगमन गर्नु ।

६.४.३ सम्भावना तथा अवसर

- नेपाल सरकार तथा गण्डकी प्रदेश सकारको प्राथमिकतामा सूचना तथा सञ्चार क्षेत्र पर्नु ।
- सञ्चार तथा सूचना प्रविधिको द्रुत विकासको लागि स्वयम् गाउँपालिका प्रयासरत हुनु ।
- सूचना र सञ्चारको क्षेत्रमा सबै क्षेत्रको ध्यान केन्द्रित हुनु ।
- सूचना तथा सञ्चार प्रविधिको लागि स्थानीयस्तरमा जनशक्ति निर्माण हुनु ।
- गाउँपालिकाका बिकट क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई चालू नीति, योजना तथा कार्यक्रम अनुरूप सम्पूर्ण विद्यालय, स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक स्थानहरूमा सहज पहुँचको व्यवस्था एवम् विस्तार गर्न सकिने अवस्था हुनु ।
- पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने ।
- ब्रोडब्यान्ड इन्टरनेटको प्रयोग र अनलाइन प्रकाशनको बढ्दो प्रयोगले सूचनाको पहुँचमा सहज हुनु ।
- प्रशासनिक लगायत दैनिक कामकाजका लागि आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत सहज एवम् चुस्त बनाउन सकिने ।
- सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु ।
- आकर्षक भू-वातावरण तथा भू बनौटको प्रचुर उपयोग गरी सूचना प्रविधिको अधिकतम विकास गर्न सकिने ।

६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सूचना तथा आम सञ्चार प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।
२. सम्पूर्ण नागरिकहरूको इन्टरनेट सेवामा सर्वसुलभ तथा नियमित पहुँच स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।
३. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधि र सेवाहरू शत प्रतिशत सबै नागरिकको पहुँचमा पुर्याउनु ।

४. विज्ञापन बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्धन गर्नु ।

रणनीति तथा कार्यनीति

तालिका ४८: सञ्चारका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।	
६.१.१: सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित गर्ने ।	१. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ । २. सञ्चार क्षेत्रका लागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ । ३. गाउँपालिकाका सबै ठाउँमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ । ४. सङ्घीय, प्रदेश सरकार र स्थानीय तहसँग सहकार्य गरी आवश्यक सबै वडाहरूमा ई–भिलेज स्थापना गरिनेछ । ५. विद्यमान हुलाक सेवालाई आधुनिकीकरण गर्दै हुलाक सेवा प्रभावकारी बनाइनेछ। ६. गाउँपालिकाको केन्द्रमा सार्वजनिक पुस्तकालय स्थापना गरिनेछ । ७. गाउँपालिका का सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा पढ्न पाउने व्यवस्था मिलाइनेछ ।
उद्देश्य २: सम्पूर्ण नागरिकहरूको इन्टरनेट सेवामा सर्वसुलभ तथा नियमित पहुँच स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।	
६.२.१: सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने ।	१. गाउँपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ । २. स्थानीय स्तरसम्म ब्रोडब्यान्ड सेवा विस्तार गरिनेछ । ३. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, फाइबर जस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ । ४. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ । ५. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यावसायिक बनाइनेछ । ६. गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधिमैत्री बनाई सबैका लागि सहज एवम् सर्वसुलभ सेवाको सु निश्चितता गरिनेछ ।
उद्देश्य ३: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधि र सेवाहरू शतप्रतिशत सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।	
६.३.१: समग्र प्रविधिका विकासका लागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र	१. सञ्चार तथा सूचना प्रविधिको विकासका लागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ । २. डिजिटल डिभाइड कम गर्नको लागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

शासकीय व्यवस्थामा सुधार गर्न दक्ष जनशक्ति तयार गर्ने ।	३. सार्वजनिक तथा निजी सेवाहरू क्रमशः अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ । ४. सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिनेछ । ५. सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ । ६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ ।
उद्देश्य ४: विज्ञापन, बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्धन गर्नु।	
६.४.१: बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने ।	१. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ । २. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्द्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ । ३. गाउँपालिकाको केन्द्रमा एक टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसि स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ । ४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ । ५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ ।

६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)						पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	जम्मा		
मोबाइल नेटवर्क कभरेज क्षेत्र	प्रतिशत	४०	५०	६०	८०	१००	१००	१००		
इन्टरनेटमा पहुँच प्राप्त परिवार	प्रतिशत	६०	७०	८०	९०	१००	१००	१००		
उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति	प्रतिशत	५	१०	१५	३०	६०	८०	८०		
टेलिफोनलाइन/मोबाइल भएको परिवार	प्रतिशत	९०	९०	१००	१००	१००	१००	१००		
अप्टिकल फाइबरको बिस्तार	प्रतिशत	०	२०	५०	६०	७०	८०	८०		
सूचना प्रविधि नियमन कानुन निर्माण	सङ्ख्या	०	१	१	१	१	१	१		
इन्टरनेट उपलब्ध भएका विद्यालय	प्रतिशत	१६	१८	२४	२४	२४	२४	२४		
इन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू	प्रतिशत	२०	२५	२५	२५	२५	२५	२५		
फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू	सङ्ख्या	०	१	२	३	४	५	५		
ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू	सङ्ख्या	०	१	२	३	४	५	५		
डिजिटल सूचना पाटी	सङ्ख्या	०	५	१५	२५	३०	३०	३०		
सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी	प्रतिशत	९०	९५	१००	१००	१००	१००	१००		
राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय	सङ्ख्या	०	०	०	०	०	०	०		

६.४.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
फोर जी सहितको टेलिफोन टावर निर्माण	सङ्ख्या		५	५००	५००	५००			**१५००**	०.१३
इन्टरनेट विकास र विस्तार कार्यक्रम	सङ्ख्या		५०	५००	५००	५००	५००	१०००	**३०००**	०.२७

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
सार्वजनिक ठाउँहरूमा सि.सी. क्यामेरा जडान कार्यक्रम	सङ्ख्या		५०	१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
सार्वजनिक स्थानहरूमा फ्रि वाइफाइ व्यवस्थापन	सङ्ख्या		७	५००	५००	५००	५००	५००	**२५००**	
गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूमा डिजिटलाइजेसन कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	
सूचना, सञ्चार तथा प्रविधिका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
सूचना र सञ्चार प्रविधिको जम्मा				**४०००**	**४०००**	**४०००**	**३५००**	**४०००**	**१९५००**	१.७५

६.४.७ सूचना, सञ्चार र प्रविधि विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
फोर जी सहितको टेलिफोन टावर निर्माण	पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
इन्टरनेट विकास र विस्तार कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
सार्वजनिक ठाउँहरूमा सि.सी. क्यामेरा जडान कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
सार्वजनिक स्थानहरूमा फ्रि वाइफाइ व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूमा डिजिटलाइजेसन कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३
सूचना, सञ्चार तथा प्रविधिका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	३.१	९	१	३	३

परिच्छेद-सातः वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

७.१ वन तथा जैविक विविधता

७.१.१ पृष्ठभूमि

नेपाल सरकारले वन तथा जैविक विविधताको संरक्षण र विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र ऐनहरू लागू गरेको छ । "राष्ट्रिय कृषि वन नीति, २०७६" र "जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१" ले जडीबुटी र गैरकाष्ठ वन पैदावारको संरक्षण, उत्पादन र व्यापारलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ । साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत वन तथा जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिइएको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले वन तथा जैविक विविधताको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । नेपालको कुल भूभागको लगभग ४४.७४% वनले ढाकेको छ, जसमा संरक्षित वन, सामुदायिक वन र सरकारी वन समावेश छन् । देशले जैविक विविधताको दृष्टिले धनी मानिन्छ, जसमा ११८ प्रकारका इकोसिस्टम, २०८ प्रकारका स्तनधारी प्रजाति, ८६७ प्रकारका चरा प्रजाति र ६,५०० भन्दा बढी फूल फुल्ने बोट प्रजातिहरू पाइन्छन् । सामुदायिक वनले वन संरक्षणमा महत्पूर्ण भूमिका खेलेको छ, र हाल २२,२६६ सामुदायिक वन समूहहरूले २.२ मिलियन हेक्टर वन क्षेत्र व्यवस्थापन गरिरहेका छन् ।

गण्डकी प्रदेशमा समुदायमा आधारित वन व्यवस्थापन पद्धति वन व्यवस्थापनको सफल नमुनाको रूपमा स्थापित भएको छ । हालसम्म ३,८४० वटा सामुदायिक वन उपभोक्ता समूहमा करिब २,७२,१८८ हेक्टर वनक्षेत्र समुदायलाई हस्तान्तरण भई समुदायबाट व्यवस्थापन हुँदै आएको छ । साथै यस प्रदेशमा १,१३३ वटा विपन्नका लागि उपलब्ध गराइएको कबुलियत वन (५,३७६.२१ हेक्टर), एउटा व्यावसायिक कबुलियत वन (०.९६ हेक्टर), ३८ वटा धार्मिक वन (३५५.८२ हेक्टर), एउटा चक्ला वन (३,८३८.८२ हेक्टर), ४१२ वटा निजी वन (२१८ हेक्टर) र एउटा साझेदारी वन (५८५.७५ हेक्टर) वनको रूपमा व्यवस्थापन भइरहेको छ । वनको दिगो व्यवस्थापन गरी वनको स्वास्थ्यमा सुधार गर्न, काठ दाउराको उत्पादन वृद्धि गरी विदेशबाट भइरहेको काठको आयातलाई रोक्न, वनमा आधारित उद्यमको विकास गरी यस क्षेत्रबाट रोजगारीका अवसरको सिर्जना गर्दै स्थानीय, प्रादेशिक र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउन ८ जिल्लाका ११९ वटा वनको २३,१७३ हेक्टर वन क्षेत्रमा वन संवर्द्धन प्रणाली लागू भई व्यवस्थापन कार्य भइरहेको छ ।

७.१.२ समस्या तथा चुनौती

- अत्याधिक चिसोका कारण बैंस र भोटे पीपल बाहेक अन्य काठजन्य प्रजाति हुर्काउनु ।
- वनको संरक्षण तथा विस्तारमा गाउँपालिकाको बजेट तथा कार्यक्रमले प्राथमिकता पाउनु ।
- समुदायकै पहलमा हुर्काएको तथा संरक्षण गर्दै आएको वनमा प्रचलित कानुनी व्यवस्थाका कारण स्थानीयले उपभोग गर्न नपाउने हुँदा स्थानीय स्तरमा व्यापक गुनासोको अन्त्य गर्नु ।

- मनासलु संरक्षण क्षेत्र परियोजनाका कारण स्थानीय उपभोक्ताले वन उपभोग गर्न नपाएको गुनासो व्यवस्था गर्नु ।
- अहिलेसम्म हुन नसकेको गैर-काष्ठ वनपैदावरका बारेमा अध्ययन अनुसन्धान गर्नु ।
- दक्ष जनशक्तिको अभाव ।
- स्थानीय जनतामा वन तथा भूसंरक्षणबारे ज्ञानको कमी ।
- उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएको ।
- वनको व्यवस्थापन तथा विकासमा राज्यको लगानी यथेष्ट नभएको ।
- वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण ।
- मानव वन्यजन्तु द्वन्द्व ।
- वन तथा भूसंरक्षणमा दक्ष जनशक्ति गाउँपालिका क्षेत्रमा उपलब्ध नभएको ।
- स्थानीय जनतामा वन तथा भूसंरक्षणबारेको राम्रो ज्ञान नभएको ।
- महत्त्वपूर्ण जडीबुटीहरूको अन्वेषण र प्रशोधन हुन नसकेको ।
- उत्पादित काठको व्यावसायिक प्रयोगको लागि बजारमा प्रतिस्पर्धी बनाउनु ।
- जडीबुटी निकासी गर्न भइरहेको कानुनी व्यवधान परिवर्तन गर्न ।
- डिभिजन तथा सबडिभिजन वन कार्यालयबाट यथेष्ट अनुगमन नहुनु ।

७.१.३ सम्भावना तथा अवसर

- वन संरक्षणको लागि पर्याप्त कानुनी व्यवस्था रहेको ।
- सङ्घ सरकार, गण्डकी प्रदेश सरकार र चुमनुब्री गाउँपालिका वनको संरक्षण तथा विस्तारका लागि बढी सचेत र सजग ।
- वन क्षेत्र विस्तारका लागि पर्याप्त घाँसे मैदाने फाँटहरू हुनू ।
- वन संरक्षणको बारेमा स्थानीय जनता सचेत हुनु ।
- प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण हुन गई पर्यटन व्यवसायको विकास हुने ।
- स्थानीय उपभोक्ताहरू बीच मेलमिलापको वातावरण भएकोले स्रोत परिचालनमा सहजता छ ।
- प्राकृतिक रूपमै उम्रने धेरै प्रजातिका जडीबुटी तथा अन्य काठहरूको सम्भावना प्रशस्त रहेको ।
- महत्त्वपूर्ण जडीबुटीहरूको लागि बजारको राम्रो सम्भावना भएको ।
- स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावना ।
- समुदायमा आधारित वन व्यवस्थापन मार्फत स्थानीय जनताको जीवनयापन सहज हुने ।
- वन, जलाधार, कृषि, पशु विकास, सिँचाइ लगायतका निकाय बीच सहकार्य, समन्वय तथा एकीकृत विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सकिने ।

७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

"चुमनुब्री गाउँपालिकाभित्र रहेको खाली मैदानहरूमा व्यापक वृक्षरोपण गर्नका अतिरिक्त गैरकाष्ठ वन पैदावारको बारेमा अध्ययन अनुसन्धान गरी आय आर्जनसँग जोड्ने"

उद्देश्य

१. खाली जग्गामा वृक्षरोपण गरी हरियाली प्रवर्द्धन गर्नु ।
२. यस क्षेत्रमा पाइने जडीबुटीहरूको विस्तृत अध्ययन अनुसन्धान गरी व्यवसायीकरण गर्नु ।
३. वन संरक्षणको लागि स्थानीय सरोकारवालाहरू सँगको समन्वय बलियो बनाई वनको थप संरक्षण र विकासमा जोड दिनु ।

रणनीति तथा कार्यनीति

तालिका ४९: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: खाली जग्गामा वृक्षरोपण गरी हरियाली प्रवर्द्धन गर्नु ।	
७.१.१: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको विस्तार र संरक्षण गर्ने ।	१. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ । २. गाउँपालिकाभित्रका खाली भूभागमा वृक्षारोपण गरिनेछ । ३. गाउँपालिकाभित्र वन नर्सरी स्थापना गरिनेछ । ४. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ । ५. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ । ६. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
उद्देश्य २: यस क्षेत्रमा पाइने जडीबुटीहरूको विस्तृत अध्ययन अनुसन्धान गरी व्यवसायीकरण गर्नु ।	
७.२.१: यस क्षेत्रमा पाइने जडीबुटीहरूको सम्बन्धित क्षेत्रका विज्ञहरूको सहयोग लिई अध्ययन, अनुसन्धान गरी उत्पादनलाई व्यापक बनाइनेछ ।	१. यस क्षेत्रमा पाइने जिम्बु, यार्सागुम्बा, च्याउ, पाँचऔंले,, जेठीमधु, निरामसी आदीको थप उपयोगिताका बारेमा अध्ययन अनुसन्धान गरी बाहिर ल्याइनेछ । २. अहिले जङ्गलमा भइरहेका जडीबुटी बाहेक अन्यको समेत पहिचान गरी प्रचार प्रसार गरिनेछ । ३. यस क्षेत्रको जङ्गलमा पाइने जिम्बुको व्यवसायीकरणको लागि उत्पादनलाई व्यापक बनाइनेछ ४. गाउँपालिका क्षेत्रभित्र जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ । ५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ । ६. वन विज्ञान अध्ययन गर्न चाहने यस क्षेत्रका विद्यार्थीहरूलाई विशेष सहुलियतको व्यवस्था गरिनेछ ।
७.२.२: केन्द्र र प्रदेश सरकारका कार्यक्रमहरूबाट प्राप्त अवसरहरूको सदुपयोग गर्ने ।	१. वन तथा भूसंरक्षण मन्त्रालय तथा प्रदेशको वन मन्त्रालयले स्थानीय तहमा वन तथा भूसंरक्षणका लागि तय गरेका नीति र कार्यक्रमबारे

	अद्यावधिक जानकारी राखी तिनिहरूबाट लाभान्वित हुने वातावरण तयार गरिनेछ । २. विभिन्न निकायबाट आयोजना हुने तालिम, गोष्ठी तथा अन्य अवसरहरूको सदुपयोग गरिनेछ
७.२.३: स्थानीय स्तरका सरोकारवालाहरू बीच समन्वय कायम गर्ने ।	१. निकटका स्थानीय तह, सब डिभिजन वन कार्यालय तथा जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिहरूसँग गाउँपालिकाले समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
उद्देश्य ३: वन संरक्षणको लागि स्थानीय सरोकारवालाहरू सँगको समन्वय बलियो बनाई वनको थप संरक्षण र विकासमा जोड दिनु ।	
७.३.१: जनताको सहभागिता मार्फत स्थानीय सरोकारवालाहरू बीचको सम्बन्ध बलियो बनाई वन क्षेत्रको विस्तार तथा विकास गर्ने	१. आवश्यक खाली जग्गाको पहिचान गरी वृक्षरोपण कार्यक्रमलाई व्यापक बनाइनेछ । । २. स्थानीय तथा जिल्ला र प्रदेश स्तरका वनसँग सम्बन्धित निकायहरू बीच समन्वय गरी एकीकृत रूपमा स्रोत प्रवाह सहित वनको विकासमा लागिनेछ

७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र	प्रतिशत	१७.९	१८	१९	२०	२२	२५	२५		
सामुदायिक वनबाट प्राप्त हुने राजस्व वृद्धि	प्रतिशत	०	५	१०	१०	१०	१०	१०		
स्थानीय फर्निचर उद्योग	सङ्ख्या	२	३	४	५	६	७	७		
निजी वन	सङ्ख्या	०	३	४	५	६	७	७		
सामुदायिक वन सङ्ख्या	सङ्ख्या	२३	२३	२३	२३	२३	२३	२३		
सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिवृद्धि तालिम	पटक	०	१	२	३	४	५	५		
वार्षिक वृक्षारोपण	सङ्ख्या	०	१५००	२५००	३५००	४५००	६०००	६०००		
चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन	सङ्ख्या	१	१	१	१	१	१	१		
पालिकास्तरीय वन इकाई स्थापना	सङ्ख्या	१	१	१	१	१	१	१		
जैविक विविधता युक्त क्षेत्र	सङ्ख्या	१	१	१	१	१	१	१		
वन क्षेत्रको तारबार	कि.मि.	०	१	२	३	४	५	५		
लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या)	सङ्ख्या	१०	९	८	७	६	५	५		

७.१.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
खाली जग्गामा उत्पादनमुखी वृक्षरोपण कार्यक्रम (टिमुर, ओखर, लोक्ता आदि)	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
वन्यजन्तु अतिक्रमण नियन्त्रणका लागि एमक्यापसँग सहकार्य	सङ्ख्या		५	५००	५००	५००	५००	५००	२५००	०.२२
जडीबुटी खेती प्रवर्द्धन कार्यक्रम	एकमुस्ट			१५००	१५००	१५००	१५००	१५००	७५००	०.६७

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
निजी जग्गामा वृक्षरोपण कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
जडीबुटी पहिचान तथा नर्सरी सञ्चालन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
वन तथा जैविक विविधताका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
वन र जैविक विविधता जम्मा				**४०००**	**४०००**	**४०००**	**४०००**	**४०००**	**२००००**	१.८०

७.१.७ वन र जैविक विविधता विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
खाली जग्गामा उत्पादनमुखी वृक्षरोपण कार्यक्रम (टिमुर, ओखर, लोक्ता आदि)	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१
वन्यजन्तु अतिक्रमण नियन्त्रणका लागि एमक्यापसँग सहकार्य	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१
जडीबुटी खेती प्रवर्द्धन कार्यक्रम	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१
निजी जग्गामा वृक्षरोपण कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१
जडीबुटी पहिचान तथा नर्सरी सञ्चालन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१
वन तथा जैविक विविधताका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

७.२.१ पृष्ठभूमि

एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने राष्ट्रिय लक्ष्यलाई तीनै तहका सरकारले अपनत्व लिई कार्यक्रम सञ्चालन गर्दै आएका छन् । नेपालमा भू संरक्षण तथा जलाधार संरक्षणको विकासले गत केही वर्षमा उल्लेख्य प्रगति गरेको छ । नेपालको पहाडी र हिमाली भूभागमा माटोको कटान, पहिरो र भूस्खलन जस्ता समस्याहरूले गर्दा भू संरक्षण चुनौतीपूर्ण बनेको छ । हालसम्म, देशभरि लगभग १.५ मिलियन हेक्टर भूमिमा भू संरक्षणका कार्यक्रमहरू कार्यान्वयनमा छन् । जलाधार संरक्षणको क्षेत्रमा पनि प्रगति भएको छ, र हाल २५ वटा प्रमुख जलाधार क्षेत्रहरूमा संरक्षणका कार्यक्रमहरू सञ्चालनमा छन् ।

सरकारले भू संरक्षण तथा जलाधार संरक्षणलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ । "राष्ट्रिय जलस्रोत नीति, २०७७" र "भू संरक्षण ऐन, २०७९" ले भू क्षरण नियन्त्रण गर्ने, पहिरो र भूस्खलनबाट बचाउने र भू संरक्षणका कार्यक्रमहरूलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/०८१—२०८४/०८५) ले भू संरक्षण तथा जलाधार संरक्षणलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले भू क्षरण नियन्त्रण गर्ने, जलाधार संरक्षणका कार्यक्रमहरू विस्तार गर्ने र सामुदायिक सहभागिता बढाउने लक्ष्य राखेको छ । साथै, "दिगो विकास लक्ष्य (एसडीजी)" को अन्तर्गत भू संरक्षण र जलाधार संरक्षणलाई प्राथमिकता दिइएको छ ।

गण्डकी प्रदेशको वनक्षेत्रमा प्रचुर मात्रामा काष्ठ तथा गैरकाष्ठ वनपैदावार उपलब्ध रहेका छन् । प्रदेशको वनक्षेत्रको ३३ प्रतिशत हिस्सा समुदायमा आधारित वन प्रणाली (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, कबुलियती वन आदि) अन्तर्गत व्यवस्थापन भइरहेको छ । यस प्रदेशको कुल क्षेत्रफलको ४५.६८ प्रतिशत भूभाग संरक्षण क्षेत्र अन्तर्गत रहेको छ । जलाधारका अवयव (जल, जङ्गल, जमिन, जनावर र जैविक विविधता) स्थानीय बासिन्दाका जीवनयापनका स्रोतका रूपमा रहेका छन् । जमिनको उत्पादन र उत्पादकत्व अभिवृद्धि, खाद्य सुरक्षा, समुदायको जीविकोपार्जन, मानव जीउधन र भौतिक संरचनाको संरक्षणका लागि जलाधार क्षेत्रको उचित व्यवस्थापन हुन जरुरी छ ।

७.२.२ समस्या तथा चुनौती

- जलवायु परिवर्तनका कारण यो क्षेत्रमा हिउँ पर्ने ठाउँमा पानी पर्न थालेपछि भू-क्षय बढ्दै गएको,
- नदी तथा खोलामा भू-क्षयका कारण पानीको सतह माथि बढ्दै गएको,
- भू-क्षय रोक्न खोला किनारमा वृक्षरोपण गर्न अत्याधिक चिसो र हिउँ जम्ने कारण कठिन,
- वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्याहरू देखिएका छन्,
- अनावृष्टि, अतिवृष्टि, हुनुका साथै पानीको मुहान सुकेर सुक्खा क्षेत्रको विस्तारमा वृद्धि हुँदै गएको छ,
- नदी कटानले ठूलो क्षति पुगेको छ,
- मोटर बाटोहरूमा पहिरो गइरहने हुँदा यातायातमा समस्या भएको,

७.२.३ सम्भावना तथा अवसर

- भू-क्षय रोकथामको लागि बैंस तथा भोटे पीपलका बिरुवाहरू लगाउन सकिने,
- वस्ति तथा खेतीयोग्य जमिन नजिक भएको खोला नदी किनारमा ढुङ्गाकै प्राकृतिक बाँध निर्माण गर्न सकिने,
- गाउँ बासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी गाउँपालिका अन्तर्गतका सबै खोला खोल्सीमा सङ्लो पानी बगाउनको लागि गाउँपालिकासँग भएको सोचलाई सम्भावनाको रूपमा लिन सकिने,
- गाउँपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाइ पर्यटकीय सम्भावनाको भरपूर फाइदा लिन सकिने,

७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"भूक्षय नियन्त्रण तथा जलाधार व्यवस्थापनबाट जोखिममा रहेको वस्ति तथा खेतीयोग्य जमिनको संरक्षण गर्ने"

उद्देश्य

१. भू-क्षयको रोकथाम र नियन्त्रण गरी बाढी पहिरोबाट हुने क्षति कटौती गर्दै जानु ।
२. जलधाराका क्षेत्रहरूमा सङ्लो पानी बगाउने ।

रणनीति र कार्यनीति

तालिका ५०: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: भू-क्षयको रोकथाम र नियन्त्रण गरी बाढी पहिरोबाट हुने क्षति कटौती गर्दै जानु ।	
७.२.१: बाढी पहिरो तथा भू—क्षय नियन्त्रण तथा रोकथाम गर्ने	१. भू—क्षय, बाढी पहिरो प्रभावित क्षेत्रहरू पहिचान गर्दै नक्साङ्कन गरिनेछ । २. भिरालो जमिन, खोल्सा खाल्सी, पहिरो तथा भूक्षय क्षेत्रहरूमा वृक्षरोपण गर्दै बायो इन्जिनियरिङ प्रविधिबाट भू—क्षयलाई नियन्त्रण गरिनेछ । ३. जथाभाबी सडक निर्माण गर्ने, भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण गर्ने, वन विनाश गर्ने जस्ता कार्यहरूलाई पूर्णतः निरुत्साहित एवं निषेध गरिनेछ । ४. अति संवेदनशील क्षेत्रका वस्तिलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्दै सम्भावित क्षतिबाट सुरक्षित राखिनेछ । ५. संवेदनशील क्षेत्र तथा भू—क्षय प्रभावित क्षेत्र नजिकका वस्तिहरूमा आपत्कालिन अवस्था वारे जानकारीका लागि पूर्व सूचना दिने मेशिन उपकरणहरू जडान गरी सम्भावित क्षतिलाई न्यूनीकरण गरिनेछ ।
७.२.२: भू—संरक्षण एवं सम्बर्द्धन गर्ने	१. भू—उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । २. ठाडो एवं भिरालो भूभागमा IEE, AIE जस्ता वातावरणीय लगायत भौगोलिक अवस्थाका बारेमा विस्तृत अध्ययन पश्चात् मात्रै भौतिक संरचनाहरू निर्माण गरी त्यसता भूभागहरूको संरक्षण गरिनेछ ।

रणनीतिहरू	कार्यनीतिहरू
	३. वर्षाको भल पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियो हारको व्यवस्थापन एवं गरा सुधार जस्ता कार्यबाट भूमिको दिगो संरक्षण गरिनेछ । ४. जमिनको भित्री सतह सुक्खा हुन गई पानीको मुहान सुक्ने र जमिन समेत भासिने हुँदा स्वीकृती विना र अव्यवस्थित एवं जथाभाबी निर्माण हुने डिपवोरिङ गर्ने अभ्यास माथि नियन्त्रण गरिनेछ ।
उद्देश्य २: जलधाराका क्षेत्रहरूमा सङ्लो पानी बगाउने ।	
७.२१: जलस्रोतको दिगो संरक्षण, सम्वर्द्धन गर्ने	१. पालिका क्षेत्रभित्र जलस्रोत तथा जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, नियमन एवं संरक्षण गरिनेछ । यसका लागि जलाधार संरक्षण ऐन, कानुनहरू निर्माण गरिनेछ । २. पानी मुहान, पानी पोखरी, सिमसार, तालतलैया लगायतका स्रोतहरूको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा तारबार, पर्खाल, रिटेनिङवाल, वृक्षारोपण एवं रिचार्ज पोखरीहरू निर्माण गरी संरक्षण एवं सम्वर्द्धन गरिनेछ । ३. पानी मुहान, पोखरी, ताल तलैया, खोलामा पानीको मात्रा यथेष्ट र स्थिर राख्न अध्ययनका आधारमा जलाशयहरू निर्माण गरिनेछ र वर्षातको पानी सञ्चय गरी पानी भरण गर्ने भूमिगत सतह पानी पुर्नभरण गर्ने व्यवस्था मिलाइनेछ । ४. नदी तथा खोला किनारामा तटबन्ध निर्माण गरिनेछ । ठूला प्रकृतिका रुखहरू वृक्षारोपण गरी नदी खोला किनारमा हुने भूक्षयलाई न्यूनीकरण गरिनेछ ।
७.१.२ जलस्रोतहरूलाई बहु उपयोगी बनाउँदै आय श्रोतको रूपमा विकास गर्ने	१. नदी तथा खोला किनार तथा नदी उकास क्षेत्रमा व्यावसायिक रूपमा कृषि-वन खेती गर्न स्थानीयहरूलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराइनेछ । २. सम्भाव्यताका आधारमा गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा पानी पोखरी, पानी ट्याङ्की निर्माण गरी कृषि भूमिमा नियमित सिँचाइको व्यवस्था मिलाइनेछ । ३. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै गाउँपालिका क्षेत्रभित्रका प्रसिद्ध ताल तथा झरना, पौडी पोखरी, स्नानकुण्ड एवं मनोरञ्जन पार्कहरू निर्माण गरी आन्तरिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ । ४. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै वर्षाको पानी भण्डारण, नदी खोलाबाट सा-साना जलाशय निर्माण गरी सङ्कलित पानीलाई प्रशोधनको व्यवस्था मिलाई खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।

७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
भूक्षय संवेदनशील क्षेत्र	प्रतिशत	३०	२८	२५	२२	२०	१८	१८		
भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन	सङ्ख्या	०	१	१	१	१	१	१		
संरक्षित जलाधार क्षेत्र	सङ्ख्या	०	१	५	१०	१५	२०	२०		
बाढी तथा पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण	कि.मि.	१	४	५	६	७	८	८		
संवेदनशील क्षेत्रको बाढी नियन्त्रण	कि.मि	१	२	३	३	४	४	४		
स्थानीय विपद् तथा भूसंरक्षण योजना	सङ्ख्या	०	१	१	१	१	१	१		
बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान	सङ्ख्या	०	१	१	१	१	१	१		
बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन	सङ्ख्या	०	१	२	३	४	५	५		

७.२.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
सम्भाव्य जोखिममा रहेका वस्तिहरूको लागि वस्ति संरक्षण कार्यक्रम	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
नदी तथा खोला किनारको पहिरो रोकथामको लागि तटबन्ध निर्माण	सङ्ख्या		**५०**	१००००	१२५००	१५०००	१७५००	२००००	**७५०००**	६.७३
भूसंरक्षण तथा जलाधार व्यवस्थापनका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
भूमि तथा जलाधार व्यवस्थापनको जम्मा				**११५००**	**१४०००**	**१६५००**	**१९०००**	**२१५००**	**८२५००**	७.४१

७.२.७ भूसंरक्षण तथा जलाधार व्यवस्थापन विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
सम्भाव्य जोखिममा रहेका वस्तिहरूको लागि वस्ति संरक्षण कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१
नदी तथा खोला किनारको पहिरो रोकथामको लागि तटबन्ध निर्माण	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१
भूसंरक्षण तथा जलाधार व्यवस्थापनका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१२	३	३	१

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

७.३.१ पृष्ठभूमि

नेपालको संविधान तथा अन्य प्रचलित कानुनहरूमा वातावरण संरक्षणको लागि उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनिएको छ भने उपधारा (२) मा वातावरणीय प्रदूषण वा त्यसबाट हुने क्षति बापत पीडितलाई प्रदूषणबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ भनिएको छ । दिगो विकासका लक्ष्य नं. ६ मा सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने भनिएको छ । त्यसैगरी लक्ष्य नं. १५ मा स्थलीय पर्यावरणको संरक्षण, पुन स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने भनिएको छ ।

नेपालमा वातावरण तथा फोहोरमैला व्यवस्थापनको क्षेत्रमा गत केही वर्षमा उल्लेख्य प्रगति भएको छ । तथापि, बढ्दो सहरीकरण, औद्योगिकीकरण र जनसङ्ख्या वृद्धिले वातावरणीय चुनौतीहरू बढाएका छन् । हालसम्म, नेपालमा प्रतिदिन उत्पादन हुने फोहोरमैलाको मात्रा लगभग २,८०० टन छ, जसमा ५६ प्रतिशत जैविक फोहोरमैला र १६ प्रतिशत प्लास्टिकजन्य फोहोरमैला समावेश छ । काठमाडौं उपत्यकामा मात्र प्रतिदिन ५०० टन फोहोरमैला उत्पादन हुन्छ, तर यसको व्यवस्थापनमा ठूलो चुनौती छ । वायु प्रदूषण, विशेष गरी सिजनको समयमा, नेपालको प्रमुख समस्या बनेको छ । सरकारले वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ ।

सरकारले वातावरण तथा फोहोरमैला व्यवस्थापनलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र ऐनहरू लागू गरेको छ । "वातावरण संरक्षण ऐन, २०७६" र "फोहोरमैला व्यवस्थापन ऐन, २०६८" ले फोहोरमैलाको सङ्कलन, पृथकिकरण, र पुनः प्रयोगलाई नियमन गर्ने व्यवस्था गरेको छ । यस ऐनले फोहोरमैलाको व्यवस्थापनमा सामुदायिक सहभागिता बढाउने र प्रदूषण नियन्त्रण गर्ने लक्ष्य राखेको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले वातावरण तथा फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यस योजनाले वायु प्रदूषण नियन्त्रण गर्ने, फोहोरमैलाको व्यवस्थापन सुधार्ने र जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ ।

गण्डकी प्रदेशका ताल तथा जलाधार क्षेत्रको संरक्षण एवम् दिगो उपयोग गरी जैविक विविधताको संरक्षण, वातावरणीय सेवा, पर्यापर्यटन प्रवर्द्धन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान पुर्याउनका लागि नीतिगत तथा व्यावहारिक प्रयास भइरहेको छ । साथै, औद्योगिक प्रतिष्ठानमा अनुगमन गरी मापदण्ड पालना गराउने कार्यमार्फत प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण लगायतका संस्थागत प्रयास समेत भइरहेका छन् ।

७.३.२ समस्या तथा चुनौती

- ✓ चुमनुब्री गाउँपालिकाभित्र विभिन्न वस्तिहरू बजार केन्द्रका रूपमा विकास भइरहेकोले प्लास्टिक र सिसा जन्य फोहर व्यवस्थापन गर्ने ।
- ✓ यहाँका वस्तिहरूमा फोहरमैला व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धिका तालिमहरू व्यवस्थापन गर्ने
- ✓ अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको अभिवृद्धि गर्ने ।
- ✓ वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव ।
- ✓ हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम तर्जुमा गर्नु आदि
- ✓ फोहर व्यवस्थापनका नाममा फोहरहरू खोला खोल्सीका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृतीको व्यवस्थापन ।
- ✓ जथाभाबी फालिएको फोहर वर्षाका समयमा पानीले बगाएर खोला खोल्सी तथा नदीका तल्लो भागसम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित प्रवृतिमा सुधार गर्ने ।

७.३.३ सम्भावना तथा अवसर

- ✓ जनसङ्ख्याको आकार सानो भएका कारण फोहरमैला व्यवस्थापन गर्न सहज ।
- ✓ गाउँपालिका फोहरमैला व्यवस्थापनको क्षेत्रमा बढी सचेत रहेको ।
- ✓ फोहरमैला व्यवस्थापनको लागि गाउँपालिकाबाट विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका ।
- ✓ वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न सकिने ।
- ✓ वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम गर्ने कार्यक्रमहरू सञ्चालन गर्न सहज रहेको ।
- ✓ स्थानीय सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी गाउँलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेका छन् ।

७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

"पूर्ण आनीबानी परिवर्तन सहितको सरसफाइयुक्त नमुना गाउँपालिकाको रूपमा पहिचान भएको हुनेछ"

<u>उद्देश्य</u>

१. आधारभूत सरसफाइ सुविधाको पहुँच सम्पूर्ण घरधुरीमा र गुणस्तरीय सरसफाइको पहुँच कम्तीमा ९० प्रतिशत घरधुरीमा पुऱ्याउनु ।

२. प्रत्येक घरधुरी तथा सार्वजनिक स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।

<u>रणनीति तथा कार्यनीति</u>

तालिका ५१: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य नं.१ आधारभूत सरसफाइ सुविधाको पहुँच सम्पूर्ण घरधुरीमा र गुणस्तरीय सरसफाइको पहुँच कम्तीमा ९० प्रतिशत घरधुरीमा पुऱ्याउनु ।	
१.१.१: आधारभूत सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने ।	१. मापदण्ड बमोजिम निर्माण नभएका वा निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सरसफाइ सम्बन्धी संरचनाहरूको विवरण तयार गरिनेछ । २. मापदण्ड अनुरूप निर्माण नभएका संरचनाहरूलाई गुणस्तर कायम हुनेगरी पुनर्निर्माण गर्न सम्बन्धित घरधनीलाई प्रोत्साहन तथा परामर्श दिइनेछ । ३. घरबाट निस्किने अन्य फोहरको गुणस्तरीय व्यवस्थापनको लागि सम्बन्धित घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ । ४. समुदायका सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ । ५. विद्यालय, सेवा केन्द्रहरू, हाट बजार लाग्ने स्थानहरूमा फोहर सङ्कलनको लागि भाँडोको व्यवस्था गरिनेछ । ६. गाउँ टोल सरसफाइको लागि उपभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ । ७. फोहरमैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । ८. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।
उद्देश्य २: प्रत्येक घरधुरी तथा सार्वजनिक स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।	
२.२.१: समुदायका घनाबस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई अधिकतम स्वच्छता कायम गर्ने ।	१. प्रत्येक घर र सार्वजनिक स्थानहरूमा कुहिने र नकुहिने २ वटा छुट्टा छुट्टै डप्विनहरूको व्यवस्था गरी फोहर व्यवस्थापन गरिनेछ । २. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ । ३. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ । ४. आवश्यकता र औचित्यको आधारमा फोहरमैला व्यवस्थापनको लागि डम्पिङसाइटको व्यवस्था गरी फोहरमैला विसर्जन गरिनेछ । ५. विद्यालयका विद्यार्थी तथा समुदायका अन्य लक्षित वर्गलाई सरसफाइ सम्बन्धी तालिमहरू सञ्चालन गरी जनचेतना बढाइनेछ ।

७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)						पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं	जम्मा		
पुर्ण सरसफाइयुक्त वडा	सङ्ख्या	०	०	०	१	१	२	२		
धुवाँमुक्त घरधुरी	प्रतिशत	१	५	१०	२०	३०	४०	४०		
फोहोरमैला विसर्जन केन्द्र	सङ्ख्या	०	१	१	१	१	१	१		
फोहोरमैला विसर्जन नीति	सङ्ख्या	०	१	१	१	१	१	१		
संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या	प्रतिशत	२	१	०	०	०	०	०		
टोल सरसफाइकोलागि उपभोक्ता समिति	सङ्ख्या	१०	१२	१५	१८	२०	२२	२२		
डस्टबिन व्यवस्थापन भएका घरधुरी	प्रतिशत	३५	४०	४५	५०	५५	६०	६०		
फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति	सङ्ख्या	०	५	१०	१०	१०	१०	१०		
फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार	प्रतिशत	९०	९१	९२	९३	९४	९५	९५		
स्थानीय वातावरणमैत्री नीति	सङ्ख्या	०	१	१	१	१	१	१		
वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या	सङ्ख्या	०	१	२	३	४	५	५		
प्रदूषण मापन केन्द्र	सङ्ख्या	०	०	०	०	१	१	१		

७.३.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
प्रत्येक घरमा कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि २ डष्टबिन व्यवस्थापन कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
सबै पदमार्गमा डष्टबिन व्यवस्था गरी नियमित सरसफाइ कार्यक्रम परिचालन	सङ्ख्या		२	१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
उचित ल्याण्डफिल्ड साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनको लागि बस्ती तथा वडास्तरमा तालिम सञ्चालन	पटक		**५**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
वातावरण तथा फोहोरमैला व्यवस्थापनका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
वातावरण तथा फोहरमैला व्यवस्थापनको जम्मा				**३०००**	**३०००**	**३०००**	**३०००**	**३०००**	**१५०००**	१.३५

७.३.७ वातावरण तथा फोहरमैला व्यवस्थापन विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
प्रत्येक घरमा कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि २ डष्टबिन व्यवस्थापन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
सबै पदमार्गमा डष्टबिन व्यवस्था गरी नियमित सरसफाइ कार्यक्रम परिचालन	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
उचित ल्याण्डफिल्ड साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनको लागि बस्ती तथा वडास्तरमा तालिम सञ्चालन	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
वातावरण तथा फोहोरमैला व्यवस्थापनका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

७.४.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्यले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना एवं तयारी गर्ने, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने नीति अङ्गीकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरूबाट जलवायु परिवर्तन सम्बन्धी सूचना अद्यावधिक एवं प्रवाह गर्ने परिकल्पना राष्ट्रिय योजनामा गरिएको छ भने उत्थानशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । विपद् पूर्व, सो पश्चात् र विपद् को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने, जोखिम वस्तिहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने, वस्ति स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

सरकारले विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र ऐनहरू लागू गरेको छ । "विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४" ले विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्निर्माणका लागि व्यवस्थापन तन्त्र स्थापना गर्ने लक्ष्य राखेको छ । यस ऐनले स्थानीय स्तरमा विपद् व्यवस्थापन योजनाहरू बनाउने, सामुदायिक सहभागिता बढाउने र विपद् प्रभाव न्यूनीकरण गर्ने रणनीतिहरू समेटेको छ । साथै, "जलवायु परिवर्तन नीति, २०७६" ले जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने, उत्थानशीलता बढाउने र हरित विकासलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ । यस नीतिले नवीकरणीय ऊर्जा, वन संरक्षण र जलवायु अनुकूल कृषिलाई प्राथमिकता दिएको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५; विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ लगायतका कानुन बमोजिम गण्डकी प्रदेशमा विपद् व्यवस्थापन नियमावली, २०७७ तथा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७७-२०८७ तर्जुमा भई कार्यान्वयनमा रहेका छन् । प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ बमोजिम गण्डकी प्रदेशमा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन परिषद् र आन्तरिक मामिला हेर्ने मन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन भएको छ । प्रदेशको विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गर्ने कार्य सम्पन्न भएको छ । यस प्रदेशमा कुल १ लाख ४७ हजार ९८५ घरपरिवार बढ्दै गएका विपद्का घटनाका कारण थप सङ्कटाभिमुख रहेका छन् । यस प्रदेशमा विपद्का कारण मृत्यु भएका, हराएका तथा घाइते भएकाको सङ्ख्या प्रति एक लाख जनसङ्ख्यामा ०.००१ जना रहेको छ ।

७.४.२ समस्या तथा चुनौती

- बाह्य कारण परिवर्तित जलवायु परिवर्तनको असर यहाँका स्थानीय बासिन्दाले भोग्नु परेको ।
- विपदको त्रासले स्थानीयहरू घर/बस्ती छाडी अन्यत्र बसाइँ सराइ गर्ने क्रमलाई व्यवस्थित गर्नु ।
- विपदको जोखिमले जग्गा/जमिन बिक्री गर्नु वा भू—उपयोग परिवर्तन गर्नु ।

- विपद् न्यूनीकरण गर्ने स्रोत तथा साधनको कमी हुनु ।
- विपद् न्यूनीकरण गर्ने ठोस/उपयुक्त योजना, नीति, निर्देशिकाहरूको अभाव हुनु ।
- गाउँपालिका स्तरको वैज्ञानिक भू-उपयोग प्रणाली नहुनु ।
- विपद् न्यूनीकरण गर्न नयाँ प्रविधि, सिकाइहरू विकास/विस्तार नहुनु ।
- विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साकन भई सो अनुसारको भू-उपयोग पद्धति अवलम्बन गर्ने नीति नहुनु ।
- विद्यमान परम्परागत ज्ञान र सीपको यथेष्ट प्रयोग नहुनु अर्थात् लोप हुँदै जानु ।
- सीमान्त जमिनमा विपद् जोखिम क्षेत्रहरूको प्रयोग हुनु ।
- विपद् व्यवस्थापनमा कार्य गर्ने सङ्घ/संस्थाहरूको काम कर्तव्यमा अधिकार बाझिने वा दोहोरोपन सिर्जना हुनु ।
- जलवायु परिवर्तनको असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु ।
- जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा आन्तरिकीकरण गर्नु ।

७.४.३ सम्भावना तथा अवसर

- विपद् न्यूनीकरणको लागि जिल्लाहरूमा सरकारी, गैरसरकारी, स्थानीय निकाय तथा अन्य सरोकारवाला सङ्घ/संस्थाहरू विद्यमान रहेको ।
- विपद् न्यूनीकरण, पुनः स्थापना र पुनर्निर्माणमा सरकारी, गैरसरकारी सहयोग प्राप्त हुने गरेको ।
- विभिन्न सङ्घ/संस्थाहरूले आ-आफ्ना स्थानहरूमा विपद् व्यवस्थापनमा कामहरू सञ्चालन गर्दै आएको ।
- जनसमुदाय तथा विपद् सम्बन्धी चेतना अभिवृद्धि हुने ।
- विपदबाट हुने धनजनको क्षतिबारे जन समुदाय तथा सरोकारवालाहरूले सजगता अपनाउने ।
- बसाइँ सराइ कम भई सो स्थानको विकासमा समुदायहरू समर्पित हुने ।
- विपद् व्यवस्थापनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने ।
- स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग हुने ।
- परम्परागत ज्ञान, सीप र स्थानीय स्रोतहरूको दिगो प्रयोग हुने ।
- वातावरण तथा जलवायु परिवर्तनबाट हुने प्राकृतिक प्रकोप तथा स्वास्थ्य सम्बन्धी हानिकारक रोग सङ्क्रमण आदिमा कमी आउने ।

७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

"सबै वस्ति तथा सार्वजनिक संरचनाहरू सुरक्षित हनुका साथै विपदबाट हुने क्षति शून्यमा झार्ने"

उद्देश्य

१. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी चुमनुब्री गाउँपालिकालाई प्रकोप/विपद् जोखिम रहित क्षेत्रको रूपमा विकास गर्नु ।

४.४ रणनीतिहरू तथा कार्यनीतिहरू

तालिका ५२: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू	कार्यनीतिहरू
उद्देश्य १: मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी चुमनुब्री गाउँपालिकालाई प्रकोप/विपद् जोखिम रहित क्षेत्रको रूपमा विकास गर्नु ।	
१.१.१: गाउँपालिकामा विद्यमान विपद् व्यवस्थापनको संस्थागत संरचनाहरूलाई प्रभावकारी बनाउने ।	१. विद्यमान विपद् सम्बन्धी राष्ट्रिय नीति, कानुन तथा निर्देशिकाहरू पुनरावलोकन गरी विद्यमान विपद् व्यवस्थापनको संस्थागत संरचनाहरूको समय सापेक्ष परिमार्जन गरिनेछ । २. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइ स्थापना गरिनेछ । ३. विपद् व्यवस्थापनका एकाइहरू बीच सूचना सङ्कलन, प्रशोधन तथा प्रक्षेपण गर्ने कार्यहरूमा समन्वय कायम गरी प्रभावकारी संयन्त्रको विकास गरिनेछ । ४. विपद् सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।
१.१.२: गाउँपालिका तथा जिल्लामा सम्बन्धित सरकारी, निजी क्षेत्र, सहकारी तथा स्थानीय निकाय, गैरसरकारी क्षेत्र तथा अन्य सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने ।	१. गाउँपालिका क्षेत्र तथा जिल्लामा विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरूबीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । २. विपद् व्यवस्थापन कार्य गर्दा सकेसम्म स्थानीय स्रोत, साधन, सीप र उच्च प्रविधि प्रयोग गरिनेछ । ३. विपद् व्यवस्थापन कार्य गर्दा जिल्लामा रहेको जलवायु परिवर्तन अनुकूल कार्यक्रम, भूसंरक्षण तथा व्यवस्थापन, जल उत्पन्न प्रकोप व्यवस्थापन, रेडक्रस जस्ता कार्यहरू गर्ने सबै निकायहरू लगायत विकास निर्माणका सरोकारवालाहरू बीच समन्वय कायम गरी एकीकृत रूपमा विपद् व्यवस्थापन कार्य सञ्चालन गरिनेछ ।
१.१.३: विपद् सम्बन्धी सूचना सङ्कलन, प्रशोधन र परिचालन विद्युतीय/कम्प्युटर प्रणालीबाट सञ्चालन गराउने प्रक्रियाको विस्तार गर्ने ।	१. विपद् व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन गर्न विद्युतीय/कम्प्युटर प्रणाली स्थापना गरी गाउँपालिका क्षेत्र र जिल्ला बीच सञ्चार नेटवर्क विस्तार गरिनेछ । २. सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी जानकारी सहज र सरल रूपमा उपलब्ध गराइनेछ । ३. विपद् सम्बन्धी भएका घटनाहरूलाई यथासक्य चाँडो कम्प्युटर नेटवर्कमा समाहित गरिनेछ । ४. त्यस्तो सूचना जिल्लामा अनिवार्य रूपमा पठाउने व्यवस्था गरिनेछ ।
१.१.४: गाउँपालिकास्तरमा विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने ।	१. गाउँपालिकामा कार्यरत निकायहरूले आआफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ । २. गाउँपालिकामा रहेका विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ । ३. गाउँपालिकामा सरोकारवालाहरूलाई भेला गराई विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।

	४. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विषेश रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ । ५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । ६. बाढी पहिरो, नदी कटानी, खानी तथा उद्योग क्षेत्र आदिको आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यसता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।
१.१.५: विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने ।	१. गाउँपालिकामा जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ । २. त्यस्तै बाढी पहिरो, चट्याङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यसता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ । ३. गाउँपालिकामा भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ । ४. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ ।

७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
विपदबाट क्षति भएको रकम	रू. करोड	४४	४०	३५	३०	२५	२०	२०		
विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या	सङ्ख्या	३	०	०	०	०	०	०		
प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना	सङ्ख्या	०	१	२	२	३	३	३		
आपत्कालिन कार्य सञ्चालन केन्द्र	सङ्ख्या	१	२	२	२	२	२	२		
विपद् व्यवस्थापनकालागि खुल्ला क्षेत्र र स्थान	सङ्ख्या	१५	१५	१८	२०	२०	२०	२०		
विपद् व्यवस्थापन योजना	सङ्ख्या	०	१	१	१	१	१	१		
स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्ययोजना तर्जुमा	सङ्ख्या	०	१	१	१	१	१	१		
विपद् व्यवस्थापनमा क्रियाशिल संघ-संस्थाहरू	सङ्ख्या	३	४	५	५	५	५	५		
विपद् व्यवस्थापन स्थानीय कोष (रु. लाखमा)	रु.	३०	४०	५०	६०	७०	८०	८०		
सामान्य खोज उद्धारमा तालिमप्राप्त जनशक्ति	सङ्ख्या	०	२	५	१०	१०	१०	१०		
तालिम प्राप्त स्वयम् सेवक	सङ्ख्या	०	५	१०	१५	२०	२५	२५		
वस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधुरी	सङ्ख्या	२६०	२४०	२००	१८०	१५०	१३०	१३०		

७.४.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
जलवायु अनुकूलन तथा दिगो वन व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
विपद् सम्बन्धी कार्यविधि मापदण्ड, ऐन, नियमावली, निर्देशिका, पूर्व तयारी प्रतिकार्य योजना तर्जुमा	एकमुस्ट			५००	५००	५००	५००	५००	२५००	०.२२

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
विपद् जोखिम स्थल पहिचान र भौतिक संरचना निर्माण	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
विपद् सूचना प्रविधि उपकरण खरिद	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
दैवी प्रकोप नियन्त्रणको लागि तयारी सामाग्रीहरूको सङ्कलन र व्यवस्थापन	एकमुस्ट			१०००	१०००	१०००	१०००	१०००	**५०००**	०.४५
विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका सालबसाली कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा				**४०००**	**४०००**	**४०००**	**४०००**	**४०००**	**२००००**	१.८०

७.४.७ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
जलवायु अनुकूलन तथा दिगो वन व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
विपद् सम्बन्धी कार्यविधि मापदण्ड, ऐन, नियमावली, निर्देशिका, पूर्व तयारी प्रतिकार्य योजना तर्जुमा	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
विपद् जोखिम स्थल पहिचान र भौतिक संरचना निर्माण	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
विपद् सूचना प्रविधि उपकरण खरिद	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
दैवी प्रकोप नियन्त्रणको लागि तयारी सामाग्रीहरूको सङ्कलन र व्यवस्थापन	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१
विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका सालबसाली कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	४.१	१३	७	३	१

परिच्छेद-आठः संस्थागत विकास तथा सुशासन क्षेत्र

८.१ संस्थागत विकास तथा सुशासन

८.१.१ पृष्ठभूमि

नेपालको संविधानको **धारा ५६** ले राज्यको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तहमा वर्गीकरण गरेको छ । त्यसैगरी **धारा ५७** ले राज्य शक्तिको बाँडफाँट र त्यसको प्रयोग उल्लिखित सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट संविधान र कानुन अनुसार हुने व्यवस्था गरेको छ । यसरी राज्य शक्तिको प्रयोग गर्दा संविधानको **अनुसूची ८** मा उल्लिखित एकल अधिकार सूची र **अनुसूची ९** मा उल्लिखित साझा अधिकार सूचीमा भएका विषयहरू संविधान र स्थानीय तहले निर्माण गरेका कानुन बमोजिम हुने कुरा उल्लेख छ । सुशासनको सन्दर्भमा हालसम्म, नेपालमा इ-गभर्नेन्सको प्रयोग बढेको छ, र ७५ प्रतिशत भन्दा बढी सरकारी सेवाहरू अब अनलाइन मार्फत उपलब्ध छन् । तथापि, सेवा प्रवाहमा अझै पनि असमानता, विलम्ब र भ्रष्टाचार जस्ता समस्याहरू छन् । संस्थागत विकासको क्षेत्रमा पनि प्रगति भएको छ, तर संस्थाहरूको क्षमता, पारदर्शिता र जबाफदेहीतामा अझै सुधार आवश्यक छ । सुशासनको क्षेत्रमा पारदर्शिता, जबाफदेहीता र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिइएको छ, तर यस क्षेत्रमा चुनौतीहरू अझै पनि बढी छन् ।

सरकारले सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर विभिन्न नीतिहरू र योजनाहरू लागू गरेको छ । "नेपालको संविधान" ले नागरिकहरूलाई गुणस्तरीय सेवा प्रवाह र सुशासनको अधिकार प्रदान गरेको छ । "सुशासन ऐन, २०६४" ले पारदर्शिता, जबाफदेहीता र भ्रष्टाचार नियन्त्रणलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ । यस ऐनले सरकारी संस्थाहरूको कार्यप्रणाली सुधार्ने र नागरिकहरूको सहभागिता बढाउने लक्ष्य राखेको छ । साथै, "इ-गभर्नेन्स नीति, २०६३" ले सरकारी सेवाहरू अनलाइन मार्फत उपलब्ध गराउने र प्रविधिको प्रयोगबाट सेवा प्रवाहलाई सुधार्ने लक्ष्य राखेको छ ।

संस्थागत विकासको क्षेत्रमा, सरकारले संस्थाहरूको क्षमता विकास, पारदर्शिता र जबाफदेहीता बढाउने लक्ष्य राखेको छ । "संस्थागत सुधार कार्यक्रम, २०७६" अतिरिक्त "भ्रष्टाचार निवारण ऐन, २०५९" समेत हाल कार्यान्वयनमा रहेका छन् । सुशासनको क्षेत्रमा, सरकारले पारदर्शिता, जबाफदेहीता र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिएको छ । "सुशासन र विकास कार्यक्रम, २०७८" ले स्थानीय सरकारहरूको क्षमता विकास गर्ने, नागरिकहरूको सहभागिता बढाउने र सेवा प्रवाहलाई सुधार्ने लक्ष्य राखेको छ । यस कार्यक्रमले सुशासनलाई प्रवर्द्धन गर्ने र सामुदायिक सहभागिता बढाउने रणनीतिहरू समेटेको छ । साथै, "सूचनाको अधिकार ऐन, २०६४" ले नागरिकहरूलाई सूचना पाउने अधिकार प्रदान गरेको छ, जसले पारदर्शिता र जबाफदेहीतालाई बढवा दिने अपेक्षा गरिएको छ ।

नेपाल सरकारको १६औं योजना (२०८०/८१—२०८४/८५) ले सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन क्षेत्रको विकासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू

हुन् । यसका साथै, सरकारले निजी क्षेत्र, गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर सेवा प्रवाह र सुशासनका लागि ठूला कार्यक्रमहरू सुरु गरेको छ ।

गण्डकी प्रदेश सरकारले जिम्मेवार सार्वजनिक प्रशासन र व्यवस्थापन प्रति प्रदेशवासीको विश्वास आर्जनलाई सर्वोपरि मानी स्वच्छ, सक्षम, निष्पक्ष, जनउत्तरदायी सेवा व्यवस्थापन प्रणाली स्थापना गर्ने लक्ष्य लिएको छ । नागरिकका लागि प्रदान गर्ने सेवा सुविधामा सबैको सहज पहुँच कायम गर्ने मूल ध्येयका साथ प्रदेश सरकारका सात वटा मन्त्रालय, आयोग र प्रतिष्ठान लगायत १२४ वटा प्रादेशिक कार्यालयबाट सार्वजनिक सेवाप्रवाह हुँदै आएको छ । सङ्घीय सरकारबाट २,६७९ दरबन्दी एवम् जनशक्ति सहित संस्थागत संरचना प्रदेशलाई हस्तान्तरण भएका छन् । प्रदेश लोकसेवा आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा ५२१ महिला र ६३३ पुरुष गरी कुल १,१५४ जना प्रदेश निजामती सेवाका विभिन्न पदमा कर्मचारी छनौट भई सिफारिस भएका छन् ।

८.१.२ समस्या तथा चुनौती

- दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्ने ।
- कार्यालयबाट सबै महिना तथा सबै मौसममा सेवा प्रवाह गर्ने ।
- गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना भएता पनि सो अनुसार विकासको अग्रणी क्षेत्रहरू भू उपयोग रणनीति योजना, पर्यटन विकास, बस्ती तथा भौतिक विकासका योजनाहरू कार्यान्वयन नहुँदा ठोस तथा नतिजामुखी विकास गर्ने कार्य ।
- गाउँपालिकाका योजनाहरूको प्राथमिकता, आयोजना वैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमूखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ ।
- स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्व प्रशासन र स्रोत परिचालनसम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ ।
- राजस्व तथा स्रोत परिचालन सम्बन्धी ऐन, कार्यविधि, कार्यप्रणाली र सोको कार्यान्वयनमा कमी
- सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुने कार्य ।
- आवश्यक भौतिक सुविधा र लगानीको वातावरण तयार गरी गाउँपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानी कर्तालाई आकर्षित गर्न सक्ने विषय ।

८.१.३ सम्भावना तथा अवसर

- सुशासन सम्बन्धी कार्यक्रम गाउँपालिकाको प्राथमिकतामा पर्नु, ।
- कार्यालय/सार्वजनिक सङ्घ संस्थाहरूमा तातो कक्षा (Hot Room) को माध्यमद्वारा सेवाग्राही र लाभग्राहीहरूको सङ्ख्या वृद्धि ।
- साङ्गठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार हुनु,
- कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु,
- सङ्घीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु,
- सुशासन सम्बन्धी कार्यक्रम गाउँपालिकाको प्राथमिकतामा पर्नु, ।

- गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु,
- भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ ।
- गाउँपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको छ ।
- जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु ।
- सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु,
- सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसरको रूपमा देखिन्छन्।

८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

लक्ष्य

"गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने"

उद्देश्य

१. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
२. सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
३. निर्वाचित जनप्रतिनिधि, कर्मचारीहरू तथा साझेदारहरूको क्षमतामा अभिवृद्धि गर्नु ।
४. आन्तरिक राजस्व क्षमतामा दिगोपना सहित वित्तीय सुशासन अभिवृद्धि गर्दै जानु ।
५. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धिका लागि स्थानीय तह संस्थागत स्वमूल्याङ्कन 'LISA' तथा वित्तीय सुशासन 'FRA' लगायतका क्षेत्रमा गुणात्मक सुधार ल्याउनु ।

रणनीति तथा कार्यनीति

तालिका ५३: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू

रणनीति	कार्यनीति
१. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।	
१.१: गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने ।	१. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ । २. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ। ३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ । ४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ । ५. सूचना प्रविधिको प्रयोग र पहुँच बढाइनेछ । ६. सेवा प्रवाहमा ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू, महिला तथा बालबालिकाहरूलाई प्राथमिकता दिँदै नागरिकहरूलाई घर दैलोमै सेवा प्रवाह गर्न **घुम्ती सेवा कार्यक्रम** लाई निरन्तरता दिइनेछ ।

रणनीति	कार्यनीति
	७. सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइन प्रविधि मार्फत सञ्चालन गरिएकोमा यस कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । ८. सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाई थप छिटो छरितो र सहज बनाउँदै लगिनेछ । ९. तथ्य तथ्याङ्कमा आधारित योजना प्रणाली तथा नीति निर्माण र निर्णय प्रक्रियालाई संस्थागत गरिनेछ ।
१.२: गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने ।	१. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ। २. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ । ३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक सङ्ग सस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ । ४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ । ५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ । ६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ । ७. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइट मार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ । ८. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ । ९. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । १०. यसका लागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ । ११. सेवा प्रदायक प्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यस कार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ।
१.३: सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने ।	१. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ । २. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ । ३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ । ४. सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाई थप छिटो छरितो र सहज बनाउँदै आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिनेछ

रणनीति	कार्यनीति
	५. सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता सार्वजनिक उत्तरदायित्वका अवयवहरूको प्रभावकारी उपयोग गदै आर्थिक पारदर्शिता कायम गरी भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरिनेछ ।
२. सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।	
२.१: शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने ।	१. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ । २. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ । ३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ । ४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ । ५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ । ६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ ।
२.२: सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँच योग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने ।	१. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ । २. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ । ३. गाउँपालिकाको न्यायिक अधिकारको प्रयोगद्वारा न्याय निरूपणलाई सरल र अनुभूति तहमा विस्तार गरिनेछ ।
३ निर्वाचित जनप्रतिनिधि, कर्मचारीहरू तथा साझेदारहरूको क्षमतामा अभिवृद्धि गर्नु ।	
३.१: जनशक्ति विकास गर्ने ।	१. गाउँपालिकाका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगका लागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ । २. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानका लागि विनियोजन गरिनेछ । ३. गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनुसार अभिमुखीकरण तालिम र क्षमता विकासका लागि आधुनिक प्रविधियुक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । ४. स्थानीय आवश्यकता र उपलब्धता बीच सामञ्जस्यता कायम गरी सार्वजनिक, सहकारी र निजी क्षेत्रमा उपलब्ध स्रोत साधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवं उत्थानशील विकासमा जोड दिइनेछ। ५. गाउँपालिकाको विविध पक्षको अध्ययन, अनुसन्धान र जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरूको क्षमता विकास कार्यक्रमहरू कार्यान्वयन गर्न सञ्चालन गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग समन्वय र सहकार्य गरिनेछ ।
३.२: अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउने ।	१. सङ्घीय र प्रदेश सरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ । २. गाउँपालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।

रणनीति	कार्यनीति
	३. गाउँपालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ । ४. गाउँपालिकास्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ ।
४ आन्तरिक राजस्व क्षमतामा दिगोपना सहित वित्तीय सुशासनमा अभिवृद्धि गर्दै जानु ।	
४.१ आन्तरिक राजस्वमा वृद्धि गर्नका लागि प्रभावकारी तालिम, सम्भाव्य स्रोतको पहिचान सहित कार्य योजना अनुसार कार्य गरिनेछ ।	१.आन्तरिक राजस्व सङ्कलनको लागि सम्भाव्य क्षेत्रको पहिचान गरिनेछ । २. राजस्व सङ्कलनको लागि प्रभावकारी कानुनको तर्जुमा गरिनेछ । ३. कर्मचारी र जनप्रतिनिधिहरूलाई राजस्व सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ४. वडा कार्यालयबाट राजस्व सङ्कलन गरिने प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
४.२ सार्वजनिक आय-व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने ।	१. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ । २. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ । ३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ । ४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ।
४.३ आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने ।	१. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ । २. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ ।
उद्देश्य ५: गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धिका लागि स्थानीय तह संस्थागत स्वमूल्याङ्कन 'LISA' तथा वित्तीय सुशासन 'FRA' लगायतका क्षेत्रमा गुणात्मक सुधार ल्याउनु।	
५.१ सङ्घ तथा प्रदेश सरकारले जारी गरेको कार्यसम्पादन मूल्याङ्कन सूचकमा गुणात्मक सुधार ल्याउने ।	१. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि) लाई प्रभावकारी र नियमित गराइनेछ। २. संस्थागत स्वमूल्याङ्कन 'LISA' तथा वित्तीय सुशासन 'FRA' लगायतका क्षेत्रमा उत्कृष्टता हासिल गरी निर्देशिकाको पूर्ण पालना तथा कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यदल बनाई नियमित अनुगमन गरिनेछ। ३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको कार्यसम्पादन मूल्याङ्कन सूचकमा उल्लिखित विषय क्षेत्रमा गुणात्मक सुधार ल्याउन आवश्यक कदम चालिनेछ ।

रणनीति	कार्यनीति
	४. गाउँपालिकाको कार्यसम्पादन व्यवस्थित बनाउनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारका निकायसँग नियमित परामर्श गरिनेछ । ५. गाउँपालिकाको न्यायिक अधिकारको प्रयोगद्वारा न्याय निरूपणलाई सरल र अनुभूति तहमा विस्तार गर्न आवश्यक संयन्त्र विकास गरिनेछ । ६. तथ्य तथ्याङ्कमा आधारित योजना प्रणाली तथा नीति निर्माण र निर्णय प्रक्रियालाई संस्थागत बनाउन संस्थागत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याईंको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
कर्मचारीको पदपूर्ति	प्रतिशत	६०	७०	८०	१००	१००	१००	१००		
कार्यपालिकाको बैठक	सङ्ख्या	७५	८०	९५	११०	१२५	१४०	१४०		
पालिकाद्वारा स्वीकृत नीति तथा कानुन	सङ्ख्या	५७	६०	६२	६५	६८	७०	७०		
पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण	सङ्ख्या	८	८	८	८	८	८	८		
औसत वार्षिक बेरुजू	प्रतिशत	२.३	२	१	०	०	०	०		
औसत वार्षिक पुँजीगत खर्च	प्रतिशत	४२	४५	४५	४८	४८	४८	४८		
आन्तरिक आय	रु.हजारमा	३०००	२०००	२२००	२५००	३०००	४०००	४०००		
सामाजिक परीक्षण	सङ्ख्या	२	३	४	५	६	७	७		
आवधिक योजना तर्जुमा	सङ्ख्या	१	२	२	२	२	३	३		
मध्यमकालीन खर्च संरचना	सङ्ख्या	१	२	२	३	३	४	४		
अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा	सङ्ख्या	७	७	७	७	७	७	७		
पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ	सङ्ख्या	२	३	४	५	६	७	७		
कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा	सङ्ख्या	५	७	९	११	१३	१५	१५		
अनुगमन	सङ्ख्या	१२	२४	३६	४८	६०	७२	७२		
कार्यक्रमको कार्य प्रगति समीक्षा	सङ्ख्या	५	६	७	८	९	१०	१०		
अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ	सङ्ख्या	०	१	२	३	४	५	५		
क्षमता विकास योजना	सङ्ख्या	१	१	२	२	२	३	३		
कर्मचारीको कुल दरबन्दी	सङ्ख्या	४८	६०	६०	६०	६०	६०	६०		
स्वीकृत ओएनएम प्रतिवेदन	सङ्ख्या	१	१	१	१	१	१	१		

सूचक	एकाइ	आधार वर्षको अवस्था २०८० / २०८१	योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)					जम्मा	पुस्ट्याइँको स्रोत	जोखिम पक्ष तथा अनुमान
			पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौं			
सेवाग्राहीको सन्तुष्टि स्तर	प्रतिशत	८८	८८	९०	९२	९४	९६	९६		
जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास	सङ्ख्या	१	२	३	४	५	६	६		
अनलाइन सेवामा आबद्ध सुविधा	सङ्ख्या	५	६	७	८	९	१०	१०		
सफ्टवेयरमा आधारित सेवा	सङ्ख्या	५	६	७	८	९	१०	१०		
एकै दिनमा सम्पन्न गरिने सार्वजनिक सेवा	सङ्ख्या	१८	२०	२०	२०	२०	२०	२०		
ई-हाजीरीको व्यवस्था भएका कार्यालय	सङ्ख्या	०	६	१५	३०	३०	३०	३०		
पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू	सङ्ख्या	७	७	७	७	७	७	७		
आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या	सङ्ख्या	०	७	७	७	७	७	७		
आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू	सङ्ख्या	५	७	७	७	७	७	७		
कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड	सङ्ख्या	०	१	२	३	४	५	५		
कर्मचारीको कार्यविवरण तर्जुमा	सङ्ख्या	०	१	१	१	१	१	१		
निर्धारित समयावधि मै बजेट	आएको/नआएको	आएको	आउने	आउने	आउने	आउने	आउने	आउने		
वार्षिक योजना तथा कार्यक्रम विवरण वेबसाइटमा	राखिएको/ नराखिएको	राखिएको	राखिने	राखिने	राखिने	राखिने	राखिने	राखिने		
आय-व्ययको अद्यावधिक विवरण वेबसाइटमा	राखिएको/ नराखिएको	राखिएको	राखिने	राखिने	राखिने	राखिने	राखिने	राखिने		
वार्षिक खरिद योजना	सङ्ख्या	१	१	१	१	१	१	१		
आन्तरिक लेखापरीक्षण प्रतिवेदन	सङ्ख्या	१	१	१	१	१	१	१		
आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था	सङ्ख्या	१	१	१	१	१	१	१		
समयमा फछ्र्यौट भएका वार्षिक योजना	प्रतिशत	९५	१००	१००	१००	१००	१००	१००		

८.१.६ प्रमुख आयोजना तथा कार्यक्रम

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
सुशासन तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम										
तयार भएका ऐन, नियम, कार्यविधिहरूको जानकारी, अभिमुखीकरण	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम	पटक		१५	१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५
नागरिक वडा पत्रको व्यवस्थापन तथा सूचना प्रवाहको लागि स्मार्ट टि.भी. व्यवस्थापन	एकमुस्ट		८	५००	५००	५००	५००	५००	२५००	०.२२
सेवाग्राही सन्तुष्टि मापन कार्यविधि निर्माण र कार्यान्वयन र अद्यावधिक	सङ्ख्या		१		५००				५००	०.०४
मुख्य बजार तथा सार्वजनिक स्थल र पर्यटकीय पदमार्गका चोकमा दिशा निर्देश सहितको सूचना बोर्ड स्थापना	सङ्ख्या		१५०	१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५
सबै कार्यालयमा सेवाग्राहीमैत्री प्रतिक्षा कक्ष व्यवस्थापन	सङ्ख्या		८	१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५
सूचना प्रविधि मैत्री शासन सबै वडामा	सङ्ख्या		८	५००	५००	५००	५००	५००	२५००	०.२२
कर्मचारी तथा शाखा एवं वडामा प्रविधि तथा क्षमता विकास कार्यक्रम	पटक		३	५००		५००		५००	१५००	०.१३
विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम	पटक		२		५००		५००		१०००	०.०९
न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकास	सङ्ख्या		२	५००		५००			१०००	०.०९
टोल विकास संस्था गठन परिचालन तथा कानुनी साक्षरता कक्षा सञ्चालन	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
सुशासन, ऐन नियम तथा जबाफदेहीताको जम्मा				६०००	६०००	६०००	५५००	५५००	२९०००	२.६०
संस्थागत संरचना तथा मानव संसाधन विकास										
वडा तथा नगरपालिकामा डिजिटल बोर्ड स्थापना तथा सञ्चालन	सङ्ख्या		८	५००	५००	५००	५००	५००	२५००	०.२२
जनप्रतिनिधिहरूलाई क्षमता विकास तालिम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
कर्मचारीलाई सेवा तथा सीप विकास सम्बन्धी क्षमता विकास तालिम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
विद्युतीय सेवा प्रवाहका लागी क्षमता अभिवृद्धि कार्यक्रम	पटक		५	१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
सबै वडा कार्यालयहरूमा तथा नगरपालिकाको कार्यालयको कार्यालयमा कर, दस्तुर,महसुल रकम असुली कम्प्युटर विलिङ प्रणाली जडान	पटक		५	१०००	१०००	१०००	१०००	१०००	५०००	०.४५
कर्मचारी प्रोत्साहन कार्यक्रम (हरेक वर्ष १ जना)	जना		५	५००	५००	५००	५००	५००	२५००	०.२२
पदाधिकारी र कर्मचारी अन्तर स्थानीय तह अध्ययन भ्रमण	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
टोल विकास संस्था सुदृढीकरण र परिचालन, युवा क्लब गठन र परिचालन	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, विकास तथा सुदृढीकरण र अद्यावधिक	पटक		२	५००	५००	५००	५००	५००	२५००	०.२२
लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत लेखाजोखा कार्यक्रम, पालिकास्तर	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
मेलमिलाप केन्द्र स्थापना तथा व्यवस्थापन, वडास्तर	सङ्ख्या		७	५००	५००	५००	५००	५००	२५००	०.२२
न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताको क्षमता विकास, पालिकास्तर	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा				**७५००**	**७५००**	**७५००**	**७५००**	**७५००**	**३७५००**	३.३७
वित्तीय श्रोत परिचालन										
राजस्व सुधार कार्ययोजना तर्जुमा	पटक		२	५००	०	०	५००	०	१०००	०.०९
करदाता शिक्षा कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम	जना		१०	५००	५००	५००	५००	५००	२५००	०.२२
निजी क्षेत्र सँग समन्वय, छलफल तथा अभिमुखिकरण	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
जिन्सी र आ.ले.प. शाखा व्यवस्थापन	सङ्ख्या		२	५००	५००	५००	५००	५००	२५००	०.२२
राजस्व शाखा सुदृढीकरण	सङ्ख्या		१	५००	५००	५००	५००	५००	२५००	०.२२
अन्तर सरकार र स्थानीय तह समन्वय कार्यक्रम	पटक		५	५००	५००	५००	५००	५००	२५००	०.२२
वित्तीय श्रोत परिचालनको जम्मा				**३५००**	**३०००**	**३०००**	**३५००**	**३०००**	**१६०००**	१.४४

कार्यक्रमहरू	एकाइ	आधार वर्ष	योजनाको कुल लक्ष्य	अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)						बजेट प्रतिशत
				पहिलो आ. व.	दोस्रो आ. व.	तेस्रो आ. व.	चौथो आ. व	पाँचौं आ. व	जम्मा	
योजना व्यवस्थापन										
योजना तथा कार्यक्रम अनुगमन, मूल्याङ्कन निर्देशिका अभिमुखिकरण कार्यक्रम	एकमुस्ट			५००	५००	५००	५००	५००	**२५००**	०.२२
उपभोक्ता समिति क्षमता विकास कार्यक्रम	पटक		**५**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
आवधिक योजना अद्यावधिक कार्यक्रम	पटक		**१**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
उत्कृष्ट उपभोक्ता समिति सम्मान तथा प्रोत्साहन कार्यक्रम	पटक		**५**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
वस्तुस्थिति विवरण अद्यावधिक कार्यक्रम	पटक		**२**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
नतिजामूलक अनुगमन, मूल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण	पटक		**५**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
मध्यमकालीन खर्च संरचना तर्जुमा	पटक		**२**	५००			५००		**१०००**	०.०९
विषयक्षेत्रगत रणनीतिक योजना तर्जुमा	सङ्ख्या		**७**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
चौमासिक तथा वार्षिक समीक्षा कार्यक्रम	पटक		**२०**	५००	५००	५००	५००	५००	**२५००**	०.२२
योजना व्यवस्थापनको जम्मा				**४०००**	**३५००**	**३५००**	**४०००**	**३५००**	**१८५००**	१.६६

८.१.७ सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन विकासको साङ्केतिकरण

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
सुशासन तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम							
तयार भएका ऐन, नियम, कार्यविधिहरूको जानकारी, अभिमुखीकरण	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
नागरिक वडा पत्रको व्यवस्थापन तथा सूचना प्रवाहको लागि स्मार्ट टि.भी. व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
सेवाग्राही सन्तुष्टि मापन कार्यविधि निर्माण र कार्यान्वयन र अद्यावधिक	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
मुख्य बजार तथा सार्वजनिक स्थल र पर्यटकीय पदमार्गका चोकमा दिशा निर्देश सहितको सूचना बोर्ड स्थापना	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
सबै कार्यालयमा सेवाग्राहीमैत्री प्रतिक्षा कक्ष व्यवस्थापन	सङ्घ/प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
सूचना प्रविधि मैत्री शासन सबै वडामा	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
कर्मचारी तथा शाखा एवं वडामा प्रविधि तथा क्षमता विकास कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकास	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
टोल विकास संस्था गठन परिचालन तथा कानुनी साक्षरता कक्षा सञ्चालन	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	८	३	३
संस्थागत संरचना तथा मानव संसाधन विकास							
वडा तथा नगरपालिकामा डिजिटल बोर्ड स्थापना तथा सञ्चालन	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	३	३
जनप्रतिनिधिहरूलाई क्षमता विकास तालिम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	३	३
कर्मचारीलाई सेवा तथा सीप विकास सम्बन्धी क्षमता विकास तालिम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	२	३
विद्युतीय सेवा प्रवाहका लागी क्षमता अभिवृद्धि कार्यक्रम	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	२	३
सबै वडा कार्यालयहरूमा तथा नगरपालिकाको कार्यालयको कार्यालयमा कर, दस्तुर,महसुल रकम असुली कम्प्युटर बिलिङ प्रणाली जडान	प्रदेश/पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	३	३

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
कर्मचारी प्रोत्साहन कार्यक्रम (हरेक वर्ष १ जना)	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	३	३
पदाधिकारी र कर्मचारी अन्तर स्थानीय तह अध्ययन भ्रमण	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	२	३
टोल विकास संस्था सुदृढीकरण र परिचालन, युवा क्लब गठन र परिचालन	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	२	३
सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, विकास तथा सुदृढीकरण र अद्यावधिक	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	२	३
लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	२	३
स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत लेखाजोखा कार्यक्रम, पालिकास्तर	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	३	३
मेलमिलाप केन्द्र स्थापना तथा व्यवस्थापन, वडास्तर	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	२	३
न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताको क्षमता विकास, पालिकास्तर	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१६	९	२	३
वित्तीय श्रोत परिचालन							
राजस्व सुधार कार्ययोजना तर्जुमा	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	८	३	३
करदाता शिक्षा कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	८	३	३
उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	८	३	३
निजी क्षेत्र सँग समन्वय, छलफल तथा अभिमुखिकरण	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	८	३	३
जिन्सी र आ.ले.प. शाखा व्यवस्थापन	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	८	३	३
राजस्व शाखा सुदृढीकरण	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	८	३	३
अन्तर सरकार र स्थानीय तह समन्वय कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	८	३	३
योजना व्यवस्थापन							
योजना तथा कार्यक्रम अनुगमन, मूल्याङ्कन निर्देशिका अभिमुखिकरण कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३

कार्यक्रमहरू	जिम्मेवारी	स्थानगत तथा कार्यक्रम विवरण	स्थानीय रणनीतिक स्तम्भ सङ्केत	दिविल सङ्केत	दिराल सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
उपभोक्ता समिति क्षमता विकास कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३
आवधिक योजना अद्यावधिक कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३
उत्कृष्ट उपभोक्ता समिति सम्मान तथा प्रोत्साहन कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३
वस्तुस्थिति विवरण अद्यावधिक कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३
नतिजामूलक अनुगमन, मूल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३
मध्यमकालीन खर्च संरचना तर्जुमा	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३
विषयक्षेत्रगत रणनीतिक योजना तर्जुमा	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३
चौमासिक तथा वार्षिक समीक्षा कार्यक्रम	पालिका	गाउँ सभाको निर्णय अनुसार	५.१	१७	१०	३	३

परिच्छेद-नौः कार्यान्वयन व्यवस्था

९.१ पृष्ठभूमि

चुमनुब्री गाउँपालिकाले गाउँपालिकाको योजनाबद्ध विकासका लागि पार्श्वचित्र, तथ्यहरूको विश्लेषण, सरोकारवाला तथा वडाबासीसँगको अन्तरक्रियाबाट यस दोस्रो आवधिक योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको सोह्रौं योजना तथा गण्डकी प्रदेशको दोस्रो योजनाको अवधारण पत्रलाई समेत आधारको रूपमा लिएको छ । गाउँपालिकाले आवधिक योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागीतामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक, विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै, राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठूलो भूमिका हुन्छ ।

९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

सङ्घीय शासन व्यवस्था अनुसार राज्यको पुनः संरचना प्रक्रियाबाट यस गाउँपालिकाको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । गाउँपालिकामा हाल ७ वटा शाखाहरू ७ वटा वडा समितिको कार्यालय रहेको छ । गाउँपालिकाको विद्यमान सङ्गठन संरचना अनुसार स्वीकृत दरबन्दी तथा करार सहित ४८ जना कर्मचारी कार्यरत छन् । गाउँपालिकाको दोस्रो आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँ कार्यपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको पूर्णरूपमा कार्यान्वयन गरी कार्यालयको सङ्गठन संरचना अनुसारको कर्मचारी दरबन्दी र सोही बमोजिमको कार्य विवरण तयार गर्नुपर्ने देखिन्छ ।

९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

विषय क्षेत्र अनुसार यस योजनामा विभिन्न पाँच वटा क्षेत्रहरू तथा गाउँपालिका गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान गाउँपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडा स्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत गाउँपालिकाको आन्तरिक आय, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

तालिका ५४: विषय क्षेत्र अनुसार अनुमानित बजेट

क्र.सं.	विषयगत क्षेत्र उपक्षेत्र	अनुमानित बजेट लागत (रु. हजारमा)						बजेट प्रतिशत
		पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा	
	गाउँ गौरवका आयोजना	**१५५००**	**४२५००**	**५००००**	**६४५००**	**७७०००**	**२४९५००**	**१८.३०**
१	**आर्थिक क्षेत्र**	**२९०००**	**३५७००**	**३९४००**	**६१६००**	**७४३००**	**२४००००**	**२१.५४**
१.१	कृषि तथा पशुपन्छी	९५००	१०१००	११७००	११८००	११९००	५५०००	४.९४
१.२	सिँचाई	५५००	१०५००	९५००	११५००	१२५००	४९५००	४.४४
१.३	पर्यटन, संस्कृति तथा सम्पदा	८०००	८६००	१०२००	२९३००	३९९००	९६०००	८.६२
१.४	उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति	३०००	३५००	५०००	६०००	७०००	२४५००	२.२०
१.५	श्रम, रोजगारी र सामाजिक सुरक्षा	३०००	३०००	३०००	३०००	३०००	१५०००	१.३५
२	**सामाजिक क्षेत्र**	**४७५००**	**४८५००**	**६२०००**	**७७५००**	**९१५००**	**३२७०००**	**२९.३५**
२.१	स्वास्थ्य तथा पोषण	१४०००	१४०००	१५५००	२४०००	२९०००	९६५००	८.६६
२.२	शिक्षा, विज्ञान तथा नवप्रवर्तन	१३०००	१३०००	२३०००	२३०००	२३०००	९५०००	८.५३
२.३	खानेपानी तथा सरसफाइ	४५००	४५००	५५००	९५००	९५००	३३५००	३.०१
२.४	महिला, बालबालिका तथा लक्षित वर्ग	५५००	५५००	५५००	५५००	५५००	२७५००	२.४७
२.५	युवा तथा खेलकुद	१०५००	११५००	१२५००	१५५००	२४५००	७४५००	६.६९
३	**पूर्वाधार क्षेत्र**	**५६०००**	**६८५००**	**७५०००**	**५८०००**	**६४५००**	**३२२०००**	**२८.९०**
३.१	बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण	११०००	११५००	१२०००	१३५००	१४०००	६२०००	५.५७
३.२	सडक, पुल तथा यातायात	३७५००	४९५००	५५५००	३७५००	४२५००	२२२५००	१९.९७
३.३	विद्युत् तथा वैकल्पिक ऊर्जा	३५००	३५००	३५००	३५००	४०००	१८०००	१.६२
३.४	सूचना, सञ्चार तथा प्रविधि	४०००	४०००	४०००	३५००	४०००	१९५००	१.७५
४	**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**	**२२५००**	**२५०००**	**२७५००**	**३००००**	**३२५००**	**१३७५००**	**१२.३४**
४.१	वन तथा जैविक विविधता	**४०००**	**४०००**	**४०००**	**४०००**	**४०००**	**२००००**	**१.८०**
४.२	भूसंरक्षण तथा जलाधार व्यवस्थापन	११५००	१४०००	१६५००	१९०००	२१५००	८२५००	७.४१
४.३	वातावरण तथा फोहोरमैला व्यवस्थापन	३०००	३०००	३०००	३०००	३०००	१५०००	१.३५
४.४	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता	४०००	४०००	४०००	४०००	४०००	२००००	१.८०
५	**संस्थागत विकास तथा सुशासन क्षेत्र**	**२१०००**	**१७५००**	**१७५००**	**१७५००**	**१७०००**	**८७५००**	**७.८५**
५.१	सुशासन, ऐन नियम तथा जबाफदेहीता	६०००	६०००	६०००	५५००	५५००	२९०००	२.६०
५.२	संस्थागत संरचना तथा मानव संसाधन विकास	७५००	७५००	७५००	७५००	७५००	३७५००	३.३७
५.३	वित्तीय श्रोत परिचालन	३५००	३०००	३०००	३५००	३०००	१६०००	१.४४

क्र.सं.	विषयगत क्षेत्र उपक्षेत्र	अनुमानित बजेट लागत (रु. हजारमा)						बजेट प्रतिशत
		पहिलो आ.व.	दोस्रो आ.व.	तेस्रो आ.व.	चौथो आ.व	पाँचौं आ.व	जम्मा	
५.४	योजना व्यवस्थापन	४०००	३५००	३५००	४०००	३५००	१८५००	१.६६
	जम्मा योजना बजेट	**१७६०००**	**१९५२००**	**२२१४००**	**२४४६००**	**२७९८००**	**१११४०००**	**१००.००**

गाउँपालिकाको आवधिक योजना अवधिको लक्ष्य प्राप्तिका लागि क्षेत्रगत कूल लागत बजेट **रू. २ अर्ब ७६ करोड ५० लाख ७७ हजार** अनुमान गरिएको छ । चालू खर्च घटाउँदै जाने नीति अनुरूप आवधिक योजनाको अवधि भर चालू खर्च **६० प्रतिशत**मा सीमित गर्ने र पुँजीगत खर्च **४० प्रतिशत** हुने अनुमान गरिएको छ । गाउँ गौरवका आयोजनाहरूको लागि कुल बजेटको **१८.३ प्रतिशत** बजेट विनियोजन गरिएको छ र नपुग रकम वैकल्पिक स्रोतः सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य दाताहरू सँग लागत साझेदारीमा कार्यान्वयन गरिनेछ । गाउँपालिका गौरवका आयोजना कार्यान्वयनका लागि कूल **रू. २४ करोड ९५ लाख** अनुमान गरिएको छ । विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी सामाजिक विकासका लागि **२९.३५ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, पूर्वाधार विकासका लागि **२९.९० प्रतिशत**, आर्थिक विकास क्षेत्र विकासका लागि करिब **२१.५४ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **१२.३४ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **७.८५ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।

९.४ स्रोत अनुमान तथा प्रक्षेपण

चुमनुब्री गाउँपालिकाको आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद् अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ।

९.४.१ राजस्व परिचालनको अवस्था

गाउँपालिकाको नेतृत्वमा तर्जुमा भएको यस दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना गाउँपालिका विकासका सबै साझेदार सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लिखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र बाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सम्भावित सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ।

आ.व. २०८०/८१ को यथार्थ आय **रू. ३५ करोड ४३ लाख ६७ हजार** रहेको छ । गत तीन आ.व. को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तीमा पनि आन्तरिक स्रोत वार्षिक १५ प्रतिशतका दरले र बाह्य स्रोतको आयमा १० प्रतिशतले वृद्धि हुनसक्ने प्रक्षेपणका आधारमा ५ वर्षको कूल

अनुमानित आय प्रक्षेपण गर्दा चुमनुब्री गाउँपालिकाको कूल अनुमानित आय करिब **रु. २ अर्ब ३३ करोड ०९ लाख ६१ हजार** हुने देखिन्छ । गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा गाउँपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ ।

तालिका ५५: राजस्व परिचालनको अवस्था

आ.व. (रकम रु. हजारमा)		आन्तरिक श्रोतको आय	बाह्य श्रोतको आय	लागत सहभागिता	जम्मा
आ.व. ०८०/०८१ को यथार्थ	रकम	२४००	१५८६२		१८२६२
	प्रतिशत	१३.१४	८६.८६		१००
आ.व. ०८१/०८२ को अनुमानित	रकम	३०००	१७८१७		२०८१७
	प्रतिशत	१४.४१	८५.५९		१००

स्रोतः गाउँपालिका, लेखा शाखा

९.४.२ खर्च अवस्थाको विश्लेषण

गाउँपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०८०/०८१ को व्यय विवरण अनुसार कूल खर्चको करिब **६० प्रतिशत** चालू शीर्षकमा छुट्याइएको रहेको छ भने कूल खर्चको करिब **४० प्रतिशत** पुँजीगत खर्च शीर्षकमा छुट्याइएको देखिन्छ । गत आ.व.मा पुँजीगत खर्च शीर्षकमा छुट्याइएको रकमको करिब **९५ प्रतिशत** खर्च भएको देखिन्छ । गाउँपालिकाको विगत वर्षको व्यय विवरण अनुसार पुँजीगत खर्च तुलनात्मक रूपमा न्यून देखिन्छ ।

तालिका ५६: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)

क्र. सं.	विवरण	२०८०/८१को यथार्थ रु. हजारमा	२०८१/८२ को अनुमान	२०८२/८३ को प्रक्षेपण	२०८३/८४ को प्रक्षेपण	२०८४/८५ को प्रक्षेपण	२०८५/८६ को प्रक्षेपण	२०८६/८७ को प्रक्षेपण	आवधिक योजनाको जम्मा
१	**बजेटको वर्गीकरण**								
१.१	चालू खर्च	२१२६२०	२५२६१०	२४७५६५	२५७४२५	२७५४८७	२९५९७२	३२२१२७	१३९८५७७
१.२	पुँजीगत खर्च	१४१७४७	१६८४०७	१६५०४३	१७१६१७	१८३६५८	१९७३१५	२१४७५१	९३२३८४
जम्मा बजेट		३५४३६७	४२१०१७	४१२६०९	४२९०४२	४५९१४५	४९३२८७	५३६८७८	२३३०९६१
२	**खर्चको क्षेत्रगत बाँडफाँट**								
२.१	आर्थिक विकास			२९०००	३५७००	३९४००	६१६००	७४३००	२४००००
२.२	सामाजिक विकास			४७५००	४८५००	६२०००	७७५००	९१५००	३२७०००
२.३	पूर्वाधार विकास			५६०००	६८५००	७५०००	५८०००	६४५००	३२२०००
२.४	वन वातावरण तथा विपद् व्यवस्थापन			२२५००	२५०००	२७५००	३००००	३२५००	१३७५००
२.५	संस्थागत विकास तथा सुशासन			२१०००	१७५००	१७५००	१७५००	१७०००	९०५००
२.६	गौरवका योजना			**१५५००**	**४२५००**	**५००००**	**६४५००**	**७७०००**	२४९५००

क्र. सं.	विवरण	२०८०/८१को यथार्थ रु. हजारमा	२०८१/८२ को अनुमान	२०८२/८३ को प्रक्षेपण	२०८३/८४ को प्रक्षेपण	२०८४/८५ को प्रक्षेपण	२०८५/८६ को प्रक्षेपण	२०८६/८७ को प्रक्षेपण	आवधिक योजनाको जम्मा
जम्मा विकास बजेट				१९१५००	२३७७००	२७१४००	३०९१००	३५६८००	१३६६५००
	जम्मा पञ्चवर्षीय बजेट			४३९०६५	४९५१२५	५४६८८७	६०५०७२	६७८९२७	२७६५०७७

स्रोतः लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल

९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक योजना कार्यान्वयनका लागि गाउँ गौरवको योजना समेत कूल लगानी बजेट **रू. २ अर्ब ७६ करोड ५० लाख ७७ हजार** अनुमान गरिएको छ । आ.व. २०८०/०८१ को यथार्थ र चालू आ.व.को अनुमानित तथा आ.व. २०८१/८२ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको गाउँपालिकाको अनुमानित आय **रु. २ अर्ब ३३ करोड ०९ लाख ६१ हजार** देखिन्छ भने गाउँपालिकाको आगामी ५ वर्षको चालू खर्च करिब **रु. १ अर्ब ३९ करोड ८५ लाख ७७ हजार हुने देखिन्छ ।** यसरी कूल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बीच करिब **रू. ४३ करोड ४१ लाख १६ हजार** बजेट अपुग देखिन्छ ।

तालिका ५७: अपुग स्रोत व्यवस्थापन (रु. हजारमा)

क्र.सं.	शीर्षक	आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा					बजेट (रु. हजारमा)
		२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७	
१	सरकारी स्रोत परिचालन	४१२६०९	४२९०४२	४५९१४५	४९३२८७	५३६८७८	**२३३०९६१**
२	चालू खर्च अनुमान	२४७५६५	२५७४२५	२७५४८७	२९५९७२	३२२१२७	**१३९८५७७**
३	पुँजीगत खर्च अनुमान	१६५०४३	१७१६१७	१८३६५८	१९७३१५	२१४७५१	**९३२३८४**
४	कूल लगानी अनुमान	१७६०००	१९५२००	२२१४००	२४४६००	२७९८००	**१११७०००**
५	गाउँ गौरवका योजना	१५५००	४२५००	५००००	६४५००	७७०००	**२४९५००**
६	**स्रोतको न्यूनता**	**-२६४५७**	**-६६०८३**	**-८७७४२**	**-१११७८५**	**-१४२०४९**	**-४३४११६**
७	**कूल स्रोत परिचालन**	**४३९०६५**	**४९५१२५**	**५४६८८७**	**६०५०७२**	**६७८९२७**	**२७६५०७७**

स्रोतः गाउँपालिका, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल

९.५ स्रोत परिचालन रणनीति

चुमनुब्री गाउँपालिकाको आवधिक विकास योजना (आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म) का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँपालिका कार्यपालिकाको कार्यालय, निजी क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरिनेछ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त

हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कूल **रु. २ अर्ब ७६ करोड ५० लाख ७७ हजार** खर्च हुने अनुमान गरिएको छ भने करिब **रु. २ अर्ब ३३ करोड ९ लाख ६१ हजार (८४.३० प्रतिशत)** विभिन्न सरकारी स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कूल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रु. ४३ करोड ४१ लाख १६ हजार** (**१५.७० प्रतिशत**) बजेटका लागि गाउँपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । जसका लागि गाउँपालिकाले निम्नअनुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ।

यस आवधिक विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्त्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

- गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
- स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेश स्तरीय महत्त्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
- गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिनेछ ।
- मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्त्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
- स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

९.६ आवधिक योजना कार्यान्वयन

९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । गाउँपालिकाको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र सम्भव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नअनुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ।

(क) सरकारी क्षेत्रको लगानी

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशीता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(ख) निजीक्षेत्रको लगानी

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशु विकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिब **५.१७ प्रतिशत** लगानी हुने अपेक्षा गरिएको छ ।

(ग) सहकारी क्षेत्रको लगानी

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । ससाना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । गाउँपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण आदिमा सहकारी क्षेत्रको विशेष भूमिका अपेक्षा गरी यस क्षेत्रबाट योजना अवधिमा **१.६७ प्रतिशत** लगानी प्रक्षेपण गरिएको छ ।

(ङ) गैह्र सरकारी क्षेत्र (गैसस)को लगानी

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, ससाना आय मूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट **३.४४ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

(च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था लगायतको लगानी

विकास प्रदायकले जतिसुकै प्रयास गरे तापनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान **३.१६ प्रतिशत** हुने अनुमान गरिएको छ ।

(छ) अन्तर स्थानीय तह साझेदारी

गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय ततहरूसँग मिलेर रणनैतिक महत्त्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ । यस किसिमका अन्तर स्थानीय तह साझेदारीमा करिब **२.२६ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

९.६.२ कार्यान्वयन प्रक्रिया

आवधिक योजना कार्यान्वयनका लागि गाउँपालिकाले निम्न प्रक्रियाहरू अवलम्बन गरि अगाडी बढ्ने छ ।

(क) सूची तयारी

गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

(ख) छलफल एवं अन्तरक्रिया

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजीकरण गर्नेछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

(ग) मध्यकालीन खर्च संरचना तयारी

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

९.७ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागीतामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- आवधिक योजनाले निर्दिष्ट गरेका सूचकहरूको स्थिति अद्यावधिक गर्दै समग्र विकासको अवस्था मापन गर्न ।
- आवधिक योजनाको उपलब्धि मापन गर्दै विकासको गन्तव्यलाई सहि दिशा प्रदान गर्न ।
- कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- सूचक चेकलिष्ट तर्जुमा
- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनको साथै जबाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिला-सुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- सूचक चेकलिष्ट रुजू तथा अद्यावधिक गरेर,
- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उपाध्यक्ष (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहने छन्ः

– उपाध्यक्ष	संयोजक
– अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट	सदस्य (दुई जना)
– प्रमुख प्रशासकीय अधिकृत	सदस्य
– प्रमुख, योजना शाखा	सदस्य सचिव

आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछ

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेस गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेस गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछ

- सम्बन्धित वडाको वडाध्यक्ष संयोजक
- वडा सदस्यहरू सदस्य
- वडा सचिव सदस्य सचिव

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ ।

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक गाउँपालिका विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछ:

तालिका ५८: अनुगमन तथा मूल्याङ्कन खाका

के गर्ने	कसले गर्ने	कहिले गर्ने	कसरी गर्ने	फलोअप
अनुगमन प्रक्रिया				
कार्यक्रम वा प्रक्रिया अनुगमन	सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस	आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक	▪ स्थलगत अनुगमन ▪ वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना ▪ बृहत् योजनाको कार्यान्वयन योजनाको ▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन	▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेस गर्ने ▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस
प्रतिफल अनुगमन	गाउँपालिका कार्यपालिका, सुपरिवेक्षण	चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि	▪ स्थलगत अनुगमन ▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना	

के गर्ने	कसले गर्ने	कहिले गर्ने	कसरी गर्ने	फलोअप
अनुगमन प्रक्रिया				
	तथा अनुगमन समिति		▪ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेस गर्ने	कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेस गर्ने
असर तह अनुगमन	गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष	वार्षिक, मध्यावधि र अन्तिम वर्ष	▪ लक्षित समूह तथा सहभागीतामूलक छलफल ▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन ▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन ▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल	
मूल्याङ्कन प्रक्रिया				
असर तह मूल्याङ्कन	स्वतन्त्र तेस्रो पक्ष	योजनाको मध्य अवधि	▪ लक्षित समूह तथा सहभागीतामूलक छलफल ▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन ▪ असर तहका सूचना सङ्कलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने ▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल	▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेस गर्ने
प्रभाव तह मूल्याङ्कन	गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष	योजना सम्पन्न भएको दुई वर्षपछि	▪ लक्षित समूह तथा सहभागीतामूलक छलफल ▪ नमुना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दिगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन ▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल	▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेस गर्ने

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछ

- गाउँपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

अनुसूचीः वडागत योजना बैंक

वडा नं. १ चुमनुब्री

शिक्षा

- विद्यालयमा स्थानीय स्तरको शिक्षक राख्ने
- लामाम्शिक्षाको अतिरिक्त मूल धारको शिक्षाको लागि अनुदान दिने
- विद्यार्थीको उपयुक्त रेखदेखको लागि व्यवस्था गर्ने
- ५० बर्ष माथिका निरक्षर पुरुष तथा महिलाको लागि अनुपचारिक शिक्षाको कार्यक्रम संचालन गर्ने

स्वास्थ्य

- स्वास्थ्य सचेतना सम्बन्धी कार्यक्रम संचालन गर्ने
- सामागाउँ स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना र संचालन गर्ने
- स्वास्थ्य सम्बन्धी हुने गरेका शिबिर तथा कार्यक्रममा स्थानीय सरोकारवाला संगको समन्वय गर्ने
- खोप केन्द्रलाई बाह्रै महिना संचालानानको ब्यवस्था गर्ने
- एक्स रे मेशिन र सेवा स्थापना र संचालन गर्ने
- आम्चीलाई पनि स्वास्थ्य सेवासित जोडेर लैजाने

खानेपानी

- ७० घरमा एक घर एक धारा पुरा गर्ने
- ह्यागो खोला खानेपानी योजना सुरक्षित र स्वस्थ बनाउने

सरसफाई

- नार्जुम महिला समूहको भवन देखि पुग्मे टोल सम्मको मुख्य बाटोमा ५०० मिटर लामो नाली बनाउने
- सरसफाई सचेतना तथा प्रोत्साहन कार्यक्रम संचालन गर्ने

महिला बालबालिका

- धर्म ज्ञान महिला समूहमार्फत महिलाहरुलाई आलुको चिप्स बिस्कुट तथा रक्सी बनाउने तालिम दिने
- सुनपाती फूलको ब्रान्दिंगतथा बजारीकरण गर्ने

कृषि

- आलु उत्पादनलाई प्रोत्साहन गर्ने

युवा तथा खेलकुद

- भुंजंगखेल मैदानको निर्माणलाई पूर्णता दिने

सहकारी

- वडा स्तरीय कृषि सहकारी स्थापना र संचालन गर्ने

पूर्वाधार

- एउटा बहु उद्देश्यीय भवन निर्माण गर्ने
- आमा समुहको भवनमा दुइवटा शौचालय र एउटा भान्सा निर्माण गर्ने

सडक पुल

- घ्यावा खोलामा २० मिटर र बेश क्याम्पमा २० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने

सूचन तथा संचार प्रविधी

- लार्के पास क्षेत्रमा ४ G नेटवर्क सेवा विस्तार तथा संचालन गर्ने

विपद व्यवस्थापन

- वीरेन्द्र तालको पैरो, पुन्गिन गुम्बाको पैरो, सामा गाउँ स्वास्थ्यचौकी निरको पैरो, बेसक्याम्प कफी पसल निरको पैरो, सामागाउँ र सान्दोक बीचको पैरो, नियन्त्रण गर्ने
- वीरेन्द्र तालको संरक्षण गर्नेगुम्बा क्षेत्रका सातवटा तालको संरक्षण तथा प्रबर्धन गर्ने

पर्यटन

- सामागाउँ स्वास्थ्य चौकी देखी मिमी सम्मको पूर्वाधार सहितको पर्यटकीय पदमार्ग निर्माण गर्ने
- लामो माने केर्मो देखि नाल्चेपू सम्मको पर्यटकीय पदमार्गमा सिढी तथा अन्य पूर्वाधार निर्माण गर्ने

वडा नं. २ चुमनुब्री

शिक्षा

- विद्यालयमा विषयगत शिक्षकको आपूर्ति गर्ने
- निरक्षर पुरुष तथा महिलाहरुका लागि अनौपचारिक शिक्षाको कार्यक्रम संचालन गर्ने

स्वास्थ्य

- स्वास्थ्य संस्थामा दरवन्दी सिर्जना गरेर कर्मचारी पूर्ति गर्ने

खानेपानी तथा सरसफाई

- शो बस्तीका ९० घरमा एक घर एक धारा पुरा गर्ने
- सडक तथा टोलहरुमा सरसफाइका लागि फोहोर मलाई राख्ने

गुम्बाहरु

पुन्नजीगुम्बा-हिनङ, टासी गुम्बा-हिनङ , सांआक छवेलिंङ गुम्वा- ली, फुंजी छेलिंङ गुम्बा-ली, नाक्सल छुलिंङ गुम्वा - शोवारी, चोंग गुम्बा- शोवारी, पेमा छवेलिङ गुम्बा- शो, कान्जु छवेलिंङ गुम्बा- लोहो, झिबुंङ गुम्बा- लोहो, राङदिङ गुम्बा- राङदिङ

- गुम्बारु संरक्षण गर्ने,, पुराना जीर्ण भएका गुम्बाहरु मर्मत गर्ने, आधारभूत पूर्वाधार निमाण गर्ने
- मनेहरुको संरक्षण गर्ने

युवा तथा खेलकुद

- बर्जममा वडा स्तरीय खेल मैदान निर्माण गर्ने
- युवाहरुलाई ट्रेकिङ गाइड तथा पीक क्लाइम्बिङ तालिम दिने

पर्यटन

- ली बाट पुन्जे गुम्बा, भन्जे, चिब्योक, हिमचुली बेशक्याम्प हुदै स्याला निस्कने पूर्वाधार सहितको पर्यटकीय पदमार्ग निर्माण गर्ने
- शो- टोङ- हुदै नाक्सा छुलिङ गुम्बा जाने पूर्वाधार सहितको पर्यटकीय पदमार्गको विकास गर्ने
- तीव्वती संस्कृति झल्काउने कार्यक्रम व्यवस्थापन गरी पर्यटन प्रबर्धन गर्ने

कृषि

- बादर भालु घोरल झारल मृग नियन्त्रणका कार्यल्रम गर्ने
- स्याउका परिकार रक्सी तथा चाना बनाउने तथा उत्पादित सामानको बजारीकरण गर्ने

सहकारी

- एउटा वडा स्तरीय सहकारी स्थापना तथा संचालन गर्ने

पूर्वाधार

- झुंगा प्रा.वि. भवन मर्मत गर्ने
- वडा स्तरीय बहुउद्देश्यीय भवन निर्माण गर्ने
- लो, ली, स शो मा एक एक वटा प्रतीक्षालय निर्माण गर्ने

वन वातावरण र विपद व्यवस्थापन

- बर्जम, नाम्जाङ, फुर्वाङ, नाङसाम, शो, शिप, खुसाङ, पाङसा, फुर्वा, थोसोङ क्षेत्रहरुमा वृक्षारोपण तथा ग्याबियन भरी पहिरो नियन्त्रण गर्ने

वडा नं. ३ चुमनुब्री

शिक्षा

- आवासीय निशुल्क शिक्षा संचालन गर्ने
- शिक्षाको दरबन्दी विद्यार्थी अनुपातमा पूर्ण गर्ने
- दीवा खाजालाई प्रभावकारी बनाउन विद्यालय भित्रै भान्साको ब्यवस्था गर्ने
- श्री वाङ्सिङ् आ. वि. मा तीन कोठे भवन निर्माण गर्ने, कम्पाउण्ड वाल लगाउने
- शिक्षकहरुमा क्षमता विकास तालिम संचालन गर्ने
- स्थानीय भौगोलिक परिवेशबाट प्रतिनिधित्त्व हुनेगरी शिक्षक नियुक्ति गर्ने

स्वास्थ्य

- पूर्वाधार सहितको स्वास्थ्य चौकी निर्माण गर्ने
- बाह्रै महिना खोप संचालन गर्ने
- पाती गाउमा स्वास्थ्य इकाई स्थापना गरी सेवा प्रवाह गर्ने

युवा तथा खेलकूद

- घट्टे खोलामा रहेको खेल मैदानको स्तरोन्नतिगर्ने
- फिलिम बस्तीमा एक कभर्ड हाल निर्माण गर्ने

महिला बालबालिका तथा ज्येष्ठ नागरिक

- फिलिम बस्तीमा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्ने

खानेपानी तथा सरसफाई

- खानेपानीका मुहानहरुको संरक्षण तथा सरसफाई गर्ने

कृषि

- फिलिम बस्तीमा एक कोल्ड स्टोर बनाउने
- तरकारीमा लाग्ने किराहरु रोक्न जैविक विषादीको प्रयोग गर्ने
- पुरै वडामा प्लास्टिक पोखरी निर्माण गरी थोपा सिन्चाईलाई प्रबर्धन गर्ने
- लेयर्स कुकुरा पालनामा अनुदान कार्यक्रम ल्याई अण्डा उत्पादनमा प्रोत्साहन गर्ने
- डेरी उत्पादनमा प्रोत्साहन कार्यक्रम गर्ने
- बाँझो जग्गामा ओखर टिमुर खेतीको लागि प्रोत्साहन गर्ने

पर्यटन

- युवाहरुलाई कुक तथा ट्रेकिंग गाइड तालिम दिई पर्यटन व्यवसायलाई प्रभावकारी बनाउने

उद्योग

- स्थानीय जडिबुटीको प्रयोग गरेर साबुन उद्योग संचालन गर्न प्रोत्साहन गर्ने
- जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने

पूर्वाधार

- पाती र फिलिम जोड्ने १५० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने (योंग खोला)
- पाती र फिलिम जोड्ने १५० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने (साङ्वर खोला)
- सानो फिलिम र थाक्पा जोड्ने ३०० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने
- फेजेन खोला रुबीना ला साइट ३०० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने
- सालिम सिर्दिबास जोड्ने ३०० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने
- सेवा खोला (सेवा) मा १३० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने
- कस्रोङ खोला (कस्रोङ) मा २०० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने
- रुक्सुम खोला (रुक्सुम) मा १५० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने
- उदय खोला (न्याक जाने) मा १५० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने
- सिजङ खोला (सिजङ) मा १०० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने
- बिन्दाङ खोला (गणेश हिमाल जाने बाटो) मा १०० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने

वन वातावरण तथा विपद व्यवस्थापन

- पहिरोको जोखिममा रहेको देवल गाउँको ८८ घरधुरीलाई स्थानान्तर्ण गर्ने
- जगत बजार, सिर्दिबास, ठूलो फिलिम, घट्टे खोला, नात्चेक क्षेत्रमा बुढी गण्डकी नदीमा जम्मा ५ किमी तटबन्धन गर्ने
- इवोङ खोलामा गुम्बा क्षेत्रको १ किमी तट बन्धन गर्ने
- झाली गाउँ देखि गुम्बा क्षेत्रमा वृक्षा रोपन गर्ने
- बाङसिङ गाउँको माथिल्लो भेकमा बृक्षारोपन साथै अग्नीरेखा बनाउने

सुशासन, संस्थागत विकास

- वडा कार्यालयमा स्तनपान कक्ष बनाउने
- बजार क्षेत्रमा डिजिटल साइनबोर्ड राख्ने
- बजार क्षेत्रमा सिसिटिभि क्यामेरा जडान गर्ने

पर्यटन

- बैकल्पिक पर्यटन पदमार्ग निर्माण सम्भाव्यता अध्ययन गर्ने

- जगत फिलिम र बाङसिङमा पर्यटक सूचना केन्द्र निर्माण गर्ने

वडा नं. ४ चुमनुव्री

शिक्षा

- एउटा मा.वि. स्थापना गर्ने
- विषयगत शिक्षक आपूर्ति गर्ने

स्वास्थ्य

- वडा स्वास्थ्य चौकी टाढा भएकाले गापमा स्वास्थ्य इकाई स्थापना गर्ने
- गापमा सुबिधा सम्पन्न बर्थिंग सेन्टरको स्थापना गर्ने
- घुम्ती आधारभूत स्वास्थ्य चौकी स्थापना गर्ने

खानेपानी

- बाकी रहेका ५० घरधुरीमा एक घर एक धारा पुरा गर्ने

सरसफाई

- गाउँपालिकाले सिसामुक्त क्षेत्र घोषणा गरेकोमा सोको कार्यान्वयन गर्ने
- MCAP संगको सहकार्यमा फोहोरको बर्गीकरण गरेर व्यवस्थापन गर्ने
- घरको सरसफाईको लागि गृहिणीहरुको लागि सचेतनामुलक कार्यक्रम संचालन गर्ने

धर्म संस्कृति

- टासी छवेलिन गुम्बामा रङरोगनको काम गर्ने
- क्वाकमा गुम्बा निर्माण गर्ने

युवा तथा खेलकूद

- वडा स्तरीय खेल मैदान निर्माण गर्ने

महिला बालबालिका

- महिलालाई उत्पादित स्याउको परिकार बनाउने तालिम दिने
- निरक्षर महिलाका लागि अनुपचारिक शिक्षा कार्यक्रम संचालन गर्ने

कृषि

- स्याउ र ओखर उत्पादनमा प्रोत्साहन गर्ने
- खेतको वरिपरी बार लगाएर वन्यजन्तु नियन्त्रण गर्ने

विपद व्यवस्थापन

- दानको पैरो ६० मिटर, गाप र बुर बिचको पहिरो नामरुंग र गाप बीचको पैरो नियंत्रण गर्ने

पर्यटन

- पुरातात्विक गुम्बाहरुको पुनर्निर्माण गर्दा परम्परागत शैली र संरचनामा निर्माण गर्ने
- प्रोक देखि काल्ताल सम्मको पर्यटकीय पदमार्ग निर्माण गर्ने
- शेरांग गुम्बाबाट भुल्भुक गुम्बा हुदै धवांग र क्वाक सम्मको पूर्वाधार सहितको पर्यटकीय पदमार्ग निर्माण गर्ने
- बुर बाटझोलुंगे पुलबाट प्रोक काल्ताल हुँदै नामरुंग सम्मको पर्यटकीय पदमार्गको निर्माण गर्ने
- पर्यटकहरुलाई गाउँपलिकाभित्र आकस्मिक अतिरिक्त बसाइमा लाग्ने अरिरिक्त शुल्क हटाउने

पुल

- लंका\छुतामा झोलुंगे पुल निर्माण गर्ने
- नामजेमा झोलुङ्गे पुल निर्माण गर्ने

वडा नं. ५ चुमनुब्री

शिक्षा

- शेरांग आ.वि. मा विद्यार्थी अनुपातमा शिक्षक आपूर्ति गर्ने
- २०० महिलाको लागि अनौपचारिक शिक्षाका कार्यक्रम संचालन गर्ने

स्वास्थ्य

- कर्मचारीको लागि आवास बनाउने
- कर्मचारीको लागि क्षमता विकास तालिम बुअवास्थापन गर्ने
- एक्स रे मेशिन स्थापना तथा संचालन गर्ने

खानेपानी

- ६०घरधुरीमा एक घर एक धारा पूर्ण गर्ने

सरसफाई

- घर तथा धारा वरपर सरसफाई कार्यक्रम संचालन गर्ने
- विही र क्राक बस्तीमा व्यवस्थित ढल निकासको ब्यवस्था गर्ने

धर्म संस्कृति

- विही मा रहेका माने तथा गुम्बाहरुको मर्मत गर्ने
- शाराङ कोबें गुम्बाको मर्मत संहार गर्ने

महिला

- महिलाहरुलाई स्थानीय सामग्रीको प्रयोग गरेर अचार बनाउने तालिम दिने
- स्याउको चाना तथा रक्सी बनाउने तालिम दिने

युवा तथा खेलकुद

- बुरमा वडा स्तरीय खेल मैदान बनाउने
- प्रत्येक बर्ष पालिका स्तरीय फुटवल प्रतियोगिता संचालन गर्ने

कृषि

- स्याउको पकेट क्षेत्र बनाउने
- जंगली जनावर रोक्न खेतमा तारजाली लगाउने

सिंचाई

- शेराङ खोलाबाट, विही र क्राक गाउँ सम्म ८०० मि कुटो बनाई सिंचाई गर्ने

पर्यटन

- बाहिरबाट आउने पर्यटकको लागि तिब्बती संस्कृतिको प्रबर्धन र सहजीकरण गर्ने
- छोदोंग्बो देखी तिहीदुर,क्राक हुँदै बिहीसंम पर्यटकीय पैदल मार्गको निर्माण गर्ने
- क्राक विही र छोदोंग्बोमा होम स्टेको संरचना बनाउने

सहकारी

- एउटा वडा स्तरीय सहकारी स्थापना र संचालन गर्ने

पूर्वाधार

- वडामा एउटा बहुउद्देश्यीय भवन निर्माण गर्ने
- विही र रिप जोड्ने ३५० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्ने

संचार

- ४०% भू-भागमा नेपाल टेलिकमको ४ G इन्टरनेट सेवा बिस्तार गर्ने

बन वातावरण तथा विपद व्यवस्थापन

- नीजी तथा सरकारी खाली जग्गामा सल्लो वृक्षारोपन गर्ने
- ड्याङ, बुर, शेराङ क्षेत्रमा पहिरो नियाँत्रनका लागि ग्याबियन तथा बृक्षारोपन गर्ने

वडा नं. ६ चुमनुव्री

वडाका समस्या तथा चुनौतीहरू

- ✓ अशिक्षा र गरिबी
- ✓ भौगोलिक विकटता
- ✓ ठूलो भूगोल
- ✓ छरिएको बस्ती
- ✓ सिँचाइको अभाव
- ✓ सञ्चारको असुविधा
- ✓ MCAP का कारण विकास व्यवस्थापनमा समस्या
- ✓ ढुवानीमा समस्या

वडाका सम्भावना तथा अवसरहरू

- ✓ पर्यटकीय आकर्षणको केन्द्र
- ✓ पशुपालनको प्रचुर सम्भावना
- ✓ प्रशस्त कृषियोग्य जमिन
- ✓ जलविद्युत उत्पादनको असिम सम्भावना
- ✓ गणेश हिमाल बेस क्याम्प तथा चमारी हिमाल बेसक्याम्प
- ✓ दर्जनौं ऐतिहासिक गुम्बा, माने र छोर्तेनहरू
- ✓ हिमाली बहुमूल्य जडीबुटीको अथाह भण्डारण

कार्यक्रम तथा योजनहरू

कृषि तथा पशुपालन

१. व्यावसायिक चौंरी पालन प्रवर्द्धनका लागि सिप्चेतमा चिज उत्पादन तथा प्रशोधन केन्द्र निर्माण
२. माटो परीक्षणका आधारमा स्याउ, दाँते ओखर खेती प्रवर्द्धन
३. तोरी खेती प्रवर्द्धन तथा तेल प्रशोधन केन्द्र निर्माण
४. जैविक मल प्रवर्द्धन कार्यक्रम
५. सीमि तथा भटमास पकेट क्षेत्र विकास (चुम्लिङ, सिप्चेत, ताँजु, लोक्पा र थारुङ)
६. व्यावसायिक चौंरी पालक प्रोत्साहन कार्यक्रम

सिँचाइ

१. वडा भरी सबै बस्तीमा सिँचाइ सम्भाव्यता अध्ययन
२. ताँजु सिँचाइ कुलो मर्मत सम्भार
३. सिँचाइ कुलो निर्माण (चुम्लिङ, सिप्चेत, धुम्चे)

- **पर्यटन संस्कृति तथा सम्पदा**
  १. गणेश हिमाल बेस क्याम्प तथा चमारी हिमाल बेसक्याम्प सम्मको पर्यटकीय पदमार्ग निर्माण तथा स्तरोन्नती
  २. पर्यटकीय पदमार्ग भन्दा फरक स्थानमा मात्र सडक ट्र्याकको सर्भे गर्ने
  ३. युवाहरूलाई लोकल गाइड तालिम
  ४. चुम्लिङमा चुम्बा जातिको जातीय सङ्ग्रहालय निर्माण
  ५. पर्यटकीय पदमार्ग पूर्वाधार विकास तथा व्यवस्थापन
- **उद्योग, व्यापार तथा व्यवसाय**
  १. तोरीको तेल प्रशोधन केन्द्र निर्माण (चुम्लिङ र ताँज)
  २. फर्निचर उद्योग सञ्चालन तालिम तथा प्रोत्साहन कार्यक्रम
- **श्रम, रोजगारी, सामाजिक सुरक्षा**
- **स्वास्थ्य तथा पोषण**
  १. विद्यालयको दिवा खाजामा स्थानीय उत्पादनको अनिवार्यता तथा जङ्क फूड निशेध
  २. गर्भवती तथा सुत्केरी महिलाका लागि प्रोत्साहन भत्ता कार्यक्रम
  ३. चुम्लिङ गाउँघर क्लिनिकको स्तरोन्नती
- **शिक्षा, विज्ञान तथा नवप्रवर्तन**
  १. चुम्लिङ सिद्ध गणेश आ वि लाई मा वि मा स्तरोन्नती
  २. टोल—टोलमा प्रौढ शिक्षा कक्षा सञ्चालन
  ३. सबै टोलमा पूर्व बाल कक्षा सञ्चालन
- **खानेपानी तथा सरसफाइ**
  १. एक घर एक धारा अन्तर्गतका धाराहरूको सुधार तथा मर्मत सम्भार
  २. सरसफाइ सम्बन्धी हरेक टोलमा जनचेतना कार्यक्रम सञ्चालन
  ३. एक टोल एक फोहर व्यवस्थापन केन्द्र व्यवस्थापन
  ४. सार्वजनिक शौचालय निर्माण (छिँ, सार्ती र जाइबे)
- **महिला, बालबालिका तथा लक्षित वर्ग**
  १. जेष्ठनागरिक सम्मान कार्यक्रम
  २. महिलाका लागि सीप विकास तालिम सञ्चालन
- **युवा तथा खेलकुद**
  १. वडास्तरीय दौड प्रतियोगिता सञ्चालन
  २. खेलकुद प्रतियोगितामा युवा सहभागिता प्रोत्साहन तथा सहायता कार्यक्रम
- **बस्ती, आवास तथा सार्वजनिक निर्माण**
  १. सिद्ध गणेश आ वि को भवन निर्माण

२. वडा कार्यालय भवन निर्माण
३. चुम्बा जातीय सङ्ग्रहालय निर्माण
४. पर्यटकीय पदमार्गमा खानेपानी व्यवस्थापन
५. वडाका सबै टोल जोड्ने पदमार्ग निर्माण तथा स्तरोन्नती

- **सडक, पुल तथा यातायात व्यवस्थापन**
  १. धुम्चे झोलुङ्गे पुल निर्माण (रेन्झेम—धुम्चे)
  २. लोक्पा क्याण्डीलिभर पुल मर्मत सम्भार
  ३. उङ्गीलुङ खोलामा झोलुङ्गे पुल निर्माण
  ४. छिँ देखि धुङ्स्युर जोड्ने झोलुङ्गे पुल निर्माण
  ५. कोज्योल खोला झोलुङ्गे पुल निर्माण
- **ऊर्जा**
  १. चुम्लिङ चुम्चेत लघु जलविद्युत मर्मत सम्भार
- **सूचना, सञ्चार र प्रविधि**
  १. फोरजी टावर निर्माण (सिप्चेत सहित अन्य स्थानमा अध्ययनका आधारमा)
  २. पर्यटकीय पदमार्गमा सूचना बोर्ड व्यवस्थापन
- **वन तथा वन्यजन्तु संरक्षण**
  १. खाली जग्गामा फलफूलका विरुवा वृक्षारोपण
  २. वन्यजन्तुको अतिक्रमण निर्माण
- **भूसंरक्षण तथा जलाधार संरक्षण**
  १. लोक्पा पहिरो नियन्त्रण कार्यक्रम
  २. डम्बा पहिरो नियन्त्रण कार्यक्रम
  ३. स्यार खोला नदी कटान नियन्त्रण
  ४. चुम्चेतको खानेपानीको मूल संरक्षण तथा पाइप संरक्षण कार्यक्रम
- **वातावरण तथा फोहरमैला व्यवस्थापन**
  १. सबै टोलमा सार्वजनिक ढल निर्माण तथा व्यवस्थापन
  २. वन जङ्गल डढेलो नियन्त्रणका लागि अग्नी रेखा निर्माण
- **विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता**
  १. चुम्चेत प्रहरी चौकीमा आपत्कालिन उद्धार सामाग्री खरिद तथा व्यवस्थापन
  २. सबै टोलमा प्लास्टिक पोखरी निर्माण
- **सेवा प्रवाह तथा सुशासन**